संसारका श्रमिकहरू - एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

# माओवादी

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को प्रकाशन



## समाजवादी क्रान्ति र हाम्रो कार्यभार

• क. प्रचण्ड



# समाजवादी क्रान्ति र हाम्रो कार्यभार

– प्रचण्ड/३



## पार्टी एकता र ध्रुवीकरणको सवाल

कृष्णबहादुर महरा/६



## कम्युनिस्ट पार्टीमा जनवर्गीय सङ्गठनको भूमिका

पम्फा भुषाल/११



## समाजवाद अर्थात् सबैका लागि समृद्धि

अग्नि सापकोटा/८

प्रकाशक
नेपाल कम्युनिस्ट पार्टी (माओवादी)
केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, पेरिसडाँडा, काठमाडौं

लेआउट/मुद्रण
अल मिडिया सोलुसन प्रा.लि.
बागबजार, काठमाडौं

मूल्य : रू. १००।-

## यसभित्र

प्रकाशकीय
■ अबको बाटो/२

■ नेपाली राष्ट्रियता र सङ्घीयता
– देव गुरूङ/१४

■ पार्टीको पुनर्गठन र स्कुलिङको महत्व
– गिरिराजमणि पोखरेल/१८

■ जनयुद्ध उथलपुथलकारी परिघटना
– वर्षमान पुन 'अनन्त'/२१

■ विधान अधिवेशनको औचित्य
– हरिबोल गजुरेल/२५

■ सङगठनात्मक प्रस्ताव
– जनार्दन शर्मा/२८

■ कर्णालीले खोजेको मुक्तिको बाटो
– मातृकाप्रसाद यादव/३७

■ विशेष रूपान्तरण अभियान : केही अनुभव केही अनुभूति
– दीनानाथ शर्मा/४२

■ जनतासँग माओवादी विशेष रूपान्तरण अभियान
– देवेन्द्र पौडेल/४५

■ तीन जोड एक महिने पार्टी अभियान : यथार्थ र अनुभूति
– लीलामणि पोखेल/४८

■ समाजवाद निर्माणमा विज्ञान–प्रविधिको भूमिका
– गणेश साह/५३

■ विशेष रूपान्तरण अभियानमा लुम्बिनी
– हितमान शाक्य/५८

■ सङ्घीय संसद्मा माओवादी भूमिका
– हितराज पाण्डे/६२

■ माओवादी पार्टी कार्यालय व्यवस्थापनबारे
– श्रीराम ढकाल/६६

■ सरकारका काम र पार्टी निर्माणको अन्तरसम्बन्ध
– रेखा शर्मा/६९

■ जहाँ गए पनि, जहाँ बसे पनि सपनामा नेपाल, जपना नेपालको
– ओम शर्मा/टी.बी. पाठक/७४

प्रकाशकीय

# अबको बाटो

हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) यतिबेला नेपाली जनताको दशकौँ लामो बलिदानीपूर्ण सङ्घर्षका कारण स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्दै समाजवाद निर्माण गर्ने अभियानमा छ। हाम्रो पार्टीले अघि सारेको संविधानसभाले संबिधान बनाउनुपर्ने एजेन्डाबमोजिम संविधानसभाबाट २०७२ सालमा जारी संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र एवम् समाजवादउन्मुख समावेशी लोकतन्त्रसहितको राजनीतिक परिवर्तन हासिल भएको छ।

हाम्रो पार्टीको नेतृत्वमा २०५२ साल फागुन १ गतेदेखि सञ्चालित १० वर्षे महान् जनयुद्धको बलमा स्थापित पछिल्लो राजनीतिक परिवर्तनलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तार गरेर समाजवाद निर्माणको आधार तयार गर्न अहिले पार्टी अध्यक्ष कमरेड प्रचण्ड नेतृत्वको सरकार प्रयत्नशील छ। अध्यक्ष प्रचण्डले समाजवादको आधार तयार पार्ने उद्देश्यसहित प्रधानमन्त्रीकारुपमा सरकारी मोर्चावाट सामाजिक न्याय, सुशासन र सम्बृद्धिको यात्रा अघि बढाउनु भएको छ। सिंगो पार्टी पंक्ति र आम मुक्तिकामी जनतालेसमेत समाजवाद निर्माणको यस यात्रालाई साथ र सहयोग गर्नु आवश्यक छ।



देशमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जन्मदाताका रूपमा रहेको हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले समाजवादी क्रान्तिको नेतृत्व गर्नु अपरिहार्य छ। देशमा हासिल भएका उपलब्धि मूलतः माओवादी नेतृत्वमा हासिल भएकाले प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धि हासिल गर्न पनि माओवादीको नेतृत्व अपरिहार्य भएको हो।

संविधानमा हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई समाजवादउन्मुख व्यवस्थाका रूपमा परिभाषित गरिएकाले यस व्यवस्थाले शान्तिपूर्ण रूपमै समाजवादमा रूपान्तरणको सम्भावना बोकेको छ। लोकतन्त्रलाई थप विकास र सुदृढ गर्दै समाजवाद निर्माणको आधार तयार पार्नु हाम्रो पार्टीका लागि अहिलेको प्रमुख राजनीतिक कार्यभार हो। उक्त कार्यभार पूरा गर्न पार्टीले चौतर्फी रूपमा राजनीतिक पहलकदमीका साथै सरकारमार्फत् अगुवाई गर्नु पर्छ।

हाम्रो पार्टीको नेतृत्वमा सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिको अभियान अघि बढाएको वर्तमान अवस्थामा पार्टीको विधान महाधिवेशन हुन लागिरहेको छ। २०८० फागुन १ देखि ३ गतेसम्म काठमाडौँमा सम्पन्न हुन लागेको विधान महाधिवेशनले पार्टी सञ्चालनका लागि स्पष्ट राजनीतिक मार्गदर्शन गर्नुका साथै सङ्गठनात्मक स्वरूप र विधि तय गर्नेछ। विधान महाधिवेशनको सन्दर्भ पारेर पार्टीको प्रचार तथा प्रकाशन विभागले बुलेटिन प्रकाशनमा ल्याएको छ। यस बुलेटिनमा समेटिएका सामग्री पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक एवम् आम पाठकका लागि पठनीय हुन् सकून् भन्ने कामना गर्दछौँ।

अन्त्यमा बुलेटिन प्रकाशनका लागि महत्वपूर्ण मार्गनिर्देशनका लागि पार्टी अध्यक्ष कमरेड प्रचण्डमा आभार प्रकट गर्दै विभिन्न ढङ्गले सहयोग पुऱ्याउनु हुने सबैमा आभार व्यक्त गर्दछौ।

**प्रचार तथा प्रकाशन विभाग**



निरन्तर विचारको विकासको प्रक्रियाबाट नै कम्युनिस्ट आन्दोलनका विद्यमान चुनौतीलाई छिचोल्न सक्छौँ र समाजवादको आधार तयार पार्न सक्छौँ भन्ने यथार्थमा सिङ्गो पार्टीको एकमत बुझाइ आवश्यक छ।

# समाजवादी क्रान्ति र हाम्रो कार्यभार

**प्रचण्ड**
**प्रधानमन्त्री एवं अध्यक्ष**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि नै नेपाली समाजका दुई विशाल पहाड सामन्तवाद र साम्राज्यवादको अन्त्य गरी जनवादी क्रान्तिको कार्यभार पूरा गर्ने लक्ष्य लिइएको थियो । सशस्त्र र शान्तिपूर्ण, वैधानिक र अवैधानिक, खुला र भूमिगत विद्रोह र आन्दोलनको परिणामतः नेपाल जनवादी क्रान्तिको मूल कार्यभार पूरा गर्दै समाजवादी क्रान्तिको तयारीको चरणमा प्रवेश गरेको छ।

हाम्रो पार्टीको २०७९ पुस ११-१८ मा सम्पन्न ऐतिहासिक आठौँ राष्ट्रिय महाधिवेशनले २१औँ शताब्दीको भूमण्डलीकृत वित्तीय एकाधिकार पुँजीवादको विश्लेषणसहित समाजवादी क्रान्तिको मौलिक कार्यदिशा संश्लेषण गरेको छ । '२१औँ शताब्दीमा समाजवादको नेपाली बाटो' दस्तावेजमा नेपाली समाजवादी क्रान्तिको वस्तुगत र आत्मगत आधार, समाजवादको तयारीका निम्ति कम्युनिस्ट क्रान्तिकारीको कार्यभार र आगामी बाटोबारे महत्त्वपूर्ण संश्लेषण गरिएको छ । समाजवादी क्रान्तिको कार्यदिशामा पूर्णताको अर्थमा नभएर प्रारम्भिक गोरेटोका रूपमा संश्लेषित उक्त निष्कर्षलाई आगामी विशेष राष्ट्रिय महाधिवेशनबाट थप परिस्कृत र मूर्तिकृत गर्ने सङ्कल्प गरिएकाले आठौँ महाधिवेशनको संश्लेषणले नयाँ उचाइबाट बहसको माग गर्दछ।

हरेक राजनीतिक क्रान्तिको सफलता र असफलताको अन्तर्यमा विचारधारात्मक राजनीतिक कार्यदिशाको सर्वोपरि भूमिका रहन्छ। सही विचारधारा र कार्यदिशाको जगमा नै हरेक देशको कम्युनिस्ट आन्दोलनले चुनौतीलाई अवसरमा बदल्ने सामर्थ्य राख्छ । तसर्थ, निरन्तर विचारको विकासको प्रक्रियाबाट नै कम्युनिस्ट आन्दोलनका विद्यमान चुनौतीलाई छिचोल्न सक्छौँ र समाजवादको आधार तयार पार्न सक्छौँ भन्ने यथार्थमा सिङ्गो पार्टीको एकमत बुझाइ आवश्यक छ।

आजको विश्व परिस्थिति मार्क्स-एंगेल्स, लेनिन-स्टालिन, माओत्सेतुङ तथा १९औँ र २०औँ शताब्दीमा विश्वका विभिन्न मुलुकमा सम्पन्न भएका क्रान्तिको वस्तुगत धरातल भन्दा भिन्न रूपमा विकास भएको छ । मुनाफाको लालसासहित अगाडि बढेको औद्योगिक पुँजीवाद आफ्नो विकासका अनगिन्ती घुम्ती र मोड पार गर्दै साम्राज्यवाद, भूमण्डलीकृत साम्राज्यवाद, वित्तीय एकाधिकार पुँजीवाद हुँदै भूमण्डलीकृत वित्तीय एकाधिकार पुँजीवादको चरणसम्म आइपुगेको छ। यो यही रोकिनेवाला पनि छैन। तसर्थ, पुँजीवादको विकासको परिदृश्यमा कम्युनिस्ट एवं समाजवादी शक्तिले समेत विश्व परिस्थितिमा आएको हेरफेर, उत्पादन पद्धतिको चरित्रमा आएको परिवर्तन, भूराजनीतिक अवस्थिति र सन्तुलन, विज्ञान-

प्रविधिको बहुआयमिक विकासले उत्पादन सम्बन्ध, सामाजिक संरचना, वर्गचरित्र, वर्गसङ्घर्षमा आएको परिवर्तन, राजनीतिक परिस्थिति र शक्ति सन्तुलन एवं समाजवादको लक्ष्यजस्ता पक्षलाई विचार गरेर आफ्नै देशको मौलिकता र विशिष्टतासहितको राजनीतिक कार्यदिशाको छनोट गर्नु आजको अनिवार्य आवश्यकता हो ।

जतिबेला मार्क्स-एंगेल्स कम्युनिस्ट घोषणापत्र लेख्दै हुनुहुन्थ्यो, त्यतिबेलाको विश्व परिस्थिति भर्खर सामन्तवादको अन्त्य र पुँजीवादको प्रारम्भिक विकासको अवधि थियो । तात्कालीन परिस्थितिमा मार्क्स-एंगेल्सले सामन्तवादभन्दा औद्योगिक पुँजीवाद प्रगतिशील भएको निष्कर्ष निकाल्दै तर पुँजीवादी व्यवस्था मुनाफाको असीमित लालसामा केन्द्रित भएकाले त्यसको पतन अनिवार्य भएको संश्लेषण गर्नुभएको थियो । त्यही प्रस्तावनामा टेकेर मुख्यतः युरोप र अन्य विकसित मुलुकमा मजदुर आन्दोलन सङ्गठित मात्र भएनन्, समाजवादको बहसले पनि तीव्रता लिँदै गयो । पहिलो र दोस्रो अन्तर्राष्ट्रियमा चलेको बहसले समाजवादी धारा र संशोधनवादी धाराबीच स्पष्ट मार्गचित्र कोर्न र वैज्ञानिक समाजवादको व्यवस्थित मार्गचित्र विकासका निम्ति ऐतिहासिक योगदान गर्‍यो ।

औद्योगिक उत्पादनमा केन्द्रित रहेकाले अतिरिक्त मूल्यको शोषण र विभेदकारी व्यवस्था हुँदाहुँदै पनि उत्पादनशील चरित्रको भएको कारण पुँजीवाद एक हदसम्म प्रगतिशील नै थियो । तर, मुनाफाको होडमा अधिक उत्पादनको लालसाले पुँजीवाद राष्ट्रिय सीमा नाघेर विश्वव्यायीकरणको दिशामा अग्रसर रह्यो । त्यसले पुँजीवादको प्रगतिशील चरित्रमा ह्रास मात्र आएन, अपितु राष्ट्रिय शोषणको चरित्रमा अन्तर्राष्ट्रियकरण पनि हुँदै गयो । २० औँ शताब्दीको प्रारम्भसम्म आइपुग्दा औद्योगिक पुँजीवाद भूमण्डलीकृत साम्राज्यवादमा परिणत हुँदै गयो । त्यही विश्लेषणका आधारमा लेनिनले अन्तरसाम्राज्यवादी अन्तरविरोधका बीच राजनीतिक, आर्थिक दृष्टिले पिछडिएको एउटा मुलुकमा पनि समाजवाद सम्भव छ भन्ने तथ्य सैद्धान्तिक रूपमा मात्रै अगाडि सार्नुभएन, सन् १९१७ मा महान् समाजवादी अक्टोबर क्रान्तिमार्फत आफ्नो सैद्धान्तिक प्रस्तावनाको व्यवहारिक औचित्यसमेत प्रमाणित गर्नुभयो । सशस्त्र विद्रोहको कार्यदिशामा आधारित रूसी समाजवादी क्रान्ति विश्वक्रान्तिको नयाँ मोडेलका रूपमा समेत स्थापित रह्यो ।

पहिलो विश्वयुद्धको समाप्तिपछि दार्शनिक, सैद्धान्तिक र भौतिक शक्तिका दृष्टिले समाजवादी धारा बलशाली बन्दै गयो । त्यही पृष्ठभूमिमा स्थापित चिनियाँ कम्युनिस्ट पार्टीले औद्योगिक पुँजीवादको विकास नभइसकेको अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्र भएको मुलुकमा गाउँले शहर घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्धको माध्यमबाट क्रान्ति सम्पन्न गर्न सकिने निष्कर्ष अगाडि सार्‍यो । बीसौँ शताब्दीको तेस्रो दशकदेखि सुरू भएको विश्व आर्थिक मन्दीको समेत पृष्ठभूमिमा पुँजीवादी शक्तिहरूले सङ्कटमोचनको नयाँ सुत्र अगाडि सारे, जसले भूमण्डलीकृत साम्राज्यवादलाई वित्तीय साम्राज्यवादमा रूपान्तरित गर्‍यो । कमरेड माओत्सेतुङको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादको गठजोड रहेको तेस्रो मुलुकमा मजदुर-किसानको एकतामा आधारित दीर्घकालीन जनयुद्धको बाटोबाट क्रान्ति सम्पन्न गर्ने कार्यदिशा संश्लेषण गरियो । सन् १९४९ मा सम्पन्न चिनियाँ नयाँ जनवादी क्रान्ति त्यसैको उत्कर्ष थियो ।

बीसौँ शताब्दीले महान् क्रान्ति र भयानक प्रतिक्रान्तिको सामना गर्नुपर्‍यो । सोभियत सङ्घको विघटनपछि पुँजीवादी शक्तिहरू बहुध्रुवीय विश्वको अन्त्य र पुँजीवादी ध्रुव निर्विकल्प भएको निष्कर्षमा मात्र पुगेनन्, त्यही निष्कर्षमा आधारित भएर एकल विश्वव्यवस्थाको प्रयास अगाडि बढाउने कोशिससमेत गरे । तर, २१ औँ शताब्दीको तेस्रो दशकसम्म आइपुग्दा विश्वव्यवस्थामा गुणात्मक हेरफेर भएको छ । पुँजीवादी विश्लेषकहरू नै एकल ध्रुवीय विश्व व्यवस्था असम्भव रहेको निष्कर्षमा मात्र पुगेका छैनन्, अपितु बहुध्रुवीय विश्वले नै पुँजीवादी अति उत्पादन र हिंसाका कारण पर्यावरण र विश्व मानव जातिको नै भविष्यमाथि परेको सङ्कटमा समाधान दिनसक्ने बताइरहेका छन् ।

> सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध हुने कुनै पनि प्रकारका षड्यन्त्र परिवर्तनकारी शक्तिका निम्ति मान्य हुँदैनन् । यसमा हामी सबै चनाखो हुनै पर्दछ । यिनै प्राप्त उपलब्धिमा टेकेर संविधानको प्रगतिशील कार्यान्वयनमा जोड दिँदा अगाडि बढेर मात्र समाजवादको आधार तयार पार्न सकिन्छ भन्ने तथ्यमा समेत हाम्रो समान बुझाइ आवश्यक छ ।



गत कार्तिकमा संयुक्त राष्ट्रसङ्घका महासचिव अन्तरियो गुटेरेसले आफ्नो नेपाल भ्रमणका क्रममा विकसित मुलुकहरूको औद्योगिक उत्पादन र विश्वव्यापी द्वन्द्वका कारण नेपाल लगायत हिमालय देशहरूले भयानक प्राकृतिक प्रकोपहरूको सामना गर्नुपरेकोमा जोड दिँदै नेपालको सङ्घीय संसदलाई सम्बोधन गर्दै एकध्रुवीय विश्व समाधान नभई सङ्कटको कारक भएकाले बहुध्रुवीय विश्वको अनिवार्यतामाथि आफ्नो गहन विचार प्रस्तुत गरेका थिए। उल्लेखित सन्दर्भले समेत २०औँ शताब्दीको विश्वव्यवस्था र वर्तमान परिस्थिति र शक्ति सन्तुलनमा गुणात्मक परिवर्तन आएको तथ्य प्रमाणित हुन्छ।

नेपाली जनताको सात दशक लामो सङ्घर्ष र बलिदानपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। क्रान्तिका उपलब्धिको संश्लेषणसहित २०७२ सालमा जारी संविधानले समाजवादउन्मुख राज्य निर्माणको परिकल्पना मात्र गरेको छैन, अपितु समाजवादको आधार निर्माणमा केन्द्रित रहेर आम जनताका सरोकारका विषयलाई मौलिक हकका रूपमा परिभाषित गर्दै समाजवाद निर्माणको ढोका खोलिदिएको छ। यहाँ प्रश्न संविधानतः प्राप्त अधिकारप्रतिको समान बुझाइ, कार्यान्वयनको तत्परता र प्रगतिशील विषेशतासहित रूपान्तरणको हो। यसका निम्ति कम्युनिस्ट एवं वामपन्थी शक्तिले एकताबद्ध पहल लिनुपर्ने हुन्छ। यस सन्दर्भमा हाम्रो पार्टी साम्राज्यवादविरोधी शक्तिविरूद्ध वामपन्थी तथा लोकतान्त्रिक शक्तिबीच सहकार्य र वामपन्थी शक्तिबीचको एकतामा निरन्तर जोड दिँदै आएको प्रस्ट नै छ।

महान् जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको बलमा हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान प्राप्त गरेका छौं। परिवर्तनकारी सङ्घर्षकै बलमा गणतन्त्र, सङ्घीयता, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय स्थापित भएको छ र समाजवादउन्मुख राज्य निर्माणको सङ्कल्प संविधानको प्रस्तावनामा नै लेखिएको छ। यो सामान्य विषय होइन।

यद्यपि, राजनीतिक व्यवस्थामा आएको गुणात्मक परिवर्तनअनुरूप जनताको जीवनमा परिवर्तन ल्याउने कार्यभारका निम्ति अझै ठूलो मेहेनत र सङ्घर्ष गर्नुपर्ने स्थिति हाम्रोसामु छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानले परिकल्पना गरेअनुरूपका सङ्घीय कानुन निर्माण गरी परिवर्तनलाई संस्थागत गर्ने प्रक्रिया पूर्ण भइसकेको छैन। यही सङ्क्रमणकालको फाइदा उठाएर देशलाई फेरि प्रतिगामी दिशामा धकेल्न पुनर्उत्थानवादी शक्ति विभिन्न ढङ्गले चलखेल गर्न खोज्दैछन्। तसर्थ, संविधानको प्रगतिशील कार्यान्वयनमार्फत् परिवर्तनका मुद्दा संस्थागत र सुदृढ गर्नुपर्ने कार्यभारलाई हामीले गम्भीरतापूर्वक लिनुपर्दछ।

हाम्रो संविधानका मूलतः तीन खम्बा छन्, एक, गणतन्त्र, दुई, सङ्घीयता र तीन, धर्मनिरपेक्षता। यी तीन खम्बामध्ये कुनै एकमाथि प्रहार हुँदा त्यसको प्रभाव सिङ्गो व्यवस्थामाथि नै पर्न जान्छ। तसर्थ, सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध हुने कुनै पनि प्रकारका षड्यन्त्र परिवर्तनकारी शक्तिका निम्ति मान्य हुँदैनन्। यसमा हामी सबै चनाखो हुनै पर्दछ। यिनै प्राप्त उपलब्धिमा टेकेर संविधानको प्रगतिशील कार्यान्वयनमा जोड दिँदा अगाडि बढेर मात्र समाजवादको आधार तयार पार्न सकिन्छ भन्ने तथ्यमा समेत हाम्रो समान बुझाइ आवश्यक छ।

'ठोस परिस्थितिको ठोस विश्लेषण' मार्क्सवादको सबैभन्दा ठूलो प्रस्तावना र पुँजी हो। मार्क्सवाद मानव जातिमाथि हुने सबै प्रकारका शोषण, विभेद र उत्पीडनका विरूद्धको दर्शन हो, चाहे वर्गीय होस्, जातीय होस्, क्षेत्रीय होस् वा अन्य कुनै पनि प्रकारको उत्पीडन। मार्क्सवादले ती सबै उत्पीडनको विरोध र मानव मुक्तिको वकालत गर्दछ। तसर्थ, कुनै पनि देशको ठोस परिस्थितिका आधारमा कम्युनिस्ट पार्टी र परिवर्तनकारी शक्तिले लिने नीति र राजनीतिक कार्यदिशा पनि सम्बन्धित देश, काल वा परिस्थितिमा निर्भर रहन्छ। नेपालको सन्दर्भमा हाम्रो उत्पीडनको स्वरूप वर्गीय मात्र होइन, जातीय, क्षेत्रीय, लैङ्गिक र सांस्कृतिक उत्पीडन पनि छ। यस्तो मुलुकमा कुनै पनि कम्युनिस्ट पार्टीले वर्गीय मुद्दाका साथै जातीय, क्षेत्रीय, लैङ्गिक र सांस्कृतिक मुक्तिको प्रश्नलाई सँगसँगै उठाउँछ र उठाउनु पर्दछ। यो नै साँचो अर्थमा मार्क्सवादको सही बुझाइ र सही प्रयोग पनि हो। तसर्थ, यो दार्शनिक एवं सैद्धान्तिक मान्यतामा सिङ्गो पार्टी र सम्पूर्ण परिवर्तनकारी शक्ति एकीकृत हुनै पर्दछ।

हाम्रो पार्टी विधान सम्मेलन हुँदै विशेष राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा छ, जहाँ विचार, राजनीति, कार्यदिशा र संगठनमा केन्द्रित रहेर २१औँ शताब्दीको कम्युनिस्ट पार्टी र समाजवादी कार्यदिशाकेन्द्रित बहस हुनेछ। उक्त बहसले कार्यदिशाको बुझाइमा रहेको अस्पष्टता, त्यसको थप व्याख्या र परिमार्जनसहितको विकास प्रक्रियामा गुणात्मक योगदान पुऱ्याउने हाम्रो विश्वास छ। विशेष महाधिवेशनलाई केन्द्रमा राखेर अगाडि बढाइएको यस प्रकृतिको छलफलले हजारौँ टाउकाको केन्द्रिकरणभित्र नै सही विचार र कार्यदिशाको भविष्य अन्तर्निहित रहन्छ भन्ने तथ्यलाई फेरि एकपटक प्रमाणित गर्नेछ।

महान् जनयुद्धको २९औँ वार्षिकोत्सवको अवसरमा हाम्रो पार्टी ऐतिहासिक प्रथम विधान सम्मेलनमा जुटिरहेको छ। प्रथम विधान सम्मेलनका केही महत्वपूर्ण कार्यभार छन्। विगत ३० वर्षदेखि विचार र नीतिका दृष्टिले सिङ्गो देश हाम्रो वरिपरि संकेन्द्रित छ। तर, जनमत र सङ्गठनात्मक जीवनका दृष्टिले माओवादी आन्दोलनले क्षयीकरणको सामना गर्नु परिरह्यो। हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन भएयता सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित गरिएका कामकारबाहीले पार्टी पुनर्निर्माणका निम्ति महत्त्वपूर्ण आधार तयार पारेको छ। गत भदौदेखि पुससम्म सञ्चालित 'जनतासँग माओवादी : विशेष रूपान्तरण अभियान' ले पार्टी पुनर्निर्माणको सङ्गठनात्मक जग बसालेको छ। यही धरातलमा उभिएर पार्टीलाई विधि र पद्धतिका आधारमा सञ्चालन गर्दै क्रान्तिकारी शक्तिलाई सङ्गठित र एकतावद्ध गर्ने कार्यभार प्रथम विधान अधिवेशनसामु छ।

वैज्ञानिक र व्यवस्थित पार्टीले मात्र आफूलाई आत्मगत रूपमा सङ्गठित र सुदृढ गर्दै विद्यमान राजनीतिक चुनौतीलाई सम्भावनामा रूपान्तरण गर्न सक्छ। यसका निम्ति पार्टीको सङ्गठनात्मक जीवनमा देखापरेको अकर्मण्यता, अराजकता, विधिहीनताको स्थिति अन्त्य गर्दै व्यवस्थित पार्टी निर्माणमा अग्रसर हुनुपर्दछ। विधान अधिवेशनमा सम्पूर्ण कमरेडहरू व्यवस्थित पार्टी निर्माणको ध्येयलाई केन्द्रमा राखेर उद्देश्यमूलक बहसमा केन्द्रित हुन आवश्यक छ। यसबाट मात्रै अधिवेशनको निर्दिष्ट कार्यभार पूरा गर्न सकिन्छ।

नेपाली समाजको रूपान्तरणका निम्ति सञ्चालित महान् जनयुद्धको २९औँ वार्षिकोत्सवको अवसर पारेर आयोजना गरिएको विधान अधिवेशनले पार्टीको सङ्गठनात्मक जीवनलाई व्यवस्थित र सुदृढ तुल्याउँदै समाजवादी क्रान्तिको व्यवस्थित तयारी गर्ने विशेष महाधिवेशनको तयारीका निम्ति महत्वपूर्ण आधार खडा गर्नु पर्दछ। मेरो गहिरो विश्वास छ- प्रथम विधान अधिवेशनले उल्लेखित कार्यभार पूरा गर्दै कम्युनिस्ट आन्दोलन र सिङ्गो राष्ट्रको नेतृत्व गर्ने विचार, पार्टी, नीति र नेतृत्व निर्माणमा ऐतिहासिक योगदान गर्नेछ। ●



# पार्टी एकता र ध्रुवीकरणको सवाल

**कृष्णबहादुर महरा**
**उपाध्यक्ष**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

नेपाल कम्युनिस्ट पार्टीको स्थापना नै विवादरहित हुन सकेन । नेकपाको स्थापना र संस्थापककै विषयमा मतैक्यता छैन । त्यसैको बाछिटा भनौँ, नेपालका वामपन्थीहरू कहिल्यै एकजुट हुन सकेनन् । दर्जनौँ टुक्रामा विभाजित वामपन्थी देशमा विद्यमान रहँदा नेपालमा वामपन्थी पार्टीहरूको एकता र ध्रुवीकरणको चर्चा, परिचर्चा चल्नु स्वाभाविक छ र यो वर्षौँदेखि चल्दै आएको छ ।

वामपन्थी पार्टीहरू मिलेको एउटा विशाल कम्युनिस्ट पार्टी निर्माण गर्ने र देशमा जनताले चाहेको परिवर्तन गर्ने सवालमा विभिन्न चरणमा छलफल भएका छन् । कतिपय समयमा छलफल मात्र भएका छन् भने कतिपय समयमा पार्टी एकताको अभ्यास पनि नभएका होइनन् । एकता आफैँमा एकदमै प्रिय शब्द हो । एकतामा बल हुन्छ, त्यसैले एकता भन्नेबित्तिकै सबैलाई प्रिय लाग्नु स्वाभाविक छ । एकता सबैलाई मन पर्ने विषय पनि हो । त्यसैले नेपालको सन्दर्भमा कतिपय ठूला कम्युनिस्ट पार्टी र कतिपय सानासाना भुण्डमा रहेका कम्युनिस्ट पार्टीबीचमा एकता अपरिहार्य हुन गएको छ ।

विश्व कम्युनिस्ट आन्दोलनलाई हेर्ने हो भने मार्क्सदेखि एंगेल्स, लेनिन हुँदै माओसम्म आउँदा एकता, सङ्घर्ष र रुपान्तरण हुँदै विचारको मन्थन गर्दै आएको इतिहास साक्षी छ । एकता र ध्रुवीकरण आफैँमा सर्वप्रिय विषय हो । यसलाई सुनौलो शब्दका रूपमा लिइन्छ र लिनु पनि पर्छ । स्वभावैले एकता भन्नेबित्तिकै सबैलाई जोड्ने भन्ने हुन्छ । त्यसैले यो विषय सबैका लागि प्रिय भएको हो । एकतामा शक्ति हुन्छ । शक्ति एकतामा हुन्छ । शक्तिको स्रोत भनेको एकता र ध्रुवीकरण नै हो । अर्को कुरा, वास्तवमा यसलाई रूपान्तरण पनि भनिन्छ । अहिले हामीलाई रूपान्तरणको खाँचो छ । केही समय पहिला हाम्रो पार्टीले 'घरघरमा माओवादी, जनजनमा माओवादी' रूपान्तरण अभियान भन्ने एउटा अभियान चलायो, जसको मुख्य उद्देश्य भनेको पनि रुपान्तरण थियो । अब अहिले रुपान्तरणका लागि र शक्तिका लागि एकता र ध्रुवीकरण आवश्यक छ । अर्को विषयवस्तुका दृष्टिकोणले हेर्दा नेपालका सबै पार्टीहरू यतिबेला ध्रुवीकरण र एकताका कुरा गरिरहेका छन् । आम कार्यकर्ता तथा जनताले ध्रुवीकरण र रुपान्तरणको आवश्यकता

महसुस गरिरहेका छन् । यसो गरे मात्र हामीले सोचेको परिवर्तन सम्भव छ भन्ने कुरामा सबैले महसुस गरिरहेका छन् भन्ने अभिव्यक्ति पनि आइरहेका हुन्छ । अब हामीले गर्नुपर्ने वास्तवमा एकता र ध्रुवीकरणको प्रयास नै हो । त्यो अहिलेको आवश्यकता पनि हो । तर कुनै कुनै विपक्षी शक्तिले अर्को पक्षको एकता मन पराउँदैनन् । आफ्नो शक्तिलाई सधैँ बचाइराख्न प्रतिद्वन्द्वी शक्तिको एकता नहोस् भन्ने हुन्छ तर त्यो सम्भव छैन ।

नेपालको सन्दर्भमा हेर्ने हो भने वामपन्थीको जनमानस छ । जनतामा कम्युनिस्ट प्रभाव छ । तर, कम्युनिस्ट धेरै टुक्रा-टुक्रामा विभाजित छन् । कम्युनिस्टका सानासाना समूह क्रियाशील छन् । कतिपय ठूला पार्टी पनि विद्यमान छन् कम्युनिस्टकै नाममा । तर, उनीहरू जनतामा परिवर्तनको उभार लिनका लागि र सर्वाङ्गीण विकास गर्दै देशलाई अग्रगमनमा लानका लागि आफैँ सक्षम भएको देखिँदैन । यसरी कम्युनिस्ट पार्टीहरू अहिले आफ्नो अस्तित्व जोगाउनका निम्ति मात्र रहेको देखिन्छ । यस्तो स्थितिबाट पार पाउनका लागि अब देशमा वाम ध्रुवीकरणको आवश्यकता देखिन्छ ।

कम्युनिस्टहरूको एकता मन नपराउने आफ्नै राष्ट्रका प्रतिद्वन्द्वी तथा प्रतिक्रियावादी शक्ति तथा अन्तर्राष्ट्रिय शक्तिले वाम एकता भएको देख्न चाहँदैनन् । ती शक्तिले वामपन्थीको एकता नहोस्, उनीहरू स-साना शक्तिमा टुक्रिएर बसून् भन्ने चाहना राखेका हुन्छन् । पार्टीभित्रै पनि फेरि केही तत्व त्यस्ता हुन्छन्, जसले पार्टी एकता र ध्रुवीकरण चाहँदैनन् । यो स्थिति नेपालको सन्दर्भमा एकदमै बढी देखिन्छ । अर्को कुरा, गैरवामपन्थीहरू नेपालमा वामपन्थीको सङ्ख्या घटोस् भन्ने चाहन्छन् । कम्युनिस्ट पार्टीहरू विभाजन तथा बिसर्जन होऊन् भन्ने शक्ति धेरै छन् ।

ती शक्तिलाई मलजल हुने गरी अहिले काम भइरहेको पाइन्छ । वास्तवमा नेपालमा सच्चा र इमान्दार जो अहिले शक्तिमा छन् वा शक्तिभन्दा बाहिर छन्, ती सबै शक्तिबीच एकता भएर विशाल कम्युनिस्ट पार्टी निर्माणको एजेन्डालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ भन्ने छन् । यदि पार्टी एकीकरण सम्भव भएन भने पनि एउटा विशाल कम्युनिस्ट मोर्चा तयार भएमा एउटा ठूलो वामपन्थी शक्ति अग्रगमन तथा परिवर्तनकारी शक्ति अस्तित्वमा देखिने छ । त्यो अहिलेको राष्ट्रको आवश्यकता हो र यसको औचित्य पनि छ ।

केही समयअगाडि हाम्रो पार्टी नेकपा (माओवादी केन्द्र) ले मेरो संयोजकत्वमा पार्टी एकतासम्बन्धी पहल गर्ने भनेर निर्णय गरेको छ । नेपालमा कतिपय स-साना पार्टीले पनि पार्टी ध्रुवीकरण गर्ने इच्छा व्यक्त गरेका छन् । अब कत्ति पनि ढिला नगरेर हाम्रो मूलभूत बुझाइमा समानता र एकता कायम गरेर ध्रुवीकरण हुनु अहिलेको टड्कारो आवश्यकता हो । यसबाहेक बाँकी कुरा त पार्टीभित्र नै छलफल गरेर निर्णय गर्न पनि सकिन्छ । त्यसका लागि पार्टीभित्र छलफलको वातावरण हुन जरुरी छ । त्यसैले म के भन्छु भने नेपालका वामपन्थीबीचमा संयुक्त समाजवादी मोर्चा बन्नु आवश्यक छ ।

यस विषयमा समाजवादी मोर्चा एक ढङ्गले बनेको छ तर यसले जुन गति पक्रनुपर्ने हो, त्यो गति पक्रेको छैन । यसको मूल उद्देश्य के हो भन्ने पार्टीमा देखिएका कतिपय व्यक्तिवादी स्वार्थी विचारले गर्दा सामान्यतया गति नपक्रेको हो । समाजवादी मोर्चाका दुईवटा रणनीति छन् : एउटा तत्कालीन रूपमा विपक्षीको बुझाइ तथा विचारलाई अन्यत्र मोड्ने र अर्को अहिलेको राजनीतिक उपलब्धिलाई दह्रोसँग पक्रने र तेस्रो कुरा रणनीतिक रूपमा पार्टी एकता कायम गर्ने र विस्तारै-विस्तारै ध्रुवीकरणतिर जाने । अहिले केही काम गर्न सकिन्छ भन्ने निष्कर्षमा पुगी सबै आ-आफ्नो बाटोमा लागेकै हो । •

> "
> कुनै विपक्षी शक्तिले अर्को पक्षको एकता मन पराउँदैनन् । आफ्नो शक्तिलाई सधैँ बचाइराख्न प्रतिद्वन्द्वी शक्तिको एकता नहोस् भन्ने हुन्छ तर त्यो सम्भव छैन ।





# समाजवाद अर्थात् सबैका लागि समृद्धि

**अग्नि सापकोटा**
**उपाध्यक्ष**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

नेपालको संविधानमा समाजवादको उल्लेख भए पनि त्यसको व्याख्या भएको छैन । हाम्रो पार्टीले ऐतिहासिक आठौँ राष्ट्रिय महाधिवेशनबाट '२१औँ शताब्दीमा समाजवादको नेपाली बाटो' नामक प्रतिवेदनमा समाजवादसम्बन्धी सिद्धान्त, दृष्टिकोण, रणनीति र कार्यनीतिबारे दिशानिर्देश गरेको छ । पार्टीले वैज्ञानिक समाजवादको मूल्यमान्यतामा आधारित रहेर समाजवादको निर्माणमा जोड दिएको छ । यसअघि अभ्यास गरिएका समाजवादका सवल र दुर्वल पक्षबाट शिक्षा लिएर नयाँ मोडलको समाजवादको आधार तयार गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो पार्टीको काँधमा आएको छ । त्यो लक्ष्य हासिल गर्न पार्टी वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा केन्द्रित भइरहनुपर्छ । समाजलाई एकताबद्ध गर्दै उत्पीडित वर्ग र जनसमुदायका अधिकार प्राप्तिका लागि निरन्तर सङ्घर्षरत हुनु पर्छ ।

हामीले परिकल्पना गरको त्यस्तो समाजवादको आधार निर्माणको चरणमा नेतृत्व गर्ने सवल र सुदृढ राजनीतिक शक्ति आजको आवश्यकता हो । नेपालका सबै वामपन्थी शक्तिबीच एकता हुन सक्यो भने समाजवादतर्फको यात्रा तय गर्न वस्तुगत आधार बन्न जान्छ । त्यसकारण पनि वामपन्थी शक्तिबीचको एकीकरण र पुनर्गठनको नेतृत्व हाम्रै पार्टीले गर्नु पर्दछ । यसका लागि नयाँ वैचारिक विकासको आवश्यकता छ । पार्टीको विधान सम्मेलनलगत्तै वैचारिक बहसको योजनाबद्ध प्रक्रिया आरम्भ गर्नु पर्दछ ।

तत्कालका लागि निम्न चार पुनर्गठनको आवश्यकता देखिएको छ ।

## वैचारिक पुनर्गठन

हामीले अङ्गीकार गर्ने समाजवादको मोडल कस्तो हुन्छ, त्यस्तो समाजवाद निर्माण गर्ने उपाय के के हुन्, जस्ता प्रश्नको जवाफ खोज्नु आजको मुख्य कार्यभार हो । यी प्रश्नको उत्तर खोजिरहँदा स्वयम् पार्टी सङ्गठनलाई समाजवाद प्राप्तिका लागि मुख्य औजारका रुपमा विकास गर्नुपर्ने दायित्व पनि हामीसँग छ। समाजवादी क्रान्तिको नेतृत्व गर्ने पार्टी कसरी निर्माण गर्ने भन्ने प्रश्नको उत्तर दिँदै समाजवादी विचारधाराको विकास गर्नु आजको मुख्य कार्यभार हो ।

एकाधिकार दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य र राष्ट्रिय पुँजीको विकास हाम्रो तात्कालिक कार्यनीति हुनुपर्छ। पर्ख र हेरको रणनीतिले कहीँ पुर्गिँदैन । अरुको नक्कल गरेर पनि सफलता प्राप्त नहुन सक्छ। नेपालमा दलाल पुँजीवादका गम्भीर नकारात्मक असर देखिइरहेका छन् । दलाल पुँजीपतिको असीमित प्रतिस्पर्धाले बर्वादी निम्त्याउँदै छ। यसले मानिसको सामाजिक चेतनालाई क्षत-विक्षत बनाउँदै छ। यो दुष्टताबाट हाम्रो शिक्षा र स्वास्थ्य प्रणाली ग्रस्त छ। विद्यार्थीमा एकखालको अतिरञ्जित प्रतिस्पर्धा बढिरहेको छ।

समाजवादी अर्थतन्त्रको स्थापना विद्यमान यस्ता खराबी, विसङ्गति र विकृतिलाई हटाउने एउटै मुख्य उपाय हो । समाजवाद स्थापना गर्ने लक्ष्यतर्फ उन्मुख शिक्षा प्रणालीको विकास र प्रयोग त्यसको एउटा पूर्वशर्त हो । समाजवादी अर्थतन्त्रमा उत्पादनका साधन समाजको स्वामित्वमा हुन्छन् । समाजको स्वामित्वमा भएको योजनाबद्ध अर्थतन्त्रले उत्पादनलाई समाजको आवश्यकतासँग समायोजन गर्दछ । त्यसले काम गर्न सक्ने सवैलाई जिम्मेवारीको उचित बाँडफाँड गर्छ। समाजका कमजोर समुदायको पनि जीवनयापनको ग्यारेन्टी गर्छ।

## राजनीतिक पुनर्गठन

समाजवादी यात्राका लागि राजनीतिक दिशा स्पष्ट गर्दै राजनीतिक कार्यदिशा निर्माण गर्नु अर्को महत्त्वपूर्ण अभिभारा हो । समाजवादको



आधार तयार पार्न जनताका विभिन्न वर्ग, जनसङ्गठन र सम्भव भएसम्म राजनीतिक दलसँग विभिन्न रूप र स्तरमा संयुक्त मोर्चा कायम गर्न जोड लगाउनु पर्छ।

अहिले बनेको समाजवादी मोर्चालाई समाजवादको राजनीतिक वातावरण तयार बनाउन परिचालन गर्न सकिन्छ। कम्युनिस्ट पार्टीको पुनर्गठन गर्दै सबै वामपन्थी शक्तिबीच एकीकरण गर्न सक्दा समाजवादका लागि राजनीतिक वातावरण परिपक्व बन्दै जान थाल्छ।

समाजवादी क्रान्तिको नेतृत्वका लागि मार्क्सवादी दृष्टिकोणले उज्यालो दिन्छ । उक्त दृष्टिकोणको मद्दतले समाजवादको बुझाइलाई वैज्ञानिक ढङ्गबाट उठाउनु पर्दछ। धेरैले तर्क गर्न सक्छन्, पौने दुई सय वर्ष पुरानो मार्क्सवादले हामीलाई आजका समस्या हल गर्न कसरी मार्गदर्शन गर्न सक्छ ? तर, मार्क्सवाद स्थिर छैन र यो समाजको गति र विज्ञानको विकास सँगसँगै चलिरहेको छ।

समाजवादको सार भन्नु नै सबैका लागि समृद्धि हो । निष्पक्षता र न्याय समाजवादको नैसर्गिक मान्यता हो । पुँजीवादीहरूले आलोचना गरेजस्तो समाजवाद गरिबीको वितरण होइन। यथार्थमा समाजवादको अर्थ गरिबीको सामूहिक निराकरण हो। समाजवादको आधारभूत मान्यता भनेको रोजगारी श्रृजना गर्नु हो र त्यसमार्फत् जनताको जीवनस्तर उठाउँदै अन्ततः सामूहिक प्रगति गर्नु हो ।

समाजवादतर्फको यात्राका लागि मूल्य, मान्यता, आदर्श, अनुशासन, नैतिकता, आचारण र जीवनपद्धति समाजवादी विचारधारा अनुकूल बन्नु पर्दछ। अर्थनीति, शिक्षा तथा स्वास्थ नीति, रोजगार नीतिसहित आधारभूत पुनर्संरचनालाई सम्पूर्ण परियोजना मानेर समाजवादी कार्यक्रम स्पष्ट गर्नु आवश्यक छ।

## साङ्गठनिक पुनर्गठन

समाजवादी क्रान्तिको यात्रा तय गर्न सचेत र मजबुत संगठनात्मक शक्तिको आवश्यकता पर्दछ । त्यसका लागि, आजको युगको नेतृत्व गर्न सक्ने पार्टी संरचना निर्माण गर्नु अनिवार्य हुन्छ । लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई अहिलेको परिस्थितिअनुसार अभ्यास गरिनु पर्दछ । पार्टीभित्रका क्रियाकलाप, विषयवस्तु, स्वरूप, साधन, तरिका र माध्यममा सुधारसहित परिवर्तन ल्याउनु पर्दछ। हाम्रा अनुभवबाट पाठ सिकेर आगामी अभ्यासलाई अगाडि बढाउनु पर्दछ।

हाम्रा अभ्यासमा केन्द्रियता र जनवाद, अनुशासन र स्वतन्त्रता दुवै होस् । चाहनाको एकरूपताका साथै वैयक्तिक चित्तप्रशन्नता पनि होस् । सामूहिक उत्साहमा व्यक्तिगत उत्साह समावेश होस् । नियमको कार्यान्वयनको उद्देश्य पार्टीभित्रका समस्या समाधान गर्नु होस् । समाजवाद प्रतिकूल नैतिक ह्रास भएका र समाजवादी अनुशासन उलङ्घन गर्नेलाई दण्डित गर्ने परिपाटी स्थापित होस् । सवल र जीवन्त लोकतन्त्रमा विश्वास गर्ने नेतृत्व पङ्क्तिले मात्र समाजवादी यात्राको सुरुवात गर्न सक्छ। उक्त नेतृत्वले नयाँ पुस्तालाई प्रशिक्षित र सङ्गठित गर्न विशेष जोड गर्नु पर्छ।

## सांस्कृतिक पुनर्गठन

संस्कृति कुनै पनि समाजको आत्मा हो। सांस्कृतिक पुनर्गठनको मूल उद्देश्य समाजवादी मूल्य मान्यतालाई जीवन व्यवहारमा लैजानु हो । अध्ययन, अनुसन्धान, साहित्य, कला, सङ्गीत आदि माध्यमबाट समाजवादी



चेतनाको विकासलाई अघि बढाउनु पर्दछ। देशभक्ति र अन्तर्राष्ट्रियवादको भावनालाई समानान्तर रूपमा लैजाने शिक्षालाई प्रोत्साहन गर्नु पर्छ। देशको इतिहासमा जनताको योगदान तथा बलिदानसम्बन्धी सही दृष्टिकोणले देशभक्तिपूर्ण भावनालाई समृद्ध गर्न सहयोग गर्छ। सही वर्गीय दृष्टिकोणले अन्तर्राष्ट्रियवादको बुझाइलाई प्रेरित गर्दछ।

तसर्थ, सही सांस्कृतिक दृष्टिकोण बनाउन जनतालाई अभिप्रेरित गर्नुपर्दछ। सही परम्परागत संस्कृतिलाई बढावा दिनु पर्दछ भने समाजवाद अनुकूल नभएका अभ्यासलाई रुपान्तरण गर्नु पर्दछ । समाजवाद अनुकूलको संस्कृतिलाई जीवन व्यवहार बनाउँदै लैजानु पर्छ। समाजवादी संस्कृतिलाई अन्य आयामझैँ महत्त्व नदिने हो भने समाजवादी क्रान्तिले गति लिन सक्दैन।

समाजवादको आधार तयार गर्न यी चार पुनर्गठनका अतिरिक्त चार आधुनिकीकरणको आवश्यकता पर्दछ। यी चार आधुनिकीकरणको ढाँचा तयार गरी आधारभूत संरचनाको परियोजना तयार पार्नु आवश्यक छ। हरेक विशिष्ट स्थितिमा कार्ययोजना निर्माण गरेर अगाडि बढ्नु आवश्यक हुन्छ।

## कृषि

कृषि नेपालको सभ्यता र संस्कृति मात्र होइन हाम्रा कतिपय उद्योगधन्दाको पनि आधार हो। समाजवादको आधार तयार पार्न कृषिमा आधुनिकीकरण सबैभन्दा महत्त्वपूर्ण छ । भूमण्डलीकरण र भूराजनीतिक भूमरीबाट पार पाउन पनि कृषिको आधुनिकीकरणमा सर्वाधिक जोड गर्नु पर्दछ। राष्ट्रिय अर्थतन्त्रको विकास गर्न, आत्मनिर्भरताको जग हाल्न र राष्ट्रिय स्वाभिमानको भावना जागृत गर्न यो अपरिहार्य छ। त्यसका लागि खोज, अनुसन्धान र पर्याप्त लगानीको आवश्यकता पर्दछ। साथै, यसका लागि प्रभावकारी संयन्त्र पनि खडा गर्नु अनिवार्य हुन्छ।

कृषिमा हामीले समग्रताको दृष्टिकोण अङ्गाल्नु पर्छ । वनजङ्गल, जलाधार, खेतीयोग्य जमिन सबैको भरपुर सदुपयोगबाट मात्र जनताको जीवनस्तरलाई उठाउन सकिन्छ । जमिनको सदुपयोगको जिम्मेवारीका लागि एउटा सर्वाधिकार संयन्त्र खडा गरी काम सुरु गर्न सक्छौं । उक्त संयन्त्रले प्राकृतिक स्रोतसाधनको समन्वयात्मक उपयोगको व्यवस्थालाई दिशानिर्देश गर्न सक्छ।

## उद्योगधन्दा

समाजवादको आधार तयार गर्न सामूहिकतामा आधारित उद्योगधन्दा व्यापक रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्नु पर्दछ। केवल ठूला उद्योगमा मात्र जोड दिने होइन, परम्परागत र साना तथा मझौला आकारका उद्योगको सञ्चालन आवश्यक हुन्छ। यसबाट देशको आवश्यकता पूर्ति गर्ने क्षमता पनि विकास हुन्छ । समयानुकूल क्षमता अभिवृद्धि तथा आधुनिकीकरण त अनिवार्य भइहाल्छ । उद्योगधन्दा सञ्चालनमा नयाँ प्रविधि प्रयोग त अनिवार्य छ नै आविष्कार, अनुसन्धान, खोज र नवप्रवर्गका लागि लगानीको आवश्यकता पनि पर्दछ।

कृषि, प्राकृतिक स्रोतसाधन, पर्यापर्यटनमा आधारित आधारभूत उद्योगधन्दालाई प्राथमिकता दिँदै जान सकिन्छ। यसका साथै विज्ञान प्रविधि, खनिज, जडीबुटी, वन पैदावार, कृषि वनमा आधारित उद्योगधन्दाको पनि विकास गर्दै लैजानु पर्दछ। हाम्रो क्षमता कमसेकम आन्तरिक बजारमा प्रतिस्पर्धा गर्न सक्ने हुनु पर्छ। बदलिँदो रुचिअनुसार माग सम्बोधन गर्नसक्ने गरी नयाँ प्रविधिको प्रयोग गर्नु पर्दछ।

## राष्ट्रिय सुरक्षा

संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलताका सिद्धान्त, विश्वशान्तिका मान्यता, अन्तर्राष्ट्रिय कानुन एवं पारस्परिक हित र लाभका आधारमा राष्ट्रिय सुरक्षा नीति निर्माण गर्नुपर्दछ। बाह्य हस्तक्षेपलाई रोक्न हाम्रा नीति परिलक्षित हुनु पर्दछ । स्वतन्त्रता र राष्ट्रिय सार्वभौमिकता समाजवादी व्यवस्थाका आधारभूत मान्यता हुन्।

नेपालको स्वार्थमा कहीँ, कतैबाट आँच आउन थाल्यो भने हाम्रो समाजवादी यात्रा बिथोलिन थाल्छ । नेपालका आफ्ना सवाल आफ्नै विशिष्टताअनुसार चल्नु पर्दछ। स्वतन्त्रता र आत्मनिर्भरता समाजवादी कार्यक्रमको आधारभूत अडान हो। सबै प्रकारका हैकमवादको विरोधमा र विश्वशान्तिको पक्षमा खडा हुने नीतिले मात्र समाजवादलाई प्रवर्द्धन गर्छ। राष्ट्रिय सुरक्षालाई मजबुत पार्ने नीति मात्र भएर हुन्न, यसका लागि दक्ष जनशक्ति, कानुनी सुनिश्चितता तथा आधुनिक उपकरणको पनि आवश्यता पर्दछ।

## विज्ञान तथा प्रविधि

विज्ञान, खोज र अनुसन्धानसम्बन्धी हाम्रो परम्परा र आधारशीला निकै कमजोर छ । पुर्खाका अप्रमाणित विद्वता र महानताको बखान गरेर वर्तमानमा सन्तुष्ट हुने रोगले हाम्रो समाजलाई अझै छोडेको छैन। नवीन प्रयोगमा हाम्रो प्राथमिकता तथा लगानी अत्यन्त निम्छरो छ। विश्वव्यापी दृष्टिकोणले विज्ञान प्रविधिमा आधुनिकीकरणमा सहयोग गर्छ।

प्रविधि विज्ञानको क्रान्तिले लिइरहेको तीव्रता, नयाँ नयाँ अनुसन्धानको दिशातर्फ गइरहेको विश्वको ध्यान हाम्रा लागि सुखद पक्ष त हो नै चुनौती पनि हो । तसर्थ, समाजवादी कार्यक्रमका लागि विज्ञान तथा प्रविधिको क्षेत्रमा आत्मनिर्भर हुने नीति लिनु जरुरी छ। त्यसका लागि विद्यमान समस्याबारे अनुसन्धान गर्नु पर्दछ, नयाँ खोज गर्नु पर्दछ । विज्ञान र प्रविधिमा नवप्रवर्तन र मानव संसाधनको विकासमा बलियो जग खडा गरेर मात्र समाजवादी यात्राको बलियो जग खडा हुन्छ। •



# कम्युनिस्ट पार्टीमा जनवर्गीय सङ्गठनको भूमिका

**पम्फा भुषाल**
**उपाध्यक्ष**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

कम्युनिस्ट पार्टीमा जनवर्गीय सङ्गठन वा मोर्चा सङ्गठनको भूमिका उच्च हुने गर्छ । पार्टीका जनवर्गीय सङ्गठन राजनीतिक, सामाजिक वा आर्थिक इतिहासका अभिव्यक्ति हुन् । यी सङ्गठनले देशको राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा राजनीतिक परिवर्तन र अर्थतन्त्रको विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने गर्छन् । जनवर्गीय सङ्गठनको विविधता छ । यस्तै, यी सङ्गठनले राष्ट्रिय र अन्तर ाष्ट्रिय स्तरमा नीति, निर्माणमा सहयोग प्रदान गर्छन्, सामाजिक न्याय, मानवअधिकार, पर्यावरण संरक्षण, विद्युत् उत्पादन, शिक्षा, स्वास्थ्य, गरिबी निवारण र अन्य क्षेत्रमा काम गर्दछन् । श्रमिक सङ्गठन, किसान सङ्गठन, विद्यार्थी सङ्गठन, महिला सङ्गठन, युवा सङ्गठन, अल्पसंख्यक सङ्गठन, विभिन्न जातीय र सांस्कृतिक सङ्गठन, लाभकारी सङ्गठन, औद्योगिक सङ्गठन, औद्योगिक व्यापार सङ्गठन आदिलाई कम्युनिस्ट पार्टीका जनवर्गीय सङ्गठनका रूपमा परिभाषित गरिएको छ ।

आम मानिसको हक-अधिकारका लागि र स्थापित अधिकारको प्रत्याभुति गराइराख्न भक्भक्याउने काम जनवर्गीय वा मोर्चा सङ्गठनले गर्दै आएका छन् । जनवर्गीय वा मोर्चा सङ्गठनले आम जनताको हक र स्वाधीनताका लागि लड्ने, सामाजिक न्याय र समृद्धिका लागि प्रयास गर्ने क्रममा सहयोग प्रदान गरेका छन् । कम्युनिस्ट पार्टी जनतामा जानका पुलको रूपमा जनसङ्गठनको भूमिका हुन्छ । कम्युनिस्ट पार्टीमा जनताका आधारभूत वर्गका रूपमा रहेका मजदुर, किसान, श्रमजीवी वा जनतासम्म पुग्ने सञ्जाललाई जनवर्गीय सङ्गठनका रूपमा चित्रित गरिन्छ । जनसङ्गठन जनताका हकअधिकारका लागि संगठित हुने र पार्टीको राजनीतिक नेतृत्वबाट सञ्चालित हुने प्रक्रियाबाट अगाडि बढ्छन् । कम्युनिस्ट पार्टी भनेको क्रान्तिकारी उच्च चेतनायुक्त भएको, आफ्नो वर्ग, सिद्धान्तप्रति पूर्ण समर्पित भएको हुनाले कमै मात्र पार्टी सदस्य हुने गर्छन् । कम्युनिस्ट पार्टीको सदस्यता लिनु भनेको कुनै व्यक्तिका लागि जीवनको महत्वपूर्ण परिघटना हुने गर्छ । तर, पछिल्लो समय कम्युनिस्ट विचार, सिद्धान्तप्रति देखिएको विचलनले त्यसलाई ओझेल पारेको छ ।




कम्युनिस्ट दर्शनलाई हेर्ने हो भने आम जनता र पार्टीको पुल हो जनवर्गीय सङ्गठन । कम्युनिस्ट पार्टीलाई आम जनतामा जाने पुलको रूपमा पार्टीका जनवर्गीय सङ्गठनलाई प्रयोग गर्ने गरिन्छ । यस्तै जनताका समस्यालाई पार्टीसम्म पुऱ्याउने काम पनि जनसंगठनबाटै सम्भव हुन्छ । पार्टीले ज.व.सं.मार्फत् जनताको अवस्था र समाधानका निम्ति सङ्गठित हिसाबले पहल गर्ने, सङ्घर्षका माध्यमबाट जनताका माग मुद्दा उठाउने, जनतालाई परिचालित गराउने र आम नेता, कार्यकर्तालाई समेत क्रियाशील गराउने गर्छ । ज.व.सं.मा संगठित गराउँदै वैचारिक रूपमा पार्टीसँग जोडिएर विचार, राजनीति र सङ्गठन निर्माण गर्ने काम कम्युनिस्ट पार्टीका जनसङ्गठनले गर्ने गर्छ । पार्टीमा विचार, नीति र नेतृत्वको आधारका रूपमा जनवर्गीय सङ्गठनलाई लिने गरिन्छ । साङ्गठनिक कोणबाट हेर्ने हो भने पनि जनताका हितमा काम गर्न र पार्टीमा सङ्गठन विस्तारका लागि ज.व.सं. ज्यादै महत्वपूर्ण हुन्छ । प्रायः संसारभर वा हाम्रो पार्टी माओवादी केन्द्रमा पनि नेतृत्व निर्माणको आधार, नेतृत्व विकासको आधार ज.व.सं. बन्ने गरेको छ । धेरैजसो नेतृत्व तहमा पुगेकाहरू कुनै समय जनवर्गीय सङ्गठनको नेतृत्वमा प्रभाव पारेका नेता नै रहेका छन् । ज.व.सं.मार्फत् सञ्चालित हुने आन्दोलनको माध्यमबाट रुचाइएका व्यक्तिले आफ्नो वर्ग-धरातलप्रति समर्पित हुने, पार्टी आन्दोलनका लागि जस्तोसुकै मूल्य चुकाउन सक्ने हुन्छन्, जसले गर्दा जनसङ्गठनमा काम गरेका व्यक्ति जनताको मात्र प्रिय नभई कम्युनिस्ट पार्टीको नेता बन्न सक्छन् ।

जनवर्गीय सङ्गठनले आम जनताको हितका लागि आवाज उठाउँछन् र उनीहरूको अधिकारको रक्षा गर्दछन् । यी सङ्गठनले आदिवासीको भूमि अधिकार, श्रमिकको कामकाजी स्थिति र कामको अधिकार, रोजगारीको पर्याप्तता, महिलाको समानता र सुरक्षा, युवाको शिक्षा र रोजगार, अल्पसङ्ख्यकको समानता र समाजमा विभाजनको अन्त्य गर्न समेत काम गर्दछन् । कम्युनिस्ट पार्टीहरू जनवर्गीय सङ्गठनसँग गहिरो सम्बन्धमा रहने गर्दछन् । यसले गर्दा ती सङ्गठनले विशेषतः मूल राजनीतिक शक्तिसँग महत्वपूर्ण स्थान र हैसियत प्राप्त गर्दछन् । कम्युनिस्ट पार्टीले जनवर्गीय सङ्गठनलाई सामाजिक न्याय, समानता र समाजिक उत्थानका लागि महत्वपूर्ण भूमिका दिएको हुन्छ र त्यसमा ज.व.सं.ले भूमिका खेल्ने काम गर्छन् । यसले समाजमा न्याय र समानताको अनुभूति गराउँछ र समृद्धि, समाजिक न्याय, शान्ति र सहयोगको सान्दर्भिक परिणाम उत्पन्न गर्छ ।

नेपालमा कम्युनिस्ट पार्टीले जनवर्गीय सङ्गठनको गठन गरेका छन् र यी सङ्गठन राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा आवाजको अभिव्यक्ति गर्छन् । यी सङ्गठनले विभिन्न जनवर्गीय सङ्गठनको हक र स्वार्थको रक्षा गर्ने वा सामाजिक न्याय, समानता र सामाजिक उत्थानका लागि आवाज उठाउने काम गर्छन् । कम्युनिस्ट पार्टीमा विद्यार्थीको भूमिका अत्यन्त महत्वपूर्ण छ । विद्यार्थीले नयाँ विचार, राष्ट्रियता, औद्योगिक विकास, सामाजिक न्याय, औद्योगिक राजनीति, आर्थिक विकास र समृद्धिका लागि महत्वपूर्ण भूमिका खेल्ने जिम्मेवारी रहेको छ । यस्तै, युवा सङ्गठनले युवाको मानसिक र शारीरिक विकास, शिक्षा, रोजगार, उत्थान, राजनीतिक साझेदारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्ठा, सामाजिक समानता र समृद्धिमा सहयोग प्रदान गर्दै आएका छन् । यसैगरी, कम्युनिस्ट पार्टीमा महिला, दलित र पछि पारिएका समुदायले उच्च योगदान गर्ने गर्दछन् । यी समुदाय आफ्नो आधिकारिकता, समानता र सामाजिक न्यायका लागि लड्दै आएका छन् र कम्युनिस्ट पार्टीले उनीहरूको हित र अधिकारको रक्षा गर्ने काम गर्दछन् ।

हाम्रो पार्टीको सङ्गठन लेनिनवादी सङ्गठन निर्माण पद्धतिमा आधारित छ । लेनिनले समाजवादी क्रान्ति र समावादी क्रान्तिको आधार तयार गर्न बनाएको पार्टीमा मुख्य रूपमा मजदुर, किसान र सेनामा आधारित गर्नु भएको थियो । तिनै वर्गीय आन्दोलनको बलमा पुरानो राज्यसत्तालाई परिमार्जन गरेर मजदुरको राज्य सत्ता स्थापित गर्नु भयो । र, अहिले पनि कम्युनिस्ट पार्टी हुनु भनेको र जनतामा जाने माध्यम भनेको ज.व.सं. हो । श्रमजीवीको अग्रदस्ताको रूपमा मजदुर किसान मुख्य हो भने त्यसपछि समकालीन समाजको आवश्यकता र सामाजिक विशेषताका आधारमा जनताको उपस्थितिका आधारमा जनवर्गीय सङ्गठन बन्ने गर्छ । जनवर्गीय सङ्गठन दुई प्रकारले निर्माण हुन्छ । वर्गीय आधार र पेशागत आधारमा । हाम्रो जस्तो देशमा चाहिँ आधारभूत रूपमा मजदुर र किसानको अग्रदस्ताको रूरुपमा सङ्गठन निर्माण हुने गर्छ । यस्तै, नेपालमा मजदुर, किसानसहित बहुसांस्कृतिक अभ्यास रहेको समाज छ, जसले गर्दा हाम्रो जस्तो देशमा मजदुर, किसान मात्र नभई जातीय भौगोलिक, उत्पीडित समुदाय, विभिन्न पेशागत सङ्गठनका कारण ठूलो सञ्जाल निर्माण हुने गर्छ । त्यस्तै स्वरूप अहिले माओवादी केन्द्रमा पनि छ । हाल हाम्रो पार्टी माओवादी केन्द्रमा मात्र २५ भन्दा बढी वर्गीय र पेशागत जनसङ्गठन छन् । हाम्रो जस्तो बहुसांस्कृतिक र बहुजातीय मुलुकमा विभिन्न प्रकारका जातीय सङ्गठन हुने गर्छ ।

नेपाली समाजको विशेषताअनुसार नेपालमा माओवादी केन्द्रले जातीय, क्षेत्रीय, लैङ्गिक, वर्गीय, सांस्कृतिकलगायतका विधामा जनसङ्गठनलाई मान्यता दिएर जनतामा परिचालित गरेको छ । माओवादी केन्द्रले तीनै जनसङ्गठनको बलमा पुरानो सत्तालाई चुनौती दिँदै नयाँ सत्ताको ढोका खोल्न सफल भएको यथार्थ हाम्रासामु छ । समाजमा रहेका जनताका अन्तर्विरोधलाई हल गर्दै विचार, सिद्धान्तको सश्लेषणसहित आम जनतालाई परिवर्तनको बाटो देखाउन माओवादी आन्दोलन सफल भएको मान्न सकिन्छ ।

अहिले हाम्रो पार्टीका ज.व.सं.मा केही समस्या विद्यमान छन् । त्यसले पार्टीमा पनि केही समस्या पारेको पक्कै छ। पार्टी र पार्टीको नेतृत्वमा समस्या छ भनेर पार्टीले रूपान्तरण अभियान सञ्चालन गरेको हो । यसपटकको रूपान्तरण अभियानको अवधिमा तल्लो तहसम्म पुग्न कोसिस गरिएको छ । यसबाट पनि के देखिएको छ भने पार्टीमा जनसङ्गठन क्रियाशील हुन सकेको छैन । पार्टीका सङ्गठन र तिनमा रहेका नेता कार्यकर्ताको सदस्यता नवीकरण र नयाँ सदस्यताको अवस्था स्थिर बन्न पुगेको छ। यिनै समस्याको अन्त्य गर्न पार्टीले विधान अधिवेशनमार्फत् नयाँ सांगठनिक प्रणाली अवलम्बन गर्न लागेको हो ।

पार्टीको विधान सम्मेलनमार्फत् पार्टीको सङ्गठनात्मक संरचनाको ठोस गरेपछि जनवर्गीय सङ्गठन क्रियाशील बनाउने गरी अघि बढ्न आवश्यक छ । सोही योजनामुताविक पार्टीमा गम्भीर र जीवन्त छलफल समेत भइरहेको छ। यदि जनवर्गीय सङ्गठनलाई क्रियाशील र चलायमान बनाउन नसकिने हो भने पार्टी आन्दोलनमा धक्का लाग्न सक्नेतर्फ सबै सचेत हुन आवश्यक छ। माओवादी युद्धबाट आएको पार्टी हुनाले ज.व.स र मूल पार्टीबीच भएको समानतालाई अबको विधान महाधिवेशनबाट फरकपना ल्याउने तयारी छ । ज.व.सं. पार्टी नभई जनतासँगको पुल भएका कारण वैचारिक र साङ्गठनिक रूपमा पार्टीसँग जोडिएर सङ्गठनात्मक रूपमा आफ्नो माग र मुद्दाको आधारमा परिचालित हुन आवश्यक छ।

जवसलाई सङ्गठन निर्माणको रूपमा परिचालित गर्दै नेतृत्व विकास गर्न जनसङ्गठनले भूमिका खेल्नु पर्दछ । मूल पार्टी कमिटिको एक तिहाई सदस्य मात्र जनसङ्गठनको सदस्य हुने व्यवस्था गरिनु पर्छ, जसले गर्दा पार्टी निर्माण र नेतृत्व विकास सँगसँगै हुन्छ । त्यसका लागि, संस्थागत र नीतिगत निर्णय जरुरी हुन्छ । माओवादीको विधान अधिवेशनमार्फत् युवा, विद्यार्थी, महिलालगायतका मुख्य सङ्गठनलाई जनपरिचालित गर्दै पार्टीलाई विकास गर्न सकिन्छ । जनअधिकारको लडाइँमा पार्टीका जनसङ्गठनलाई परिचालित गरेर आम नागरिकका हक-अधिकार स्थापित गर्न लाग्नु पर्छ । माओवादी केन्द्रले विधान अधिवेशनपछि पार्टीका जनसङ्गठन, मोर्चाका सम्मेलन र अधिवेशनबाट नयाँ-नयाँ सङ्गठन तथा नेतृत्वको विकास गर्नु पर्छ ।

> माओवादी पार्टीको जनवर्गीय सङ्गठन साँच्चै जनताको प्रतिनिधिमूलक सङ्गठन बन्न सक्नु पर्दछ। वैचारिक सांगठनिक नेतृत्व गर्ने अगुवा सङ्गठनका रूपमा पार्टीका मुख्य सङ्गठनलाई विकास गर्नु पर्छ।

माओवादी पार्टीको जनवर्गीय सङ्गठन साँच्चै जनताको प्रतिनिधिमूलक सङ्गठन बन्न सक्नु पर्दछ । वैचारिक सांगठनिक नेतृत्व गर्ने अगुवा सङ्गठनका रूपमा पार्टीका मुख्य सङ्गठनलाई विकास गर्नु पर्छ । पार्टी जनतामा ज.व.सं.मार्फत् जाने र जनता पार्टीमा पनि ज.व.सं.मार्फत् आउने भएकाले सोहीअनुसार पार्टीका ज.व.सं. निर्माण हुन्छ । त्यसमा पार्टीले भूमिका खेल्छ। पार्टीमा दुई दर्जन बढी रहेका जनसङ्गठनले आफ्नो वर्गीय मासतिर फर्केर तिनका समस्या पहिचान र समाधान गर्न प्रयास गर्नु पर्छ । पार्टी वा ज.व.सं.मा वैचारिक सांगठनिक संरचना तलाउमा जमेको पानी जस्तो नभई गतिशील बनाउनु पर्छ । जनतामा जोडिएका जनसङ्गठन र मोर्चामा समय-समयमा नेतृत्व कौशल भएका नयाँ-नयाँ अनुहारको पहिचान दिन सकियो भने पार्टी बन्छ । जनताको अधिकार स्थापना र दिगोपनाको प्रत्याभूत हुन्छ। त्यसका लागि पार्टी सङ्गठनले आफ्ना लक्ष्य र उद्देश्य सम्बोधित गर्ने रणनीतिक योजना बनाउनु पर्छ । जनसङ्गठनलाई सामाजिक, राजनीतिक र आर्थिक परिस्थितिमा सफलतापूर्वक काम गर्न मद्दत गर्नेछ । यस्तै सङ्गठनले लोकतान्त्रिक, सामाजिक राजनीतिक निकायको निर्माणमा सक्रिय भूमिका खेल्न प्रेरित गर्ने अवस्था बनाउनु पर्छ। यसले सङ्घर्ष, आन्दोलन र विरोधका प्रक्रिया लागू गर्नु पर्छ। सम्पूर्ण सङ्गठनलाई जनपक्षीय र प्रभावकारी बनाउन मूल पार्टी कमिटीदेखि जनताको तहसम्मका कमिटीलाई चलायमान, चुस्त र प्रभावकारी बनाउन आवश्यक छ।





# नेपाली राष्ट्रियता र सङ्घीयता

**देव गुरुङ**
**महासचिव**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

नेपालको राष्ट्रियता र सङ्घीयतालाई बुझ्ने क्रममा कतिपय मानिसले यी दुई विषयलाई ठीक विपरीत र एकले अर्कालाई निषेध गर्ने तहसम्म बुझ्ने गरेको देखिन्छ । सङ्घीयताले राष्ट्रिय स्वाधिनतालाई कमजोर बनाएको भनी आरोप, प्रत्यारोप हुने गरिरहेको देखिन्छ । तर समाज विकासको गतिको नियमलाई हेर्ने हो भने यथार्थता त्यसको ठीक विपरीत मात्र होइन, यी दुईबीच एक–अर्कोबीचमा परिपूरकको रूपमा रहेको देखिन्छ । एउटाको अभावमा अर्को अधुरो र अपुरो हुने देखिन्छ ।

राष्ट्रियता भनेको सामाजिक एकताको स्वरुप हो । साझा आर्थिक उत्पादन प्रणाली, साझा भुगोल, समान भाषा, संस्कृति, मनोवैज्ञानिक एकता आदिको आधारमा बनेको सामाजिक एकतालाई राष्ट्रियता भनिन्छ । सङ्घीयता, डेमोक्रेसी अर्थात् स्वतन्त्रताको एउटा रूप हो । यस प्रकारको स्वतन्त्रता, व्यक्तिको स्वतन्त्रता भन्दा पनि निश्चित सामाजिक एकताको आधारमा निर्माण भएको सामुदायिक स्वतन्त्रताको स्वरुप हो । समाज विकासको नियमअनुसार एकता र स्वतन्त्रता एक अर्कासँग परिपूरकका रूपमा रहन्छन् । स्वतन्त्रता एकतामा आधारित हुन्छ भने एकता पनि स्वतन्त्रतामा आधारित हुन्छ । एकताविनाको स्वतन्त्रता अराजकतावादमा पुग्छ भने स्वतन्त्रताविनाको एकता सङ्कीर्णता र निरङ्कुशतावादमा पुग्छ । यी दुवैले प्रकारान्तरले सामाजिक विखण्डनवादमा पुऱ्याउँछ । सामाजिक विखण्डनवाद नै सामन्तवाद र विश्व साम्राज्यवादको जीवनको आधार हो । यसकारण साम्राज्यवादीहरूको 'फुटाऊ र शासन गर'को उक्ति विश्वप्रख्यात छ ।

मार्क्सवादीहरूले सामाजिक एकतालाई द्वन्दात्मक रूपले बुझ्ने र व्याख्या गर्ने गर्छन् । एकता र स्वतन्त्रता बीचमा द्वन्दात्मक सम्बन्ध रहन्छ । एउटाको अभावमा अर्कोको परिकल्पना गर्न सकिँदैन । त्यसैले मार्क्सवादीहरूले यी दुई पक्षलाई एक अर्काको विपरीत होइन, परिपूरकका रूपमा लिने गर्छन् ।

डेमोक्रेसीको विकासक्रम हेर्दा सुरुमा सामन्तवादको युगमा

नागरिकलाई दास, दासी वा अधिकारविहीन प्रजाका रूपमा राखिएकाले सामन्तवादविरुद्ध नागरिक स्वतन्त्रताको विषयलाई 'डेमोक्रेसी' भनियो । पुँजीवादी क्रान्तिले नागरिक स्वतन्त्रताको मान्यतालाई स्थापित गऱ्यो । पुँजीवादको विकासका क्रममा जब पुँजीको ज्यादा सङ्केन्द्रित भएर एकाधिकार पुँजीवादको विकास भयो, तब एकाधिकार पुँजीवादले विश्व सामाज्यवादको जन्म गरायो । साम्राज्यवादले सामुदायिक रूपमा समाजलाई व्यापक रूपले विखण्डन गरी आफ्नो औपनिवेशिक शासनप्रणाली थोपर्दै आइरहेकाले त्यसबाट मुक्तिका लागि जाति वा सामुदायहरूको आत्मनिर्णयको अधिकार र स्वतन्त्रताको विषय उठेको देखिन्छ । यसलाई साम्राज्यवादबाट उत्पीडित समुदायहरूको स्वतन्त्रता अर्थात् 'कम्युनिटी डेमोक्रेसी' पनि भन्न सकिन्छ ।

नेपालमा साढे दुई सय वर्ष पूर्वदेखि केन्द्रीकृत सामन्तवादी प्रणाली र डेढ सय वर्षपूर्व सुगौली सन्धिदेखि अर्धऔपनिवेशिक प्रणाली गरी दुवै प्रणाली थोपरिएको अवस्था हो । त्यसैले नेपाली समाजलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक भनी मार्क्सवादीहरूले व्याख्या गर्दै आइरहेको सर्वविदितै छ । राजतन्त्रको विस्थापनबाट सामन्तवादको राजनीतिक आधार समाप्त भएको छ । परन्तु समाजलाई लोकतान्त्रिकीकरण गर्न र अर्धउपनिवेशबाट जन्मिएको एकाधिकार दलाल पुँजीवादबाट नेपाली समाजलाई मुक्ति दिलाउनका लागि परम्परागत विखण्डनवादमा आधारित एकात्मक राज्य प्रणालीबाट सम्भव देखिन्न । त्यसैले विखण्डनवादमा आधारित एकात्मक राज्य संरचनालाई पुनःसंरचना गरी स्वायत्तताको अधिकारसहितको सङ्घीय प्रणाली अवलम्वन गर्नुपर्ने आवश्यकता देखिएको हो । बहुजाति, बहुभाषि, बहुधार्मिक, सांस्कृतिक विविधतायुक्त नेपाली समाजअनुरुपको लोकतन्त्रको आवश्यकता हो ।

लैङ्गिक विभेद, दलितको विभेदलगायतका विद्यमान समस्याको सम्बोधन गरिनुपर्ने आवश्यकता हो । पूर्व मेचीदेखि पश्चिम महाकाली र दक्षिणको मधेसदेखि हिमालसम्मका सम्पूर्ण जनसमुदायबीच सङ्घीयता, स्वायतता, धार्मिक स्वन्त्रतता, भाषिक र सांस्कृतिक स्वतन्त्रता, समानुपातिक समावेशीता, दलगत स्वतन्त्रता आदिका आधारमा बृहत् राष्ट्रिय एकता अहिलेको आवश्यकता हो । यही मान्यताका आधारमा सङ्घीयताको अभ्यास सुरु गरिएको हो किनभने लोकतन्त्रका सबै रुप अवलम्वन गरेर मात्र राष्ट्रिय एकता सम्भव हुन्छ । लोकतन्त्रविनाको राष्ट्रिय एकता सम्भव हुँदैन । तर नेपालमा सङ्घीयताको अभ्यास गर्ने क्रममा उपरोक्त मान्यतालाई आत्मसातिकरण हुन सकेन । परम्परागत एकात्मक मान्यतामा नै नीति निर्माता सीमित रहेका दखिन्छन् । तैपनि नयाँ सङ्घीय संविधान निर्माणको प्रारम्भदेखि वर्तमानसम्म सङ्घीयतासम्बन्धी अभ्यास हुँदै आएका छन् ।

सङ्घीयता एउटा लोकतान्त्रिक प्रणाली हो । राज्यका अधिकारको विभाजन गरी चलाइने शासनव्यवस्थालाई सङ्घीयता भनिन्छ । अधिकारको विभाजन गर्दा जहाँ शक्तिको उद्गम भएको हुन्छ, त्यही ठाँउमा पुग्ने गरी शक्तिको विभाजन गरिनु पर्छ भन्ने मान्यताबाट सङ्घीयता सुरु भएको देखिन्छ अर्थात् राज्यको सार्वभौम अधिकार र शक्तिको स्रोत भनेको जनता हो । शक्तिको स्रोतको रूपमा रहेको जनताको बीचमा अधिकार विभाजन गरी चलाइने शासनप्रणालीलाई सङ्घीयता भनिन्छ ।

जुन मुलुकको सामाजिक विशेषता विविधतायुक्त हुन्छ, त्यस प्रकारका मुलुकमा सङ्घीयताको अभ्यास बढी देखिन्छ अर्थात् बहुजाति, बहुभाषि, भौगोलिक विविधता र बहुसांस्कृतिक विविधतायुक्त मुलुकमा सङ्घीयताको अभ्यास भएको देखिन्छ । विश्वमा ३० वटा मुलुकमा सङ्घीय प्रणाली अभ्यास भइरहेको देखिन्छ ।

नेपाल बहुजाति, बहुभाषि, बहुसांस्कृतिक र भौगोलिक रूपमा पनि विविधतायुक्त मुलुक हो । राज्यका अधिकारलाई राज्यशक्तिको स्रोतका रूपमा रहेको जनताको बीचमा अधिकार पुऱ्याउनु पर्छ भन्ने लोकतन्त्रको मान्यता हो । जनताका बीचमा अधिकार विभाजन गर्दा त्यसको प्रयोग गर्ने जनताको एकताको स्वरुप पनि विविधतामा रहेकाले सोही अनुरुपका संरचना निर्माण गरी अधिकारको विभाजन गरिनु पर्ने सङ्घीयताको सैद्धान्तिक मान्यता हो ।

सङ्घीय प्रणाली अवलम्बन गर्ने क्रममा विश्वका अभ्यास हेर्दा दुई प्रकारले सङ्घीयता निर्माण गरेको देखिन्छ । एउटा प्रणाली विभिन्न राज्यबीच मिलेर वा सम्झौता गरेर संघ बनाएको देखिन्छ भने अर्को एकात्मक प्रणालीलाई नै परिवर्तन गरि संघ बनाएको देखिन्छ । नेपालको सन्दर्भमा तत्काल केन्द्रीकृत प्रणालीबाट सङ्घीय प्रणालीमा परिणत गरिएको भए तापनि इतिहास हेर्दा यस क्षेत्रमा कविलाई राज्य हुँदै लामो काल खण्डसम्म सङ्घीय गणराज्यको अभ्यास भएको देखिन्छ ।

नेपाल मण्डल, किराँत, मिथिला, कोचिला, थारुवान र थरुहट, खसान, डोटेल, मगरात, ताम्शालिङ, तमुवान आदि गणराज्यका अवशेष हुन् ।






सामन्तवादको सुरुआतसँगै ती गण राज्यको विघटन भई स-साना सामन्ती राज्यको स्थापना भयो । १४-१५औं शताब्दीदेखि २२ से २४ से स-साना भुरे, टाकुरे सामन्ती राज्य रजौटाको रूपमा स्थापित भयो । १७ र १८औं शताब्दीदेखि तिनै सामान्ती राज्यलाई विस्थापित गरी गोरखा राज्यका रूपमा स्थापना भएको देखिन्छ । गोरखा राज्यदेखि वर्तमानसम्म केन्द्रीकृत र एकात्मक राज्यको रूपमा रहँदै आएको देखिन्छ । सामन्तवादी राज्य संरचनाका साथै डेर सय वर्ष पूर्वदेखि अङ्ग्रेज साम्राज्यवादको प्रत्यक्ष उपनिवेश नभए पनि इष्टइन्डिया कम्पनीमार्फत परोक्ष रूपमा उपनिवेश कायम हुँदै आइरहेको अवस्था हो । त्यसैले नेपालमा सङ्घीयताको निर्माण अन्य मुलुकको भन्दा पृथक रूपमा विकास भएको देखिन्छ । यस सन्दर्भमा हेर्दा नेपालको सङ्घीयताले सामन्तवादी सामाजिक सम्बन्धलाई रुपान्तरण गरी गणतन्त्रलाई जनताको असली गणतन्त्र बनाउनुका साथै अंग्रेज साम्राज्यवादले सिर्जना गरिरहेका राज्यको संरचनामा पनि पुर्नसंरचना गरी मुलुकलाई स्वाधीन बनाउन सक्ने गरी राज्यको पुनःसंरचना अनिवार्य पक्ष हो ।

सामन्तवाद र विदेशी साम्राज्यवाद दुवैको समान विशेषता ‘समाजलाई विभाजन गर र शासन गर’ नै मुख्य विशेषता हो । सामन्ती हिन्दु वर्णाश्रम व्यवस्थाले जात प्रथाको सुरुआत गरेर समाजलाई विभाजन गरिरहेको अवस्था हो भने विदेशी एकाधिकारवादले आफ्नो प्रभुत्व कायम राख्न कमिशन अर्थतन्त्रमार्फत् दलालै दलालको वर्गीय संरचना तयार गरेर समाजलाई विखण्डन गराइरहेको अवस्था हो । दुवै शक्तिले खडा गरेको सामाजिक विखण्डनवादको चुनौतीलाई सामना गरी समाजलाई एकताबद्ध गराउनु नै सङ्घीय राज्य पुनःसंरचनाको मूल उद्देश्य हुनुपर्ने हो । सामाजिक एकताका लागि आधार तयार गर्नु पर्ने हुन्छ । एकताको आधार भनेको समानता हो । समानताका लागि असमानता, भेदभाव, उत्पीडनका स्वरुप निर्योल गरी त्यसलाई निर्मुल गर्न सकेमा समानता त्यसैबाट पैदा हुने हो । त्यही उत्पीडन र भेदभावको पहिचान गरी उत्पीडन र उत्पीडित समुदायको पहिचानको आधारमा राज्यको पुनःसंरचना हुनुपर्ने हो । नेपालको विशेषताअनुसार प्रादेशिक संरचना बीचमा प्रतिस्पर्धा भन्दा पनि समन्वयात्मक प्रकृतिको व्यवस्था आवश्यक हो । त्यस्तै गरी राज्यका सबै अङ्गमा उत्पीडित समुदायको समानुपातिक सहभागिता अत्यावश्यक हो ।

परन्तुः नेपालको संविधान निर्माणको सन्दर्भमा ती मान्यतालाई दह्रोसाथ अवलम्वन गरेको देखिँदैन । नेपालको संविधान निर्माणमा मुख्य त भौगोलिक विविधताको आधारमा सङ्घीय प्रणाली निर्माण गरिएको देखिन्छ । राजनीतिक दलको विविधता रहेको स्थितिमा दलबीचमा संविधानसभामा शक्ति सन्तुलन र सम्झौताको मार्ग अवलम्वन हुँदा सायद त्यो भन्दा थप व्यवस्था सम्भव थिएन पनि । पहिलो संविधानसभाको कार्यकालमा उत्पीडित समुदायको पहिचानको मुद्दाले प्राथमिकता प्राप्त गरेको भए तापनि दोस्रो संविधानसभामा त्यो स्थिति रहेन । त्यसले गर्दा उत्पीडित समुदाय र वर्गको पहिचानको मुद्दा केही ओझेलमा पर्न गएको यथार्थता सर्वविदितै छ । त्यसैगरी राज्यका अङ्गमा पूर्ण समानुपातिक समावेशी सहभागिता अत्यावश्यक हो । तर अन्तरिम संविधानले स्थापित गरेको ६० प्रतिशत समानुपातिक प्रतिशत समेत घटेर ४० प्रतिशतमा झ¥यो । भौगोलिक नै भए पनि विश्वका विभिन्न मुलुकले केन्द्र र प्रदेश गरी दुई तहको सङ्घीय संरचनाको अभ्यास गर्दै आइरहेको देखिन्छ । स्थानीय तहलाई प्रदेशको मातहतमा राख्ने गरेको देखिन्छ तर नेपालमा तीन तहको संरचना खडा गरियो ।

स्थानीय तहलाई प्रदेशको मातहत हुनु पर्नेमा सिधै सङ्घको मातहतमा राखिएको छ । प्रदेश र स्थानीय तहलाई समानान्तर रूपमा खडा गरिएको छ । त्यसले प्रकारान्तरणले प्रदेशलाई औचित्यहीन बनाउँछ र सङ्घीयता

विफल तुल्याउने कडी पनि बन्न सक्छ । यद्यपि सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार सम्बन्धी अनुसूचि संविधानमा व्यबस्था गरिएको छ । त्यसले क्षेत्राधिकारको विभाजन गरेको देखिए तापनि कार्यान्वयनमा त्यसको जटिलता देखिन्छ । विश्वका अन्य मुलुकले सङ्घले मुख्य त रक्षा, मुद्रा, परराष्ट्र सम्बन्ध, बृहत्तर रणनीतिक मेघा परियोजना, ठूला औद्योगिक प्रतिष्ठान, दुरसञ्चार, भन्सार, नागरिक उड्डयनलगायत मुख्य त नीतिनिर्माणमा केन्द्रित गरेको देखिन्छ। प्रदेशलाई व्यापक रूपमा औद्योगिक प्रतिष्ठानको सञ्चालन तथा पूर्वाधार निर्माणको अगुवा बनाउनु पर्ने र स्थानीय पालिकालाई कृषि उत्पादन, बजारीकरण, खाद्यान्नलगायतका दैनिक उपभोग्य वस्तुको आपूर्ति तथा दैनिक सेवामूलक कार्यमा केन्द्रित गर्नु पर्ने हो । तर नेपालको संविधानको अनुसूची निर्माण गर्दा उपरोक्त सङ्घीय सिद्धान्तमा आधारित हुन सकेको देखिँदैन । त्यसले गर्दा अनुसूची निर्माण गर्दा पनि केन्द्रीकृत मानसिकताकै प्रभावको बीचबाट तय भएको देखिन्छ । नाम सङ्घीय भए पनि राज्यका संरचना एकात्मक र केन्द्रीकृत प्रणालीअनुरुपका भारीभरकमका संरचना यथावत रह्यो । मन्त्रालय, आयोग, विभाग, प्रतिष्ठान आदि सबै यथावत मात्र होइन, झन् झन् सञ्जाल बढ्दै गइरहेको छ ।

न्यायालय पुर्नसंरचनाको व्यवस्थै हुन सकेन । त्यस्तैगरी सुरक्षा निकायको पनि पुर्नसंरचनाको व्यवस्था गरिएको छैन । पुरानै संरचना सबै यथावत राखेर प्रदेश र पालिकाको संरचना मात्र थप्न खोजेको देखिन्छ । त्यसले गर्दा प्रादेशिक तथा स्थानीय संरचना थपेर आर्थिक भार थपियो, सङ्घीयता आर्थिक रूपले धान्न सकिँदैन भन्ने परिस्थिति सिर्जना गरिँदै छ ।

सङ्घीयताको तात्पर्य भारीभरकमको केन्द्रीकृत संरचनालाई पुर्नसंरचना गर्नु पनि हो । विद्यमान राज्यको संरचनाको कूल तीन भागको एक भाग संरचना केन्द्रमा र बाँकी एक भाग प्रदेश र स्थानीय पालिकामा कायम राख्दा विद्यमान संरचनामा तीन भागको दुई भागले सबै तह चल्छ र कम्तीमा पनि एक भाग राज्यको संरचना घट्न जान्थ्यो र सोही अनुपातमा चालु खर्च पनि कुल तीन खण्डको एक खण्ड घट्थ्यो । तर सङ्घीय संविधान जारी भइसके पछि पनि केन्द्रीकृत मानसिकताले गर्दा राज्यको केन्द्रीकृत संरचना घटाउनेतर्फ होइन, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका भारिभरकमका संरचना यथावत नै राखियो । केन्द्रिकृत संरचनामा नै आयोग, प्रतिष्ठान, बोर्ड, विकास समिति र प्राधिकरण आदि नाममा संरचना थपेको थपिएकै छ । स-साना कामका लागि दोहोरो-तेहोरो संरचना बनाएर झन्-झन् भारीभरकमका विशाल संरचना विस्तार गरिएको छ । केन्द्रीय संरचनालाई घटाएर चुस्त बनाउनेतर्फ बिल्कुल ध्यान दिएको देखिँदैन । त्यसले गर्दा चालु खर्च नै यति धेरै बढ्न थाल्यो कि राज्यको कूल राजश्वले समेत चालु खर्च धान्न नसक्नेतर्फ पुग्दै छ । विकास खर्च के ले गर्ने ? सङ्घीयता माथि आलोचनाको आधार यहीँनेर अन्तरनिहित छ ।

एकात्मक मानसिकताको आधारमा भौगोलिक प्रकारको तिनै तहका संरचना बनेका छन् । स्रोतसाधन, जनशक्ति र कानुनको अभावबीचमा पनि आ-आफ्नो सापेक्षतामा सबै तहका अङ्ग क्रियाशील नै देखिन्छन् । यद्यपि संविधानले सूचीकृत गरेअनुरुपको क्षेत्राधिकारको विभाजन गरी कानुन बन्न सकेको छैन । सङ्घीय निजामति ऐन, सङ्घीय प्रहरी ऐन बन्न सकेको छैन । वित्तिय आयोगको सिफारिशमा तिनै तहमा वित्तीय स्रोतको बाँडफाँड गरिनुपर्नेमा त्यो पनि उल्लेखनीय रूपमा हुन सकेको छैन ।

यी सबै चुनौतीको अलावा धिमा गतिमा प्रदेश र स्थानीय पालिका चलिरहेका छन् । यसलाई सुदृढ गर्दै राज्यका सबै अङ्गमा जनताको प्रत्यक्ष




**अतः स्वाधीनताको रक्षाका निम्ति सङ्घीयतामार्फत् सामाजिक एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढ बनाउनै पर्दछ ।**

पहुँच पुग्न सक्ने व्यवस्थामा जोड दिनुपर्ने देखिन्छ । जनताले नै राज्यका अङ्गलाई नियन्त्रण र निगरानी गर्न सक्ने बनाउनै पर्दछ । राज्यका अङ्ग जनताका सेवक हुन् ।

संविधानमा भएकै व्यवस्थाअनुसार अति पिछडिएका र लोपोन्मुख अवस्थामा पुगेका समुदायको सन्दर्भमा आर्थिक र सांस्कृतिक अधिकार प्रयोगका लागि विशेष, स्वायत्त र संरक्षित क्षेत्रको संरचना निर्माण गर्ने संवैधानिक व्यवस्था अझै पनि सम्बोधन भएको छैन । अनुसूचीको व्यवस्थाअनुसार कार्यान्वयनका लागि कानुनको व्यवस्था अनिवार्य पक्ष हो । कैयन अनुसूचीको कानुनी व्यवस्था भएको छैन । कानुनी व्यवस्था भए पनि त्यसलाई कार्यान्वयनका लागि बजेट र जनशक्ति आवश्यक हुन्छ । तर त्यसको अभावले गर्दा बनेका कानुन पनि क्रियान्वयन हुन सकिरहेको छैन ।

यी सबै सीमा र चुनौतीको अलावा पनि वर्तमान स्थितिमा संवैधानिक व्यवस्थाअनुरुपको कार्यान्वयनमा जोड दिनुको विकल्प छैन । संबैधानिक सीमाको सन्दर्भमा प्रत्येक १०/१० वर्षको अन्तरालमा संविधानको पुनरावलोकन गर्ने अवधारणाअनुसार समयक्रममा अवस्य पुनरावलोकन र सुधार हुँदै जानेछ । सङ्घीयतालाई प्रभावकारी कार्यान्वयनबाट नेपाली समाजलाई बृहत्तर रूपमा एकता र सद्भाव कायम राख्न सकिने छ । त्यसले मुलुकको राष्ट्रिय स्वाधीनतालाई अझ सुदृढ गर्न सकिनेछ । अन्यथा एकात्मक व्यवस्थाको सोचाइ रहँदासम्म बृहत्तर सामाजिक एकता सम्भव हुँदैन, सामाजिक एकता पैदा गर्न नसक्दा विश्व एकाधिकारवादी साम्राज्यवादी शक्ति केन्द्रले त्यही सामाजिक विभाजनमा खेलेर अस्थिर र अराजकता सिर्जना गरिरहन्छन् । त्यसैमा टेकेर बाह्य शक्ति केन्द्रले राष्ट्रिय स्वाधीनतालाई धरापमा पार्ने मौका पाउने छन् । अतः स्वाधीनताको रक्षाका निम्ति सङ्घीयतामार्फत् सामाजिक एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढ बनाउनै पर्दछ । •



# पार्टीको पुनर्गठन र स्कुलिङको महत्व

**गिरिराजमणि पोखरेल**
उपमहासचिव
नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]

## आरम्भ

यतिखेर नेकपा माओवादी केन्द्र २०७८ पुसमा सम्पन्न आठौँ राष्ट्रिय महाधिवेशनले तय गरेको एक्काइसौँ शताब्दीमा समाजवादको नेपाली बाटो कार्यान्वयनका लागि अनुकूल वातावरण तयारी गर्न सचेत प्रयत्न गरिरहेको छ । महाधिवेशनको लगत्तै सबैको ध्यान स्थानीय, प्रदेश र सङ्घको चुनावमा गयो । चुनावको परिणामपछि पार्टी नेतृत्व  गठबन्धनको माध्यमद्वारा सरकार बनाउने दिशामा लाग्यो । त्रिशंकु संसद्मार्फत संसद्को पूर्ण अवधि र सरकारको सापेक्षित स्थायित्व सजिलो विषय थिएन । अन्ततः  पार्टी अध्यक्ष कमरेड प्रचण्डको नेतृत्वमा सरकार बन्यो । सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिका लागि अथक प्रयत्न गरिरहेको छ ।

## जनअभियानको अनुभव

सरकारको मोर्चाबाट गरिएका सकारात्मक पहलसँगै शिथिल हुन आटेको साङ्गठानिक जीवनलाई गति थप्दै पार्टी पुनर्गठन र जनसम्बन्ध सुधारको दिशामा चार महिने रूपान्तरण अभियान सम्पन्न भएको छ । यस अन्तर्गत पार्टी सदस्यता नवीकरण, कमिटीको गठन पुनर्गठन र परिचालनमा ऊर्जा लगाइयो। जन वर्गीय संगठन, जातीय र क्षेत्रीय मोर्चाहरू निर्माणमा ध्यान दिँदै समग्र संगठनलाई न्यूनतम स्वःसञ्चालित हुने स्थितिमा पुऱ्याउन कोशिस जारी छ । पार्टी कमिटीहरूलाई चुस्तदुरुस्त बनाउने मात्र होइन, कसरी प्रविधिमैत्री बन्ने र बनाउने भन्ने दिशामा पनि ध्यान आकृष्ट भएको छ । पार्टी पुनर्गठनको समग्र यात्रालाई खँदिलो पार्न चाँडै हुन लागेको विधान अधिवेशनले थप योगदान गर्ने नै छ ।

चार महिने अभियानले टुटेको जन-सम्बन्ध जोड्ने प्रयत्न गरे पनि परिणाममुखी बनाउन अझै मेहनत गर्नुपर्ने देखिन्छ । त्यसका लागि एकातिर समग्र वैचारिक प्रष्टतासहितको जनदिशा माग गरेको छ भने अर्कातिर नेतृत्वसँग त्यही स्तरको जीवनशैली, आचारण, व्यवहार, पारदर्शिता, जवाफदेहिता र संवेदनशीलता अपेक्षा गरेको छ । त्यति मात्र होइन, जन-आधारित मुद्दामा जनदबाब,

जनपरिचालन र जनसेवाका साथै आवश्यकताअनुरुप सङ्घर्ष गर्ने श्रृङ्खला अघि बढेपछि मात्र जनविश्वास बढ्ने देखिन्छ।

## पार्टी स्कुल नै किन ?

यी समग्र कामलाई ठीक दिशा दिन पार्टी स्कुल यतिखेरको ज्यादै आधार भूत, महत्त्वपूर्ण र अपरिहार्य पक्ष हो । हाम्रो पार्टी जीवनमा सर्वाधिक छुटेको, उपेक्षा गरिएको र कार्ययोजनामा समावेश नगरिएको कामनै पार्टी स्कुल थियो । परिणामतः पार्टीमा अध्ययनहीनता, छिपछिपे प्रवृत्ति, सामाजिक सञ्जालबाट सापट लिएर टुक्राटाक्री कुराबाट जीवन चलाउने तरिका, आत्मकेन्द्रित र व्यक्तिवादी सोच र सत्तामुखी प्रवृत्ति हाबी हुन थाल्यो, जसबाट अधैर्यता, नकारात्मकता, अस्वस्थ प्रतिस्पर्धा, खुट्टा तान्ने प्रवृत्ति झाँगिएर गए । अझ निम्न पुँजीजीवी र मध्यमवर्गको बाहुल्यता रहेको हाम्रो कम्युनिस्ट आन्दोलनमा वैचारिक कामको अभावले थरिथरिको अवसरवादको जन्म भएको छ । आफूलाई धुरी बनाएर सोच्ने गलत प्रवृत्तिले कहिले दक्षिणपन्थको यात्रालाई पनि सहज ठान्छ भने कहिले उग्र-वामपन्थी रवैया अङ्गीकार गर्छ । यतिखेर वामपन्थलाई भित्रभित्रै सिध्याउने खतरनाक प्रकृतिको पुँजीवाद हावी छ । विज्ञान र प्रविधिको माध्यमद्वारा यो पुँजीवादले नयाँ पुस्ताको बानी व्यहोरा निर्माण, सोच्ने तरिका र मानसिकतालाई भीषण रूपमा प्रभाव पारिरहेको छ । लोकप्रियताको आवरणमा मार्क्सवाद, वर्गीय आन्दोलन र समाजवादविरुद्ध नयाँ-नयाँ पात्र, प्रवृत्ति र पार्टी खडा गरिँदैछन् । भू-राजनीति परिदृश्य पनि गम्भीर र जटिल हुँदै गएको छ । राष्ट्रियता र देशभक्तिपूर्ण भावना कमजोर पार्ने नयाँ नयाँ नाटक मञ्चन भइरहेका छन् । जातीय र धार्मिक द्वन्द्व चर्काएर सामाजिक एकता र सद्भाव खलल पार्ने कुचेष्टा पनि सतहमा देखिएका छन् । सहकारी अभियान व्यक्तिगत स्वार्थ र पुँजीवादको शिकार भएको छ । लघुवित्तको नाममा सर्वसाधारण मानिसलाई उठिबास गराइँदैछ । वित्तीय साम्राज्यवादका नयाँ-नयाँ रूप र अवतार देखिन थालेका छन् । सामन्तवादमाथि विजय हासिल गरेर प्रगतिशील अन्तरवस्तुको संविधान बनाउँदै मुलुकलाई समाजवादको दिशामा लैजान क्रियाशील वाम लोकतान्त्रिक शक्तिलाई विस्थापन गर्ने ग्रान्ड डिजाइन भएको आभास हुन्छ । यति मात्र होइन, संविधानको अग्रगामी एजेन्डाको हत्या गरेर नेपालको राजनीतिलाई दक्षिणपन्थी र फासिस्ट बाटोमा लैजाने ठूलाठूला योजना बुनिएका छन् । यो बेला अरु कुनै समयभन्दा अझ बढी सही र वैज्ञानिक विचारको आवश्यकता परेको छ। ल्याटन अमेरिकन शिक्षाशास्त्री पौलो फ्रेरिको 'शिक्षाले आशा जगाउने र साहस भर्ने काम गर्नु पर्छ' अहिले पनि मननीय छ।

## विचारको तागत

कम्युनिस्ट आन्दोलन मूलतः वैचारिक र सांस्कृतिक आन्दोलन हो । कम्युनिस्ट घोषणापत्र विचारकै प्रतीक थियो । मालेमा विचारकै विकास हो । संसारभरिका सर्वहारा आन्दोलन विचारकै उज्यालोबाट विकास भएका हुन् । कमरेड लेनिनको 'क्रान्तिकारी सिद्धान्त नभई क्रान्ति हुँदैन' भन्ने विचार अहिले पनि उत्तिकै सान्दर्भिक देखिन्छ । अक्टोबर क्रान्ति, चीन, क्युबा, भियतनाम, कोरियाका क्रान्ति, ल्याटिन अमेरिकाका साम्राज्य विरोधी सङ्घर्ष विचारकै तागतमा भएका हुन् । क. पुष्पलालको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टी विचारकै उपज हो। उहाँ भन्नुहुन्थ्यो, 'सिद्धान्त विनाको व्यवहार अन्धो हुन्छ र व्यवहार बिनाको सिद्धान्त लङ्गडो हुन्छ।' नेपालको जनयुद्ध र माओवादी आन्दोलन विचारकै शक्ति र आलोकमा अघि बढेका थिए।

स्कुलिङ त्यही विचारको सत्यतालाई आत्मसात् गर्ने र भौतिक शक्तिमा बदल्ने प्रक्रिया हो। सही विचार भए परिणाम राम्रो आउँछ। गलत विचारले विकृति विसङ्गतिको प्रदुषण फैलाउँछ । सही विचार कहाँबाट आउँछ ? कमरेड माओले उत्पादनको सङ्घर्ष, वर्गसङ्घर्ष र वैज्ञानिक प्रयोगलाई जोड दिनुभएको छ। यसमा थप अध्ययन, अनुसन्धान पनि भएका छन् । सही र वैज्ञानिक विचारसँग जिन्दगी बदल्ने तागत हुन्छ। सही विचार, अदम्य साहस र दृढ सङ्कल्पले धेरै ठूला परिवर्तन ल्याउँछ, जुन नेपालको इतिहासले पनि प्रमाणित गरिसकेको छ। संसारमा भएका विभिन्न क्रान्तिकारी परिवर्तनको पृष्ठभूमिमा क्रान्तिकारी विचारकै ऊर्जा थिए । गौतम बुद्धले 'मान्छेको दिमागमा जस्तो विचार हुन्छ, कर्म र आचरण पनि त्यस्तै हुन्छ' भन्नेमा जोड दिएको पाइन्छ । अज्ञानता र अविश्वासलाई सही विचारले मात्र विस्थापित गर्छ।

मन र मस्तिष्कलाई मानवशक्तिको अनन्त स्रोत मानिन्छ। निरन्तरको चिन्तन र मननले दिमागलाई पनि प्रशिक्षित गरिरहेको हुन्छ भन्ने कुरा मनोविज्ञानले पुष्टि गरिसकेको छ । मस्तिष्कको कार्य प्रणाली यही तरिकाबाट निर्मित हुन्छ । इनपुट, प्रोसेसिङ र आउटपुटको प्रक्रियालाई विज्ञान र प्रविधिले अहिलेको दैनिक जीवनमा स्थापितनै गरेको देखिन्छ । यही विषयलाई ध्यान दिएर स्कुलिङलाई मानव जातिले असाधारण महत्व दिएका छन् ।

ल्याटिन अमेरिकन शिक्षाशास्त्री पाउलो फ्रेरिको 'शिक्षाले आशा जगाउने र साहस भर्ने काम गर्नुपर्छ' भन्छन्।

## पार्टीको स्वीकारोक्ति

२०७९ को चुनावको परिणाम नआउँदै २०७८ श्रावणमा सम्पन्न हाम्रो पार्टीको केन्द्रीय समितिको बैठकमा यदि चारवटा यथास्थितिवाद (एक, विचारको गतिरोध, दुई, संगठनमा विधि, पद्धति र संस्थागत स्वरुपको अभाव, तिन ,आफ्नो वर्ग र समुदाय परित्याग एवं चार गैर-सर्वहारा संस्कृतिको अबलम्बन) लाई भत्काइएन भने समाजवादी क्रान्तिको नेतृत्व कुरा त धेरै परको भयो, राष्ट्रिय राजनीतिमा भूमिका निर्वाह गर्न नसक्ने गरी पार्टी कमजोर हुनेछ भन्ने निष्कर्ष निकालेको थियो । त्यसो हुन नदिनका लागि एउटा मुख्य काम विचारको विकास नै हुनुपर्छ भन्ने कुरामा जोड दिइएको थियो । त्यही आवश्यकताबोध गरेर नै पार्टीले २०७८ पुस ११ गतेदेखि ऐतिहासिक आठौं महाधिवेशन गर्‍यो। महाधिवेशनले पारित गरेको दस्तावेजका धेरै ठाउँमा विचारको विकास गर्ने कुरालाई जोड दिइएको छ। महाधिवेशनले मोटो अर्थमा नेपाली क्रान्तिको रणनीति समाजवादी क्रान्ति हो भन्ने निष्कर्ष निकाल्यो तर सँगसँगै विचारको अरु थप विकास गर्न चाँडै



विशेष महाधिवेशन गर्ने ठहर गरेको थियो । अबको विधान अधिवेशनपछि हाम्रो ध्यान तात्कालीक दैनिक जीवनका घटनासँगै विशेष महाधिवेशनमा केन्द्रित हुनेछ । यसका लागि राम्रो र सार्थक बहसको आवश्यकता छ । २१औं शताब्दीमा नेपाली विशेषताको समाजवाद कस्तो हुन्छ ? त्यसको मोडेल कस्तो हुन सक्छ ? समाजवादी आन्दोलनका पराजयबाट हामीले सिकेका पाठहरू के के हुन् ? प्रति-क्रान्ति गर्नलाई कोही पनि क्रान्तिको बाटोमा जाँदैन । यस्ता धेरै प्रश्नको उत्तर हामीले विशेष महाधिवेशनमा खोज्नै पर्छ ।

## स्कुल विभागको सक्रियता

विचारको यही महत्वलाई दृष्टि गरेर नै नेकपा माओवादी केन्द्रले पछिल्लो अवधिमा केन्द्रीय स्कुल विभाग गठन गर्‍यो । यस विभागले पार्टी स्कुल सञ्चालनका लागि पाठ्यक्रम, कार्यविधि र कार्ययोजना निर्माण गर्‍यो । हाम्रो स्कुल विभागको संरचना चार तहको छ । केन्द्रीय, प्रादेशिक र स्थानीय स्कुल विभागको अतिरिक्त समकालीन मुद्दामा अनुसन्धान गर्ने पनि व्यवस्था गरिएको छ (यद्यपि यो काम अगाडि बढेको छैन) । तीन तहका स्कुल विभागले आफ्नो काम सुरु गरेका छन् । केन्द्रीय विभागले एउटा पाँच दिने (४२ घण्टे) प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ भने सातवटा प्रदेशमा तीन दिने प्रशिक्षक उत्पादन कार्यक्रम भएका छन् । यसबीचमा प्रदेशहरूले पनि स्कुलिङ र विभिन्न प्रशिक्षणका काम सम्पन्न गरेका छन् । जिल्लाहरू पनि प्रशिक्षक उत्पादन गर्ने प्रक्रियामा लागेका छन् । जनवर्गीय संगठनले पनि यसको महत्व पक्रन थालेका छन् । महिला, बुद्धिजीवी, शिक्षक र स्वास्थ्यकर्मीहरूले समकालीन र विषयगत प्रशिक्षण चलाउन थालेका छन् । यहाँ एउटा उल्लेख गर्नैपर्ने विषय चार महिने रूपान्तरण अभियान अन्तर्गत पाँच घण्टे स्कुलिङ कार्यक्रम कतिपय पालिकाले सम्पन्न गरेका छन् । यस्ता छोटा र एक दिने प्रशिक्षणको पाठ्यक्रम पनि केन्द्रीय विभागले तयार गरेको थियो ।

दुई वर्षको अनुभव हेर्दा पार्टी भित्र र बाहिरका विज्ञ प्रशिक्षकमै आधारित भएर हामी अघि बढेका छौं । यो पर्याप्त छैन ।

रोस्टर तयार गर्ने, क्यालेन्डर बनाउने, पाठ्य-सामग्री तयार गर्ने र पाठ्यक्रमअनुरूप सन्दर्भ सामग्री बनाउने कुरा अपेक्षित रूपमा अघि बढेको छैन ।

पछिल्ला स्कुलिङका काम सम्पन्न गर्ने सन्दर्भमा केही व्यवहारिक सुझाव आएका छन् । पहिलो, पाठ्यक्रम सिद्धान्तमा बढी आधारित भयो व्यवहारसँग गाँसिएको छैन । दुई, स्कुलिङले वर्तमान जिन्दगीका विषयलाई सम्बोधन गरेको छैन । तीन, स्कुलका कार्यक्रममा युवाहरूको सहभागिता न्यून छ । चार, आधारभूत तहमा सीपलाई पनि जोड दिनु पर्छ । पाँच, कक्षा कोठाको प्रशिक्षणलाई जीवन्त बनाउन दोहोरो अन्तर्क्रियात्मक शैली कम




भैरहेको छ । छ, प्रशिक्षकको प्रस्तुति परम्परागत स्कुलिङको भयो, यसमा सूचना प्रविधिको आवश्यक प्रयोग हुन सकेन ।

यी सबै विषयलाई समेटेर पाठ्यक्रमको पनि परिमार्जन गर्नको लागि पछिल्लो स्थायी समितिको बैठकमा स्कुल विभागको आयोजनामा एउटा कार्यशाला गर्ने सहमति भएको छ ।

## आगामी कार्ययोजना

माथि उल्लेखित चर्चा, परिचर्चा र घटनाक्रमले के स्पष्ट गरेको छ भने वर्तमान राजनीतिक उपलब्धिको जगेर्ना गर्न, संविधानको कार्यान्वयन गर्न, भुमण्डलीकृत पुँजीवादको भण्डाफोर गर्न, मार्क्सवादको रक्षा र विकास गर्न, समाजवादको तयारी र पार्टीको पुनर्गठनका लागि पार्टी स्कुललाई सुव्यवस्थित गर्नु यतिखेरको असाधारण महत्वको काम हो । सबै तहबाट निरन्तर वैचारिक प्रशिक्षण सञ्चालन नगरेसम्म हामी पार्टीको यात्रालाई प्रगतिको पथमा लैजान सक्दैनौं । संगठनात्मक विकास र सुदृढीकरणका लागि मात्र होइन आम मानिसको खुसी र सम्पन्नताका लागि पनि पार्टी स्कूलिङको उपादेयता बढेको छ । स्वयं व्यक्ति र कार्यकर्ताको रूपान्तरणको लागि पनि वैचारिक प्रशिक्षण उच्च प्राथमिकताको विषय बन्नुपर्दछ । यो कार्यभारलाई दृष्टिगत गरी सबै तहका संगठनले नियमित र आवधिक स्कुलिङको कार्य योजना तयार गरी कार्यान्वियनमा जानुपर्छ ।

पार्टी सदस्यको सैद्धान्तिक हैसियत माथि उठाउन र सदस्यहरूको पदोन्नति गर्न अनिवार्य स्कुलिङ मूल्याङ्कनको प्रमुख मापदण्ड बनाउनु पर्छ । स्कुलिङ गर्ने भनेर मात्र पुग्दैन, यसका लागि आफ्नै प्रशिक्षक तयार गर्नुपर्छ । केन्द्रीय स्कुलका लागि विज्ञहरू प्राप्त होलान् तर प्रदेश र स्थानीय तहको आवश्यकता पूरा गर्न समर्पित र सही दृष्टिकोण भएका सुयोग्य प्रशिक्षकहरूको आफ्नै टोली तयार नगरी हुन्न । उनीहरूको निरन्तरताका लागि व्यवस्थापनको कोणबाट पनि समस्या समाधान गरिनु पर्छ ।

निरन्तर वैचारिक प्रशिक्षणका लागि माथिदेखि तलसम्म व्यवस्थित पाठ्यक्रम हुन जरुरी छ । अहिलेको पाठ्यक्रमलाई नयाँ जमाना अनुसार शिक्षण सिकाई पद्धति (Teaching Learning Methodology) लाई अन्तरक्रियात्मक बनाउनु पर्छ । हाम्रा कक्षाहरू भावनात्मक, दार्शनिक र सैद्धान्तिक भएकाले बोझिल देखिएका छन् । अब व्यवहारमा कसरी तिनीहरुलाई सच्याउने ? नेपाली सन्दर्भमा रूपान्तरणका नयाँ मोडल बनाउन जरुरी छ ।

पुराना पुस्ताले धेरै कुरा सिकेका छन् तर नयाँ पुस्तालाई अनुशासनबारे पनि जानकारी गराउनुपर्छ । प्रशिक्षणपछि निरन्तर सिकाई, स्वःअध्ययन र त्यसको व्यवहारमा प्रयोगसँग गाँसिएको छ, छैन ? मूल्याङ्कनको मापदण्ड बनाऔं । नियमित मूल्याङ्कनसँगै फिडब्याक सम्बन्धिय सयन्त्र पनि बनाऔं ।

र, अन्त्यमाः

एकपटकको सिकाइले पुग्दैन, निरन्तर व्यवहारसँग त्यसलाई गास्नु पर्दछ ।

पार्टीभित्र भावनात्मक एकता ल्याउने, पार्टीलाई सुदृढ गर्ने तथा जनमुखी चिन्तन जगेर्ना गर्ने काम पनि स्कुलिङले गर्नु पर्दछ ।

यसका साथै, २१औं शताब्दीमा देखिएका चुनौतीसँग मुकाबिका गर्न सक्ने जुझारु पार्टी निर्माणमा पनि स्कुलिङले रक्त सञ्चारको काम गर्नु पर्दछ ।

२०८०।१०।२७



# जनयुद्ध उथलपुथलकारी परिघटना

**वर्षमान पुन 'अनन्त'**
**उपमहासचिव**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

हामी २९औं जनयुद्ध दिवस मनाइरहेका छौं । जनयुद्ध आधुनिक नेपाली इतिहासको एउटा विशिष्ट र उथलपुथलकारी परिघटना हो । जनयुद्धका आफ्नै मौलिकता छन् । हामीले कम्युनिष्ट आन्दोलनका विभिन्न चरणमा भएका सशस्त्र युद्ध, जनविद्रोह र सङ्घर्षहरूलाई संश्लेषण गर्दै सुरुको चरणमा सशस्त्र सङ्घर्षबाट र पछिल्लो चरणमा सशस्त्र सङ्घर्ष र जनआन्दोलनलाई एकीकृत गरेर नेपाली क्रान्तिलाई आफ्नै मौलिकतामा पूरा गर्यौं ।

पृथ्वीनारायण शाहले करिव तीन सय वर्षअघि आधुनिक नेपाल निर्माणको जग बसाल्दा जसरी सबै वर्ग, मजदुर, किसान, जातजाति, समुदाय र भाषाभाषीलाई घचघच्यायो, झकझकायो र कुनै न कुनै रुपले सबैलाई संलग्न गरायो । आधुनिक नेपाली इतिहासमा त्यसपछि सबैभन्दा ठूलो राजनीतिक परिघटना जनयुद्ध हो । जनयुद्धले प्रभावित नपारेको कुनै वर्ग, क्षेत्र, जाति, भाषाभाषी, समुदाय, गाउँ, टोल, घर, परिवार र व्यक्ति रहेन । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सबै जनयुद्धमा सहभागी भए । त्यसैले यसलाई इतिहासकै ठूलो राजनीतिक परिघटना भनिएको हो । जनयुद्धको सही ढङ्गले समीक्षा हुन जरुरी छ । नेपालको राजनीतिक सत्ता परिवर्तनमा मात्र होइन आर्थिक/सामाजिक क्षेत्रमा जनयुद्धले अभूतपूर्व परिवर्तन गरेको छ र गहिरो प्रभाव छाडेको छ । विभिन्न कोणबाट यसका समीक्षाहरू भएका छन् । भविष्यमा धेरै वर्षसम्म पनि जनयुद्धबारे बहस र समीक्षा हुँदै जानेछन् । इतिहासको समीक्षा आज मात्र होइन, आगामी १०औं पुस्ताले गरिराख्छ । जसरी आधुनिक नेपाल निर्माणको समयको आज तीन सय वर्षपछि पनि समीक्षा हुँदैछ, जनयुद्धको पनि त्यसरी नै पुस्तौंपुस्तासम्म समीक्षा हुन्छ र हुनुपर्छ ।

## जनयुद्धका प्रमुख उपलब्धि

राज्यको पुनर्संरचना जनयुद्धको प्रमुखमध्येको एक एजेण्डा थियो । असहमत पक्षलाई समेत सहमत गराएर हामीले राज्यको पुनर्संरचना गर्‍यौं । काठमाडौंमा सीमित राज्यशक्तिलाई प्रदेशमा र खासगरी ७ सय ५३ पालिकाहरूमा पुर्‍याउने स्वप्नद्रष्टा हामी नै हौं । आज साँच्चै हामीले परिकल्पना गरेअनुसार आधारभूत तहमा अर्थात् जनस्तरमा राज्यको शक्ति पुगेको छ । स्थानीय जनताले आफ्नो घर/आँगनमा राज्यले प्रवाह गर्ने सेवा मात्र





माओवादी जनयुद्धले स्थापित गरेको सबैभन्दा ठूलो उपलब्धि सामाजिक जागरण हो । मानव विकास सूचकाङ्कमा नेपाल दक्षिण एसियामै अगाडि छ । त्यसमा जनयुद्धको धेरै ठूलो देन रहेको हामी माओवादीले मात्र होइन, स्वदेश र विदेशका धेरै गैरमाओवादीले पनि यो तथ्य स्वीकार्न तयार छन् ।


उपयोग गरिरहेका छैनन्, उनीहरूले आफ्ना लागि कानुन आफैं बनाउने र आफ्नो ठाउँको विकासको खाका आफैं कोर्ने हैसियत बनाएका छन् । यद्यपि अभ्याससँगै प्रदेश र स्थानीय तहलाई परिस्कृत र परिमार्जन गर्दै जानुपर्ने आवश्यकता छ ।

राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार गाउँमा गएको छ । जनताले आफ्नो निकटमा सेवा पाउने अवस्था बनेको छ । समयमै सङ्घीय ऐन/कानुन नबन्दा तथा आवश्यक जनशक्ति र बजेटको सीमितताका कारण प्रदेशहरूले पूर्ण क्षमतामा काम गर्न पाएका छैनन् । तै पनि केही राजनीतिक एवं आर्थिक विकास, उन्नति र समृद्धिका पहलहरू अघि बढेका छन् । प्रादेशिक विशेषताअनुसार अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, मानव विकास तथा समाज विकासका एजेण्डाको प्राथमिकीकरण र विशिष्टिकरण गर्ने काम भएका छन । काठमाडौंको सत्तामा बसेर सबै अधिकार र राज्यशक्तिको उपयोग केही सीमित व्यक्तिले मात्र गर्ने परिपाटी अन्त्य भएको छ । आधुनिक नेपाल निर्माणको तीन सय वर्षमा पहिलोपटक जनतामा शक्ति गएको छ । पहिला काठमाडौं राज्य शक्तिको मात्र नभएर अर्थतन्त्रको पनि एकल केन्द्र थियो तर, अहिले ७ प्रदेश र ७ सय ५३ स्थानीय आर्थिक केन्द बनेका छन् ।

प्रदेश र स्थानीय सरकारहरूले स्थानीय साधनश्रोत, श्रम, सीप र परम्परागत ज्ञानहलाई आधुनिक ज्ञानसँग मिसाएर कसरी आर्थिक, सामाजिक विकास गर्न सकिन्छ भन्नेबारे प्रशस्त योजना बनाएका छन् ।

माओवादी जनयुद्धले स्थापित गरेको सबैभन्दा ठूलो उपलब्धि सामाजिक जागरण हो । मानव विकास सूचकाङ्कमा नेपाल दक्षिण एसियामै अगाडि छ । त्यसमा जनयुद्धको धेरै ठूलो देन रहेको हामी माओवादीले मात्र होइन, स्वदेश र विदेशका धेरै गैरमाओवादी पनि यो तथ्य स्वीकार्न तयार छन् ।

नेपालको इतिहासको कुनै पनि कालखण्डमा महिला राष्टप्रमुख बनेकै थिएन । महिला प्रधानन्यायाधीश र सभामुख कहिल्यै बनेका थिएनन् र सायद कसैले त्यसको कल्पना गरेको पनि थिएन । गणतन्त्रको पहिलो दशकमै मुलुकका प्रमुख तीन पद राष्ट्रपति, सभामुख र प्रधानन्यायाधीश महिला भए ।

जनयुद्धको कारण मात्र यो सम्भव भएको हो । गणतन्त्रअघि निजामति सेवाको उच्च तह सचिव या विशिष्ट श्रेणीमा कोही महिला पुग्न सकेको थिएन । जनयुद्ध र गणतन्त्रकै कारण मुलुकको प्रशासनिक नेतृत्वमा नौ जना महिला एकैपटक सचिव बन्ने वातावरण बन्यो । अहिले निजामति सेवामा एक चौथाईभन्दा बढी महिला कार्यरत छन् । एक दर्जन पनि महिलाको प्रतिनिधित्व नहुने प्रतिनिधिसभामा बितेको डेढ दशकयता ३३ प्रतिशत महिला सहभागिता छ । प्रदेशमा पनि सोही अनुपातमा महिलाको प्रतिनिधित्व छ । अझ स्थानीय तहमा त कानुनले नै ४० प्रतिशत ग्यारेण्टी गरेअनुसार महिला प्रतिनिधित्व भएको छ । यो निकै ठूलो क्रान्ति र क्रमभङ्ग हो । सामान्य अवस्थामा इतिहासको विकास निरन्तरतामा मात्र हुन्छ तर, सयौं वर्षमा हासिल हुने उपलब्धि र परिवर्तन जनयुद्धका कारण एक दशकमै सम्भव भएको छ ।

राज्यबाट बहिष्करणमा पारिएका मजदुर, किसान, दलित, मधेसी, जनजाति, अल्पसङ्ख्यक, पिछडिएका क्षेत्र र सीमान्तकृत समुदाय बोल्न सक्ने, लेख्न सक्ने र आफ्नो हकअधिकार खोज्न सक्ने भएका छन् । उनीहरू राजनीतिसहित राज्यका अरू निकयमा पनि स्थापित भएका छन् ।

निजामति सेवा, प्रहरी र सेनामा हजारौंको सङ्ख्यामा ती समुदायका युवाको प्रवेश भएको छ । आरक्षणबाट मात्र होइन, प्रतिस्पर्धाबाटै उनीहरू ती सेवामा प्रवेश गर्न सक्ने भएका छन् । महिलाले, दलितले, अलुपसङ्ख्यक सीमान्तकृत समुदायले अधिकारबारे बोल्नसमेत पाउने वातावरण समाजमा थिएन । अहिले आफैं राज्य चलाउने निकायमा मुलधारको नेतृत्वमा पुगेका छन् । हामीले नै यो सम्भव बनाएका हौं ।

जनयुद्धपछि शिक्षामा ठूलो जागरण आएको छ । शिक्षामा अभिभावक र राज्यको लगानी बढेको छ । शिक्षा क्षेत्र विकृतिरहित अझै भएको छैन तर, आज करिव करिव विद्यालय जाने उमेर समूहका सबै बालबालिका विद्यालयमा छन् ।

स्वास्थ्य क्षेत्रमा गाउँ तहसम्म सेवा प्रवाह भएका छन् । भयावह अवस्थामा रहेको मातृ शिशु मृत्युदर धेरै घटेको छ । मातृ स्वास्थ्य, शिशु स्वास्थ्यको सुधारमा उल्लेख्य प्रगति भएको छ । स्वास्थ्य बीमामार्फत् उपचारमा पहुँच नभएका सर्वसाधारणले एक हदसम्मको स्वास्थ्य सेवा निःशुल्क उपभोग

गर्ने वातावरण हाम्रै नेतृत्वको सरकारका कारण सम्भव भएको छ ।

हामीले पूर्वाधारको क्षेत्रमा पनि धेरै फड्को मारेका छौँ । कुनै बेला देशमा १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो । हाम्रो पहल र योजनामा लोडसेडिङ अन्त्य भयो । अहिले हामी विद्युत निर्यात गरिरहेका छौँ । चालु आर्थिक वर्षमा मात्र १६ अर्ब रुपैयाँको विद्युत निर्यात भएको छ। वर्तमान सरकारको अग्रसरतामा १० हजार मेघावाट विद्युत निर्यात गर्ने सहमति भएको छ । उक्त परिमाणमा विद्युत निर्यात गर्दा आजको बजार मूल्यमा हामी वार्षिक ५ देखि ६ खर्ब रुपैयाँको विद्युत निर्यात गर्ने अवस्थामा पुग्दैछौँ । १० हजार मेघावाटभन्दा बढी क्षमताको विद्युत आयोजना निर्माण चरणमा भएकाले यो सम्भव पनि छ । कमरेड प्रचण्ड नेतृत्वको पहिलो गणतान्त्रिक सरकारले ऊर्जा क्षेत्रमा गरिने लगानीको श्रोत नखोज्ने, पूर्वाधारमा लगानीमैत्री वातावरण बनाउने, १० वर्षका लागि आयकर छुट र अर्को ५ वर्षका लागि ५० प्रतिशत आयकर छुटको व्यवस्था गरेपछि विद्युत क्षेत्रमा ठूलो क्रमभङ्ग भएको हो ।

यस्तै सडक निर्माणको क्षेत्रमा धेरै ठूलो फड्को मारिएको छ। पञ्चायतको ३० वर्षमा देशभर जम्मा साढे ७ हजार किलोमिटर सडक निर्माण भएको थियो । अहिले १ लाख किलोमिटर जति सडक बनेको छ। पञ्चायतको ३० वर्ष, त्यसपछिको संवैधानिक राजतन्त्र काल र गणतन्त्रपछिको १५ वर्षको तुलना गर्दा १०औँ गुणाले बढी विकास भएको छ। यो सबै जनयुद्ध, राजनीतिक आन्दोलनले पैदा गराएको जागरण र नेतृत्वको विकासप्रतिको दृष्टिकोणको पृष्ठभूमिमा भएको छ।

## बहुलता नेपाली समाजको पहिचान

जनयुद्धले सबै चिजमा पुनर्विचार गर्ने वातावरण बनायो। बहुलता नेपालको राष्ट्रिय पहिचान हो भन्ने स्थापित गर्ने काम जनयुद्धले नै गऱ्यो। धर्म, जाति, भाषा, क्षेत्र र संस्कृतिको विविधता हाम्रो पहिचान हो । त्यो विविधता राजनीतिमा, राज्यका निकायमा, प्रशासनमा, समाजमा व्यक्त हुनुपर्छ। त्यो नै एकीकृत नेपाली पहिचान र राष्ट्रियता हो । जनयुद्धअघि देश केही मुठ्ठीभर सामन्त र सम्भ्रान्त वर्गकोजस्तो मात्र थियो । आज देश नेपाली जनताको र राष्ट्रियता नेपालीको भएको छ। यो देश मेरो हो भन्ने भावना जनतामा पैदा भएको छ। यदि जनयुद्ध भएको हुँदैनथ्यो भने यो अवस्था आउने थिएन।

विश्वस्तरमा र नेपाली समाजमा विभिन्न सभ्यताबारे बेलाबखतमा बहस हुने गरेको छ। हाम्रो मौलिक नेपाली सभ्यता भनेको विभिन्न सभ्यताको अन्तर्घुलनबाट बनेको सभ्यता हो । सामाजका आफ्ना मूल्यमान्यता छन् । त्यसलाई टेकेर जानुपर्छ भन्ने हाम्रो दृष्टिकोण छ । बहुलतालाई आत्मसात गर्दै धर्मनिरपेक्षतासहितको समाज जनयुद्धबाट स्थापित भएको समाज हो। यसलाई संवैधानिक व्यवस्थामार्फत् नै स्वीकार गरिएको छ। कतिपय स्थापित मान्यताह जो पुरातन थिए, सामन्ती थिए र केही मुठ्ठीभर शाषकहरूका पक्षमा थिए। त्यसलाई बहुसङ्ख्यक जनताको पक्षमा सोच्ने, बहस गर्ने, परिस्कृत गर्ने र नयाँ रूपमा स्पापित गर्ने काम जनयुद्धले गरेको हो।

## हाम्रो अर्थ नीति

नेपालको अर्थतन्त्र कस्तो हुने भन्नेमा पनि हाम्रो आफ्नो स्पष्ट दृष्टिकोण छ। सबै चिज बजारलाई छाड्ने उदारीकरण र निजीकरणको पक्षमा हामी थिएनौँ र छैनौँ । नेपाल दुई विशाल छिमेकीको बीचमा छ। उनीहरूका आफ्ना इतिहास र परम्परा छन् । त्यस्तो अवस्थामा नेपाल विगतदेखि नै कसरी स्वतन्त्र रूपमा रहन सक्यो भन्नेमा हामीले ध्यान दिनुपर्छ। नेपालको आफ्नै मौलिक सोच र परम्परा छन्। त्यो मौलिकतालाई जनयुद्धले नेपाल राष्ट्रको पहिचान बनाएर अघि बढ्ने बहस र पहल गऱ्यो । हाम्रो आफ्नै अर्थतन्त्रको मोडल छ। त्यसलाई जोगाएर र थप विकास गरेर जानुपर्छ। अर्काको नक्कल गरेर हाम्रो मौलिकता मास्नु हुँदैन । हामी सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिमा छौँ । यी तीनवटै क्षेत्रलाई सँगसँगै अगाडि लान सकियो भने अति निजीकरण या बजारीकरण रोक्न सकिन्छ । राज्यले नै बजारलाई पूरै नियन्त्रणमा राख्ने नीति पनि सही होइन । प्रतिस्पर्धात्मक र सहकार्य गर्ने खालको मिश्रित अर्थतन्त्रलाई हामीले आर्थिक सिद्धान्त बनाएका छौँ।

## जनयुद्धलाई अपराधीकरण गर्ने दुस्प्रयास

जनयुद्धलाई अपराधीकरण गर्ने निन्दनीय प्रयास यदाकदा भएका छन्। केही मुठ्ठीभर प्रतिगामी र यथास्थितिवादी सोच भएका मानिसले जनयुद्धअघि र त्यसबिचको समाजको अवस्थाबारे प्रत्यक्ष अनुभूत गर्न नपाएको युवा पुस्तालाई भ्रमित गर्ने कोसिस गरिरहेको छ।

कोही यस्ता अवसरवादी शक्ति छन् कि जनयुद्धले ल्याएको उपलब्धिको उपयोग गर्ने र फेरि जनयुद्धलाई स्वीकार पनि नगर्ने । हामी बलियो भएका बेला जनयुद्ध स्वीकार गरेकाहरू पनि हामी केही कमजोर भयौं कि भन्ने समयमा आएर जनयुद्धलाई अपराधिकरण गर्ने काममा लागेका छन्। जनयुद्धका कारण स्थापित महिलाको अधिकार प्रयोग गर्ने, हजारौंको बलिदानको जगमा स्थापित भएको दलित, मधेसी, जनजाति, सीमान्तकृत समुदाय र उत्पीडितको अधिकार लिने अनि फेरि जनयुद्धलाई अपराधीकरण गर्ने पनि छन्।

जनयुद्धले बहुलता र विविधतालाई स्थापित गरेको छ । सबैले बोल्ने वातावरण बनाएको छ र राज्यमा प्रतिनिधित्वको वातावरण बनाएको छ। अवसरवादी शक्तिले नै मानौँ कि जनयुद्धको बलिदान, विचार, राजनीति केही थिएन, सबै मैले गरेँ भन्ने अवसरवादी चरित्र देखाइरहेको छ। त्यो अवसरवादी चरित्रलाई जनताको बीचमा स्पष्ट गर्नुपर्छ।






नयाँ पुस्ताले आधुनिक नेपालको अनिवार्य परिघटनाका रूपमा जनयुद्धलाई स्वीकार गर्ने वातावरण बनाउनुपर्छ र बन्छ । यसका केही नकारात्मक परिघटना पनि छन् । असल कामका लागि असल नियतसाथ अघि बढाइएको राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनको अभियानमा भएका सामान्य कमजोरीलाई इतिहाको बलिदानको रूपमा स्वीकार गरिनुपर्छ । यद्यपि, त्यसका कमीकमजोरीलाई भावी दिनमा दोहोऱ्याउनु हुँदैन भन्ने हाम्रो प्रतिबद्धता पनि हुनुपर्छ । जनयुद्धलाई आपराधिकरण गर्ने र माओवादी आन्दोलन अलिकति कमजोर हुन खोज्दा वा हुन्छ कि भन्नेजस्तो हुँदा यसलाई कमजोर बनाउन खोज्ने, घेराबन्दी गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूले पनि हामीलाई साइजमा राख्न खोज्ने प्रयास बेलाबेलामा गर्दै आएका छन् । हामी माओवादी, माओवादी आन्दोलनका हितैषीले आन्दोलनलाई अझ परिस्कृत र आफ्नो विचारलाई नयाँ उचाइमा उठाउनुपर्छ । हाम्रो एकतालाई सुदृढ गर्दै आफ्ना कार्यशैली सुधार्ने र जनतामा गएर जनताका भावनासँग आफूलाइ एकाकार गर्नुपर्छ । जनतासँग ठूलो मात्रामा सहकार्य गर्ने र आन्दोलनलाई सङ्गठित गर्न सकियो भने हामीविरुद्धका सबै षड्यन्त्र असफल हुनेछन् । त्यसो गरिएन भने इतिहासमा गरिएका महान् कामलाई वर्तमानसँग र वर्तमानलाई भविष्यसँग नजोडिने खतरा रहिरहन्छ ।

हामीले धेरै वर्ष पहिला व्यवस्था बदल्यौँ, अवस्था बदल्छौँ भन्ने 'स्लोगन' बनाएका थियौँ । त्यसअनुसार अवस्था बदलिएको पनि छ । अहिले हाम्रा विरोधीले हामीले नै क्वाइन गरेको शब्द बोकेर हामीमाथि प्रहार गर्न खोजेका छन् । त्यो साँचो होइन । जतिबेला हामीले अवस्था बदल्छौँ भनेका थियौँ, त्यो बेलाभन्दा अहिले जनताको अवस्था बदलिएको छ । जनताको यो बदलिएको अवस्थालाई हामीले स्थापित गर्न नसकेको भने साँचो हो ।

पहिलो संविधानसभापछि हाम्रो पार्टी फुट्यो । हामीले पार्टीलाई एकढिक्का राख्न सकेनौँ । हामीले पहिलो संविधानसभाबाट संविधान बनाउन सक्नुपर्थ्यो । जनताले संविधान निर्माण, देशको स्थायित्व र विकासका लागि हामीलाई संविधानसभामा प्रमुख राजनीतिक शक्तिको हैसियत दिएका थिए । त्यो जिम्मेवारी पूरा गर्न नसक्दा 'सेट ब्याक' भयो । पार्टी फुट्नु गम्भीर गल्ती भयो । अहिले हामी विभिन्न समूहमा रहेका माओवादी धारलाई एकताबद्ध गरेर अघि बढ्न कोसिस गरिरहेका छौं ।

## अबको बाटो

हामी परम्परागत एकदलीय व्यवस्थाको पक्षपाति होइनौँ । बहुदलीय प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर सरकारमार्फत् जनताको अवस्था बदल्ने र मुलुकमा समृद्धि ल्याउने हाम्रो घोषित उद्देश्य हो । सशस्त्र जनबल मात्र होइन कि आफ्नो राजनीतिक एजेन्डा र विचारको लोकप्रियता तथा सहीपनालाई जनमतमार्फत् सफल परीक्षण र स्थापित गर्न हामी सफल भएकै हौँ । जनताको लोकप्रिय मतद्वारा समाजवादमा जाने नेता, कार्यकर्ता, नीति, कार्यक्रम र कार्यशैली भएको पार्टी हामीले बनाउनुछ । सरकार, सदन, सडक तीनवटै मोर्चालाई सँगै लानुपर्छ भन्नेमा हामी छौँ । हामी सरकारमा हुँदा सडक र सडकमा हुँदा सरकार बिर्सन्नौँ । यी सबैलाई सँगसँगै लिएर जनताको आवाज बोल्नुपर्छ र जनताको अधिकार स्थापित गर्नुपर्छ । जनताको निरन्तर परिवर्तनको मनोविज्ञान र भावनाको प्रतिनिधित्व गरिराख्नु पर्छ भन्ने कुरालाई हामीले आत्मसात गरेका छौँ । समग्रमा आजको दिनमा जनयुद्धमार्फत् स्थापित उपलब्धिलाई रक्षा गर्दै समाजवादी क्रान्तिसम्म पुग्नुपर्छ भन्ने हामो मुल ध्येय हो ।

वि.सं २०६४ र ०७० को निर्वाचनको बिचमा हाम्रो शक्ति ठ्याक्कै आधामा झऱ्यो । त्यसपछिको एक दशकमा हामी घटेका छैनौँ । १२-१५ लाखको हाराहारीमा लोकप्रिय मत र देशव्यापी सङ्गठन पनि छ । पार्टीगत रुपले ठूलो शक्ति निर्माण गर्ने सङ्क्रमणमा हामी छौँ । यसका लागि विचारको विकास गर्ने, नयाँ विचारका आधारमा अन्तरविरोध समाधान गरेर उचाइ लिने र कार्यशैलीमा परिवर्तन गरेर जनतासँग जोडिने तरिका अपनाएर युवा पुस्तामा आन्दोलन र पार्टीलाई पुऱ्याउने काम गर्नुपर्छ । व्यवस्था बदल्न इतिहासमा गरेको योगदान र अवस्था बदल्न गरिएका प्रयत्नलाई पनि जनतामा पुऱ्याउनुपर्छ । हामीलाई फुटाउन र टुक्र्याउन खोज्ने राष्ट्रिय अन्तर्राष्ट्रिय षड्यन्त्र परास्त गर्दै आन्तरिक रूपमा एकताबद्ध अनि जीवन्त पार्टी निर्माण गर्ने हामी सबैको दायित्व बन्न गएको छ ।

●



# विधान अधिवेशनको औचित्य

**हरिबोल गजुरेल**
**उपमहासचिव**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

नेकपा (माओवादी केन्द्र) को विधान अधिवेशन पार्टीको इतिहासमा पहिलो परिघटना हो । एमालेले साढे दुई वर्षअघि तामझामका साथ विधान अधिवेशन सम्पन्न गऱ्यो । जे, जस्तो उपमा दिए पनि त्यसको उद्देश्य ७० वर्षे उमेर हद हटाउनु नै रहेछ भन्ने आशङ्काको पुष्टि भइसकेको छ । अहिले माओवादीको अधिवेशनका सन्दर्भमा पनि केन्द्रीय समितिलाई १ सय ५१ को सङ्ख्यामा झार्ने कुराकै वरिपरि केन्द्रित रहने कुरा मुख्य हो कि भन्ने परिरहेको छ ।

कमिटी कुन आकारको बनाउने भन्ने विषय हेर्दा प्राविधिक जस्तो देखिए पनि यो विचार र नीतिसँग जोडिएको विषय हो । तर, हामीले पार्टीभित्रको असन्तुष्टि र गुटगत सङ्घर्षको व्यवस्थापन गर्न कमिटी स्वेच्छाचारी ढङ्गले निर्माण गर्दै आएका छौँ । विचार, नीति र विधिलाई केन्द्रमा राखेर भन्दा प्राविधिक ढङ्गले कहिले निकै ठूलो, कहिले निकै सानो बनाउँदै आएका छौँ । कहिले एकताको नाममा र कहिले व्यक्ति हेर्दै सङ्ख्या निर्धारण गरेर उपयोगितावादको भरपुर प्रयोग गरी चार हजार भन्दा पनि बढीको केन्द्रीय समिति बनाउँदा समेत बाध्यताको उपमा दिएर गर्व गर्दै आएका छौँ । प्रस्तावित विधानमा १५१ को सङ्ख्याबाहेक कुनै नयाँपन नदेखिदा आशङ्का गर्नेलाई बल मिलेको छ ।

विधान अधिवेशनमा हुने छलफलसँग विचार र कार्यशैली स्वतः जोडिन्छ । त्यसैले साङ्गोपाङ्गो छलफल अनिवार्य हुन्छ । मुख्य नेतृत्व कसरी प्रस्तुत हुन्छ भन्ने कुराले सर्वाधिक महत्व राख्छ । विगतको उपयोगितावादी अभ्यासप्रति निर्मम ढङ्गले प्रस्तुत हुने सामर्थ्य राख्छ कि राख्दैन भन्ने कुरामा विधान अधिवेशनको सफलता-असफलता निर्भर रहन्छ । यसपटकको बहस निर्मम र पेचिलो हुन्छ भन्ने कुरा विधानमाथिको प्रारम्भिक छलफलले सङ्केत दिइसकेको छ । विधि र कार्यशैलीमा हुने छलफलको अन्तर्राष्ट्रिय आयाम पनि हुन्छ । यसले विश्व कम्युनिस्ट आन्दोलनमा नयाँ बहसको सुरुआत गरेर आठौँ महाधिवेशनको वैचारिक आधारलाई थोरै भए पनि कसिलो बनाउन सक्छ । तर नेतृत्वपङ्क्तिले हिम्मतसाथ अघि बढ्ने आँट गरेन भने अधिवेशन 'ब्याक फायर' हुने खतरा त्यत्तिकै छ ।

पार्टीको विधान नभएर वा विधानमा कुनै व्यवस्था अपुग भएर अहिले समस्या परेको होइन । नेतृत्वपङ्क्तिमा स्वेच्छाचारी प्रवृत्ति हावी भएर हो । यसर्थ, वैचारिक आधार प्रस्तुत नगरी यथास्थितिमा विधान आउनु भनेको प्रकारान्तरले अन्य पुराना पार्टीभन्दा भिन्न हुन्न भन्ने नै हो । के अपुग भएर वा के के नमिलेर नयाँ विधान चाहिएको भन्ने कुरा मस्यौदामा उल्लेख नहुँदा यो आशङ्का पैदा हुनु स्वभाविक हो । प्रवृत्ति, विचार समूह, गुट, स्वार्थ समूह, समीकरण र फुट जस्ता विषयमा विगतका अभ्यासको समीक्षा नगरी ल्याइएको विधानले नेताहरूलाई रूपान्तरण गर्न सक्दैन । गुटबन्दी, प्रवृत्ति र विचार समूहबीचको अन्तरलाई नयाँ ढङ्गले परिभाषित नगरी कसरी अगाडि बढन सकिन्छ ? लेनिनले अघि सार्नु भएको विचार समूहको मर्म के हो ? रोजा र लेनिन तथा स्टालिन र ट्रटस्कीबीचको बहसलाई आजको सन्दर्भसँग जोडेर छलफल गर्नु आवश्यक छ । दोस्रो राष्ट्रिय सम्मेलनमा यस्तै प्रश्न उठाएर विचार र विधिको विकास सम्भव भएको हो । यसप्रकारको अभ्यास हराउँदै जादा पार्टी सङ्कटग्रस्त हुँदै गइरहेको छ ।

विधान कार्यान्वयनसम्बन्धी विगतका सही र गलत अभ्यासको समीक्षा नगरी यो पारित भएपछि जस्ताको तस्तै छापिने र लागू हुने सुनिश्चितता हुँदैन । आठौँ महाधिवेशनबाट पारित भएको विधान छापिएर आउँदा आन्तरिक निर्वाचनबाट केही प्रतिशत र कार्य सम्पादन मूल्याङ्कनबाट केही प्रतिशत अङ्क निर्धारण गरी कूल प्राप्ताङ्कको आधारमा कमिटीमा पदाधिकारी छनौट गर्ने प्रावधान समावेश भएन । केन्द्रीय समितिको बैठकमा कुरा उठ्दा ‘ विधानमा नभए पनि लागू हुन्छ’ भन्ने अध्यक्षको भनाइले झनै अन्योल पैदा गरेको थियो । के, कसरी त्यो हट्न पुग्यो भन्ने स्पष्ट नगर्दा आशङ्का बढ्नु स्वभाविक हो । अहिले कार्यदलले प्रस्तुत गरेको प्रस्तावित विधानमा समेत त्यो विषय समावेश गरिएको छैन ।

जनवादी केन्द्रीयता कम्युनिस्ट पार्टीको सङ्गठनात्मक जीवन हो । जनवादविनाको केन्द्रीयता नोकरशाही र केन्द्रीयताविनाको जनवाद अराजकता हुन्छ । यसको अभ्यास खुला परिवेशमा कसरी मिलाउने भन्ने प्रश्नले सर्वाधिक महत्व राख्छ । प्रत्यक्ष मतदानमार्फत् जनवाद व्यक्त हुन्छ र कार्य सम्पादन मूल्याङ्कनमार्फत् केन्द्रीयता जोडिन पुग्छ । बुर्जुवा पार्टीमा जनवादी केन्द्रीयता हुन्न । त्यसैले प्रत्यक्ष प्रतिस्पर्धा उनीहरूको बहुलवादी मान्यतासँग मेल खान्छ । तर, कम्युनिस्ट पार्टीमा बहुलवादी अभ्यासको स्थानमा द्वन्द्वात्मक भौतिकवादी संश्लेषण हुने हुनाले बुर्जुवा प्रतिस्पर्धाभन्दा फरक हुनै पर्छ ।

यो नयाँ प्रावधानले जनवादी केन्द्रीयताको वैज्ञानिक अभ्यास मात्र गराउँदैन, पार्टी स्वचालित बन्न मद्दत पनि गर्दछ । सक्रियता, अनुशासन र जनशैली स्वतः हुनुपर्ने विषय हुन् । तर, पुरानो समाजको मूल्य मान्यता, संस्कार र बानीव्यहोरालाई नियन्त्रण गर्न मूल्याङ्कन पद्धतिको अभ्यासले प्रेरित गर्छ र अब्बल बन्न प्रतिस्पर्धा सुरु हुन्छ । कार्यकर्ताको मत प्राप्त गर्न उनीहरूको विश्वास जित्नुपर्ने हुनाले नेता कार्यकर्ताप्रति जवाफदेही हुन्छन् । यस्तो छनौटको प्रक्रिया अवलम्बन गर्दा यसप्रकारकोप्रणालीलेनेता, कार्यकर्तालाईअनुशासितमात्रबनाउँदैन, कामप्रति जवाफदेही पनि बनाउँछ । र, यो ‘मेकानिज्म’को प्रयोगले पार्टीमा अनुशासन स्वतः चुस्त, दुरुस्त हुन्छ ।

पार्टी सदस्यतासम्बन्धी विषयले सर्वाधिक महत्व राख्छ । यो प्रश्न आफैँमा निकै पेचिलो छ । कम्युनिस्ट पार्टीलाई नेताहरूको पार्टी भनिन्छ । रुसी कम्युनिस्ट पार्टीको इतिहासमा यसै विषयलाई लिएर अल्पमत र बहुमत भई पार्टी विभाजन भयो । कम्युनिस्ट पार्टीको सदस्य बन्न लाइन लाग्नुपर्ने हो । तर, सदस्यता करकाप गरेर दिने मात्र होइन, उनीहरूको सदस्यता शुल्क र लेबी पनि स्थानीय नेताहरूले हालिदिने र हालिदिएबापत आफ्नो पिछलग्गु बनाउने परिपाटी विद्यमान छ । सदस्यताको प्रश्न पार्टी प्रवेशको विषयसँग पनि जोडिन्छ । वर्ग र विचारसँग नजोडी पार्टी प्रवेश गराउँदै जाँदा कम्युनिस्ट पार्टीको आधारभूत मान्यता तोडिँदै गएको छ । पार्टी सदस्य हुन पार्टीको विचार, नीति र विधि पालना गर्न कमिटीमा बस्नैपर्ने; तोकिएको लेबी र जिम्मेवारी पूरा गर्नैपर्ने हुन्छ । कम्युनिस्ट पार्टीलाई नेताहरूको पार्टीको रूपमा स्थापित गर्ने परम्परागत मान्यतालाई कसरी परिभाषित गर्ने ? ‘मास बेस्ड’ पार्टी बनाउने कि ‘क्याडर बेस्ड ?’ अहिले चलिरहेको बहसको संश्लेषण गर्न सक्नु पर्छ ।

युद्धकालमा पूर्णकालीन (पेशेवर) र अल्पकालीन नेता कार्यकर्ताको खासै परिभाषा थिएन । घरपरिवार छाडेर पार्टी काममा सहभागी हुने सबै स्वतः पेशेवर जस्तो मानियो । त्यसबेला कुनै निर्णय गरिएन । विभिन्न परिस्थितिले घर छाड्नु र पेशेवर हुनु फरक कुरा हो । पेशेवर कार्यकर्ता र आमजनसमुदाय फरक कुरा हुन् । युद्धकालीन भद्रगोलता शान्तिकालमा पनि कायमै रह्यो । व्यक्तिको इच्छा र चाहनाबाट होइन, कमिटीको निर्णयका आधारमा पेशेवर हुनुपर्ने हो । जनमुक्ति सेना र भूमिगत जीवन बिताएका हजारौँ नेता कार्यकर्ताका विषयमा शान्तिप्रक्रियामा आएपछि स्पष्ट नीति र विधि बनाएर परिचालित गर्नुपर्ने थियो ।

घर छाडेको व्यक्ति भूमिगत भएपछि स्वतः कार्यकर्ता बन्यो । युद्धकालको भूमिका शान्तिकालको भूमिकासँग मेल खान्न । सेना समायोजनपछि हामीले अल्पकालीन र पूर्णकालीनको स्पष्ट मार्गचित्र अगाडि ल्याउनुपर्ने



थियो । पेशेवर क्रान्तिकारीबाट अन्य पेशामा संलग्न गराउने विषयलाई स्वतःस्फूर्त रूपमा छाडिदिँदा उनीहरूले अपमानित जस्तो महसुस गरेका छन् । सहिद परिवार, घाइते-अपाङ्गले अझ बढी अपमानित महसुस गरेका छन् । यसर्थ, पार्टटाईमरलाई सम्मानित गर्ने विधि सुनिश्चित गर्नुपर्छ । आगामी दिनमा होलटाइमर र पार्टटाइमरमा पार्टी पङ्तिलाई वर्गीकरण गरेर भूमिकाअनुसारको जिम्मेवारी दिनुपर्छ । होलटाइमर र पार्टटाइमरको व्यवस्थापन अलग-अलग ढङ्गले गर्नु पर्छ । यो काम सेना समायोजन गर्नेबित्तिकै गरेको भए आजको विकराल स्थिति आउने थिएन ।

वर्गविश्लेषणको अन्तर्वस्तु एउटै भए पनि तिनको स्वरुप बदलिएको छ । हिजोको मजदुर र किसानको परिभाषा अहिलेको सन्दर्भमा सारतः मिले पनि रूपमा व्यक्त हुँदा अर्कै छ । डाक्टर, इन्जिनियर, प्राध्यापक शोषण उत्पीडनका हिसाबले मजदुर नै हुन् । उनीहरूको श्रमबाट पुँजीपतिका लागि अतिरिक्त मूल्य पैदा हुन्छ । तर, उनीहरू परम्परागत मजदुरको परिभाषाभित्र बस्न रुचाउँदैनन् । त्यसैले हिजो कारखानामा र खेतमा काम गर्नेलाई मजदुर भनिँदै आइयो तर त्यसको दायरामा प्राज्ञिक समुदाय परेपछि यिनीहरूलाई पनि समेटने नयाँ 'टर्मिनलोजी'को खोजी गर्नु पर्छ । यसका लागि विभिन्न देशका अभ्यास र त्यहाँ भइरहेका छलफललाई ध्यान दिनु पर्छ ।

सङ्गठनात्मक क्षेत्रमा हामीले जनयुद्धकालदेखि नै सङ्घीयताको अभ्यास गरेको हो । सङ्घीयताको विषयलाई हामीले खुकुलो बनाउँदा विगतमा मधेस र वर्तमानमा पूर्वमा गम्भीर समस्या झेल्नु परेको तितो यथार्थलाई आत्मसात् गर्नु पर्छ । प्रदेश र स्थानीय तहलाई अझ अधिकारसम्पन्न बनाउनु पर्छ । कुनै पनि बहानामा प्रदेश र स्थानीय तहलाई कमजोर बनाउन मिल्दैन । प्रशासनिक कारण देखाएर जिल्लालाई कार्यकारी बनाउन खोजिएको छ । यो नियमसङ्गत छैन । बरू स्थानीय तहको भूगोल थपघट गरेर त्यसैलाई स्तरोन्नति गर्नतिर बहस चलाउनु पर्दछ । सङ्घीयतालाई प्रभावकारी बनाउन दूरदर्शी भएर नयाँ शिराबाट छलफल चलाउनु बुद्धिमानी हुन्छ ।

पार्टीमा उत्तराधिकारीको प्रश्न निकै पेचिलो बनेको छ । पहिलो त उत्तराधिकारीको महत्व के हो ? र, यो कसरी निर्माण हुन्छ ? भन्ने प्रश्नमा हामी स्पष्ट हुनु पर्छ । समाजलाई निरन्तर चलाइराख्न आम उत्तराधिकारी अगाडि आउँछन् । कम्युनिस्ट पार्टीको उत्तराधिकारी भनेको विशिष्ट ढङ्गले तयार गर्नुपर्छ । एउटा व्यक्ति विशेषलाई अगाडि बढाएर उत्तराधिकारी बनाउने कि नेता-कार्यकर्ता सम्पूर्ण पङ्क्तिलाई अगाडि बढाएर बनाउने भन्ने बहस कम्युनिस्ट आन्दोलनमा चलिरहेको छ । व्यक्तिगत वा समूहगत रूपमा उत्तराधिकारी तयार गराउँदा र बनाउँदा कम्युनिस्ट पार्टी प्रतिक्रान्तिको कारक बनेको तीतो यथार्थता हाम्रासामु छ । जनवादी केन्द्रीयता र विचार संश्लेषणको अभ्यासबाट उत्तराधिकारी तयार हुने प्रचलन नहुँदा वा भिन्न मतलाई संश्लेषण होइन, पाखा लगाउने गर्दा नेतृत्व विकाससम्बन्धी प्रश्न जटील बन्यो । गुट, स्वार्थ समूह, समीकरणको अभ्यास कम्युनिस्ट आन्दोलनमा हुँदा भिन्न प्रवृत्तिलाई दबाउने र नेतृत्वको अवसरबाट बञ्चित गर्ने अभ्यासले कम्युनिस्ट आन्दोलन दुर्घटनाग्रस्त बन्यो । यस विषयले बृहत छलफलको माग गर्छ ।

पार्टीभित्र 'वाम', मध्य र दक्षिण प्रवृत्ति सदैव रहिरहन्छ । तर, यसलाई भ्रष्टीकरण गरेर दुईलाइन सङ्घर्षको रूपमा प्रस्तुत गर्दा अवसरवादी, महत्वकाङ्क्षी र व्यक्तिवादी 'क्यारियरिस्ट' हावी हुन पुगे । प्रवृत्तिबीच बहस चलाएर संश्लेषण गर्ने प्रचलन मार्क्सवादी मान्यता हो । यसमा भड्काव आएर दुईलाइन सङ्घर्ष भनिएको हो । मार्क्सवादी मान्यताको वाद-विवाद-संवाद, एकता-सङ्घर्ष-रुपान्तरण एवम् विश्लेषण र संश्लेषणले

> सङ्घीयताको विषयलाई हामीले खुकुलो बनाउँदा विगतमा मधेस र वर्तमानमा पूर्वमा गम्भीर समस्या झेल्नु परेको तितो यथार्थलाई आत्मसात् गर्नु पर्छ । प्रदेश र स्थानीय तहलाई अझ अधिकारसम्पन्न बनाउनु पर्छ ।

दुईलाइन बनाउन कहाँ स्थान दिइएको छ ? दुईलाइनको नाममा गरिने अभ्यास समर्थन जुटाउने नाममा गलत मानिसलाई अगाडि बढाउने, गुटलाई वैधानिक बनाउने र समीकरण बनाएर भिन्न मतलाई दबाउने उद्देश्यबाट प्रेरित छ,। जुन पराकाष्ठा कतिपय सन्दर्भमा हत्या-प्रतिहत्याको रूपमा समेत व्यक्त भयो ।

यसको प्रतिविम्ब पार्टीको आन्तरिक प्रतिस्पर्धामा कसरी देखिन्छ ? जसरी हुन्छ बहुमत कायम गर्ने, जसरी हुन्छ चुनाव जित्ने भन्ने बुर्जुवा मान्यताले कहाँ पुऱ्याइरहेको छ ? प्रतिक्रान्तिलाई मद्दत पुऱ्याएको त छैन ? यस सन्दर्भमा भोट (समर्थन)को राजनीति कि विचारको राजनीति ? भन्ने बहस आवश्यक छ । कुर्सीमा टिकिरहन अर्थात् भोट अर्थात् समर्थन प्राप्तिका नाममा नेतृत्वले गलत पात्रको संरक्षण गर्नु र नेताको नजरमा इमानदार भन्दा सामान्ती र बुर्जुवाको नक्कल गर्ने व्यक्ति अब्बल देखिनु चिन्ताको विषय हो । साध्य प्राप्त गर्न अर्थात् चुनाव जित्न साधन पनि सुहाउँदो हुनु पर्छ । तर, जसरी पनि नेतृत्वमा रहिरहने हो भन्ने मान्यताअनुरुपको अभ्यासले अन्ततः नेतृत्व घेराबन्दीमा पर्छ । यो विषय स्पष्ट नगरी बनाइएको विधानले कम्युनिस्ट आन्दोलनको बुर्जुवाकरणलाई नै प्रोत्साहित गर्दछ ।

उमेरको सीमासम्बन्धी विषय विश्वव्यापी रूपमा उठ्ने गरेको छ । एमाले र नेकपा (एकीकृत समाजवादी) मा पुरानो निर्णयको वैज्ञानिक पक्षका बारेमा बहस चलिरहेको छ । यो नेताहरूको टाउको दुखाइको विषय बनिरहेको छ । माओवादीमा पनि यो विषय बहसमा छ । माओले थ्रि इन वान (युवा, पौढ र जेष्ठ)को अभ्यास गर्नु भयो । तर, यसको वैज्ञानिक निराकरण गर्न सक्नु भएन । मेसिन लगाएर बोल्नु पर्दासम्म पार्टी र सरकार प्रमुख नछाडेको मात्र होइन, मृत्युपर्यन्त रहिरहनु भयो । राजतन्त्रात्मक प्रणालीमा मात्र यस्तो हुन्छ । नेता भनेको विचारको संश्लेषक हो । सोचमा नयाँपन र आचरणमा निखार आउन छाडेपछि नेतृत्वमा बस्नु भनेको प्रतिक्रान्तिलाई निम्तो गर्नु जस्तै हो । अन्यत्र केन्द्रीकरण हुन नसक्ने तर्क गरेर प्रतिक्रान्तिको कारक बन्न पदमा रहिरहनु विज्ञानसम्मत हुँदैन । 'म नभए पृथ्वी घुम्दैन' भन्ने सोच वैज्ञानिक हुन सक्दैन ।

यतिखेर पार्टीलाई तदर्थवादको चङ्गुलबाट निकाल्ने विषयले सर्वाधिक महत्त्व राख्छ । यो विधान अधिवेशनले नेताहरूलाई स्वेच्छाचारी हुन रोक्छ कि रोक्दैन भन्ने प्रश्न पेचिलो छ । विधान राम्रो आउँछ र त्यसको पालना हुन्छ भन्ने कुरामा विगतबाट भुक्तभोगी पार्टीपङ्क्ति र जनतालाई विश्वास छैन । 'सास छउन्जेल आस गर्ने' परम्पराले कति धान्ने हो भन्ने प्रश्न उठिरहेको छ । तर पनि आशा गरौं, तिखो बहसले तिखो परिणाम ल्याउनेछ । •



# सङ्गठनात्मक प्रस्ताव

**जनार्दन शर्मा**
**उपमहासचिव**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

## १. सङ्गठन निर्माणका अनुभव र आवश्यकताबारे समीक्षा

नेकपा माओवादी केन्द्रसामु नयाँ विचार निर्माणको चुनौतीका साथ बदलिएको परिस्थिति र विकसित कार्यदिशाअनुरुप सङ्गठनात्मक सिद्धान्त र संरचना तथा विधि र पद्धतिको विकास गर्ने चुनौती पनि सँगसँगै पैदा भएको छ। समाजवादी बाटोमा अगाडि बढ्नका लागि आजको एकाधिकार वित्तीय पुँजीवादको समग्र युद्ध विरुद्ध उत्पीडित वर्गको तागतमा उभिएर अगाडि बढ्न विकसित विज्ञान प्रविधिसमेतको उपयोग गर्दै जनतालाई नयाँ ढङ्गले सङ्गठित र परिचालन गर्न आवश्यक भएको छ। समाजवादी लक्ष हासिल गर्न प्रारम्भमा त्यसको तयारीको क्रममा सुदृढ सङ्गठनका लागि छलफलपूर्व हाम्रो अनुभव एवं यहाँसम्म सङ्गठनात्मक क्षेत्रमा देखिएका समस्याबारे समीक्षा गर्नु आवश्यक छ।

प्रचण्डपथ सामन्तवाद विरुद्ध समाजलाई प्रगतिशील युगमा फर्काउने उत्पीडित वर्ग, जाति, लिङ्ग र समुदायलाई अधिकार सम्पन्न गर्न र पहिचान स्थापित गर्नको लागि विचार, भावना, बलिदानसमेतको केन्द्रिकरण थियो। प्रचण्डपथको खारेजी पूर्वपार्टीको विचारलाई नयाँ ढंगले विकसित गरी कम्युनिस्ट पार्टीलाई एकताबद्ध गर्दै अगाडि बढ्न आमबहसका बिचबाट नयाँ विचारको निर्माण गर्नुपर्थ्यो। त्यसो नगरी, कुनै छलफल बहस नगरी र अर्को विकल्प तयार नगरी प्रचण्डपथको परित्याग गर्नु हाम्रो आन्दोलनको लागि आत्मघाती कदम हुनपुग्यो। यस घटनाले नेतृत्वको प्रश्न मात्र होइन विचार, निरन्तर क्रान्ति, एक्काइसौँ शताब्दीमा जनवादले मार्गदर्शन गरेका महत्त्वपूर्ण सिद्धान्तसमेतलाई एकसाथ समाप्त पार्‍यो। वैचारिक, साङ्गठनिक रूपमा नेतृत्वको एक स्तरको प्राधिकार धराशायी भयो। आन्दोलनले गम्भीर क्षति बेहोर्नुपर्‍यो। यति ठुलो 'त्याग' बाट अगाडि बढ्ने प्रयासले अन्ततः पार्टीलाई विभाजनसम्म पुर्‍यायो। यही बिन्दुबाट पार्टीमा विचलन र विकेन्द्रीकरण प्रारम्भ भयो।

शान्ति प्रक्रिया लगत्तै चुनाव कि विद्रोह भन्ने कुराको अस्पष्टताको कारण सङ्गठनमा समेत एकरुपता आउन सकेन। एकथरिले संसद्को विरोध गर्ने र अर्कोथरिले चुनाव र संसद्मार्फत् संविधान निर्माण गर्ने धारणा अघि सारे। सङ्गठनको स्पष्ट खाका तय नहुँदा सङ्गठनात्मक अस्थिरता कायम भयो। कहिले साँघुरो सङ्ख्या

त कहिले हजारौँ सदस्य भएका कमिटीहरू बन्नुले सङ्गठनात्मक स्थिरता कायम हुन सकेन । चुनाव र प्रतिगमनजस्ता समस्याका बेला मात्र सङ्गठन परिचालन भए तर बाँकी समय निस्क्रिय रहे । मुद्दाविहीन सङ्गठनको कारणले उद्देश्यहीन संरचना बन्न पुगे, जसले आम सरोकारवाला वर्ग र समुदायलाई आकर्षण गर्न सकेन ।

सङ्गठनमा आबद्ध व्यक्तिको ऱ्याङ्किङ एण्ड फाइलिङको अभावमा सही मूल्याङ्कन गर्ने परिपाटीको विकास हुन सकेन । जिम्मेवारी दिँदा कुनै विधि र मापदण्ड नबनाई कुनै नेतासँग निकट र टाढाको सम्बन्धको कारणले जिम्मेवारी पाउने वा नपाउने अवस्थाको सृजना भयो । नेतृत्व छनोटमा सङ्गठनको स्वामित्व भन्दा पनि व्यक्ति विशेषको प्रभाव देखियो । तल्ला कमिटी पनि केन्द्रले नै निर्माण गर्दा अतिकेन्द्रिकरणको समस्या देखियो ।

जनयुद्ध, जनआन्दोलनलगायत विभिन्न सङ्घर्षका मोर्चामा वीरता, साहस र शौर्य देखाएका हजारौँ योद्धालाई नयाँ आवश्यकताबमोजिम रुपान्तरण गर्नुको सट्टा बेवास्ता गरियो । घाइते योद्धा, सहिद परिवारको व्यवस्थापन गर्न सकिएन ।

गैरकम्युनिस्ट पार्टीहरूबाट एकतामा आउनेहरूको लागि पार्टीको नीति र दृष्टिकोण निर्माणसम्बन्धी कुनै प्रशिक्षण भएन । जनवादमा आधारित सङ्गठनको मान्यता क्रमशः कमजोर बन्दै गयो । जनतासँग जोडिने, तिनका दुःखसँग एकाकार हुने संस्कारको अन्तप्रायः हुन पुग्यो र वर्गप्रतिको प्रतिबद्धतामा ह्रास आयो । उत्पीडित वर्ग, महिला, दलितलगायतको समानुपातिक ढङ्गले नेतृत्व विकासमा ध्यान दिइएन । सङ्गठनभित्र पदीय प्रतिष्पर्धाले प्राथमिकता पायो । जनता र राष्ट्रप्रतिको जिम्मेवारीको महत्त्व हराउँदै गएर जनता र कार्यकर्तातिर फर्केको नभई नेतातिर फर्केको सङ्गठन बन्न पुग्यो । राजनीतिक नियुक्ति तथा मनोनयनमा एकै व्यक्ति बारम्बार दोहोरिने र अरुले पालो नपाउने अवस्था बन्यो । सत्ता र पदमा हुनेले सङ्गठन, जनता र पार्टीका लागि नभई आफ्नो स्वार्थमा केन्द्रित हुने काम भयो । पदमा हुने र नहुनेबिच वर्ग विभाजन देखियो । आमजनभावना र कार्यकर्ताको भावनाको आत्मसातीकरण भएन । निरन्तर वैचारिक स्पष्टताको लागि पार्टी स्कुल चलाउनुपर्नेमा त्यसो पनि गरिएन ।

सङ्गठनभित्र आलोचना र आत्मालोचनाको संस्कार अन्त्य हुन गयो । संस्थागत रिपोर्टिङ् लिने र दिने परिपाटीको अन्त्य भयो । सङ्गठनभित्र टिके प्रथा मौलाउँदै गयो । कमिटी प्रणाली स्थापित भएन । नेतृत्वलाई स्थापित गर्ने र केन्द्रित गर्ने कार्यको अन्त्यप्रायः भयो । व्यक्तिगत सम्पत्ति आर्जन गर्ने होडबाजी र परिवार केन्द्रित मनोवृत्ति विकसित हुँदै गयो । सारमा अन्तरविरोधको व्यवस्थापन गर्ने विचार, विधि, पद्धतिको विकास र अभ्यास गर्न सकिएन ।

उपर्युक्त समीक्षासहित समाजवादको यात्रामा अगाडि बढ्नका लागि हामीलाई विकसित सङ्गठनात्मक कार्यदिशा चाहिएको छ । हामीलाई चुनावी पार्टीभन्दा समाजवाद स्थापना गर्ने पार्टी आवश्यक छ । तसर्थ, आजका समाजका अन्तरविरोधहरूलाई पहिल्याउन र तिनको समाधान गर्न राजनैतिक सङ्घर्ष तथा वर्गसङ्घर्ष, आर्थिक तथा उत्पादन सङ्घर्ष र विकसित विज्ञान प्रविधिको प्रयोगबाट उत्पन्न सम्भावना र चुनौतीसमेतको नेतृत्व गर्नसक्ने सङ्गठन आवश्यक छ । वैचारिक रुपले मालेमावादको सैद्धान्तिक आलोकमा आजका वर्गसङ्घर्षका चुनौतीहरूलाई समाधान गर्न मार्क्सवादी ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण र नेपाली समाजमा विद्यमान अन्तरविरोधको समाधान गर्नसक्ने वैचारिक क्षमतायुक्त सङ्गठन नै मुख्य कुरा हो । हामीले बनाउने सङ्गठन हाम्रो समाजवाद निर्माणको उद्देश्यसँग तादात्म्य राख्ने खालको हुनुपर्दछ । उद्देश्य प्राप्तिका लागि सङ्गठनको भूमिकाको अर्थ राजनैतिक उद्देश्य प्राप्तिमा स्पष्टताका साथ नेतृत्व गर्नु, सामाजिक दायित्व र भूमिका सम्बन्धी नीतिमा आधारित भएर समाजलाई अग्रगामी दिशामा अघि बढाउन लागि पर्नु, आर्थिक उत्पादन कार्यसँग सङ्गठनको तालमेल मिलाउनु, वर्गसङ्घर्ष अर्थात जनपरिचालनका लागि सङ्गठनका अनेकन सञ्जालहरू तयार गर्नु, विकसित सूचना प्रविधि, सामाजिक अवस्थाबारे सङ्गठनको संरचना र नेतृत्व अपडेट हुने कुरा महत्वपूर्ण हुन जान्छ । वर्गप्रतिवद्धता र उद्देश्यप्रतिको सङ्कल्प आधारभूत कुरा रहने गरी नेपाली समाजको अन्तरविरोध उत्पीडित वर्ग, जाति, समुदाय, क्षेत्र एवं लिङ्गका रूपमा मजदुर तथा गरीब किसान, सामाजिक-आर्थिक रुपले पछि पारिएका दलित तथा महिला, भाषिक, सांस्कृतिक रूपमा समेत उत्पीडनमा पारिएका जनजाति, आदिवासी, अल्पसङ्ख्यकको समग्र स्वरुप नै आजको कम्युनिष्ट पार्टीको समाजवादी अग्रदस्ता हो ।

राष्ट्रिय स्वाधीनताको प्रश्न आत्मनिर्भर बन्नका लागि गरिने सङ्घर्षसमेतको नेतृत्व गर्नसक्ने सङ्गठन आजको आवश्यकता हो । सामन्तवादका अवशेषहरूलाई समाप्त पार्दै समाजवादी क्रान्तिका लागि आधार तयार पार्ने अभ्यास नै सङ्गठनको मुख्य कार्यभार हो । एक्काइसौँ शताब्दीको जनवादका विशेषताहरूलाई स्वीकार गर्दै नेपाली विशेषताको समाजवाद निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्ने सङ्गठन, मालेमावादी विश्व दृष्टिकोण र जनवादी केन्द्रियताको सङ्गठनात्मक सिद्धान्तको विकसित संस्करण (version) आवश्यक छ । जस्तो कि एक्काइसौँ शताब्दीका जनवादका विशेषता अनुसार जनताद्वारा निर्देशित, जनताद्वारा नियन्त्रित र जनताको खबरदारीलाई आत्मसात् गर्दै जनतासँग एकाकार हुने नेतृत्वको सामुहिकताको केन्द्रिकृत संरचना नै सङ्गठन हुनुपर्दछ । मूलतः जनवादमा आधारित आमसदस्यको मत र भनाइसमेतमा उभिएर निष्कर्ष निकाल्ने, योजनाबद्ध ढङ्गले कार्यसम्पादन गर्ने विधि नै अभिव्यक्तिको स्वतन्त्रता र काम कारबाहीमा एकरुपताको विधि हो । र यो विधि नै उद्देश्य प्राप्तिका लागि सङ्घर्ष गर्दै विकसित नयाँ परिस्थितिको विश्लेषणसहित सृजनात्मक

सङ्गठनभित्र आलोचना र आत्मालोचनाको संस्कार अन्त्य हुन गयो । संस्थागत रिपोर्टिङ् लिने र दिने परिपाटीको अन्त्य भयो । सङ्गठनभित्र टिके प्रथा मौलाउँदै गयो । कमिटी प्रणाली स्थापित भएन । नेतृत्वलाई स्थापित गर्ने र केन्द्रित गर्ने कार्यको अन्त्यप्रायः भयो । व्यक्तिगत सम्पत्ति आर्जन गर्ने होडबाजी र परिवार केन्द्रित मनोवृत्ति विकसित हुँदै गयो । सारमा अन्तरविरोधको व्यवस्थापन गर्ने विचार, विधि, पद्धतिको विकास र अभ्यास गर्न सकिएन ।

प्रयोगका साथ अगाडि बढ्ने जनवादमा आधारित केन्द्रियताको स्वरुप हो।

बुझाइमा एकरुपताको प्रश्नलाई यान्त्रिक रूपमा नलिएर व्यवहारिक प्रयोग र अनुसन्धानमार्फत् तथ्यको अन्वेषण गर्दै प्रमाणित गर्ने प्रक्रिया अगाडि बढाउनुपर्दछ। सामाजिक संरचना अर्थात् वर्ग, जाति, क्षेत्र, समुदाय, लिङ्गसमेतको प्रतिनिधित्व प्रणाली अवलम्बन गर्नुपर्दछ। उत्पीडित वर्ग, जाति, समुदाय एवं लिङ्ग, दलित, महिला, जनजाति, अल्पसङ्ख्यक वर्ग समुदायबाट उठेका क्रान्तिकारी योद्धाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित भएको सङ्गठन निर्माण गर्नुपर्दछ। सँगसँगै सङ्गठनभित्र अनुभव, शिक्षा र आवश्यकताका दृष्टिले बृद्ध, प्रौढ र युवाहरूको समायोजन पनि अनिवार्य शर्त हुनुपर्दछ। आत्मनिर्भरता र स्वाधीनताको लडाईंमा श्रेष्ठ सावित हुन उत्पादन कार्यप्रति पूर्णप्रतिवद्ध र व्यवहारिक अभ्यासद्वारा योग्य सावित हुने सङ्गठन आवश्यक छ।

सारमा राजनीतिक, सामाजिक, आर्थिक उत्पादन र विकसित सूचना प्रविधिको समेत सदुपयोग गर्दै अगाडि बढ्ने 'अपडेटेड' सङ्गठनद्वारा मात्र नेपाली समाजवादको तयारीको चरणको नेतृत्व गर्न सकिन्छ। समाजवादको यात्रा आर्थिक र राजनीतिक रुपले दलाल पुँजीवाद विरुद्ध सङ्घर्षको अभियान भएकाले पार्टी र जनवर्गीय सङ्गठनलाई स्वतन्त्र ढङ्गले सोच्ने र पार्टीको लक्षअनुरुप परिचालन हुनका लागि सर्वप्रथम आत्मनिर्भर हुने योजना आवश्यक छ। आत्मनिर्भर अर्थतन्त्रको विकासको अर्थ दलाल पुँजीवाद विरुद्धको सङ्घर्ष हो। राज्यका विभिन्न पदहरूमा बस्नु मात्र ठुलो कुरा होइन कि त्योभन्दा महत्वपूर्ण कुरा राज्यका संयन्त्रहरूलाई जनताको आत्मनिर्भरता र स्वतन्त्रताको रक्षाको लागि प्रयोग गर्नु हो। यति महत्वपूर्ण कार्यको नेतृत्व गर्न बनाइने सङ्गठन आफैँमा वैज्ञानिक र आत्मनिर्भर भएन भने समाजवादी क्रान्तिको सङ्गठनात्मक तयारी पूरा हुन सक्दैन। किनकि आजको सामाजिक संस्कार र राज्य संस्कार भ्रष्टाचार, कमिशनतन्त्र र लुटमा आधारित रहेको छ। तसर्थ, राज्यशक्तिको दुरुपयोग गर्दै स्रोत साधनमाथि कब्जा जमाउने नेतृत्व र त्यसलाई घेराबन्दी गरी आफ्नो निजी स्वार्थ सिद्ध गर्ने दलाल प्रवृत्ति विरुद्ध सङ्घर्ष एक प्रमुख कार्यभार हो।

आज आफ्नै श्रम र उत्पादनमा टिकेर समाजवादी आन्दोलनलाई सङ्गठित गर्न सक्ने नेतृत्व संरचना आवश्यक छ। त्यसका लागि उत्पादनसँग गाँसिएको, परिश्रमी, इमान्दार, जनसेवी नेतृत्व तयार गर्नुपर्दछ। पार्टी सङ्गठन मालेमावादी सिद्धान्तद्वारा निर्देशित, जनवादी केन्द्रियताको



सङ्गठनात्मक सिद्धान्तको पूर्ण पालना गर्ने, पार्टी सञ्चालनका विधि र मूल्यहरूलाई आत्मसात गर्ने व्यक्ति र संरचना तयार पार्नु पर्दछ। हाम्रो पार्टीमा पालिका, प्रदेश र केन्द्रमा युवाको नयाँ पुस्ताको समायोजन गरी सङ्गठनात्मक संरचना निर्माण गर्नुपर्दछ।

जनवर्गीय सङ्गठन तथा मोर्चा सङ्गठन मालेमावादी सिद्धान्त र समाजवादी उद्देश्यमा प्रतिबद्ध भई आफ्नो जनवर्गीय स्वत्व र स्वायत्तताको प्रयोग गर्ने हुनु पर्दछ। गैरपार्टी सदस्यको बाहुल्यता भएको जवसको संरचना हुनु पर्दछ। ती सङ्गठन मुद्दा केन्द्रित भएर परिचालन हुन जरुरी छ। मुद्दाविनाको सङ्गठन जीवित सङ्गठन हुन सक्दैन। तसर्थ, युवासँग उत्पादन योजनाका अलावा भ्रष्टाचार र राष्ट्रिय आत्मसमर्पणका विरुद्ध, सुशासन र राष्ट्रिय स्वाधीनताको पक्षमा सङ्घर्ष गर्नसक्ने नैतिक बल र योजना हुनुपर्दछ।

विद्यार्थीले शैक्षिक सुधार, राष्ट्रियता र सुशासनका पक्षमा आन्दोलन उठाउन सक्नुपर्दछ। महिलाह बलात्कार र महिला हिंसाविरुद्धको आन्दोलन हुँदै समानताको अधिकारमा लामबद्ध हुनुपर्दछ। दलित तथा अन्य मोर्चा सङ्गठनहरूले राज्यद्वारा सृजित विभेद, सामाजिक क्षेत्र र आन्दोलनभित्रैका असमानता र विभेदका विरुद्ध सङ्घर्षका लागि लामबद्ध हुनुपर्दछ। मजदुरले आफ्नो अधिकारको लागि सौदाबाजी गर्न सक्नुपर्दछ। किसानले आफ्नो जीवनस्तर उकास्नको लागि आवाज उठाउनसक्ने हुनुपर्दछ। मोर्चा सङ्गठन र पार्टीका लागि राजनीतिक मुद्दाको रूपमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको समानुपातिक प्रतिनिधित्वको सरकार र पूर्ण समानुपातिक निर्वाचन प्रणाली, पहिचानको अधिकार, विशेष अधिकार जस्ता विषयलाई प्रारम्भमा उठाउँदै जनतालाई सङ्गठित गर्नुपर्दछ। जनतालाई रोजगारीको अधिकार, किसानलाई प्रोत्साहनजस्ता विभिन्न मुद्दाहरू अगाडि बढाउनुपर्दछ। जनताका आवश्यकता, युवाको अहिलेको चाहनालाई ध्यान दिँदै आफ्ना नारा र कार्यक्रम तय गरी युवा जनशक्तिलाई सङ्गठित गर्न आवश्यक छ।

सङ्घर्षमा मुद्दा उठाउने कुरा मात्र पर्याप्त हुँदैन। तसर्थ, हामी के गर्न चाहन्छौँ भन्ने कुरा सम्बन्धित सङ्गठन र निकायहरूले नमुनाका रूपमा तयार पार्न सक्नुपर्दछ। उत्पादनमा आधारित सङ्गठनहरू, किसानका उत्पादन समूह, सांस्कृतिक रुपान्तरणका लागि सङ्गठन, श्रम सहकारी आदिमार्फत् नयाँ संरचनाको निर्माण गर्नुपर्दछ। विधि, पद्दतिको कार्यान्वयन, जनवादको भरपूर प्रयोग, संस्थागत रिपोर्टिङ-निर्देशन प्रणाली व्यवस्थित गर्नुपर्दछ। हरेक नेतृत्वले आ-आफ्नो स्तरअनुसार एक इकाईलाई नमुना बनाउने जिम्मेवारीसहितको कार्यविभाजन गर्नुपर्छ।

हरेक कमिटीले आफ्नो नेतृत्व आफैँ छनोट गर्ने पद्धतिको विकास गर्नुपर्दछ। काम नगर्ने, कुरा मात्र ठुलठुला गर्ने नेतालाई कमिटीले फिर्ता बोलाउनसक्ने विधि निर्माण गर्नुपर्दछ। हरेक सङ्गठित सदस्यले स्थानीय पार्टी स्कुलमा तोकिएको पाठ्यक्रमको अनिवार्य अध्ययन गरी परीक्षामा उत्तीर्ण हुनुपर्ने नियम बनाउनुपर्छ। नेताको आचरण र चरित्रबारे ठोस नीति तय गर्नुपर्दछ। हरेक तहको नेतृत्वले तोकिएको समयमा आमजनतामाझ गएर उत्पादनमा जोडिने र आत्मनिर्भर हुने नीति तथा योजना तय गर्नुपर्दछ।

नेतृत्वको उच्च तहबाट आफ्नो कामको समग्र विवरण, व्यक्तिगत काम र अभ्यासको प्रतिवेदन पेश गर्ने नीति बनाउनुपर्दछ। सङ्गठनको हरेक सदस्य कुनै न कुनै उत्पादन कार्यमा अनिवार्य जोडिनुपर्ने नियम बनाउनुपर्दछ। सङ्गठनभित्र आलोचना, आत्मालोचना र समालोचनालाई नियमित गर्नुपर्दछ। नेतृत्वले तल्ला कमिटी र आमजनतामा गएर आफ्नोबारेमा टीका-टिप्पणी र आलोचना सुन्नुपर्ने विधि बसाल्नुपर्दछ। निरन्तर रूपमा

> मुद्दाविनाको सङ्गठन जीवित सङ्गठन हुन सक्दैन । तसर्थ, युवासँग उत्पादन योजनाका अलावा भ्रष्टाचार र राष्ट्रिय आत्मसमर्पणका विरुद्ध, सुशासन र राष्ट्रिय स्वाधीनताको पक्षमा सङ्घर्ष गर्नसक्ने नैतिक बल र योजना हुनुपर्दछ ।

जनताबिच गएर प्रशिक्षित हुने, आफ्नो परिवार, सङ्गठनलगायतमा पारदर्शी बन्न आचारसंहिता निर्माण गर्नुपर्दछ । न्यायको पक्षमा आवाज उठाउने, श्रमप्रतिको सम्मान, महिला, दलित, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिप्रति सम्मानजनक व्यवहार गर्नुपर्दछ ।

यी नियम, विधि तथा आचारसंहिताको नियमित र प्रभावकारी अनुगमन गर्ने शक्तिशाली संयन्त्र बनाउनुपर्दछ । पारदर्शी लेखा प्रणाली अपनाउने, व्यक्तिगत र साङ्गठनिक सम्पूर्ण कुराहरूको स्पष्ट हिसाव किताव राख्ने र आम्दानी खर्चको विवरण मासिक रूपमा प्रस्तुत गर्ने नियम बनाउनुपर्दछ ।

संविधानको कार्यान्वयन नगर्ने, जनताको मौलिक हकका पक्षमा नउभिने, दलालहरूको घेराबन्दी र भ्रष्टाचारविरुद्धको आन्दोलनमा नलाग्ने, कमिशनखोर र बिचौलिया विरुद्ध नलड्ने, राष्ट्रियताको पक्षमा नलड्ने, सामाजिक विभेद र महिला हिंसाविरुद्ध नलड्ने, दलित अधिकारको पक्षमा खडा नहुने नेता कार्यकर्तालाई सुरुमा सम्झाइ बुझाइ गर्ने र नसुध्रिएमा अनुशासनको कारबाही गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ ।

उपल्लो कमिटी निर्माण गर्दा तल्लो कमिटीले व्यक्तिको वैचारिक स्तर, सङ्गठनात्मक क्षमता, जनपरिचालन कला, व्यक्तिगत आचरण र व्यवहारका आधारमा मूल्याङ्कन गर्ने प्रतिस्पर्धात्मक ढङ्गले नेतृत्व निर्वाचित गर्ने । जनवादी केन्द्रियताका नाममा व्यक्ति विशेषको हैकम लागू गर्ने होइन कि कमिटी प्रणालीमार्फत् गरिएका निर्णयहरू तल्ला कमिटीमा कार्यान्वयनमा लैजाँदै गर्दा उनीहरूका मतसमेतका आधारमा परिमार्जन गर्ने नीति अवलम्बन गर्नुपर्दछ । सामुहिक नेतृत्व प्रणाली, जनअनुमोदित नेतृत्व र निर्णय, परीक्षणसमेतबाट परिष्कृत र विकसित योजना बनाउँदै अगाडि बढ्नुपर्दछ । जातीय, क्षेत्रीय विविधतामा आधारित रहेर समानुपातिक समावेशी सङ्गठन बनाउनुपर्दछ ।

समाजवाद निर्माणका लागि जनताका आवश्यकता र आकाङ्क्षालाई राजनैतिक, आर्थिक, उत्पादन र सामाजिक, सांस्कृतिक रुपान्तरणको नेतृत्व गर्न आफैँलाई समाजवादी उद्देश्यका लागि रुपान्तरण गर्नु मुख्य कुरा हो । विधि र पद्दति तथा संस्थागत प्रणालीभित्र आफैँलाई बाँध्न जरुरी छ । जनतालाई परम्परागत विधिबाट होइन, उनीहरूका आवश्यकता, क्षमतासमेतलाई केन्द्रित गरी उत्पादन र रोजगारको साधनको रूपमा सङ्गठन संरचनामा आबद्ध गर्नुपर्दछ । विज्ञ, विशेषज्ञ एवं बुद्धिजीवीहरूको ज्ञान क्षमतालाई सङ्गठित परिचालन गर्न उनीहरूका योग्यताहरूलाई स्वीकार गर्नुपर्दछ । सबै तहको नेतृत्वहरू आफैँलाई सर्वज्ञानी ठान्ने सोचबाट मुक्त हुनुपर्दछ ।

हाललाई पार्टीको सम्पूर्ण शक्ति प्रयोग गरेर ३० लाख घर परिवार सङ्गठित गर्ने लक्ष पूरा गर्न योजनाबद्ध कार्यविभाजन गर्नुपर्दछ । अरुको भर परेर नभई आफैँलाई रुपान्तरण गरी आफ्नै बलमा समाजवादका लागि पार्टीको पुनर्गठन आवश्यक छ । यसका साथै समाजवादको कार्यदिशामा सहमत अन्य पार्टी, सङ्घ-सङ्गठनसँग सहकार्यका लागि आवश्यक संयन्त्र बनाउनुपर्दछ ।

## २. सङ्गठन र जनसम्बन्धका लागि जनदिशाको महत्व र हाम्रो अनुभव

जनता नै इतिहासका निर्माता हुन् भन्ने तथ्यलाई मौखिक रूपमा फलाकेर होइन वास्तविक रुपमै स्वीकार गर्नुपर्दछ । माओवादी आन्दोलनको प्रारम्भदेखि नै हामीले जनताको साथ र समर्थन लिँदै आयौँ । जब हामीले जनतामा भएको दमन, उत्पीडन र विभेदका विरुद्ध आवाज उठायौँ तब उत्पीडित वर्ग हाम्रो पार्टीको झण्डामुनि गोलबन्द भयो । हामीले निरन्तर जनसेवा अभियान सञ्चालन गरेर जनताको दुःख कष्टमा साथ दियौँ । जनतालाई सङ्गठित र प्रशिक्षित गर्‍यौँ र जनताले पनि हाम्रो साथ छोडेन । सरकारले राज्यआतङ्क मच्चाएर जनतालाई दिएको कष्ट, हत्या र लुटपाटविरुद्ध जनमुक्ति सेनाले प्रतिरोध गर्‍यो । जनमुक्ति सेनामा युवाको आकर्षण बढ्दै गयो । हामीले जनताका बिचबाट जनमुक्ति सेनाका डिभिजन बनायौँ । जनसत्ता सञ्चालन गर्‍यौँ । आधार इलाकाहरू निर्माण गर्‍यौँ । निरङ्कुश राजतन्त्रका विरुद्ध जनताको ठुलो हिस्सा जनयुद्धको समर्थनमा उभियो । त्यसपछि जनयुद्धको जगमा दोस्रो जनआन्दोलन भयो र राजतन्त्रको अन्त हुन सक्यो । यो नै जनता इतिहासका निर्माता भएको असली उदाहरण हो ।

जनताले हामीलाई त्यतिबेला साथ दिए जतिबेला हामीले सही नीति र विचार बोकेर जनताको सामु गयौँ । जतिबेला नेतृत्वले त्याग गर्न तयार भयो, जतिबेला जनताका दुःख कष्टहरूमा साथ दियो, सङ्कटको बेला जनताको पक्षमा भिड्यो, जनता पनि हाम्रो साथमा रहे । मुद्दा र जनसरोकारलाई सही ढङ्गले स्थापित गर्‍यो, जनताको मन छुन सक्यो । जब हामी सरकारमा पुगेर जनताको अपेक्षा पूरा गर्न सकेनौँ, जनताको पक्षमा राम्रोसँग सत्ता सञ्चालन गर्न सकेनौँ, सरकारमा रहँदा भ्रष्टाचार रोक्न सकेनौँ, राज्यसंयन्त्रको रूपान्तरण र परिचालन गर्न सकेनौँ, नेतृत्व जनताको घेराबाट टाढा हुँदै गयो, सरकारी संयन्त्रको वरिपरि, पुँजीपति र दलाल वर्गसँग उठबस हुनथाल्यो तब जनता हामीबाट असन्तुष्ट भए, हामीलाई खबरदारी गरे । त्याग र बलिदानप्रति नेतृत्वको ध्यान नपुगेको, घाइते अपाङ्गहरू दुःखमा बाँचेको, सहिद परिवारले कष्टकर जीवन बिताएको अवस्था जब जनताले देखे अनि हामीप्रति प्रश्न उठाए । त्यसपछि जनताको हामीप्रतिको समर्थन कमजोर हुँदै गयो । निष्ठावान् कार्यकर्तामा विचलन आएको जनताले सबैभन्दा पहिले थाहा पाए । जनताले क्रान्तिकारी विचार, राजनीति र व्यवहारमा स्खलन देखेपछि हामीलाई सजाय दिए । २०७४ सालको निर्वाचनमा भएको कुरा यही थियो । यी हाम्रो आफ्नै आन्दोलनभित्रका जिवन्त घटनाक्रम हुन् ।

पार्टी एकता गर्दा आर्थिक आत्मनिर्भरताको कुरा गरियो । समृद्धिको कुरा गरियो । राजनीतिक स्थायित्व र समाजवादको लक्ष्यबारे जनतालाई बताइयो । अनि जनताले हाम्रो एकतालाई भव्य स्वागत पनि गरे । तर जब सत्तामा पुग्नेका जनविरोधी, अपारदर्शी र भ्रष्टाचारी मनोवृतिको आभाष जनताले पाए, जनता त्यसको विरुद्धमा खडा भए । केपी ओलीले प्रतिगमन गरेपछि हाम्रो आह्वानमा जनता पुनः आन्दोलनमा होमिए । यीलगायत

तमाम उदाहरणहरू हाम्रोसामु छन् । यो कुरा हामीले आफ्नै जीवन र आन्दोलनमा देखेका छौँ, भोगेका छौँ ।

कम्युनिस्ट आन्दोलनका दृष्टिले यो अवस्था ज्यादै चुनौतीपूर्ण रहेको छ । तसर्थ, आज हामी कम्युनिस्ट आन्दोलनको समग्र समीक्षासहित आजसम्मका राम्रा-नराम्रा अनुभवबाट सिक्दै नयाँ ढंगले पुनर्गठन गर्ने अवस्थामा आइपुगेका छौँ । यो सङ्कटको समाधान मुख्य गरी जनतासँगको सहकार्यद्वारा मात्र गर्न सकिन्छ । त्यसका लागि पार्टी र नेतृत्वको सबै तह जनताको बीचमा जाने, उनीहरूका दुःखकष्टसँगै जोडिने अभियान चलाउनुपर्दछ । जनताका बीचबाट, उनीहरूको अनुभवबाट नेतृत्वले आफूलाई प्रशिक्षित गर्ने र जनताको रक्षा गर्ने कार्यक्रम बनाउनुपर्दछ ।

अर्को कुरा, आन्दोलनका क्रममा पार्टी र नेतृत्वले गरेका गल्ती कमजोरीहरूबारे जनताबिच आत्मालोचना गर्दै क्षमा माग्ने र फेरि नदोहोर्‍याउने प्रतिवद्धतासहित जनतासँग एकाकार हुन जरुरी छ । उत्पादन, सङ्घर्ष र वर्गसङ्घर्षमा सामेल भएर निरन्तर आफूलाई रुपान्तरण गर्ने काम व्यक्ति विशेषका लागि मात्र नभएर कम्युनिस्ट आन्दोलनको पुनर्गठनका लागि समेत आवश्यक छ । हामीले मार्क्सवादको शिक्षालाई व्यवहारमा जनताबिच लागू गरेर तिनको विकास गर्दै सही विचारलाई सधैँ धारिलो बनाई राख्नुपर्दछ । कम्युनिस्ट आन्दोलनमा देखिएको विसर्जनवादी प्रवृत्ति, आत्मसमर्पणवादी प्रवृत्ति र व्यक्तिवादी स्वार्थी प्रवृत्ति एवं फुट, विभाजन र विखण्डनवादी प्रवृत्ति विरुद्ध लड्न जनताको तागत आवश्यक छ । जनतासँगको निरन्तर अन्तरक्रियाबाट, उत्पादन सङ्घर्षबाट र वैज्ञानिक प्रयोगको समग्र क्षेत्रबाट विकसित ज्ञानलाई मार्क्सवादको विकाससँग जोडेर हेर्न जरुरी छ । हामीले जनतासँग निरन्तर विचार आदान प्रदान गर्ने गर्नुपर्दछ ।

मूलतः वर्गीय चेतनालाई उठाउँदै जनतालाई सङ्गठित गर्ने र हाम्रो लक्ष्य प्राप्तिको लागि जनपरिचालन गर्नुपर्दछ । नेतृत्वले जनताको प्रत्यक्ष निगरानीमा बस्ने, आफ्नो आचार व्यवहारबाट जनतामा परेको प्रभाव कस्तो छ भनेर बुझ्ने र कमी कमजोरीलाई तत्काल सच्याउने गर्नुपर्दछ । जनताका बीचबाट निरन्तर नेतृत्वको निर्माण गर्ने काम गर्नु पर्दछ । जनताको मूल्याङ्कन सबैभन्दा स्वतन्त्र र पूर्वाग्रहविहीन हुन्छ । उक्त मूल्याङ्कनको आधारमा नेतृत्व निर्माण गर्नुपर्दछ । पार्टी नेतृत्व जनताबीचमा जाने र जनताको पक्षमा सधैँ जोडिने नीति अवलम्बन गर्नु पर्दछ । नेतृत्व जनताका दुःख र खुसीसँगै निरन्तर रूपमा रहन सक्नु पर्दछ । जनताका सानातिना समस्या तत्काल समाधान गरिदिने र गम्भीर समस्या भए समाधानको योजना बनाई लागू गर्ने गर्नुपर्दछ । हामी जनतापट्टि फर्किएको हुनुपर्दछ । जनतालाई केही सङ्कट आउँदा हाम्रो सामु पार्टी छ, नेतृत्व छ भन्ने कुरामा ढुक्क हुने अवस्था सिर्जना गर्नुपर्दछ ।

पार्टी सदस्यको आचरण र व्यवहारले पनि जनतासँग टाढा र नजिक बनाइरहेको हुन्छ । पार्टीभित्र जनताले रुचाएको, जनताले चाहेको प्रगतिशील संस्कृति, व्यवहार र रहनसहन भएको नेतृत्व हुर्काउने कुरामा सदैव ध्यान दिनुपर्दछ । तर आज पार्टीभित्र भ्रष्टाचारी, कमिसनखोरी संस्कृतिको प्रभाव एकातिर छ भने अर्कोतिर कम्युनिस्ट आचरण, व्यवहार, संस्कृति नभई छाडा संस्कृति र उपभोक्तावाद हावी हुँदै गएको छ । यौन, प्रेम, विवाहजस्ता विषयमा प्रगतिशील मान्यता बाहिर गएर महिला पुरुष दुवैमा अवैध यौनसम्बन्धको विकृति बढ्नुले उपभोक्तावादी छाडा संस्कृति मौलाउँदै गइरहेको छ । अनि पद, प्रतिष्ठा र शक्तिको बलमा यस्ता गलत क्रियाकलापको ढाकछोप समेत हुने गरेको पाइन्छ । तसर्थ, सामाजिक, सांस्कृतिक आचरणको रुपान्तरणका लागि जनताको सहारा आवश्यक भएको छ । अर्कोतिर सङ्कीर्णतावादी सामन्ती प्रवृत्तिले पानी नचल्ने अर्थमा यौन, प्रेम र विवाहलाई बुझ्ने गरेको छ । यसरी सङ्कीर्णतावाद र छाडावादविरुद्ध सङ्घर्षकै बिचबाट प्रगतिशील आचरणको विकास आवश्यक भएको छ ।

सार्वजनिक पदमा बस्नेले जनताको स-साना कुरामा समेत ध्यान दिनुपर्छ । कुन गाउँमा के भइरहेको छ ? कतै दुःखी गरिब सामाजिक विभेदमा परेका छन् कि ? समाजमा सीमित टाठा-बाठाले निर्धालाई ठगिरहेका छन् कि ? नेतृत्वले यी र यस्ता कुरामा ध्यान दिएर पीडितको पक्षमा उभिनु पर्दछ । यो हेर्दा सामान्य कुराजस्तो लागे पनि आज हाम्रो पार्टीसामु खडा भएको गम्भीर समस्या हो । आज हामी नेतामुखी बनेर विभिन्न स्तरका नेताहरूसँग नाता सम्बन्ध कायम गर्ने र स्वार्थको सम्बन्ध गाँस्ने कार्यमा व्यस्त छौँ । चाहे त्यो वडाको होस्, चाहे केन्द्रस्तरको जनतासँग छलफल गर्ने, अनुभव आदान-प्रदान गर्ने, तिनका सुख दुःखमा सहभागी हुने कार्य छोड्दै गएका छौँ र यो क्रम तल्लोभन्दा माथिल्लो तहमा अझ गम्भीर समस्याको रूपमा रहेको छ । जसले गर्दा न त जनताको आकर्षण पार्टीप्रति भइरहेको छ न त हामी जनताप्रति उत्तरदायी भइरहेका छौँ । यो अवस्थाको अन्त्य गरी जनताको मनमन्दिरमा पार्टी र नेतृत्वप्रतिको आस्था जगाउन जरुरी छ । यो विषय आजको सन्दर्भमा नयाँ पार्टी निर्माणको सबैभन्दा महत्वपूर्ण पक्ष हो । यो कार्य सिद्धान्तलाई व्यवहारमा उतार्ने साँचो प्रतिवद्धताबाट मात्र



> सार्वजनिक पदमा बस्नेले जनताको स-साना कुरामा समेत ध्यान दिनु पर्छ । कुन गाउँमा के भइरहेको छ ? कतै दुःखी गरिब सामाजिक विभेदमा परेका छन् कि ? समाजमा सीमित टाठा-बाठाले निर्धालाई ठगिरहेका छन् कि ? नेतृत्वले यी र यस्ता कुरामा ध्यान दिएर पीडितको पक्षमा उभिनु पर्दछ । यो हेर्दा सामान्य कुराजस्तो लागे पनि आज हाम्रो पार्टीसामु खडा भएको गम्भीर समस्या हो ।

सम्भव छ । तसर्थ, जनतालाई शक्तिको स्रोत मान्ने मार्क्सवादी मान्यतालाई पार्टीले आत्मसात गरेर जनताको सेवामा निरन्तर संलग्न हुनुपर्दछ । अनि मात्र हामीले जनदिशा लागू गरेको ठहर्छ ।

### ३. गतिशील सङ्गठनका लागि नेतृत्व निर्माण एवं मूल्याङ्कन प्रणालीबारे

कम्युनिस्ट आन्दोलनभित्र मूल्याङ्कन प्रक्रिया सही नहुँदा सङ्गठन परिचालन र नेतृत्व निर्माणमा समस्या छ । मूल्याङ्कन प्रणाली सही नहुँदा यसले अनावश्यक विवाद सृजना गर्ने, असन्तुष्टि र निष्क्रियता बढ्ने, फुट, विभाजनजस्ता समस्या देखिने गरेका छन् । यति मात्र हैन सक्षम र योग्य व्यक्ति कमिटी प्रणालीमा समावेश हुन नसक्ने अवस्था बन्दै गएको छ । यस विषयमा कसरी सही विधि अपनाउने भन्नेमा विभिन्न प्रयोग गरिएको भएप नि कुनचाहिँ उपयुक्त हो भन्ने निष्कर्ष आएको छैन । हामीले अपनाउँदै आएको विधिबारे विश्लेषण गर्दा कम्युनिस्ट आन्दोलनका दुई धारहरू एमाले नेतृत्वको धार र माओवादी नेतृत्वको धारमा दुई फरक खाले प्रणाली अङ्गीकार गरिएको पाइन्छ । एमाले धारमा निर्वाचनको विधि अपनाइएको छ भने माओवादी धारमा मनोनयनको विधि अवलम्बन गरिएको छ । प्रारम्भमा स-सानो कमिटी र कार्यकर्ताको बिचमा यी दुवै विधिले सकारात्मक परिणाम दिएको भए पनि अन्तत्वगत्वा दुवै विधि असफल सावित भएका छन् । प्यानलसहित प्रतिषर्धात्मक निर्वाचन विधिले नेकपा एमालेलाई दुई चिरा पारेर फेरि मिल्नै नसक्ने अवस्थामा पुऱ्याइदिएको छ । विचार र कार्यदिशामा अन्तर नभए पनि चुनावी इगोका कारण पार्टीभित्र समस्या उत्पन्न हुने गरेको पाइन्छ । चुनावी प्यानलको कारण सिर्जना भएको विवादले स्थायी गुट खडा हुन गई आफ्नो गुटको रक्षाका लागि सही कुराको पनि विरोध र गलत कुराको पनि समर्थन गर्न बाध्य पारिएको छ । यो अवस्थाले पार्टीमा विचार र राजनीति, विधि र मूल्य मान्यता सबै समाप्त भएको देखिन्छ । पार्टीभित्रको निर्वाचनमा पनि संसदीय निर्वाचनजस्तै पर्चा, पोष्टर, खानपिन, लाखौँको खर्च आदि इत्यादिले यसलाई बदनाम बनाइसकेको छ । पैसा खर्च गर्न नसक्नेले निर्वाचन जित्न नसक्ने अवस्था छ ।

दोस्रो, मनोनयनको विधि प्रारम्भमा सही भए पनि, कमिटीभित्र ठूलो चिरा नपरे पनि नेतृत्वको इच्छानुसार व्यक्ति छनौट हुने भएकाले पार्टीभित्र आलोचनात्मक चेत हराउँदै जाने र चाकरी प्रवृत्ति हावी हुँदै जाने खतरा देखिएको छ । नेतृत्वको वरिपरि घुम्ने, नेतृत्वले गल्ती गर्दा पनि सच्याउनु भन्दा प्रशंसा गर्नेजस्ता प्रवृत्ति हाबी हुँदै जाँदा यहाँ पनि विचार र राजनीतिक चेतनाको अन्त्य भएर केवल नेता रिझाउने प्रवृत्तिले पार्टी र आन्दोलनलाई कमजोर बनाइरहेको छ । यो प्रवृत्तिले नेतालाई जनताबाट टाढा बनाइरहेको अवस्था छ ।

उपरोक्त दुवै विधि आंशिक रूपले सही भए पनि ती विधिले आन्दोलनको आवश्यकता पूर्ति गर्न सक्दैनन् । आजको अवस्थामा विचार, राजनीति, सङ्गठन परिचालनका लागि मद्दत पुऱ्याउने, जनताको सेवा गर्न प्रतिस्पर्धा गर्ने खालको विधि आवश्यक छ । निर्वाचनबाट प्राप्त बहुमतका नाममा अल्पमतलाई दमन गर्ने प्रवृत्ति र मनोनयनका नाममा जो पनि व्यक्ति कमिटीमा पुगेर हालीमुहाली गर्ने अवस्थाको अन्त्य गर्नै पर्दछ ।

उपर्युक्त अनुभव र शिक्षाको आधारमा हामीले सङ्गठन परिचालन विधिको पालना गर्दै जनपरिचालनमा समेत प्रतिस्पर्धात्मक रुपले योगदान गर्नसक्ने क्षमता हासिल गर्नु आवश्यक छ । हालसम्म अपनाएका दुवै विधिभन्दा फरक ढङ्गले जनतामा भर पर्ने अवस्था सृजना गर्न जरुरी छ । त्यसका लागि कमिटी निर्माण गर्दा नेतृत्व छान्ने अधिकार र भूमिका जनता र कार्यकर्तालाई दिनुपर्दछ । उदाहरणका लागि टोल कमिटी निर्माण गर्दा इकाई कमिटीले छलफल गरेर आवश्यक र सक्षम व्यक्तिहरूको छनोट गर्ने, वडा कमिटी गठन गर्दा टोल कमिटी र सङ्गठित सदस्यले छलफल गरेर निर्णय गर्ने विधि अपनाउनुपर्दछ । वडा कमिटीका सदस्यको बिचमा व्यापक छलफल गरी पालिका कमिटी निर्माण गर्ने । पालिका कमिटीका सदस्यको बिचबाट जिल्ला कमिटीमा नेतृत्व गर्ने सदस्यको छनोट गर्ने । त्यस्तै प्रदेश र केन्द्रका प्रतिनिधि जिल्लाले छान्ने र केन्द्रीय कमिटीले तिनै छनौटका आधारमा निर्णय गर्ने विधि अपनाउनु पर्दछ ।

तोकिएको कार्यकालभर नेतृत्वले सापेक्षिक रूपमा वैचारिक प्रशिक्षणमा कस्तो भूमिका खेले, राजनीतिक पहलकदमीको अवस्था कस्तो रह्यो, सङ्गठन परिचालनमा के कस्तो प्रगति भयो, आचार विचार कस्तो देखायो, जनतासँग एकाकार हुनेमा के-कस्तो भूमिका खेल्यो, राजकीय पदमा बस्दा व्यक्तिगत फाइदाको लागि काम गऱ्यो कि संस्थागत हितका लागि काम गऱ्यो ? आर्थिक पारदर्शीता कत्तिको अपनायो भन्ने कुरालाई पनि मूल्याङ्कनको मापदण्डमा समावेश गर्नुपर्दछ । तिनै मापदण्डको आधारमा कुनै व्यक्तिलाई पूरा कार्यकाल विताउन दिने/नदिने वा अर्को पटक नेतृत्वमा चयन गर्ने/नगर्ने अधिकार तल्ला कमिटी र सदस्यलाई दिनुपर्दछ । यो विधिमा जान सक्ने हो भने पार्टी तल फर्किने, नेता/कार्यकर्ता जनताप्रति उत्तरदायी हुने र अनुशासित हुने स्थिति बन्दछ । यसो गर्दा हामीलाई समाजवादी लक्ष्मा केन्द्रित विचार, सङ्गठन, विधि-पद्धति विकासमा मद्दत पुग्छ । पार्टीले तय गरेको नीति, योजना कार्यान्वयनमा स्प्रिट पैदा हुन्छ ।

यो विधिबाट जनवादको सही प्रयोग मात्र नभई एक्काइसौँ शताब्दीको जनवादको मान्यता अनुसार पार्टी कमिटी निर्माणको प्रक्रिया सुरु हुनेछ । यो आफैँमा एक शुद्धीकरण अभियान र विधिमा आधारित प्रणाली बन्नेछ । नेतृत्वद्वारा संश्लेषित विचार, कार्यदिशा र पद्दतिलाई आत्मसात गर्ने सदस्यले मात्र जिम्मेवारी प्राप्त गर्नेछन् । यसबाट पदका लागि होडबाजी गर्ने प्रचलनको अन्त्य भई जनता र कार्यकर्ताप्रति इमानदार र उत्तरदायी बन्ने प्रतिष्पर्धातिर नेता लाग्नेछन् । यसो गर्दा समाजवाद निर्माणका लागि सही व्यक्ति सही स्थानमा हुनेछ ।

## ४. समाजवाद तयारीको चरणका लागि सङ्गठनात्मक काम

मालेमावादद्वारा निर्देशित द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा आधारित नेपाली समाजवाद, नेपालको वर्गसङ्घर्षको सञ्चालनमा कम्युनिस्ट पार्टीको नेतृत्व र व्यवस्थापकीय श्रेष्ठता कायम गर्दै अगाडि बढ्नुपर्दछ। समाजवादी उद्देश्यसहित उत्पादनमा गाँसिएको आत्मनिर्भरताको लक्ष्यमा केन्द्रित विभिन्न मुद्दा र सङ्घर्ष समेत सञ्चालन गर्न सक्ने पार्टी र सङ्गठन निर्माण गर्न यस चरणको प्रमुख कार्य हुनेछ। कृषिमा आधारित ग्रामीण अर्थतन्त्रलाई बलियो पार्न भूमिको सही उपयोग गर्दै साधन-स्रोत केन्द्रित गरी परिचालन गर्न जरुरी छ।

श्रम, स्रोत, पुँजी र प्रविधि एकीकृत रूपमा परिचालन गर्न विभिन्न समूह, सहकारी, कम्पनी निर्माण गरेर आमजनता, निजी क्षेत्र र सरकार समेतको सहभागितामा उत्पादनका लागि सकारात्मक प्रतिस्पर्धामार्फत् उत्पादन सङ्घर्षको कार्यलाई व्यवस्थित गर्नुपर्दछ। गरिबलाई राज्यबाट थप मद्दत गर्दै तिनलाई आत्मनिर्भर बनाउनतर्फ लाग्नुपर्दछ। उत्पादन सङ्घर्ष र दलाल पुँजीवादबारे, पुँजीवादको असफलताबारे जनतालाई स्पष्ट पार्नुपर्दछ।

निर्वाचनमार्फत् सरकार गठन गर्ने र सरकारद्वारा राज्यसत्ताको उपयोग गरी समाजवाद निर्माणका लागि आवश्यक तयारी गर्ने कार्यमा सरकारको परिचालन गर्नुपर्दछ। समावेशी, समानुपातिक प्रतिनिधित्व, समानुपातिक विकासतर्फ अगाडि बढाउने व्यवस्थित उत्पादनसँग जोडिएका सङ्गठनहरू स्थापना गर्नुपर्दछ। जनताबाट निर्वाचित नेतृत्वलाई वैचारिक, राजनैतिक, सांस्कृतिक चेतनाले भरिपूर्ण बनाउँदै समाजवादको तयारीका कामहरू अगाडि बढाउनका लागि परिचालन गर्नुपर्दछ। सङ्गठनका दृष्टिले उत्पीडित वर्ग, समुदायलाई प्राथमिकता दिई उनीहरूलाई राजनीतिक कार्यका साथै उत्पादनका इकाईका रूपमा सङ्गठित गर्ने, जनआधारित पार्टी निर्माणका लागि विभिन्न जवसहरूलाई उत्पादन योजनासँग जोड्दै राज्यको दुरुपयोग गर्ने, जनभावनाविपरीत चल्ने भ्रष्टाचारी आचरण भएको, दलाल पुँजीपतिहरूको घेराबन्दीमा पर्ने नेतृत्वलाई उक्त संस्कृतिबाट मुक्त गराउँदै जनभावनाअनुरुप चल्नका लागि आन्तरिक रुपान्तरण अभियान सञ्चालन गर्नुपर्दछ। आमजनताको सहभागितामा उत्पादन र विकास निर्माणमा जुट्ने, विकसित प्रविधिको सदुपयोग, श्रम, प्राकृतिक स्रोत, छरिएको स-सानो पुँजी जोड्दै सामुदायिक तथा राष्ट्रिय पुँजी निर्माण गर्ने कुरामा जोड दिनुपर्दछ।

राज्य पुनर्संरचनाको अधुरा काम पूरा गर्न निर्वाचित जनप्रतिनिधि र जनदबाबको संयोजनमा नयाँ कानुन र संरचना निर्माण गर्नुपर्दछ। राज्य संरचनालाई जनमुखी बनाउँदै राष्ट्रियता, आत्मनिर्भरताको विकासमा जोड दिने, दलाल संस्कृति र प्रवृत्तिविरुद्ध सङ्घर्ष गर्ने गर्नुपर्दछ। संविधानमा वर्जित गरिएका तर समाजमा विद्यमान विभेदपूर्ण व्यवहार, संस्कृति र अभ्यास चाहे दलितको सन्दर्भ होस् चाहे गरिबको सन्दर्भ, चाहे महिलामाथिको अत्याचार, चाहे जनजाति-अल्पसङ्ख्यक, धर्म-संस्कृतिको माध्यम वा आर्थिक सामाजिक रूपमा, राज्यसत्तामा बसेर गर्ने दलाली, भ्रष्टाचार, आत्मसमर्पण विरुद्ध सङ्घर्षमार्फत् जनताको अधिकारको रक्षा गर्नुपर्दछ। गरिब उत्पीडित वर्ग समुदायलाई आर्थिक रुपले सबल बनाउन, गरिबी अन्त्य गर्न उपलब्ध साधन स्रोतको उपयोग गर्दै उनीहरूलाई सक्षम र परिश्रमी बनाउन राज्यको अभिभावकत्व र पार्टीको नेतृत्व निरन्तर हुनुपर्दछ।

समाजवादको यात्राका लागि जनवादी क्रान्ति कालका सङ्गठनले नयाँ कार्यदिशाको उद्देश्यलाई बोक्न सम्भव छैन न त पुरानो स्वरुपको पार्टी कमिटी र जनसङ्गठनहरूले नै आजको आन्दोलनको नेतृत्व गर्न सक्छन्। समाजवादी क्रान्तिको तयारीका लागि आजको उत्पादन सङ्घर्ष, वर्गसङ्घर्ष, जनपरिचालन पुरानो तरिकाबाट सम्भव छैन। प्रतिष्पर्धात्मक रूपमा हरबखत जनताको बिचमा आफैँलाई श्रेष्ठ सावित गर्ने पार्टीको अभिभारा पूरा गर्न लोकप्रिय पार्टीबिना सम्भव छैन। लोकप्रियता पुरानो योगदान र उपलब्धिको ब्याजबाट मात्र प्राप्त हुने कुरा होइन। जनताका आजका आकाङ्क्षा, आवश्यकता र समस्या समाधान गर्नसक्ने सङ्गठन आवश्यक छ। जनताका मुद्दालाई सम्बोधन गर्न राष्ट्रिय स्वाधीनताको रक्षा र समृद्धिको प्राप्ति आजको मुख्य कार्यभार हो। जनता र राष्ट्रका मुद्दालाई सम्बोधन गर्नसक्ने, विश्वास दिलाउन सक्ने सङ्गठन, जनताको नजरमा सङ्गठन र आन्दोलनभित्र आफ्नो जीवन देख्न सक्ने, समाजको रुपान्तरण देख्न सक्ने, राष्ट्रको भविष्य देख्न सक्ने विश्वासयोग्य सपना बोकेको सङ्गठन र नेतृत्वको खाँचो छ।

दलाल पुँजीवाद विरुद्ध सङ्घर्षको अर्थ आत्मनिर्भर अर्थतन्त्रसहितको राष्ट्रिय पुँजीको विकास गर्न राज्यको सही नीतिका लागि सङ्घर्ष पनि गर्नुपर्दछ। प्रारम्भमा २० लाख घरपरिवारलाई आत्मनिर्भर बनाउने आर्थिक योजना कार्यान्वयनको लक्ष राखी जनतालाई उत्पादन, रोजगारी र सामाजिक रुपान्तरणको आन्दोलनको लागि समानुपातिक मान्यताका आधारमा सङ्गठित गर्नुपर्दछ।

पार्टीका हरेक केन्द्रीय सदस्य समिति प्रदेश सदस्यलाई राजनैतिक, सङ्गठनात्मक र उत्पादनका दृष्टिले नमूना बनाउने गरी आमकार्यविभाजनको अतिरिक्त वडाको विशेष जिम्मेवारी दिनुपर्दछ। उनीहरूलाई आफ्नो वैचारिक, सङ्गठनात्मक, जनसम्बन्ध, सांस्कृतिक रुपान्तरणको क्षमतालाई व्यवहारिक ढङ्गले आफ्नो योग्यता प्रमाणित गर्ने अर्थमा एउटा इकाईलाई प्रयोगशालाको रूपमा प्रयोग गर्नुपर्दछ। यो शुद्धीकरण अभियानको एक अंशका रूपमा हुनेछ। पार्टीलाई जनताद्वारा निर्देशित र जननियन्त्रित बनाउने प्रक्रियाको सुरुवातको रूपमा बुझ्नु पर्दछ। यसबाट जनताको नेतृत्व गर्न नसक्ने तर नेताको वरिपरि चक्कर लगाएर पद प्राप्त गर्ने प्रवृत्तिको अन्त्य हुनेछ।

वैचारिक दृष्टिले मालेमावादको मार्गनिर्देशनमा नेपाली विशेषताको समाजवाद निर्माणको कार्यदिशा, जनसम्बन्ध, सामाजिक न्याय, जनताद्वारा अनुमोदित नेतृत्व प्रणाली, निरन्तर प्रयोग र परीक्षणबाट विकसित विधि र पद्धतिसहितको सङ्गठन, उत्पादक संस्कृति एवं सांस्कृतिक रुपान्तरणलगायतका विषयमा स्थायी स्कुलमार्फत् निरन्तर अध्ययन अध्यापन गराउनुपर्दछ।

जनपरिचालनका दृष्टिले व्यापक जनसहभागितामा उत्पादन र विकास निर्माण गर्दै उत्पादक शक्तिको विकासमा तीव्रता ल्याउनुपर्दछ। व्यापक रूपमा कृषिमा आधारित स-साना उद्योग किसानकै स्वामित्वमा सञ्चालन गर्नुपर्दछ। मझौला उद्योग समेतको स्थापना गर्ने कार्य अगाडि बढाउनुपर्दछ। उत्पादनका साधनमा क्रमिक रुपले सामुदायिक स्वामित्व स्थापित गर्दै जानुपर्दछ। समाजमा विद्यमान विभेद, कुरीति, विभिन्न खाले हिंसा र शोषणका विरुद्ध शान्ति र सामाजिक न्यायको पक्षमा जनतालाई उतार्दै सामाजिक सांस्कृतिक रुपान्तरण अभियानलाई निरन्तरता दिनुपर्दछ। राष्ट्रिय स्वाधीनता र आत्मनिर्भरताको पक्षमा दलाल पुँजीवादका विरुद्ध निरन्तर जनपरिचालन गर्नुपर्दछ। जनविरोधी मनोवृत्ति बोकेका पुराना राज्यका संरचनागत संस्थाको बदला जनताको पक्षमा काम गर्ने राज्य संरचनाका संस्थाको विकास गर्न निर्वाचित प्रतिनिधि र जनताको शक्तिको प्रयोग गर्नुपर्दछ। विज्ञान र प्रविधिको विकासलाई बुझ्न र प्रयोग गर्नसक्ने क्षमताको विकास गर्नुपर्दछ।

सबै तहको नेतृत्वलाई जनताका आलोचना र सुझावका बिचबाट रुपान्तरण गर्दै लग्ने विधिको विकास गर्नुपर्दछ । क्रमशः पार्टी, सङ्गठन, सत्ताउपर जनताको हस्तक्षेप र निगरानीलाई बृद्धि गर्दै लैजानुपर्दछ । त्यसैगरी अख्तियारको दुरुपयोग, भ्रष्टाचार, आत्मसमर्पणवाद, सबै प्रकारका विभेदका विरुद्ध राज्यका संस्था र संरचनाहरूलाई बलियो बनाउनुपर्दछ । मानव संशाधनको विकासलाई प्राथमिकतामा राखी सबै क्षेत्रमा नेतृत्व गर्नसक्ने जनशक्ति विकास गर्दै वैचारिक, आर्थिक, भौतिक, सांस्कृतिक सामाजिक, क्षेत्रलाई उच्च स्तरमा उठाउन आफ्नै जनशक्तिको योग्यता र क्षमता र श्रमको उपयोग गर्नसक्ने शिक्षा नीति बनाइनुपर्छ । जनताका दैनिक क्रियाकलाप अर्थात उत्पादन सङ्घर्ष र सामाजिक सङ्घर्ष एवम् वर्गसङ्घर्षको क्षेत्रमा उत्पन्न समस्या समाधान गर्न निरन्तर प्रशिक्षित, जागृत गर्ने नीति लिइनुपर्दछ ।

### ५. नयाँ ढङ्गको सङ्गठन निर्माणका लागि वैचारिक आधारको रूपमा एक्काइसौं शताब्दीको जनवाद

एक्काइसौं शताब्दीको जनवादको महत्वबारे भन्नुपर्दा सबभन्दा पहिले हाम्रो वैचारिक संश्लेषणको सम्बन्धमा चर्चा गर्न जरुरी हुन्छ । कमरेड प्रचण्डद्वारा संश्लेषित एक्काइसौं शताब्दीको जनवाद निरन्तर क्रान्तिको सिद्धान्त हो । यसले प्रतिक्रान्तिको तितो अनुभवको गम्भीर समीक्षा गर्दै त्यसलाई रोक्ने विधि, सङ्गठनको निरन्तर विकास, नेतृत्वको जिम्मेवारी र जनताको हस्तक्षेपकारी भूमिकामा जोड दिएको छ । यसमा एक्काइसौं शताब्दीको कम्युनिस्ट पार्टी र सो पार्टीको निरन्तर कान्तिकारीकरणका लागि जनताको निरन्तर निगरानी र हस्तक्षेपको आवश्यकता औंल्याइएको छ ।

निरन्तर रुपले जनताको पक्षमा उभिने कुरालाई प्रतिक्रान्ति रोक्ने विधिको रूपमा अगाडि सारिएको छ । वैज्ञानिक अनुसन्धान र प्रयोगको बिचबाट मालेमावादलाई विकसित तुल्याउँदै त्यसको सृजनात्मक प्रयोगमा जोड दिइएको छ । अर्को महत्वपूर्ण कुरा सर्वहारा वर्गले जनताको बिचमा प्रतिस्पर्धाबाट समेत आफैँलाई श्रेष्ठ सावित गर्ने मान्यतालाई आत्मसात् गरिएको छ । प्रतिक्रान्ति रोक्न पार्टीभित्र दुई लाइन सङ्घर्ष र निरन्तर क्रान्तिको सिद्धान्तलाई स्वीकार गर्दै पार्टीलाई सर्वहाराकरण र श्रमजिवी जनसमुदायको निगरानी र नियन्त्रणमा राख्ने विधि र मान्यता विकसित गर्ने कुरामा जोड दिइएको छ । पार्टीभित्रको दुई लाइन सङ्घर्षमा व्यापक जनसहभागिता हुनुपर्ने मान्यता अगाडि सारिएको छ ।

पार्टी सङ्गठनको सन्दर्भमा प्रतिक्रान्तिविरुद्ध विद्रोहको चेतनाद्वारा भरिपूर्ण सैन्य पङ्क्ति अर्थात मिलिट्यान्ट प्रकृतिको पार्टी सङ्गठनको आवश्यकता औंल्याइएको छ । आमजनतालाई विद्रोहको चेतनाले सुसज्जित पार्न जोड गर्नुपर्ने मान्यता अघि सारिएको छ । निरन्तर क्रान्तिको प्रवाहलाई सङ्गठित गर्ने र संस्थागत रूपमा राज्यसत्ताको विकास गर्ने कुरामा जोड दिइएको छ । बहुदलीय जनवादले बुर्जुवा प्रतिस्पर्धालाई आत्मसात गरेर सुधारवादी प्रतिक्रान्तिकारी वर्गलाई प्राथमिकतामा राखेको छ भने एक्काइसौं शताब्दीको जनवादले पार्टी सङ्गठन र राज्यसत्ताको निरन्तर क्रान्तिकारीकरण गर्दै लैजाने विधि अङ्गीकार गरेको छ ।

जनताको बीचमा प्रतिस्पर्धा, निगरानी, हस्तक्षेप र जनसम्बन्धको माध्यमबाट पार्टीलाई सर्वहाराकृत गर्दै जाने कुरा स्पष्ट गरेको छ । सिद्धान्ततः उपर्युक्त विधि, प्रक्रियाले निरन्तर क्रान्तिको झण्डा उठाएको छ । तर हामी शान्ति प्रक्रियामा आउँदै गर्दा, बाह्र बुँदे सम्झौता गर्दा संविधान निर्माण र त्यस क्रममा चुनावको प्रक्रियामा सहभागी हुँदा हामी माओवादीहरू आंशिक

हामी प्रतिक्रान्तिको चक्रब्यूहबाट सफलतापूर्वक फर्किनु आवश्यक छ । विनासङ्कोच आफ्ना कमजोरीलाई धोइपखाली गर्दै जनताको बीचमा जाने र जनतालाई सङ्गठित गर्दै तिनको सेवा गर्ने नीति अपनाउनुको विकल्प हामीसँग छैन । हामीले परम्परागत रूपमा पार्टीको नामचाहिँ कम्युनिस्ट पार्टी राख्ने तर काम भने बुर्जुवा पार्टीले झैँ गर्ने क्रमलाई तोडेर हाम्रा कामलाई समाजवादउन्मुख बनाउँदै कम्युनिस्ट पार्टीको उद्देश्य र औचित्य पुष्टि गर्न जरुरी छ ।

रूपमा आफ्नो मान्यताबाट विचलित हुँदै गयौं । बुर्जुवा मान्यताप्रतिको आकर्षण र उनीहरूको षड्यन्त्रको पासोमा फस्दै गयौं । पूर्ण रूपले राज्यसत्ता हाम्रो हातमा नआएको भए पनि निरङ्कुश राजतन्त्रको अन्त्य गर्दै सामन्तवादलाई परास्त गर्न सफल भएको सन्दर्भमा अन्य पार्टीहरूसँगको सहकार्य र सम्झौता हाम्रो प्रतिकूलतामा थिएन ।

शान्ति सम्झौता क्रान्तिका उपलब्धिलाई बचाएर अगाडि बढ्ने उद्देश्यमा केन्द्रित रहेर भएको हो । संविधानसभाको निर्वाचनका क्रममा जनपरिचालन गरिएको भए पनि योजनाबद्ध ढङ्गले एक्काइसौं शताब्दीको जनवादको स्प्रिटको आधारमा निरन्तर क्रान्तिको मान्यतामा अघि बढ्ने कार्यमा आवश्यक कदम चाल्न सकेनौं । अधिकांश समय सत्ताको वरिपरि रहँदा जनताबाट अलग थलग हुन पुग्यौं । सत्ताको सुविधा र स्वार्थले अलमल्याउन थाल्यो । हाम्रो सैन्यसङ्गठनलाई बदलिएको परिवेशमा सङ्गठन कार्य र उत्पादन कार्यमा लगाउनेलगायत निरन्तर जनताको सेवामा परिचालन गर्नुको सट्टा त्यसको विसर्जन गर्नीतिर लाग्यौं । सरकार सञ्चालनको क्रममा पुरानो संरचनाको रुपान्तरणका प्रयासमा असफल भई तिनको घेरामा पर्दै गयौं । यी र यस्ता कारणले हामीलाई कमजोर बनाउँदै लगेको तथ्यलाई स्वीकार गर्नुपर्दछ ।

हामी प्रतिक्रान्तिको चक्रब्यूहबाट सफलतापूर्वक फर्किनु आवश्यक छ । विनासङ्कोच आफ्ना कमजोरीलाई धोइपखाली गर्दै जनताको बीचमा जाने र जनतालाई सङ्गठित गर्दै तिनको सेवा गर्ने नीति अपनाउनुको विकल्प हामीसँग छैन । हामीले परम्परागत रूपमा पार्टीको नामचाहिँ कम्युनिस्ट पार्टी राख्ने तर काम भने बुर्जुवा पार्टीले झैँ गर्ने क्रमलाई तोडेर हाम्रा कामलाई समाजवादउन्मुख बनाउँदै कम्युनिस्ट पार्टीको उद्देश्य र औचित्य पुष्टि गर्न जरुरी छ । हामी आफैँभित्र लोकतान्त्रिकरण हुँदै र नेतृत्वको पनि शुद्धीकरण गर्दै अगाडि बढ्न जरुरी छ । नेपाली जनताका अधिकारको अपहरण, लोकतन्त्रको हत्या, राष्ट्रिय स्वाधीनताको लिलामी, जनताको समृद्धि र समाजवादका सपना धुलो पिठो पार्दै सुरु गरिएको नयाँ युद्धका

विरुद्ध पार्टी र नेतृत्व पङ्क्तिको रुपान्तरण गर्दै, जनतामा आधारित पार्टी निर्माणका लागि विचार, सिद्धान्त र विधि समेत स्पष्ट गर्दै नयाँ सङ्कल्प र प्रतिबद्धतासहित फेरि नयाँ स्तरबाट निरन्तर क्रान्तिको मान्यता लागू गर्नुबाहेक अर्को विकल्प हामीसँग छैन ।

शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट पार्टीलाई श्रेष्ठ सावित गर्न सर्वप्रथम जनताका दैनिक समस्या गरिबी, अभाव र विभिन्न खाले विभेदका विरुद्ध जनतासँग एकाकार हुँदै आर्थिक उत्पादन र रोजगारी बृद्धि गर्न तथा सामाजिक-सांस्कृतिक रुपान्तरणको व्यापक अभियानमार्फत् जनताको विश्वास हासिल गर्न जरुरी छ । पार्टी पङ्क्ति उत्पादनमा जोडिने, आर्थिक रुपले आत्मनिर्भर कार्यकर्ता र नेता बन्ने/बनाउने, इमानदारिता र पारदर्शीताको बलमा जनदिशा लागू गर्दै पार्टीलाई लोकप्रिय बनाउने कार्यदिशा अपनाउन जरुरी छ ।

एक्काइसौँ शताब्दीको जनवादको अर्को मुख्य विशेषता नेतृत्व निरन्तर जनताको बिचमा रहने, जनतासित प्रत्यक्ष अन्तरसंवाद गरेर समस्यालाई बुझ्ने, समाधानका योजना निर्माण गर्ने र कार्यान्वयन गर्न आफैँलाई रुपान्तरण गर्ने हो । नेतृत्वले जनताका आलोचना र खबरदारीलाई आफ्नो मार्गदर्शन बनाएर आफैँभित्रका विचलनका विरुद्ध विजय हासिल गर्नुपर्दछ । जनता र राष्ट्रको स्वार्थबाहेक बाँकी सबै कुरा त्याग्ने तत्परता पैदा गर्ने चेतनाको विकास अरुमा भर परेर होइन आफ्नै शक्ति अर्थात् जनतामा भर पर्ने र निरन्तर अगाडि बढ्ने दृढसङ्कल्प आवश्यक छ । साथै कम्युनिष्ट आन्दोलनको रक्षा र विकासका लागि सिद्धान्तलाई व्यवहारद्वारा पुष्टि गर्ने चुनौतीको सामना गर्न आफैँलाई तयार पार्नुपर्दछ ।

## ६. नयाँ कार्यदिशा कार्यान्वयनका लागि सङ्गठन निर्माणको प्रारम्भिक नीति र योजना

- जनआधारित समाजवादी अग्रदस्ताका रूपमा जनतासँगको सम्बन्धको आधारमा छानिएका सङ्गठित सदस्यको बिचबाट सेल कमिटी निर्माण । सेल कमिटीका सदस्यले छानेको टोल र टोलले छानेको वडा कमिटी निर्माण गर्ने । यस्ता कमिटी वैचारिक निर्देशनबाहेक संगठनात्मक निर्देशनमा नबनाउने । एवम् प्रकार पालिका र प्रदेशसम्म आमकार्यकर्ताको छनोटमा कमिटी बनाउने र जिम्मेवारी दिने । पार्टीको काम नगरे वा गर्न नसकेमा फिर्ता गर्न पाउने अधिकार कार्यकर्तालाई दिने ।
- विभिन्न उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग, जातिबाट विकसित भएका समाजवादी अग्रदस्ताका रूपमा छानिएका प्रतिनिधिबाट समावेशी स्वरुपको सङ्गठन बनाउने ।
- पार्टीमा एक्काइसौँ शताब्दीको जनवादमा भनिएको नीति सङ्गठन, उत्पादन र सरकारमा आलोपालोको नीति लागू गर्ने ।
- अवसरको समानुपातिक वितरणको नीति लागू गर्ने र त्यसका लागि पार्टीले मनोनित गर्ने, नियुक्ति गर्ने, समानुपातिक प्रतिनिधित्व गराउँदा व्यक्ति नदोहोऱ्याइ नयाँ अनुहारलाई अवसर दिनुपर्छ । प्रतिस्पर्धाको लागि निर्वाचनमा जान स्थानीय तह र प्रदेशमा अर्को विकल्प नभएको अवस्थामा बाहेक नदोहोऱ्याउने नीति लिनुपर्छ । सङ्घीय निर्वाचनमा नेतृत्वका दृष्टिले आवश्यक पर्ने सङ्ख्या र प्रतिस्पर्धामा जित सुनिश्चित गर्न नभई नहुने व्यक्तिका अलावा नयाँलाई अवसर दिने ।
- सङ्गठित भएको प्रत्येक व्यक्ति कुनै न कुनै उत्पादनको काममा लागेर आत्मनिर्भर हुनुपर्छ । समूह, सहकारीहरूमा आवद्ध भई सामूहिक श्रम र उत्पादनलाई प्रोत्साहन गर्ने ।
- समुदाय (कम्युनिटी)लाई समाजवादको भ्रुणको रूपमा विकास गर्न उत्पादनका साधनको स्वामित्वसहित पुँजी निर्माणको लागि योगदान गर्ने ।
- प्रत्येक केन्द्रीय सदस्य र प्रदेश सदस्यले एक एक वडा, टोललाई आफ्नो कार्यक्षेत्र बनाई राजनैतिक, साङ्गठनिक, आर्थिक, सांस्कृतिक दृष्टिले नमूना बनाउने र मूल्याङ्कनको एक प्रमुख आधार त्यसलाई बनाउने नीति लिने ।
- कमिटी प्रणालीलाई स्थापित गर्ने । कमिटीका सदस्यको धारणाअनुसार निष्कर्ष निकाल्ने विधि पूर्ण रूपमा स्वीकार गर्ने ।
- हरेक तहमा नेतृत्वको विकास गर्न आवश्यक योजना बनाई कार्यान्वयन गर्ने ।
- मुख्य नेतृत्वको रक्षा गर्ने प्रश्नमा सिङ्गो पार्टी पङ्क्तिलाई स्पष्ट बनाउने । नेतृत्वलाई कमिटीगत सुझाव, सल्लाह र कमीकमजोरी सच्याउन आलोचना गर्ने ।
- आर्थिक पारदर्शीताका लागि दैनिक खर्च र आम्दानी विवरण अर्धवार्षिक रूपमा पेस गर्ने ।
- समाजवादको निर्माण गर्ने पार्टीका कार्यकर्ता गरिबी, अभाव र सङ्कटमा बाँच्ने अवस्थाको अन्त्य गर्न माथि उल्लेखित उत्पादन कार्य, सामूहिक श्रमका साथ कार्यकर्ता संरक्षण केन्द्र बनाई कार्यान्वयन गर्ने ।
- उत्पादन क्षेत्रमा लाग्न सामूहिक योजना, सामूहिक श्रम, सामूहिक पुँजी परिचालन र विकास गर्ने ।
- जनयुद्धको क्रममा जनमुक्ति सेना भई काम गरेका घाइते भएका योद्धा, सहिद परिवारलाई प्राथमिकतामा राखी आत्मनिर्भर बनाउने योजनाका साथ अघि बढ्ने ।
- सरकार सञ्चालन संयन्त्र (निर्देशक कमिटी) बनाई सरकारका काम व्यवस्थित गर्नुको साथै सकारले पार्टीको लक्ष प्राप्तिका लागि योजना र कार्यक्रम तयार पार्न स्रोतको परिचालन गर्ने ।
- सबै जवसलाई माथि उल्लेख गरेझैँ स्पष्ट मुद्दा र नारासहित सङ्गठित र परिचालन गर्ने । पेसाअनुसार मात्र सङ्गठित हुन पाउने व्यवस्था मिलाउने (मजदुरी गर्नेले मात्र मजदुर सङ्गठन, पढ्नेले मात्र विद्यार्थी सङ्गठन आदि)
- मोर्चा संगठनलाई समाजवादी उद्देश्यमा जनपरिचालनको उद्देश्यमा स्पष्टतासहित सङ्गठित गर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगारलाई मुख्य आधार बनाई आवश्यक अध्ययन अनुसन्धानसहित पार्टी निर्माण र लक्ष प्राप्तिमा योगदान गर्न विभिन्न विभाग निर्माण गर्ने ।
- तीन तहको पार्टी स्कुल निर्माण गर्ने - आधारभूत स्कुल, उच्च स्कुल र अनुसन्धानात्मक स्कुल ।
- एक टोल कम्तीमा तीन सेल, एक सेल कम्तीमा दोब्बर साधारण सदस्य र तीन गुणा जवस कमिटीहरू निर्माणको सङ्गठनात्मक योजना बनाई अघि बढ्ने ।



# कर्णालीले खोजेको मुक्तिको बाटो

**मातृकाप्रसाद यादव**
**उपमहासचिव**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

## १. कर्णालीको पृष्ठभूमि

इतिहासमा कर्णाली क्षेत्र शैव राज्य, जालन्धरी राज्य, सुवर्ण भूमि, खस देश र जुम्ला राज्यका नाममा चिनिँदै आएको पाइन्छ। शिवको शि र जालन्धरको जा बाट शिंजा नामाकरण भएको र त्यही स्थानबाट अहिले नेपालीहरूले बोल्ने खस भाषा र सँस्कृतिको उत्पति भएको थियो । जनयुद्धको जगमा जनआन्दोलन सफल भएपछि बनेको संविधानसभाबाट गठित संघीय संरचना अनुसार दश जिल्ला मिलाएर कर्णाली प्रदेश बनेको छ।

कर्णाली प्रदेशको कुल क्षेत्रफल ३०,२११ वर्ग किलोमिटर छ । यो कुलमा २०.५३ प्रतिशत भूभाग हुन्छ। २०७८ को नेपालको जनगणना अनुसार, यस प्रदेशको जनसङ्ख्या १६,९४,८८९ छ । कर्णाली प्रदेश भूगोलका हिसाबले सबैभन्दा ठूलो र जनसंख्याका हिसावले सबभन्दा कम जनसंख्या भएको प्रदेश हो। यसको उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्र, पूर्वमा गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश र दक्षिणमा लुम्बिनी प्रदेशसँग जोडिएको छ। यस प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा छ।

### १.२ कर्णालीको बिगत

प्राचीनकालदेखि मध्यकालसम्म पूर्वी एसियादेखि मध्य एसिया हुँदै भू-मध्य सागरसम्म चीनले व्यापार गर्ने रेशम मार्गमा कर्णाली नदीले बाटो जोडी दिएको थियो । कर्णालीको किनारै किनार दक्षिणको दिल्लीदेखि उत्तरको मानसरोवर कैलाशसम्म व्यापारिक नाका थियो । त्यस समयमा कर्णालीको किनारै किनार उत्तर-दक्षिणको व्यापार मार्ग हुनुले कर्णाली प्रदेशमा जे खोज्यो, त्यो पाइन्छ भन्ने गरिन्थ्यो ।

कुनै समयको सम्पन्न कर्णालीमा गोर्खा राज्यको विस्तार अभियानले अवरोध ल्याएको पाइन्छ । पृथ्वीनारायण शाहले भारत र तिब्बतको नाका बन्द गराउँदा व्यापार व्यवसाय ओरालो लागेको थियो । भारतका व्यापारीहरूलाई नेपालमा पस्न नदिनु भन्ने आदेश नै दिएका थिए । उनले तिब्बतमा पठाएको एउटा चिठीमा नेपालबाट कुनै महंगा सामान जान नदिनु र तिब्बतले पनि त्यस्ता महंगा सामानको आयात नगर्नु, यसैगरी भारतसँग कुनै सम्बन्ध नराख्नू भन्नुले नेपाल विशेष गरी कर्णाली प्रदेशलाई



व्यापारमा बढी नै घाटा भएको थियो । यसबाट स्रोतहरू बन्द हुन पुगेको थियो । त्यसकारण तिब्बतले नेपालका राजा प्रताप सिंह शाहलाई चिठी लेखी तपाईहरूले व्यापारलाई विशेष ध्यान दिन र भारतका हिन्दू र मुसलमानलाई नेपालको मार्ग प्रयोग गरी तिब्बतसँग व्यापार गर्न दिनु भन्ने अनुरोधलाई समेत नेपालका राजाहरूले ध्यान नदिएका कारण कर्णाली क्षेत्रमा व्यापार घाटा हुन गई कर्णाली क्षेत्रको अर्थतन्त्र तहसनहस भएको थियो । कर्णालीको लोक नीति अर्थात् प्रत्येक घरको जेठो सन्तानले घरको काम गर्ने, माहिलाले राज्यको काम गर्ने र कान्छोले व्यापार व्यावसाय गर्ने परम्परामा ब्रेक लाग्यो ।

त्यसपछि व्यापारीको स्वतन्त्रता र सुरक्षाको अभावले व्यापार दिन प्रतिदिन घट्दै गयो । व्यापारीहरूलाई आफ्नो गाउँ नजिकको निश्चित ठाउँमा मात्र व्यापार गर्नु र अरु ठाउँमा नजानु भन्ने राज्यको निर्देशनले कर्णालीको व्यापारमा ठूलो घाटा लाग्यो । त्यसपछि कर्णालीबासी परम्परागत कृषिमा निर्भर हुन बाध्य भएका थिए ।

हिमाली जिल्लाबासीको बचेखुचेको वस्तु विनिमय गर्ने परम्परागत व्यापार समाप्त भयो । यसले गर्दा भोट-माल (उत्तरको तिब्बत र दक्षिण भारतको सीमासम्म भेडाबाख्रालाई भारी बोकाएर) जाने परम्परा समाप्त भयो। सडक निर्माण कार्य बिस्तार हुनुले भोट र मधेशको हाट नजिकिँदै गयो ।

यस्तै संघ संस्थाको प्रवेशले कर्णालीमा आत्मनिर्भर अर्थतन्त्र र श्रम कार्यलाई प्रभावित पारी परनिर्भर बनाइयो । राज्यको आडमा सीमित मान्छेहरूले कर्णालीको गरिबी, भौगोलिक बिकटता, शिक्षा र स्वास्थ्य जस्ता बिषयलाई लिएर डलरको खेती गर्ने काम पनि भएको छ । यसबाट प्राकृतिक साधन स्रोतले सम्पन्न प्रदेशलाई परनिर्भर बनाउन पुगे । उदाहरणका लागि विश्व खाद्य कार्यक्रमलाई लिन सकिन्छ । हेर्दा कामको लागि खाद्यान्न कार्यक्रम राम्रो छ । यस कार्यक्रमले कर्णालीको उत्पादन बढाउन सहयोग गरेन । बरु अन्य ठाउँबाट चामलको आयात गर्दा एकातिर मान्छे भाते र रोगी बने भने अर्कातिर उत्पादनमा लाग्न छोड्ने प्रवृति बढयो । यस्ता खाले कार्यक्रम सञ्चालनले कर्णाली परनिर्भर हुँदै गयो । यसबाट कर्णालीको उत्पादन बिक्री हुन छोड्यो । बाहिरको उत्पादित बस्तुले बजार पायो । एवं प्रकारले कर्णालीलाई नीति निर्माण तथा शासन गर्ने संयन्त्रबाट बाहिर राखेकै कारण कर्णाली रोग, भोक, शोक, पिछडिएको र अभावग्रस्त क्षेत्रको रूपमा चिनिन थाल्यो ।

**१.३ कर्णालीले खोजेको परिवर्तन**

२०४६ सालमा बहुदलीय व्यवस्था आयो । शासन व्यवस्थामा केही नयाँ अनुहार देखा परे । तर जनताले अपेक्षा गरेका कुरा बहुदल आउँदा पनि पुरा भएनन । कर्णाली चीनको सीमासँग जोडिएको क्षेत्र भएकाले होला । कम्युनिष्ट प्रभाव यस क्षेत्रमा देखा पर्यो । विभिन्न निर्वाचन ताका राष्ट्रिय राजनीतिमा नेकपा एमाले, संयुक्त जनमोर्चा र नेमकिपाले आफ्नो उपस्थिति जनाउँदै गए । संसदीय राजनीतिबाट जनताका अधिकार स्थापित हुन नसक्ने देखिएपछि हाम्रो पार्टी नेकपा (माओवादी)ले २०५२ फागुन १ गतेबाट जनयुद्धको घोषणा गरेको थियो ।

जनयुद्धको प्रथम शहीद गोर्खाका दिलबहादुर रम्तेल स्थापित हुनुहुन्छ । प्रचार र स्थान विशेषले पनि फरक पर्ने रहेछ । वास्तवमा जाजरकोट नलसिंहगाड ४ र ५ नं वडा निवासी मानबहादुर रावल र मानवहादुर वलीलाई प्रहरीले फागुन १४ गते विहान हत्या गरेको थियो । उहाँहरूलाई २०८० मंसिर २ गते बसेको पार्टी प्रदेश सचिवालयको बैठकले प्रदेशका प्रथम शहीदहरू भनी किटान गरेको छ । राज्य आतंकको सीमा रहेन । नेकपा(माओवादी)को आव्हानमा कर्णालीका युवाहरू रोजगार पाए सरह जनयुद्धमा होमिएका थिए । कर्णालीका छोरा छोरीहरू जनयुद्धमा लामबद्ध भई जनमुक्ति सेनामा भर्ति भएर देशब्यापी रूपमा आफ्नो बहादुरीता प्रदर्शन गरे । पुर्वी कमाण्डदेखि सुदुरपश्चिमसम्म हजारौं योद्धाहरूले उच्च बलिदान गरे । कैयौं योद्धाहरू घाइते भई कष्टकर जीवन बिताई रहनु भएको छ । यसले गर्दा सिंगो कर्णाली जनयुद्धको आधार किल्लामा परिणत भयो । यसैले जनताको तर्फबाट निर्माण भएको जनमुक्ति सेनाले कालिकोट पाद्मघाट प्रहरी चौकीदेखि तत्कालीन कर्णाली अञ्चलको सदरमुकाम जुम्ला खलंगा आक्रमण हुँदै कालिकोटको पिलीसम्मका कार्बाही भएका थिए । जनमुक्ति सेनाको तर्फबाट देशैभरिका सबै कमाण्डमा पुगी युद्धमोर्चामा महत्वपूर्ण भुमिका निर्वाह गरेको अनुभव छ ।

नेपाली क्रान्ति रक्षा, सन्तुलन र प्रत्याक्रमणको चरण भएर गुज्रेको थियो । २०६२ कार्तिकमा रुकुम चुनवाङमा बसेको माओवादी केन्द्रीय समिति बैठकले राजतन्त्रको अन्त्य, संविधानसभाको चुनाव र गणतन्त्रको घोषणाका सम्बन्धमा दलहरूसँग वार्ता गर्ने कार्यनीति अघि सारेको थियो । दलहरूसँग रोल्पा सहमतिको जगमा २०६३ मङ्सिर ७ गते सात राजनीतिक दलसँग निरंकुश राजतन्त्रको अन्त्य गरी संविधानसभाको निर्वाचन गर्ने र देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने उद्देश्यसहित १२ बुँदे सहमति भयो । हाम्रो पार्टीले देशको राजधानी, मुख्य शहर र सदरमुकाम बाहेकको भूभागमा जनसत्ता र जनअदालतका नाममा वैकल्पिक शासन चलाएको थियो । जनयुद्ध १० वर्ष, नौ महिना, पाँच दिनसम्म चलेको थियो । यस संघर्षमा कर्णाली प्रदेशका २०५८ जनालाई नेपाल सरकारले शहीदको मान्यता दिएको छ । अझै करिव एक सय जनालाई मान्यता दिन बाँकी छ । यसै संघर्षका आधारमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको हो । पृथ्वीनारायण शाहले गोर्खा राज्यको बिस्तार गरेको र एकल जातीय राज्यको निर्माण गरेकाले आम जनता शोषण उत्पीडन दमनको शिकार भएका थिए । उक्त अवस्थामा हाम्रो पार्टीका अध्यक्ष कमरेड प्रचण्डको नेतृत्वमा उत्पीडित वर्ग क्षेत्र समुदायलाई समानताको अधिकार दिई देशलाई एकीकरण गर्दै समाजवाद र साम्यवाद स्थापना गर्ने उद्देश्य अनुरुप महान जनयुद्धको थालनी भएको हो । त्यही जनयुद्धको जगमा निरंकुशतन्त्रको अन्त्य गरेर संघीयता, धर्मनिरपेक्षता सामानुपातिक

समावेशी प्रतिनिधित्वसहितको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको जग जाहेर नै छ ।

## २. तथ्याङ्कमा कर्णाली

कर्णाली प्रदेश राष्ट्रिय औसतको तुलनामा धेरैजसो सूचकांकमा पछाडि रहेको छ। कर्णालीको अपेक्षित आर्थिक वृद्धदर २.११ प्रतिशत रहेको छ। जबकि राष्ट्रिय २.१६ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको मानव विकास सूचकांक ०.५३७ हुँदा राष्ट्रिय औषत ०.६०२ रहेको छ। कर्णाली प्रदेशको प्रतिव्यक्ति आय ९३७ अमेरिकी डलर रहेको छ भने नेपालको प्रतिव्यक्ति आय १३९९ अमेरिकी डलर रहेको छ। कर्णालीको बहुआयामिक गरिवी दर ३९.५ प्रतिशत रहेको छ। राष्ट्रिय औसतमा नेपालको बहुआयामिक गरिवी दर १७.४ प्रतिशत रहेको छ। कर्णालीका नागरिकको औषत आयु राष्ट्रिय आयुको तुलनामा निकै कम छ। कर्णालीका नागरिकहरूको औषत आयु ६७.०३ वर्ष छ भने राष्ट्रिय आयु ७१.७४ वर्ष रहेको छ।

उपरोक्त सूचक सुधारका लागि संविधानले दिएको अधिकार उपयोग गर्दै राजनैतिक रूपमा मानव केन्द्रित विकास गर्न आवश्यक छ। समग्रमा शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारी, त्यसका लागि पूर्वाधार निर्माणमा कर्णाली पार्टी र सरकार एकीकृत रूपमा लाग्नु पर्ने देखिएको छ । उपलब्ध साधन र स्रोतको समुचित प्रयोग गर्दै योजनाबद्ध विकासद्धारा सभ्य, सुसँस्कृत र समृद्ध कर्णाली बनाउने दायित्व पनि कर्णालीवासीको काँधमा आएको छ। दृढ इच्छाशक्तिसहितको नेतृत्व, जनउत्तरदायी प्रशासन र सकारात्मक सोच राख्ने नागरिकहरूबाट कर्णाली प्रदेशले आफ्ना प्रचुर प्राकृतिक सम्पदा र आधुनिक प्रविधि उपयोग गरेर विकास र समृद्धिको ढोका खोल्ने लक्ष्य राख्नु पर्दछ। आन्तरिक र बाहृय स्रोत साधन तथा अर्थतन्त्रका प्रमुख र सहयोगी क्षेत्रको परिचालनबाट रुपान्तरणकारी कार्यक्रममा लगानी केन्द्रित गर्दै दिगो विकासका लागि दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य हासिल गर्नु पर्दछ । समग्रमा सामाजिक न्यायमा आधारित र समाजवादी कार्यदिशासहितको समतामूलक समाज निर्माण गर्नेतर्फ केन्द्रित हुन पर्दछ।

## ३. अभियानको उद्देश्य

- जनसमुदायको घरमा पुगेर पार्टीको विचार सम्प्रेषण गर्नुका साथै सबैखालका सुझाव संकलन गर्ने ।
- निरन्तर कार्यक्षेत्र र जनताको सेवा गर्ने नेता कार्यकर्ताको पहिचान गर्ने ।
- भौतिक पुर्वधार बिकास, आर्थिक समृद्धि र सामाजिक न्यायसहितको सुशासन संभावना पहिचान गरि  नयाँ मोडल बनाइ कार्यान्यिनमा जाने ।

### ३.१ लक्ष्य

पार्टी केन्द्रले तय गरेको अभियानको मूल लक्ष्यअनुसार कर्णाली प्रदेश समितिले निम्न लक्ष्य तय गरेको थियो ।

- नवीकरण र विस्तारको माध्यमबाट पार्टी सदस्यता संख्या आठ लाख पुर्याउने गरी पार्टी र जवस मोर्चाका सबै समितिका बैठक सम्पन्न गर्ने । जस अनुसार आठौ महाधिवेशनका बेला सूचीकृत भएका पार्टी सदस्य संख्यालाई अद्यावधिक गरी दश हजार बढाउने ।
- कम्तिमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा गरेका कामहरूको बारेमा जानकारी गराउने । जसअनुसार कर्णाली प्रदेशको कुल जनसंख्या १६,९४,८८९ र मतदाता संख्या ९,०८,४०३ रहेकोमा कम्तिमा सात लाख मतदातालाई भेटघाट गरी केन्द्रीय लक्ष्य पुरा गर्ने ।
- आत्मनिर्भरता बढाउने उद्देश्यका साथ पार्टीको नेतृत्वमा संचालित स्थानीय सरकारहरूले कम्तिमा १/१ वटा उत्पादन र उद्यमसँग सम्बन्धित कार्यक्रम सुरु गर्ने । जसअनुसार सम्भाव्यताको अध्ययन गरी कार्यक्रम सञ्चालन गर्न लगाउने ।
- संघीय सरकारले कृषि तथा वनमा आधारित साना उद्योग, उत्पादन र बजारीकरणको क्षेत्रमा पार्टी प्रदेश समितिको सिफारिस बमोजिम



७ वटै प्रदेशमा एक/एक वटा आयोजना सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने ।

- समग्र क्षेत्रमा पछि पारिएको कर्णाली प्रदेशको पूर्वाधार क्षेत्रको पैरवी गर्नुका साथै दिगो विकासमा जोड दिँदै आवश्यकताको सूचि तयार गरी पार्टी परियोजना बैंक स्थापना गर्ने ।

३.२ **चरण**

पहिलो चरण : बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण/विस्तार, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग संबन्धित संयन्त्र र योजना निर्माण, विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तरविरोधहरूको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनको लागि कोष निर्माण ।

दोस्रो चरण : पाँच घण्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तरक्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोल टोलमा युवाभेला, स्थानीय स्तरका सरकारी तथा सामाजिक संघ संस्थाहरूसँग अन्तरक्रिया ।

तेस्रो चरण : जनप्रदर्शन, जनसंघर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम । सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन र एक्यवद्धताका कार्यक्रम ।

४.१ **सवल पक्ष**

- कर्णालीमा रहेका केन्द्रीय सदस्य र प्रदेश सदस्य गरी ६८ प्रतिशत नेता कार्यकर्ता अभियानमा परिचालित भएको ।
- ७ लाखभन्दा बढी मतदाताहरूको बीचमा अभियान टिम पुगेर भेटघाट, भेला र वैठक बसी पार्टीको विचार सम्प्रेषण गरेको ।
- कुल पार्टी सदस्य सख्याको ५० प्रतिशत ४०,६५७ सदस्यता नविकरण भएको ।
- हाल ६,२२४ नयाँ सदस्यता वितरण भएको ।
- अभियान अवधिमा ४,०३,८४० जनपरिचालनका कामहरू भएको ।
- प्रदेशका ५५८ स्थानमा जनसेवा तथा श्रमदान गरिएको ।
- विभिन्न पार्टी परित्याग गरी ३,३७० जनाले हाम्रो पार्टीमा प्रवेश गरेको ।
- प्रदेश भरको ४,४८८ सेल कमिटीका बैठक सम्पन्न भएको थियो ।
- प्रदेशभरको २,४९२ टोल कमिटी बैठक बसेको
- प्रदेशभर गरी रु. ८,९९,२५० सदस्यता नवीकरण शुल्क र लेवी उठेका ।
- अभियानका क्रममा जाजरकोट रामीडाँडा केन्द्र भइ भुकम्प जाँदा प्रभावित क्षेत्रमा ३,६९९ स्वयमसेवक परिचालन गरि उद्धार, राहत वितरण र १७,९१८ वटा अस्थाइ घर टहरा निर्माण गरिएको ।
- भौगोलिक विकटता, मौसमी प्रतिकुलता, आर्थिक अभाव र शारीरिक अस्वस्थताका बाबजुद प्रदेश इन्चार्ज आफै सबै जिल्लामा पुगी अभियानलाई प्रभावकारी बनाएको ।
- नयाँ ऊर्जासहित अभियानमा नेता, कार्यकर्ता देखा पर्नुले खास नेतृत्व पहिचान भएको ।
- अभियानले जनता र कार्यकर्तामा नयाँ उर्जा र भावनात्मक एकता पैदा गरेको छ । पार्टी भित्रका अन्तरविरोधहरूको पहिचान र हल भइ पार्टी गतिशील बनाउने आधार तय भएको ।
- जबस, मोर्चा र विभागका सबै स्तरका कमिटीहरू विस्तार र सदृढीकरण गएिको ।
- पालिकास्तर र वडास्तरमा जनसभा सम्पन्न गरिएको ।

समाजवादी मोर्चा नेपालको प्रदेशस्तरमा घोषणा सभा र ५ वटा जिल्लाहरूमा सभा गरी समाजवादी मोर्चालाई निर्माण गरिएको । प्रधानमन्त्री एवं पार्टी अध्यक्ष प्रचण्डको भूमिकाको कारण प्रदेशमा पार्टी नेतृत्व सवल, सक्षम र गतिशील देखिएको ।

प्रश्नावलीको माध्यमबाट बिभिन्न खालका सुझाब तथा तथ्यांकहरू संकलन गरियो ।

४.२ **दुर्बल पक्ष**

- प्रदेश ईन्चार्जको शारिरिक अस्वस्थाका कारण तेश्रो चरणको कार्यक्रम अपेक्षा गरेअनुसार हुन सकेन ।
- भौगोलिक बिकटता र मौसमी प्रतिकुल रहनु ।
- आर्थिक व्यवस्थापनको कमि हुनु ।
- केन्द्रको आर्थिक सहयोग नहुनु र प्रदेशबाट पनि आर्थिक ब्यवस्थापन गर्न नसकेको ।
- सुरुको १ महिना अभियान तिब्र गतिमा अगाडी बढेपनि भौगोलिक बिकटता, मौसमी प्रतिकूलता र आर्थिक निरिहताका कारण अभियानको तिब्रतामा कमि आएको ।
- अभियानको समय अबधि बढ्नुले सक्रीयता घट्दै जानु ।
- दशै तिहार जस्ता चाडपर्व अभियानको समयमा पर्नु ।
- जाजरकोटको रााँमिडाडा केन्द्रविन्दु भएर भुकम्प आउनु ।
- केही जिम्मेवार नेता कार्यकर्ता अभियानमा नखट्नु ।
- केहीले आधा समय मात्र अभियानमा समय दिनु ।
- भनाइ र गराइमा ठूलो खण्ड रहेको ।
- एकाध जिम्मेवार कमरेडहरू बाहेक जनता र कार्यकर्ताको बीचमा पुगि आत्मआलोचित हुन नसक्नु आदि ।

५.३ **शिक्षा**

- अधिकांश नेता तथा कार्यकर्ताहरूको सक्रिय खटाईले अभियानको जनतामा सकरात्मक सन्देश पर्नुका साथै पार्टीभित्र नयाँ उर्जा तथा रक्तसंचार पैदा गरेको ।
- नेता, कार्यकर्ता र जनताबीचको सम्बन्धलाई जिवन्त बनाइ राख्नका लागि कमिटि प्रणाली चुस्त दुरुस्त भए अभियानको आवश्यकता नै पर्दैन ।
- सबै पार्टी समितिहरूले आफ्नो कार्यक्षेत्रको विगत र वर्तमानको तथ्य, तथ्यांक र अभिलेखीकरण गर्न प्रोत्साहित गर्नु पर्ने देखियो ।
- अबका अभियानले पार्टीको विचार र राजनीति जनताको बिचमा

लिइरहनका लागि जनतासँग श्रममा जोडिएर आर्थिक उत्पादनका क्षेत्रमा केन्द्रित गर्न आवश्यक देखियो ।




- आगामी दिनमा सञ्चालन हुने अभियानको लक्ष्यका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्ष उजागर हुने प्रश्नावली सहितको फारम तयार गरेर वितरण गर्नपर्ने देखियो ।
- अभियानलाई प्रभावकारी बनाउन आवश्यक पर्ने लजिष्टिक र आर्थिक व्यवस्थापन गर्नपर्ने देखियो ।
- विद्यमान गरिवी घटाउन र बेरोजगारी समस्या हल गर्न उत्पादनका क्षेत्रहरू पहिचान गरी लगानी केन्द्रित गर्नु पर्ने देखियो ।
- पार्टीका सबै अंगलाई सक्रिय, जिवन्त बनाउनुका साथै संगठन भित्रका अन्तरविरोध हल गर्नका लागि सक्षम र कमिटि प्रणाली सक्रिय रहनुपर्ने ।
- पूर्वाधार विकासमा केन्द्रित भई कर्णाली मोडल स्थापित गरी अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने ।
- प्रदेश समितिदेखि सेलसम्म पार्टी आन्दोलनलाई प्राथमिकतामा राखि कुनै प्रकारको पूर्वाग्रह नराखी ईमान्दार भएर सक्षम कमरेडहरूलाई नेतृत्व गर्न दिने प्रणालीको स्थापना गर्ने ।
- अन्तर जिल्ला अन्तरपालिका अन्तर वडा कार्यक्षेत्र बनाई अभियान संचालन गरिनुले पार्टीको आन्तरिक जिवनमा उत्साह र गतिशिलता प्रदान भएकाले केन्द्रीय तहका नेताहरूलाई अन्तर जिल्लामा कार्य बिभाजन गरिनुपर्ने देखिन्छ ।
- प्रदेश र स्थानीय तहका सरकारहरूले सुशासन दिन नसकेका कारण र जनताको मन जित्ने गरी जनअपेक्षा अनुसार काम अगाडी बढाउन बिशेष जोड गर्नु पर्छ । राजनीतिक नियुक्तिका साथै सरुवा बढुवा गर्दा ब्यक्ति व्यवस्थापन भन्दा ईमान्दार र सक्षम ब्यक्तिहरूलाई जिम्मा नदिएको आम गुनासोलाई सुधार गर्नुपर्छ ।
- हामीमा रहेको वैचारिक अन्यौलता, कार्यदिशा भित्र रहेको अस्वस्थता वारे नेता तथा कार्यकर्ताको ब्याक्तिकारिताबारे ब्यापक छलफल गरि आफूतिर भन्दा जनताप्रति ईमान्दार बन्न घनिभूत छलफल गरियो । केन्द्रदेखि सेलसम्म सवै पदमा निर्वाचनद्वारा नेतृत्व चयन गर्नुका साथै सवै तहको कमिटि निर्माण हुनुभन्दा अगाडि नै उम्मेद्वारको सर्वसम्मति नभए निर्वाचनद्वारा छनौट गर्नुपर्ने ।

## ५. निश्कर्ष

पार्टी केन्द्रले किटान गरेको अभियानको लक्ष्य पुरा गर्न कर्णाली प्रदेश समितिको भदौ २ र ३ गते बैठक बसेको थियो । भदौ ४ गते सम्मानीय प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको उपस्थितिमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । भदौ १५ गतेसम्ममा सबै तहका पार्टी कमिटिहरूका तयारी बैठक सम्पन्न भए । भदौ १६ गते ६०१ वडा स्तरमा, ११७ वडालाई पालिकास्तरमा वडाहरूको संयुक्त २१ स्थान गरी ६२२ वडामा अध्यक्ष कमरेड प्रचण्डको भर्चुअल सम्बोधन सहित उद्घाटन गरियो । अभियानका क्रममा सदस्यता नवीकरण र विस्तारको माध्यमबाट पार्टी सदस्यता संख्या १० हजार बिस्तार गरि ९० हजार पुऱ्याउने गरी पार्टी र जवस मोर्चाका सबै समितिका बैठक सम्पन्न गरियो । जस अनुसार ६० प्रतिशत नयाँ सदस्यता बितरण गरियो । साथै आठौ महाधिवेशनका बेला सूचीकृत भएका पार्टी सदस्य संख्यालाई ५० प्रतिशत नविकरण गरियो । कर्णाली प्रदेशको कुल जनसंख्या १६,९४,८८९ र कुल मतदाता संख्या ९,०८,४३३ (महिला ४४९०३०, पुरुष ५९४०१ र अन्य २) रहेकोमा ७ लाख मतदातालाई भेटघाट गरी प्रदेशको लक्ष्य पुरा गरियो ।

आत्मनिर्भरता बढाउने उद्देश्यका साथ पार्टीको नेतृत्वमा संचालित स्थानीय सरकारहरूले कम्तिमा १/१ वटा उत्पादन र उद्यमसँग सम्बन्धित कार्यक्रम सुरु गर्ने भन्ने थियो । जसअनुसार सुर्खेतमा साना तथा घरेलु उद्योगको लागि औद्योगिक ग्रामलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रोत्साहित गरियो । संघीय सरकारले कृषि तथा वनमा आधारित साना उद्योग, उत्पादन र बजारीकरणमा जोड दिएको थियो । समग्र क्षेत्रमा पछि पारिएको कर्णाली प्रदेशको पूर्वाधार क्षेत्रको पैरवी गर्नुका साथै दिगो विकासमा जोड दिदै आवश्यक सूचि तयार गरी पार्टी परियोजना बैंकका लागि आधार तयार भएको छ । अभियान अवधिभर माओवादी केन्द्रबारे लगाइएका भ्रमलाई चिर्दै पार्टीको विकसित विचार, राजनीति र कार्यदिशाबारे व्यापक रूपमा छलफल गरियो । अन्य दलका नेता कार्यकर्तासँग बैचारिक छलफल गर्ने काम भयो । यसका साथै सबै स्थानीय तहमा सुशासन र सामाजिक न्यायका विषयमा अन्तरक्रिया सञ्चालन गरियो । यसले समग्रमा सबै तहका नेता कार्यकर्तामा मुख्यतः रुपान्तरण आवश्यक रहेको कुरा स्थापित भयो । रुपान्तरण मुखले भन्ने विषय नभइ व्यवहारमा लागु गर्ने विषय भएको अनभव गहिरो गरी भएको छ । यसकारण अभियानमा जनस्तरबाट दिगो विकासका लागि पुर्वाधार बिकासमा जोड दिनुपर्ने साथै पार्टी र सरकारले कर्णाली विकासमा नयाँ मोडल विकास गर्नुपर्ने माग उठेको पाइयो । ●



# विशेष रूपान्तरण अभियान

## केही अनुभव केही अनुभूति

**दीनानाथ शर्मा**
सचिव
नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को २०८० श्रावण १७ गते प्रारम्भ भएको केन्द्रीय समितिको चौथो पूर्णबैठकले भाद्र १५ देखि मङ्सिर १५ गतेसम्मको पार्टी सङ्गठन निर्माण र शुद्धिकरण अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो । पछि एक महिना थपेर चार महिने यो अभियानमा "जनतासँग माओवादी विशेष रुपान्तरण अभियान" कार्यक्रमको नारा तय भयो । पार्टी केन्द्रदेखि स्थानीय तहसम्म र विभिन्न जनवर्गीय सङ्गठन, मोर्चा र पेसागत सङ्घ-सङ्गठनको सम्पूर्ण शक्तिलाई सङ्केन्द्रित गरी पार्टी पुनर्निमार्ण अभियानमा लाग्ने सङ्कल्पका साथ केन्द्रीय समितिको बैठक समापन गर्दा बैठकमा सहभागी सम्पूर्णमा असिम उत्साह, जोश, जाँगर र ऊर्जा पैदा भयो । नयाँ उत्साहका साथ सम्पूर्ण शक्ति १५ गतेदेखि सञ्चालन हुने अभियानको तयारीमा केन्द्रित भयो । आ-आफ्नो तहका बैठक, भेला, प्रशिक्षण र अन्य भौतिक तथा प्राविधिक तयारीमा लागियो ।

यस पटकको बैठकमा सूचना सञ्चार र विज्ञानको क्षेत्रमा भएको पछिल्लो विकासलाई विशेष महत्व दिनुपर्ने कुरामा घनीभूत छलफल भयो । केन्द्रीय समितिको मर्म र भावनाअनुसार विशेष संयन्त्रको निर्माण र त्यसलाई व्यवस्थित र परिचालित गर्न पार्टीका उपाध्यक्ष कमरेड अग्नि सापकोटालाई जिम्मा दिने निर्णयले यो क्षेत्रलाई पार्टीले कत्तिको महत्ववोध गऱ्यो भन्ने कुरा प्रष्टै हुन्छ । त्यसअनुसार केन्द्रमा प्राविधिकहरू समेतको संयन्त्र बन्यो र तलसम्म छोटो समयमा यसको विस्तार भयो । जनतासँग माओवादीलाई जोड्ने पछिल्लो प्राविधिक संयन्त्रले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यसको क्षेत्र विशाल छ । विस्तार विकास हुँदैछ । स्रोत, साधन र उच्च प्राज्ञिक प्राविधिक जनशक्ति समेतको व्यवस्थापनसहित समृद्ध गर्दै जानुपर्ने आवश्यकता छ ।

विगत केही समयदेखि पार्टीको जनतासितको सम्बन्धविच्छेद प्रायः भएको, पार्टी, जवस, मोर्चा र पेशागत सङ्गठनले मूर्तयोजना र कार्यक्रम नपाएकाले परिचालित हुन नसकेको, नेताहरू सहरकेन्द्रित भएको अवस्था थियो । न बैठक, न प्रशिक्षण, न योजना कार्यक्रम



पार्टी कमिटी निस्क्रियजस्तै भएपछि नेता कार्यकर्तामा अन्योलता र अराजकको स्थिति उत्पन्न भएको अवस्थामा थियो । पार्टी केन्द्रीय समिति बैठकले स्थितिको गम्भीर आत्मसमीक्षा गरी समयसापेक्ष अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो । यसले पार्टीभित्र नयाँ तरङ्ग पैदा भयो । पार्टी पदाधिकारी समेतले वडासम्म अनिवार्य रूपमा पुग्नुपर्ने निर्णयले पार्टीलाई स्थानीय तह र जनतासित प्रत्यक्ष जोडिने मार्गदर्शन गऱ्यो ।

यो अभियान पार्टीका सहर केन्द्रित हुँदै गएका नेताका लागि ठूलै चुनौती थियो । एकै ठाउँमा बसेर रजगज गर्दै र गुठियार चलाउँदै आएका व्यक्तिको जिम्मेवारी गुणात्मक रूपले परिवर्तन भयो । समस्याको समाधान दिन नसक्ने, उल्टै समस्याको पहाड बनेर उभिने, समस्या भित्र खेल्ने, गुटबन्दीको बाहक बन्ने, आत्मकेन्द्रित व्यक्तिवादका लागि पनि यो अभियान ठूलै झापड थियो ।

नयाँ ठाउँमा जानुपर्ने, खट्नुपर्ने, योजना दिनुपर्ने र परिणाम निकाल्नुपर्ने स्थिति पार्टीभित्र विशेष रूपान्तरण अभियानले सिर्जना गरेको थियो । पार्टीलाई गतिशील बनाउने, तितरबितर र विघटन हुन थालेको आन्तरिक पार्टी जीवनलाई सङ्गठित र व्यवस्थित गर्ने, पार्टीभित्रका अन्तरकुन्तर छाम्दै अन्तर्विरोधको समस्या हल गर्ने र पार्टीलाई गतिशील बनाएर जनतासितको सम्बन्ध जीवन्त बनाएको आधारमा नेता कार्यकर्ताको मूल्याङ्कनको कसि पनि यो अभियान हुन पुग्यो । आफूले इच्छाएको ठाउँमा जानुपर्ने र परिणाम निकालेकै आधारमा समीक्षा हुने भएकाले गुनासो गरेर बस्नेहरूलाई भाग्ने मौका कम रह्यो । नेकपा (माओवादी केन्द्र) को पार्टी जीवनमा यो अभियान साँच्चै कोशेढुंगा सावित हुन पुगेको छ ।

वर्गनिष्ठा र विचार कम्युनिष्ट पार्टीको आत्मा हो । विचार सङ्घर्ष र वर्गसङ्घर्षको बीचबाट नखारिइकन सर्वहारा वर्गको अग्रदस्तालाई सुखै छैन । सत्तरीको दशकपछि पार्टीभित्र विचार सङ्घर्ष कमजोर बन्दै गयो । वर्गसङ्घर्ष चरम उपभोक्तावादको फोहोरी दलदलमा फस्न थाल्यो । सर्वहारा वर्गका पार्टी चरमराउन थाले । हामी उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्गका अग्रगामी परिवर्तनका बाहक शक्ति हौं भनेर समाजको अगाडि शिर ठाडो गर्ने हिम्मत पार्टी पङ्क्तिमा ह्रास हुँदै गएकाले आन्दोलन रक्षात्मक बन्दै गएको अनुभुति भयो ।




"
अभियान पार्टीका सहर केन्द्रित हुँदै गएका नेताका लागि ठूलै चुनौती थियो । एकै ठाउँमा बसेर रजगज गर्दै र गुठियार चलाउँदै आएका व्यक्तिको जिम्मेवारी गुणात्मक रूपले परिवर्तन भयो । समस्याको समाधान दिन नसक्ने, उल्टै समस्याको पहाड बनेर उभिने, समस्याभित्र खेल्ने, गुटबन्दीको वाहक बन्ने, आत्मकेन्द्रित व्यक्तिवादका लागि पनि यो अभियान ठूलै झापड थियो ।

स्वयं पार्टीभित्र र बाहिरको प्रतिक्रान्तिले शिर उठाउन थाल्यो । त्यसका विरुद्धको सङ्घर्ष कम चुनौतीपूर्ण थिएन र छैन पनि । क्रान्ति र प्रतिक्रान्तिको चुनौतीको पूर्ण मोडमा नेकपा (माआवादी केन्द्र) उभिएको छ । यो दुस्कर र दुरुह मोडबाट पार्टी र राष्ट्रलाई वचाएर लैजाने चुनौतीपूर्ण दायित्व पनि हाम्रै काँधमा छ भन्ने कुरा आत्मसात गरेर मात्रै अगाडि बढ्न सम्भव छ । हामी सच्चिने कि सक्किने भन्ने प्रश्न पार्टीभित्र उत्पन्न भएकै कारण वर्तमान समयले उत्पन्न गरेका प्रतिक्रान्तिका ज्वारभाटा विरुद्ध दरोसँग उभिन आत्मशक्ति र विश्वास जगाउनु नै थियो । यही पृष्ठभूमिमा रुपान्तरण अभियान थालनी भएको छ । हजार माइलको यात्रा तय गर्न पहिलो पाइला अगाडि सार्नुपर्छ । यो पार्टी पुनर्निर्माणको पहिलो पाइला हो । युग बदल्ने सङ्कल्प बोकेर नयाँ पुस्ता उदाउनुपर्छ । नयाँ पुस्तालाई विचलित हुनबाट कमसेकम रोक्न सकियो भने ठूलो सफलता मिल्ने छ भन्ने विश्वासका साथ घरघरमा माओवादी जनजनमा माओवादी भन्दै तलसम्म पुग्ने काम भयो । यस पटक माओवादीले आफ्ना नेतालाई ७५३ पालिका र ६७५३ वडामा पुऱ्याउने काम गऱ्यो ।

यस सन्दर्भमा मेरा आफ्ना केही अनुभव र अनुभूति रहे । श्रावण १७ देखि २० गतेसम्म चलेको केन्द्रीय समितिको बैठकले पार्टीभित्र बलियो वैचारिक एकता कायम गऱ्यो । पार्टी कमजोर भयो, पार्टी जनताबाट कट्यो, कार्यकर्ता निरास भए, अब फेरि गाउँतिर जनतातिर फर्कने सङ्कल्प नगरी हुन्न, हामी सबै जनतामा जहाँ पठाए पनि जान खट्न तयार छौं भन्ने विचारमा केन्द्रीय समिति एक ढिक्का भयो । यो नै सबभन्दा ठूलो सफलता थियो ।

श्रावण २१ गते बिहान ८ बजे पार्टी पदाधिकारीको बैठकले सहज ढङ्गले कार्यविभाजन गऱ्यो । केन्द्र र प्रदेशका नेता कार्यकर्ताको कार्यविभाजनको ठोस सैद्धान्तिक खाका तयार भयो । भाद्र १५ सम्म आन्तरिक तयारी र १६ गते देशभर एकैचोटि अभियान सञ्चालनको सरल रेखा पहिचान भयो ।

मेरो जिम्मेवारीमा सात वटा पेशागत सङ्घ-संगठनको परिचालन र व्यवस्थापन पऱ्यो । यो जिम्मेवारीबाहेक कुनै पालिकामा सङ्गठन निर्माणका लागि जानुपर्ने भएकाले बागलुङ नगरपालिका वडा नं. १२,



१३ र १४ कार्यक्षेत्र छानेँ । भदौ १ गतेसम्म बुद्धिजीवी, वकिल, शिक्षक, प्राध्यापक, मानवअधिकार सङ्गठन, जनस्वास्थ्यकर्मी महासंघ, शिक्षक, इन्जिनियर समेतका सङ्गठनहरूको बैठक, भेला, केन्द्रीय नेताहरूको काम र जिम्मेवारीको बाँडफाँडसहित एकसरो काम सकियो । पार्टीसँग जोडिएर र स्वतन्त्र पहलमा जनताबीच जाने कार्यक्रम बन्यो । काममा सक्रिय हुन पाउँदा र पार्टी केन्द्रीय समितिको निर्णयको भाव सम्प्रेषण, प्रशिक्षण र कार्यविभाजनले मन खुसी भयो ।

भाद्र २ गते गण्डकी प्रदेशको चौथो पूर्ण बैठकमा भाग लिने काम भयो । भाद्र १५ गते गठबन्धन दलका नेताहरूको संयुक्त बैठकमा भाग लिन पोखरा पुगियो र त्यही साँझ बागलुङ पुगियो । वार्ड नं. १२ बाट अभियानको थालनी भयो । पहिलो दिन वडाका सम्पूर्ण पार्टी, जवस, मोर्चाका साथी, शहीद परिवार र समर्थक शुभचिन्तक समेतको उपस्थितिमा भव्य कार्यक्रम सम्पन्न भयो । पार्टीभित्र र बाहिर एउटा छुट्टै तरङ्ग पैदा भयो ।

अर्को दिन बिहानैदेखि दलित वस्तीबाट घरदैलो कार्यक्रम सुरु भयो । विपन्न दलित, असहाय एकल विधवा, वृद्धवृद्धा, शहीद, अपाङ्ग, बेपत्ता, घाइते र जनयुद्धका पीडितहरूलाई घरघरै गएर भेट्ने काम भयो । जनता औधी खुसी भए । दलित परियार वस्तीमा पुगियो । माथि ठूला जाति बस्छन् । तिनीहरू नै नेता छन् । युगौँदेखि त्यो दलित वस्तीलाई कजाउँदै आएका छन् । एकतीस कुरिया भएको त्यो वस्तीमा खानेपानीको समस्या शदियौँदेखि यथावत भएको जानकारी भयो । यो वडा दलित बाहुल्य वडा हो । परियार, विश्वकर्मा, नेपाली र गन्धर्व वस्ती बाक्लो छ । अल्पसङ्ख्यक मुसलमान आर्थिक रूपले झन् विपन्न छन् । तर सत्तामा भने ठूला जातिको प्रतिस्पर्धा र रजगज हुँदै आएको छ ।

अर्को दिन एवं प्रकारले गन्धर्व वस्तीमा पुगियो । १२ कक्षासम्म पढेका दुई जना बेरोजगार छन् । तीन कुरिया भत्केर घरबारबिहीन बनेका छन् । पन्ध्र बीस कुरिया भएको त्यो वस्तीमा खानेपानीको झन् ठूलो सङ्कट छ । पन्ध्र कुरियालाई एकै ठाउँमा राखेर भेटघाट भयो । "भोट माग्न बेला बेला आउँछन् । आश्वासन बाँड्छन् । फर्केर गएपछि बिर्सन्छन् । गणतन्त्र आएर के भयो ? हाम्रो अवस्था यस्तै छ" भन्दै एक वृद्धाले आँखा डिमडिम पार्दै भने । मलाई उनको कुराले चसक्कै छोयो । हामीले अहिलेसम्म के हेर्‍यौं ? कसका लागि काम गरिएछ ? आफैँलाई प्रश्न गरेँ । खिन्न मन बोकेर फर्कियौँ । ती वस्ती सम्झँदा अहिले पनि मन चिसो हुन्छ । दर्शन पढियो, व्यवहार पढिएन छ भन्ने लाग्न थालेको छ । वडामा बजेट थोरै पुग्छ । त्यो बजेट गरिव जनताको घरदैलोमा पुग्दैन । ती वस्तीमा न पानी छ न गणतन्त्रको उज्यालो छिर्न सकेको छ । यो अभियानले नेतालाई जनताको घरमा पुगेर उनीहरूको दुःख छाम्ने अवसर त दियो, त्यसको उपचार कसरी हुने भन्ने प्रश्नको जवाफ मसँग छैन । टाठाबाठाको हातको सत्ता जमिनमा पुगेको छैन । हातहातमा सरेको छ, डुलेको छ । वडा नं. १३ र १४ का दलित वस्तीको स्थिति पनि उस्तै हो । ती वस्तीमा आशाको सञ्चार गराउन नयाँ योजनाको खाँचो छ ।

विशेष रूपान्तरण अभियान तीन महिनाले नपुगेर अर्को एक महिना थपियो । त्यो पनि पूरा भयो । त्यसको समीक्षा हुँदैछ । अभियानमा उत्तम प्रकारले खट्ने मध्यमस्तरको सक्रियता देखाउने र नकारात्मक टिप्पणी गर्दै जिम्मेवारीको उपेक्षा गर्ने सोच पनि भेटिएको छ । अभियान नेता कार्यकर्ताको मूल्याङ्कनको माध्यम बनेको छ । राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था र जिम्मेवारीप्रति उपेक्षा गर्नेको यथोचित मूल्याङ्कन हुनेछ ।

विधान सम्मेलनले अभियानको साङ्गोपाङ्गो समीक्षा गर्नेछ । युगसापेक्ष पार्टीको पुनर्संरचना र विकास अनिवार्य छ । आचार बिग्रेका छन् । पार्टी जीवनमा धुलोमैलो लागेको छ । कमलको फूल टिप्न हिलोमा खुट्टा राख्नु हाम्रो बाध्यता हो । दलाल पुँजीवादको दलदलमा डुबिन्छ कि भन्ने विषयमा सधैं सतर्क र सावधान रहनुपर्छ ।

युग परिवर्तनको अग्रगामी बाहक शक्ति यो नै हो । युगको नेतृत्व गर्ने बलियो तागत सञ्चय गर्ने वैचारिक बीउ यसैसँग छ । बीउलाई कुहिन दिने होइन । घैंटोमा राखिएको बीउ उम्रिँदैन र फल पनि दिँदैन । अतीतका समृद्ध अनुभवको जगमा समाजवादी क्रान्तिको निर्माणका लागि वैचारिक, सङ्गठनात्मक र सङ्कल्पगत एकता कायम गर्ने प्रण गर्नु युगको माग भएको छ ।



# जनतासँग माओवादी विशेष रूपान्तरण अभियान

**देवेन्द्र पौडेल**
**सचिव**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

लामो समयदेखि हाम्रो पार्टी निस्क्रिय जस्तो भएर गतिहीन र गत्यावरोधमा अल्झेको थियो । जताततै असन्तुष्टि, निराशा र अकर्मण्यता मात्र सुन्ने गरिन्थ्यो । सङ्गठन जमेको पानी जस्तो स्थिर भएर रोकिएको थियो । केही समय पहिले सम्पन्न महाधिवेशनले फेरि पार्टी पुर्ननिर्माणको सङ्कल्प गऱ्यो । तर, केन्द्रीय समितिको बैठकसम्म आइपुग्दा त्यो सङ्कल्प हराएजस्तो खाली अध्यक्षको मात्रै प्रतिबद्धता भएको जस्तो भयो । सिंगो पार्टी पङ्क्तिले त्यसको अपनत्व गर्न सकेको थिएन ।

यी सबै परिस्थिति एवम् माओवादी आन्दोलन र पार्टीमाथि गरिएको चौतर्फी आक्रमणका कारण पार्टीको रक्षा अब आफूले नगर्ने हो भने, पार्टीको भविष्य झन् कमजोर हुने महसुस गरेर हामीले पार्टीलाई एकपटक वडासम्म लैजाने निर्णय गऱ्यौं । केन्द्रीय समिति, चाहे पदाधिकारी होस् वा जुनसुकै पदमा रहे पनि चार महिना जनतासँग फर्किने सङ्कल्प गऱ्यो । जनयुद्धको तयारी, जनआन्दोलनको तयारीसँगै ती आन्दोलनमा सहभागी हुँदा गरिएका प्रतिबद्धता, त्याग र बलिदानको स्तरमा नभए पनि यो २/४ वर्षको अन्तरालमा गरिएको साङ्गठनिक गतिविधिभन्दा यो सङ्कल्प पक्कै पनि दूरगामी महत्त्व र आवश्यकताको थियो । त्यसमा पनि 'घर-घरमा माओवादी, जन-जनमा माओवादी !' भन्ने भावनात्मक नाराले एकपटक पार्टी पङ्क्तिमा आवद्ध कमरेडहरूमा गर्भानुभूतिको रक्तसञ्चार सम्प्रेषण गरेको थियो ।

यसै पृष्ठभूमिमा पार्टीको नयाँ कार्यविभाजनको प्रस्ताव भयो, जसअनुसार सबै प्रदेश र जिल्लाका इन्चार्ज परिवर्तन गरी पालिका इन्चार्जको भूमिकामा केन्द्रीय सदस्य वा सो सरहका कमरेडहरूले जिम्मा लिने निर्णय भयो । पार्टीको आदरणीय अध्यक्षलगायत सबै पदाधिकारी पनि वडा तहसम्म जाने निर्णयअनुसार गण्डकी प्रदेशको इन्चार्जको भूमिकासहित चार महिना अभियानमा जाने निर्णय भयो । सोहीअनुसार केही गर्ने सङ्कल्प, भावना र उद्देश्यसहित हामी गण्डकी प्रदेशतिर लाग्यौं । निर्वाचन क्षेत्रका समस्या र सङ्घीय संसद्का कार्यसँग समयको तालिका मिलान गर्न निकै अप्ठ्यारो भए पनि मूलतः प्रदेशका पार्टी गतिविधिलाई सक्रिय बनाउने उद्देश्य अनुसार २०८० भाद्र १ गते पार्टीको गण्डकी प्रदेश कार्यालयको विस्तारित बैठक बस्यौं । प्रदेशलाई २ कमाण्ड बनाउने र त्यसैअनुसारको जिम्मेवारीसहित सबै जिल्ला र पालिकाका इन्चार्जको नयाँ निर्णयसहित भाद्र २ गते प्रदेशको पूर्व बैठक सम्पन्न गऱ्यौं । बैठक, अन्तर्क्रिया र छलफलको क्रममा




पार्टीका केन्द्रीय सदस्य एवम् केन्द्रीय निकायका साथीमा जिम्मेवारीबोधको गम्भीरता सहजै बुझ्न सकिन्थ्यो । पार्टीले खटाएको ठाउँमा जान केही आर्थिक व्यवस्थापनको विषय बाहेक 'स्पिरिट'का हिसाबले कुनै आनाकानी वा अनिच्छा देखापरेन । यो नै पार्टीको निम्ति सकारात्मक पक्ष थियो । बरू शारिरीक अवस्था प्रतिकूल र पारिवारिक जिम्मेवारी भएका कमरेडहरूले इमान्दारपूर्वक कार्यविभाजनमा सक्रिय भाग लिनुभयो । त्योसँगै आवश्यक सुझबुझ र सुझाव सङ्कलन गर्‍यौं । तर यो वा त्यो बहाना बनाउने, निहुँ खोज्ने र अरूलाई आरोप लगाउने तर आफू आफैँतिर फर्कन इन्कार गर्ने प्रवृत्तिलाई बैठकले पूर्ण रूपमा अस्वीकृत गर्‍यो र सङ्कल्पको भाव पैदा भयो । २०८० भाद्र ६, ७, ८ गते पालिकाका बैठक सक्ने, भाद्र १०, ११, १२ गते सबै वडाका बैठक सक्ने, भाद्र १३ र १४ गते अभियान उद्घाटनको अन्य तयारी गर्ने र १६ गते सबै तयारीसहित वडामा अभियानको उद्घाटन गर्ने कार्यतालिकाअनुसार तोकिएबमोजिमका कमरेड आफ्नो ठाउँमा पुग्नु भयो । यो तयारी साच्चिकै जनयुद्धताका कारबाही गर्ने तयारी जस्तो निकै सक्रिय, निकै जिम्मेवारीवोधसहितको थियो ।

> 'घर-घरमा माओवादी, जन-जनमा माओवादी !' भन्ने भावनात्मक नाराले एकपटक पार्टी पङ्तिमा आवद्ध कमरेडहरूमा गर्भानुभूतिको रक्तसञ्चार सम्प्रेषण गरेको थियो ।

आदरणीय पार्टी अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्रीले देशैभरीका वडालाई गर्नुभएको निर्देशन निकै मार्मिक, भावुक र आशालाग्दो प्रतीत भएको थियो । यो उद्घाटनसँगै पार्टीका साथीहरू सदस्यता नवीकरण, जनतासँग भेटघाट र पार्टीपङ्क्तिसँगको भेटघाट कार्यमा सक्रिय रूपमा लाग्नु भयो ।

मैले कास्कीको पोखरा महानगरपालिका वडा नम्बर २१ का कमरेडहरूसँग पार्टीको योजना, नीति र भविष्यबारे सहकार्य सुरु गरें । त्यसपछि प्रदेशभरि कहाँ-कहाँ उद्घाटन भयो र कहाँ के समस्या पर्‍यो, त्यसमा हामी केन्द्रित भयौँ । केही वडामा २/३ वडाले संयुक्त उद्घाटन गरेको र केहीमा छुटेको जानकारी पायौँ । छुटेका वडामा तीन दिनभित्र सक्नै पर्ने गरी सबैतिर निर्देशन गरिएअनुसार प्रायः सबै वडामा कार्यक्रम सम्पन्न भयो । अभियानलाई थप प्रभावकारी बनाउनका लागि गण्डकी प्रदेशका क्रियाशील जनवर्गीय सङ्गठनलाई भाद्र २४ गते संयुक्त प्रशिक्षणमूलक बैठकमा राखी अभियानमा केन्द्रीत हुन निर्देशन गरियो, जसका कारण विभिन्न बहाना बनाएर कार्यक्रममा नजाने कुराको स्वतः अन्त्य भयो । सबै जिल्लाका कामको अर्धसमीक्षासहित अभियानलाई थप प्रभावकारी बनाउन २०८० असोज ५ गते अभियान कार्यालयको विस्तारित बैठक बस्यौँ र सबै जिल्लाका गतिविधि, समस्या र उपलब्धि आदिको समीक्षा गर्‍यौँ, जसमा मुस्ताङ र मनाङबाट समेत पार्टीको क्रियाशीलता उल्लेख्य थियो । सोही बैठकले



सबै पालिकामा अनिवार्य एक दिन श्रममा भाग लिने, दसैंका अवसरमा शुभकामना आदानप्रदान गर्ने र सबै पालिकामा 'स्कुलिङ' सम्पन्न गर्ने समय तालिका बनायौं । त्यही समय तालिकाअनुसार हामी सक्रियतापूर्वक कार्यसम्पादनमा लाग्यौं । त्यहीं बीचमा सम्माननीय प्रधानमन्त्री एवम् हाम्रो पार्टी अध्यक्ष क. प्रचण्ड मुस्ताङ, तनहुँ र गोरखामा आउनु भयो ।

उहाँको आगमनले प्रदेशभरि पार्टीका कामलाई अगाडि बढाउन हामीलाई थप जाँगर, उत्साह र प्रेरणा प्राप्त भयो । सोही समयमा पार्टीको तर्फबाट निर्वाचित हुनुभएका जनप्रतिनिधिसँग पनि तनहुँमा केन्द्रित गरी संक्षिप्त भए पनि प्रधानमन्त्रीसँग अन्तर्क्रिया कार्यक्रम गर्ने अवसर प्राप्त भयो । अभियानका क्रममा भण्डै एक हजार ५ सय ८७ जना विभिन्न पार्टी परित्याग गरी हाम्रो पार्टीमा प्रवेश गरेको विषयले पनि पार्टीपङ्क्ति क्रियाशील हुने हो भने अझै पनि जनतामा पार्टीप्रति आशा र भरोसा भएको पुष्टि भयो ।

विगतमा विभिन्न समयमा माओवादी आन्दोलनमा जोडिएका र विभिन्न समयमा छुट्न गएका, सङ्गठित हुन नसकेका वा पार्टी छाडेर बसेका कमरेडहरूलाई जोड्न, सम्हाल्न र सङ्गठित गर्न यो अभियान निकै फलदायी र परिमाणमुखी भएको महसुस गर्‍यौँ । महान् सहिद सुरेश वाग्ले र भीमसेन पोखरेलको सम्झनामा स्मृति कार्यक्रम, जेष्ठ नागरिक सम्मान, सहिद र बेपत्ता परिवार, घाइते योद्धा आदिका लागि सम्मान कार्यक्रम सम्पन्न भएका छन् । यहीं बीचमा कास्की पोखरा महानगरपालिकास्थित राष्ट्रिय सभागृहमा समाजवादी मोर्चाको व्यापक जनसहभागितासहित सम्माननीय प्रधानमन्त्रीको विशेष उपस्थितिमा सन्देशसभा सम्पन्न भयो । कार्यक्रममा हाम्रो पार्टीको सहभागिता उल्लेख्यसहित नेतृत्वदायी भूमिका रह्यो,। जसले गर्दा पार्टीमा थप भाव पैदा गर्न मद्दत मिल्यो ।

अभियानमा केही समस्या पनि रहे । केन्द्रीय समितिका र केन्द्रीय आयोगका जिम्मेवारी तोकिएका कमरेडहरू प्रायः सबै 'फिल्ड'मा जानुभयो । मात्र एकजना केन्द्रीय सदस्यको भने पार्टीको अभियानमा कुनै बैठक, कुनै कार्यक्रम र कुनै गतिविधिमा सहभागिता भएन । अधिकांश केन्द्रीय सदस्य कार्यक्षेत्रमा खट्नु भयो । केही केन्द्रीय सदस्य विभिन्न बहाना बनाएर आंशिक खट्नुभयो । प्रदेश पदाधिकारी पनि एक जना बाहेक अन्य जिम्मेवारीअनुसार तोकिएको ठाउँमा सक्रिय नै हुनुभयो ।

केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीको सचेत पहलकदमी र 'स्पिरिड' अनुसार प्रदेश सदस्य जिल्ला समन्वय सदस्य र पालिका कमिटी सदस्यको खटनपटनमा केही समस्या देखिए । जसरी चल्नु र सक्रिय हुन पर्थ्यो, त्यसअनुसार तलका कमिटीमा पार्टीको भाव र 'स्पिरिड' पक्रिन निकै हम्मेहम्मे भएको महसुस गर्‍यौँ । यी सबै विषयको समिक्षासहित पुस १६ गते विविध कार्यक्रमसहित चार महिने अभियानको औपचारिक समापन गर्‍यौँ । त्यसलगत्तै समस्या, उपलब्धि र पार्टीका थप कार्यक्रमबारे धारणा बनाउन पौष २४ गते अभियान कार्यालयको विस्तारित बैठक बस्यौँ र समग्र रिर्पोट सङ्कलन गर्‍यौँ ।

निर्वाचन आयोगले माघ ११ गते राष्ट्रियसभाको निर्वाचन घोषणा गरिसकेको थियो । त्यसपछि गठबन्धनको बैठक बसी प्रदेशभरि कार्यक्रम गर्ने कार्यतालिका निर्माण गर्‍यौँ । त्यसमा पनि पार्टीको नेतृत्वदायी भूमिका हुनुपर्ने र गठबन्धनका उम्मेदवारलाई जसरी पनि जिताउन पर्ने जिम्मेवारी थपिएर आयो । पहिलेकै समिक्षा बैठकमा केन्द्रीय सदस्य, केन्द्रीय आयोग र प्रदेश कमिटीका साथीहरूले अनुभूति राख्न पाउने माग गर्नुभएको थियो । सोहीअनुसार राष्ट्रिय सभाको निर्वाचनको कार्यतालिकाअनुसार २०८० माघ १० गते प्रदेशभरि कार्यरत केन्द्रीय सदस्यको बैठक र ११ गते प्रदेश कमिटीको पूर्ण बैठक बसेर अभियानको समीक्षा र प्रस्तावित विधान मस्यौदाको छलफलबारे कार्यतालिका बनायौँ । उक्त बैठकमा पार्टीका आदरणीय उपाध्यक्ष एवम् नेपाल सरकारका माननीय गृहमन्त्रीले प्रशिक्षणसहित निर्देशन दिनुभयो । उहाँको उपस्थितिले नीति, नेतृत्व र सरकारका कार्यबारे थप प्रस्ट हुने काम भयो ।

समग्रमा आफू नखट्ने अरूलाई दोष दिने, गुटबन्दी गर्ने, पार्टीको रक्षा गर्नेभन्दा पार्टी र नेतृत्वलाई दोष दिने, उदासिन हुने वा अन्य कारणले पार्टीको निर्णय र योजनालाई अवज्ञा गर्ने प्रवृत्ति कमजोर बन्न पुग्यो र पार्टीमा नयाँ मूल्यबोध, नयाँ आशा र नयाँ विश्वास प्राप्त भएको महसुससहित अभियान सफल भएको निष्कर्ष निकाल्यौँ । अभियानमा सक्रिय सम्पूर्ण कमरेडहसहित आम जनताप्रति सलाम । •





# तीन जोड एक महिने पार्टी अभियान

# यथार्थ र अनुभूति

**लीलामणि पोखेल**
**सचिव**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

आठवटा जिल्ला रहेको मधेश प्रदेशको जनसंख्या करिव ६१ लाख २० हजार छ। मानव विकास सूचांकमा नेपालका अन्य प्रदेशको तुलनामा मधेश प्रदेश सबैभन्दा न्यून (०.५१) रहेको छ। समथर जमिन, भौगोलिक सुगमता, कृषि उत्पादनका लागि केन्द्रीय भूभाग रहेको भए तापनि प्रतिव्यक्ति आम्दानी अन्य प्रदेशहरू भन्दा निकै कम ८७५.०० डलर मात्र रहेको छ। नेपालको सरदर प्रतिव्यक्ति आय १३९९-०११ डलर रहँदा अन्य प्रदेशहरू मध्ये सबैभन्दा बढी जनसंख्या (६१२६२८८) रहेको र सबैभन्दा कम प्रतिव्यक्ति आय र सबैभन्दा घना वस्ती (६३० जना प्रति वर्ग कि.मि) रहेको मधेश प्रदेश नै हो। पार्टीको आठौ महाधिवेशनमा अनलाइनबाट पंजीकृत पार्टी सदस्य ११६९७५ संख्या रहेको र थप १६००० फाराम दर्ता गरेको, सबै प्रदेशभन्दा बढी शुल्क करिव ३७ लाख केन्द्रीय कार्यालयमा बुझाएको थियो।

त्यसैगरी तात्कालिन प्रधानमन्त्री केपी ओलीले प्रतिनिधि सभा विघटन गरेपछि त्यसको विरुद्धमा पार्टीले आयोजना गरेको प्रतिगमन विरोधी संघर्षमा काठमाडौं केद्रिन्त विरोध प्रदर्शनमा सबैभन्दा बढी जनपरिचालन पनि मधेश प्रदेसबाटै भएको थियो। तर आज पार्टी व्यवस्थित र आन्तरिक एकता मजबुत हुन नसक्दा गत स्थानीय र संघीय निर्वाचनमा नराम्रोसँग पराजित हुनु परेको यथार्थ हामीसँगै छ। माथि उल्लेखित तत्थ्याङ्कहरूमा रहेको विषमताहरूको कारणमा पार्टी पुर्ननिर्माणको समाधान खोज्नु पनि अपरिहार्य छ। विषमताका मुख्य कारणहरू किसान तथा भूमिहिन माथि जमिन्दार र नवधनाढ्य वर्गको चरम शोषण, सुकुम्वासी बाहुल्यता, जातीय उत्पीडन, रोजगारीको अभाव, अन्धविश्वास, पुँजीवाद र पुँजीवादी राजनीतिले सिर्जना गरेको भ्रम र न्यून चेतनाले आर्थिक विषमताको खाडल बनी सबैभन्दा अभाव र गरीबी पनि मधेशमा नै रहेको छ। सामाजिक सम्मानका निम्ति सामन्त वर्ग विरुद्ध "रे" नहीं "जी" कहो" तथा जमिन्दार बर्ग र तिनका मुन्सी एवं लठैत विरुद्धका "मोच उखाड" आन्दोलनदेखि ठूलठूला किसान आन्दोलन रुपमा वर्ग संघर्षको आधारभूमि रहे पनि सीमापारीको सँस्कृति र प्रदुषित राजनीतिले प्रभाव पारिरहँदा बहुचक्रीय उत्पीडनको भूमि मधेस प्रदेश रहेको छ।

सामाजिक, आर्थिक, राजनीतिक एवं साँस्कृतिक अवस्था, वर्ग अस्तित्व र अन्तरविरोधमा वर्ग संघर्षका दृष्टिले मधेश प्रदेस अन्य प्रदेसहरू भन्दा भिन्न देखिन्छ। कम्युनिष्ट पार्टीको स्थापनादेखि विभिन्न समयमा सञ्चालित वर्ग संघर्षहरू र पछिल्लो कालमा

चालिएको दश वर्षे जनयुद्ध र मधेश आन्दोलनसम्म आउँदा भिन्न भिन्न प्रकृतिका संघर्ष गरिरहँदा पनि सामाजिक, आर्थिक बनोटले गर्दा अहिले पनि समाजवादी क्रान्ति अघि बढाउन, जनवादी क्रान्तिका बाँकी कार्यभारहरू पुरा गर्न आधारभूत जनताको मुक्तिका लागि वर्ग संघर्षको मुख्य थलो मधेश प्रदेश देखिन्छ। हाम्रो पार्टीले गतकालमा गरेका कामका कारणले जनसंख्या र पार्टी निर्माणको अनुपात पार्टी सदस्यहरूको अवस्था तालिकामा प्रस्तुत गरिएको छ। तर पछिल्लो समयमा पार्टीभित्र देखिएका विभिन्न समस्याका कारण आन्दोलन पछि परेको र निर्वाचनको परिणाम पनि निराशाजनक रहेको अवस्था छ। संघर्ष र निष्ठाका आधारमा निर्मित संरचनाहरू अकर्मण्य र प्रायः विघटित हुँदै गएको स्थिति रहेको हो।

२०८० श्रावण १७ देखि ३१ सम्म बसेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को केन्द्रीय समितिको बैठकले पार्टी सुदृढीकरण, शुद्धिकरण एवं विस्तार गर्दै पार्टी पुनर्निर्माण गर्ने उद्देश्यले देशव्यापी अभियान चाल्ने निर्णय गर्यो। पार्टीमाथि आइपरेको बाह्य तथा आन्तरिक समस्या र संकटको निराकरण विचार, राजनीति, संगठन र साँस्कृतिक रुपान्तरणबाट मात्रै सम्भव हुन्छ। अन्यथा कम्युनिष्ट पार्टी कम्युनिष्ट पार्टीको रुपमा नरहने र कित विघटन हुने कि भने पुँजीवादी अवसवादी भिडकारुपमा फेरिने तथा क्रान्तिकारी सारतत्व समाप्त हुने हुन्छ।

त्यसैले वाहिरी आक्रमण र भित्री विकृतिका विरुद्ध रुपान्तरण सहितको सक्रियता पार्टी पुनरनिर्माणको आधार हो। अभियानले पार्टी साख, पहिचान, आदर्श र समर्पणका लागि "घर घरमा माओवादी, जनजनमा माओवादी" नाराका साथ केन्द्रीय विषय (Central Theme) "जनतासँग माओवादी विशेष रुपान्तरण अभियान" को तीन महिने कार्ययोजना बनायो।

विचार, राजनीति, संगठन, संस्कृति, सक्रियता, जन उत्तरदायित्व, राष्ट्र -राष्ट्रियता, वर्ग सापेक्षता, समर्पण, सम्मृद्धि र चुनौतीको सामना गर्न पार्टी जीवनमा नै बहुआयामिक रुपान्तरणको अभ्यासका लागि जनतामा जाने, घर दैलोमा पुग्ने, जनताको जीवनसँग एकाकार हुने, नेतृत्वदेखि कार्यकर्ता तह-सम्मको जीवनमा गाँजिएका विकृति-वर्ग सम्बन्धबाट टाढा भएको अवस्था, पार्टीभित्र पद पैसा र प्रतिष्ठा प्राप्तिको तीव्र आशक्ति र अस्वस्थ्य प्रतिस्पर्धा, विचार तथा दृष्टिकोणमा बढ्दो स्खलन, राजनीतिमा बढ्दो अवसरवाद संगठनमा अराजकता, आचार-संस्कृतिमा पतनशीलता, जिम्मेवारीमा पलायन, कमजोर देशभक्ति, पार्टी र सत्ताको आशक्ति पूरा गर्न गुटबन्दी, गुटबन्दीले सिर्जना गरेको दण्डहिनताको स्थितिले पार्टी पुर्ननिर्माणका लागि जनतामा फर्क भन्ने सन्देश अभियानको उद्देश्य हो भन्ने बुझाई हो। बुझाई र अभियानको सार्थकताको कहाँ कति रुपान्तरण भयो ? यसको निरन्तरता के र कस्तो हुन्छ ? प्रतिफल कस्ता निस्कन्छन् ? त्यसको मूल्याङ्कन कस्तो हुन्छ ? त्यसबाट मात्रै हुनेछ। चाड पर्व जस्तो हुने तथा आन्तरिक पर्यटन जस्तो भैदिने हो भने निरर्थक बकबास बन्नेछ।

अभियान सञ्चालनका लागि पार्टी संयन्त्रका पदाधिकारीलाई प्रदेश अन्तर गर्ने, केन्द्रीय सदस्य तथा आयोग सदस्यसम्मलाई जिलान्तर गर्ने र प्रदेश सदस्यलाई आफू वसेको निर्वाचन क्षेत्र एवं पालिकान्तर गर्न तथा निर्वाचित जनप्रतिनिधि तथा स्थानीय कमिटि र कार्यकर्ताले आफ्नै क्षेत्र, पालिका, वडा तथा टोलहरूमा अभियान चलाउने भन्ने निर्णय अनुसार नै कार्यविभाजन गर्ने निर्णयको कार्यादेश जारी गरिएको हो। देशभरिका ७५३ पालिकाका ६७४३ वडाहरूमा भाद्र १६ गते एकै समयमा अभियान प्रारम्भ गर्ने भनियो र सोही वमोजिम पालिका र वडाहरूको सांगठनिक हैसियत अनुसार अभियान आरम्भ भयो।

## मधेश प्रदेशमा पार्टीको विद्यमान अवस्था के छ त ?

- प्रदेश कमिटी बनेको छैन।
- पार्टी जिल्ला समन्वय समितिहरू विघटित अवस्थामा छन्।
- जनाधार भएर पनि कतिपय स्थानमा पालिका कमिटीहरू बनेका छैनन्। बनेका पनि प्रायः क्रियाशील देखिदैनन्।
- आठौं महाधिवेशनका दौरानमा बनेका स्थानीय कमिटीहरू प्राय अकर्मण्य छन्।
- तात्कालिन समयमा भरिएका पार्टी सदस्यता फारमको रेकर्ड रहे पनि उक्त संख्या आधा पनि नबिकृत हुन कठीन देखिन्छ। सदस्यताको तात्कालिन फेहरिस्त बस्तुवादी पनि देखिदैन।
- पार्टी कमिटीहरू प्रणालीमा परिचालित छैनन । त्यस्तोमा केही नेताहरूका बीचका सीमित परामर्श र व्यक्तिगत पहलमा तथा आदेशात्मक शैलीमा पार्टी अस्तित्व धानिएको जस्तो छ । नेतृत्वको काम मुद्दा मामला हेर्ने, फैसला गरिदिने, सरकारी कार्यालयमा पुगिदिने र भनसुन गरिदिने खालको निजी खटाई जस्तो।
- प्रायः नेता कार्यकर्तामा क्रान्तिकारी मार्क्सवादी चिन्तन र कार्यशैली भन्दा नितान्त संसदीय (उन्नत प्रकृतिको हैन पुँजीवादी व्यक्तिवादी र भद्रगोल) निर्वाचन-मुखी ढाँचा र कार्यशैली देखिन्छन्।
- पुराना स्थानीय नेता र कार्यकर्तामा विचार, दृष्टिकोण, पार्टी, क्रान्ति, संगठन, संगठन, संस्कृति-संस्कार, चिन्ता र आदर्श देखिन्छ तर नयाँमा त्यस्तो देखिन्न।
- पार्टीप्रति जनताको आशा र आस्था धार्मिक संस्था जस्तो। (नेता पुग्दा खुसी हुने) तर पुजारीप्रति शंका र अविश्वासको स्थिति देखिन्छ।
- आम कार्यकर्ताको नेताप्रतिका गुनासा (शीर्षदेखि जिल्ला सम्मका) असुरक्षा स्वार्थ प्रेरित गुटवन्दी सबै जिल्ला र टोलसम्म देखिन्छ।
- पार्टीमा पूर्व समूहको रंग दिएर स्वार्थ समूह बनाइ राख्ने प्रवृत्ति देखिन्छ साथै जिम्मेवारी दिने सकारात्मक ढगले हेर्ने, मुल्याङ्कन गर्न नभै आलोचना र अन्तरविरोध देखिए निषेधात्मक कार्यशैली अपनाउने देखिन्छ। त्यसले दण्डहिनतालाई प्रश्रय दिएको छ।
- जवस तथा मोर्चा संगठन मृतप्रायः छन् । ट्रेड युनियन र दलित संगठनको अलावा सञ्चारकर्मी संगठनको अस्तित्व देखिन्छ अरु नाममा सीमित छन्।
- हरेक जिल्लामा रहेका नेतृत्व (केन्द्र, प्रदेश तथा जिल्ला) का बीचको सौहार्द सम्वन्धको अभावमा कार्यकर्ता र जनतामा निरासा देखिन्छ। भावनात्मक एकता सिर्जनात्मक कार्यक्रमको अभावमा पार्टी अकर्मण्य बनेको छ। कतिपय नेताले पार्टीलाई उपयोग गरेर व्यक्तित्व बिकास गर्ने, लाभ लिने पछि पार्टीबाट अन्त कतै भाग्ने प्रवृतिले नेतृत्वप्रति इमान्दार कार्यकर्तामा निराशा देखिएको हो।
- पर्सा र बारा जिल्लामा पार्टीको तुलनात्मक कमजोर आधार वाहेक अन्य जिल्लामा पार्टीको आधारभूमि सापेक्षित रुपमा बलियो छ। पार्टीभित्रको संगठित एकता र योजनाबद्ध सक्रियता हुँदा पार्टी बलियो बनाउने धरातल जीवित छ।

| क्र स | जिल्ला | पालिक सं. | वडा सं | जनसंख्या | जनघनत्व | पार्टी सदस्य | प्रति व्यक्ति आय(डलरमा) | प्रतिनिधि क्षेत्र | | निर्वाचित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघ | प्रदेश | संघ | | प्रदेश | |
| | | | | | | | | | | निर्वाचित | समानुपातिक | निर्वाचित | समानुपातिक |
| १ | सप्तरी | १८ | १६४ | ७०६२५५ | ५१८ | १५९०८ | | ४ | ८ | ० | ० | ० | १ |
| २ | सिराहा | १७ | १६४ | ७३९९५३ | ६२३ | २४२४९ | | ४ | ८ | ० | ० | ० | ० |
| ३ | धनुषा | १८ | १६९ | ८६७७४७ | ७३५ | १५३२९ | | ४ | ८ | ० | ० | ० | २ |
| ४ | महोत्तरी | १५ | १३८ | ७०६९९४ | ७०६ | ८२८४ | | ४ | ८ | ० | ० | १ | १ |
| ५ | सर्लाही | २० | २०० | ८६२४७० | ६८५ | १४४२४ | | ४ | ८ | ० | १ | २ | ० |
| ६ | रौतहट | १८ | १५७ | ८१३५७३ | ७२३ | ११०८६ | | ४ | ८ | ० | ० | १ | ० |
| ७ | बारा | १६ | १६७ | ७६३१३७ | ६४१ | १९५८८ | | ४ | ८ | ० | ० | ० | ० |
| ८ | पर्सा | १४ | ११२ | ६५४४७१ | ४८४ | ८११० | | ४ | ८ | ० | ० | १ | ० |
| | **मधेश प्रदेश** | **१३६** | **१२७१** | **६११४६००** | **६३९** | **११६९७८** | ८७५ | **३२** | **६४** | **०** | **१** | **५** | **४** |

- हाम्रो पार्टीभित्रको कमजोर एकता (नेतृत्वमा) नै अन्य पार्टी मौलाउने आधार बनेको छ।

- गतकालमा सक्रिय रही पार्टीमा योगदान पुऱ्याएका पार्टीप्रति निष्ठा र आदर्श साथ बसिरहेका, नयाँ नेतृत्वले चिन्दै नचिनेका वा ओझेलमा पारिएका, बेवास्ता गरिएका, गाउँ समाजमा इज्जत र साख भएकाहरूको भूमिकालाई पूजीकृत गर्दा पार्टीका लागि गतिलो आधार बन्ने अवस्था पनि मौजुद छ।

- समग्रमा भन्नु पर्दा मधेश प्रदेशमा पार्टीको स्थिति "रुखहरू छन् तर जंगलको अस्तित्व छैन" भन्ने स्थिति रहेको छ। तर कहिले जंगल देखिने रुखहरूको अस्तित्व नरहेको जस्तो - निस्कृय पार्टी कार्यकर्ता, पार्टी समर्थक, पार्टी शुभ चिन्तकहरूको व्यापक जनाधार छ तर ब्यवस्थित संगठन, नियमित परिचालन, न्यूनतम जीवन निर्वाह व्यवस्थाको योजना, कम्युनिष्ट पार्टीको विचार दृष्टिकोणको प्रशिक्षण, प्रचारप्रसार, अध्ययन, छलफल, अन्तरक्रिया, सिर्जनात्मकता छैनन।

## समस्या/चुनौती

पार्टी पुनर्निर्माणको आधारभूमि वलियो र फराकिलो रहे पनि पार्टीभित्र र वाहिर गंभिर समस्या र चुनौतीहरू छन्।

- अहिले पार्टी भित्र विचार, दृष्टिकोण र कार्यादिशा बारे वैचारिक आधारमा खडा भएको समानान्तर शक्ति र कार्यदिशाको वैचारिक स्वरूप नभए पनि हामीले अङ्गीकार गरेका आचार र संस्कृति पालेर संसदमा हस्तक्षेप गर्दै दुई तिहाई बहुमत प्राप्त गरेर संबिधान माथि पूर्ण नियन्त्रण कायम गरेर समाजबादी कान्ति पुरा गर्न सक्ने आधार बनाउन या समाजवादमा रुपान्तरण गर्न सम्भव देखिन्न।

- पैसाको प्रतिस्पर्धामा पूँजीबादी चुनाव लड्ने र पैसावालले शासन गर्ने पूँजीबादी पार्टी बनाउने सचेततापूर्वक कान्तिकारी विचार-दृष्टिकोण, संगठन र सांस्कृतिक रुपान्तरणसहितको समाजवादी क्रान्ति गर्ने उद्देश्यसहित त्यसको आधार निर्माणको थालनी गर्ने चुनौती व्यहोर्ने पार्टी बनाउने ?

- "जनतासँग माओवादी विशेष रुपान्तरण" को सार जे छ त्योबाट परिवर्तन हो समाजबादी आदर्श सहितको पार्टी निर्माण। त्यसले माग गरेको रुपान्तरण हो। हामीले अभ्यास गरेको संस्कृति र आचरणले हामीलाई त्यो ठाउँमा पुऱ्याउछ ? यो आम प्रश्न हो।

- मधेश प्रदेशमा कार्यकर्ता र जनताले गुट रुचाउदैनन्। नेताहरू निजी अस्तित्व र स्वार्थका निम्ति गुट नभै बाँच्न सक्दैनन्। कार्यकर्ताहरू कोपभाजन र निषेध एबं निशेषबाट बच्न नेताको नाममा गुटको फेरो समाउँछन्।

## गुटबन्दीका कारण

(क) पद, पैसा, र प्रतिष्ठाका निम्ति स्वार्थ समूहको निर्माण,

(ख) व्यक्तित्वको टकराव,

(ग) कथित पूर्व समूह, समूहगत प्रभाव, दवावबाट निषेध र निशेष,

(घ) दण्डहिनता, भ्रष्टाचार, अनैतिक आचरण, पद र शक्तिको दुरुपयोग,

(ङ) प्रलोभन,

(च) नेताहरूबाट गिजोल्ने, एकताबद्ध गर्न प्रयत्न नगर्ने,

- पार्टीमा नेतृत्व लिने बेलामा आवश्यकता भन्दा बढी अग्रसर, पूरा गर्नेमा उदासिन।

- लोप हुदै गएको क्रान्तिकारी आदर्श, स्खलित चेतना, अवसरवादी महत्वाकांक्षा,

- खुला सीमानाले जन्माएको समस्या

क) सीमापार सामाजिक अपराधको प्रभाव - चोरी, डकैती, हत्या, तस्करी

ख) सीमा अतिक्रमण, जनमतको स्थिति, दोहोरो नागरिकता,

ग) सीमा अनुगमन, सुरक्षा र नियमनकारी निकाय, खुला सीमा

घ) राज्यको कमजोर मानसिकता

- स्याटालाइट अर्थतन्त्र, स्याटालाइट राजनीति, स्याटलाइट नेता-प्रभाव र लगानी
- बाह्य शक्तिको सुस्म तथा स्थूल व्यवस्थापनद्वारा राज्य र राज्यका विभिन्न निकायमा हस्तक्षेप
- मधेशवादी पार्टी र नश्लवाद
- यी समस्या र चुनौतीका अलावा पनि समर्पित नेतृत्व, सिर्जनात्मकता, उन्नत चेतना, क्रियाशील प्रतिबद्ध टीम बनाउन सके पार्टी निर्माण, पुनरनिर्माण गर्न सक्ने आधार जनतामा बनेको छ।

### अभियानका उपलब्धीहरू र त्यसले दिएको सकारात्मक सन्देश

- पार्टीले अभियानको कार्यक्रम बनाएर नेताहरू गाउँ पठाउने निर्णय गरेकोमा पार्टी कार्यकर्ता, समर्थक र मतदाता जनताहरू खुसी देखिन्थे तर स्थायी प्रकृतिको कार्य योजना र कार्य क्षेत्र नबनेको हुँदा तीन महिना पछि फेरि अन्योल हुने आशंका रहेको छ।
- पार्टी कार्यकर्ताको बहुमत हिस्सा चलायमान हुन थालेपछि गाउँ टोलमा चहलपहल देखिन थालेको छ।
- पार्टी कमिटीहरूका बैठक बस्न थालेका छन्।
- निस्क्रिय पार्टी सदस्यहरू पछि परिने वा मूल्याङ्कनमा पछि परिने हो कि भन्ने भयले अभियानमा लागेर जिम्मेवारी वहन गर्न थालेको देखिएको छ।
- निराश बनेर निस्क्रिय रहेकाहरू पार्टी सम्पर्कमा आउन थालेका छन्।
- पार्टी छोडेर अन्य पार्टीमा गएकाहरू पुनः पार्टीमा फर्कने क्रम सुरु भएको छ।
- मधेश प्रदेशमा एमाले, नेका, जसपा, लोसपाबाट माओवादी केन्द्रमा प्रवेश गर्ने कम अभियान जस्तै हुन थालेको छ।
- अभियानले नेता कार्यकर्ता, कार्यकर्ता - जनता र नेता - जनताको सम्वन्ध विकास भएको छ।
- जनता र कार्यकर्ताले आफ्ना गुनासा, समस्या राख्ने आधार बनेको छ।
- पार्टीको विधानअनुसार नियमित बैठक, पार्टी कमिटी निर्माण, पार्टीका निम्ति अनुशासन कायम राख्ने, जनताबाट सिक्ने, जनतालाई सिकाइने, नयाँ सदस्य बनाउने, उत्पीडित जनताका आवाज उठाउने, उठाउन मद्दत गर्ने वातावरण बनेको छ।
- निर्वाचनको दृष्टिकोणले यस प्रकारको अभियान अनिवार्य हुन्छ। क्रान्तिकारी चरित्र निखार्न पनि यस अभियानले टेवा पुऱ्याएको तर यस्ता अभियानको निरन्तरताको खाँचो छ।
- जहाँ जनता त्यहाँ पार्टीको अभियानले पार्टीलाई तेल पानीको स्थिति भन्दा जनतामा समाहित गर्ने विधिले पार्टी वलियो हुन्छ र जनताका निम्ति पनि पार्टी भरोषा बन्दछ।
- यो अभियानले जनता-कार्यकर्तालाई एकै पटक एकै समयमा जनतामा समाहित देशको राजनीति, आर्थिक अवस्था, हाम्रो दायित्व, राष्ट्रिय अन्तराष्ट्रिय घटनाकम बुझ्न सहज बनाइदियो।



- अभियानका दौरानमा नयाँ सदस्यहरू र नयाँ कमिटीहरू बनेका छन् नयाँ सम्पर्क स्थापित भएका छन ।

- पार्टी पुननिर्माणको वलियो आधार छ। समाजको सबैभन्दा उत्पीडित वर्ग छ, जाति छ। जमिन्दारी प्रथा छ। तर भूमिको माध्यमबाट गरिने परम्परावादी हैन। नव धनाढ्यको शोषण कायम भएको छ। बैङ्कहरू, मिटर व्याजी शाहूहरू, लघु वित्त संस्थाहरू, सेवा प्रदायक राज्यका निकायहरू, अधिकांश राजनैतिक नेताहरूले जनतामा भ्रम र शोषण दुबै गरेको देखिन्छ।

- अभियानले देशव्यापी रुपमै जनताका विविध किसिमका समस्याहरूको सर्भे गरेको छ। त्यसमा उठेका मुद्धाहरूको वर्गीकरण गरिएको छ।

(**क**) **वर्गीय एवं मौलिक हक**

(अ) सुकुम्वासीको ठूलो समस्या मधेशमा देखिन्छ, हली, गोठाला हरूवा, चरुवा, न्यून मजदूरीमा जीवन निर्वाह गर्नु पर्ने। त्यसमा अधिकांश दलित र जनजाति रहेका छन् ।

(आ) अव्यवास्थित वसोवास - आन्तरिक वसाई सराई गर्दा ऐलानी जमिन खनजोत गरेर बसेका स्थानमा कतिपय ठाउँमा शहर बसिसकेका छन् तर वस्ती जमिनको न्वारन भएको छैन।

(इ) शिक्षा, स्वास्थ - सम्पूर्ण राज्यको दायित्वमा रहनु पर्ने बेलामा निजी क्षेत्रले व्यापार बनाएको छ।

(ई) रोजगारी - मौलिक अधिकार भित्र पर्ने विषय रहे तापनि रज्य उत्तरदायी बन्न नसक्दा झण्डै करोडको संख्यामा युवा पौढ तथा प्राज्ञ जनशक्ति विदेश पलायन भएको छ।

(ख) सामन्ती शैलीको आधुनिक शोषणः

(अ) मिटर व्याजी शोषण : चक्रबृति भन्दा पनि महा ऋणी शोषण गर्ने प्रथालाई दण्डित गर्न कानून' समेत बन्यो । अझै विभिन्न ढंगले कानून छलेर ठगी गर्ने दलाली जन्मिएका छन् ।

(आ) कृषि विकास बैङ्कको चक्रवृत्ति ब्याज - प्राय सबै बैंकले चक्रबृति ब्याज सबै बैंकले गर्ने गरेका । आत्मनिर्भर आर्थिक विकासका निम्ति व्याजदर न्यून गर्नु आवश्यक ।

(ई) लघुवित्त :ग्रामिण क्षेत्रमा प्रचलित किसान सहुलियत कर्जा निजी क्षेत्रद्वारा किसानमारा, साना उद्यमीमारा कजां प्रणाली चक्रवृत्ति र उच्च ब्याजदरले ऋणीलाई प्रतिकूल प्रभाव पारेको छ।

(ग) विकास निर्माण - एवै प्रदेश भन्दा ज्यादा जनसख्या, वढी जनघनत्व, कृषि उत्पादनको केन्द्र तर प्रतिव्यक्ति आम्दानी अन्य प्रदेशहरू भन्दा कम भएको भौगोलिक सुगमताको मधेश प्रदेश भित्रै औद्योगिक विशेष क्षेत्र तथा औद्योगिक करिडरहरू समेत रहेकोमा मानव विकास सूचांक पनि सबै भन्दा न्यून रहेको छ। त्यसैले प्रदेशमा उठ्ने गरेका विकास निर्माणका मुद्धाहरू मध्य निम्न विषयहरू प्रमुख रहेका छन् ।

(अ) सिचाई - कृषियोग्य विशाल भूभागमा सिंचाइको समुचित प्रवन्ध गर्न सक्दा तीनै वाली खाद्यान्न उत्पादन गर्न सकिने, वाहिरबाट आयात गर्नु नपर्ने, तरकारी उत्पादनमा आत्म निर्भर हुने, गरीबी हट्ने, रोजगरी -प्रवर्धन हुने देखिन्छ।

(आ) बजार -कृषिसँग जोडिएको वजार व्यवस्थापन, बिउ, मल र शीत भण्डार पनि हो ।

(इ) कृषिमा आधुनिकरण : पछौटे कृषि प्रणालीले उत्पादकत्वमा हास भैरहेका कृषि फार्म, विउ विजन, मलखाद, चंक्लावन्दी, मेसिन प्रयोग इत्यादीले रोजगारी प्रवर्धन मात्र नभएर औद्योगिकरण लाई प्रेरित गर्दछ।

ई) विद्युतीकरण : कृषि, उद्योग यातायात, शिक्षा, स्वास्थ्य, पर्यटन सबै क्षेत्रमा मधेशमा गुणस्तरीय विद्युतिकरणले सम्मृद्धि ल्याउने देखिन्छ। खपत बढाउने योजना आबश्यक ।

(उ) नदी व्यवस्थापन : वर्षादमा डुवान सुक्खा याममा पानी अभाव मधेशको नियति। जमिन कटान र डुवानले पारेको असरको विकल्प व्यवस्थापन हो । बहु उद्देश्यीय नदी जोड योजना पार्टी सरकारको लक्ष्य हुनुपर्ने।

(ऊ) सडक पुल पुलेसा : हुलाकी राजमार्ग तीसौं वर्षमा पनि पुरा भएको छैन, वर्षायामको आवागमनको जटिलता आवश्यक पुल पुलेसाको अभावले गर्दा हुने गरेको छ । त्यसको व्यवस्थापनको गुरुयोजना दिनु पर्छ।

ए) प्रविधि विकास र नूतन चेतना : पार्टी संगठन विकासका निम्ति वर्ग चेतना जति आवश्यक छ त्यतिनै आधुनिक प्रविधि र चेतनासँग समाजको रुपान्तरण आवश्यक छ। मधेश परपरावादी पुरातनबादी सोच र संस्कारले जकडिएको छ । नेतामा पनि अवैज्ञानिक परम्पराबादी रुढीवादी चिन्तन छ । प्रविधिलाई मार्क्सवादीकरण गरिनुपर्नेछ।

ऐ) प्रशासन र न्यायव्यवस्थाः सीमा अपराध, सीमा अतिक्रमण, भ्रष्टाचारको माध्यमवाट अपवाद बाहेक कमाउन मधेश (सीमाक्षेत्र) जाने भन्ने संस्कृति बनेको छ।

(ङ) सामाजिक : महिलाको घुम्टो, मुस्लिमको बुर्का, दलितको छोईछिटो गरिबीको दर्द, सुदखोरको मीटर व्याज, धनीको हैकम, जमिन्दारको रजाई, प्रहरीको दमन, जात र नश्लको साम्प्रदायिकता मधेश भित्रका नकारात्मक चरित्र हुन् । विकृत राजनीतिको चरित्र (झुट्टा मुद्दा, जालझेल) पनि नमूनायोग्य छ । विकृत मानसिकताको उपजको रुपमा देखिने यौन अपराध-गरिव तथा असाहायमाथि हुने बलात्कार नकारात्मक उदाहरण हुन् ।

यस्तै यावत चरित्रको अनुभूति संगाल्ने अवसर अभियानले दियो । समाजवादी क्रान्तिका लागि समाजवादको आधार तयार गर्न समग्र देशको तर विशिष्ट रुपमा मधेसको वर्ग विश्लेषण अनिवार्य छ । सडक, सदन सरकारका तीनै औजार प्रयोग गरिरहेको हाम्रो पार्टीले जनता (भुइँ मान्छेदेखि खाईपाई आउनेसम्म) लाई सम्बोधन गर्ने पार्टीका काम, सदनभित्र उठाउनु पर्ने नीति विचार र समस्या तथा सीमाभित्र हल गर्नुपर्ने नीति र कार्यक्रमको विधि र ढाँचामा आमुल परिवर्तन गर्ने आँट र विश्वास नेता कार्यकर्ता र जनतामा जगाउनु अनिवार्य छ।

पार्टी विग्रनु, अर्कमन्यता हुनु, स्खलित विघटित हुने नीति र नेताका कारण हुन्छ। अमूक कार्यकर्ता, जनता समग्रमा सानो हिस्सा हुन्छ।



# समाजवाद निर्माणमा विज्ञान–प्रविधिको भूमिका

**गणेश साह**
**सचिव**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

## पृष्ठभूमि

इतिहासका विभिन्न कालखण्डमा भएका परिवर्तनकारी सङ्घर्ष, जनयुद्ध र जनआन्दोलनको जगमा प्राप्त परिवर्तनलाई संस्थागत गर्दै समृद्ध र समुन्नत मुलुक निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । समाजवादउन्मुख अर्थतन्त्र निर्माण र सामाजिक रुपान्तरणका लागि विज्ञान-प्रविधि र सूचना-प्रविधिको अधिकतम उपयोग गर्नु नै छिटो लक्ष्यमा पुग्ने बाटोको रूपमा अङ्गीकार गर्नुपर्दछ । राज्यले खोज-अन्वेषण र अध्ययन-अनुसन्धानलाई प्राथमिकतामा राखी स्वरोजगार, नवप्रवर्तन र स्टार्ट-अफलाई प्रोत्साहन गर्ने नीति अख्तियार गर्दा आमनागरिकको जीवनस्तर उकास्न मद्दत नै मिल्दछ । राजनीतिक नेतृत्व र राज्य संयन्त्रको क्षमता विकास र सुदृढीकरण गरी विज्ञान-प्रविधिप्रतिको मानसिकतामा पुनर्संरचना गर्नु गराउनु आवश्यक देखिन्छ । विशेषतः नेपालको राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा सम्भव भएसम्म प्रचुर उत्पादनमा जान अन्तर्राष्ट्रिय सफल अभ्यासहरूको समेत अनुकरण आवश्यक छ । उत्पादनमा जान राष्ट्रिय आवश्यकताअनुरुपको प्रणाली विकास गर्दै जनताका घरदैलोमा वस्तु र सेवासहित सूर्योदयसँगै पुग्ने व्यवस्थालाई जोड दिनुपर्दछ । सूचना-प्रविधि तथा विज्ञान-प्रविधि देश विकासको मेरुदण्ड हो । आजको युगमा यो कमजोर भयो भने देश नै कमजोर हुन पुग्छ । विकसित देशहरू यसैको जगमा टिकेका छन् ।

सूचना प्रविधि तथा विज्ञान प्रविधिलाई राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्तिको रूपमा मानिन्छ । कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको सूचना प्रविधि तथा विज्ञान प्रविधि सम्बन्धि नीति, कार्यन्वयन पक्ष, राजनैतिक प्रतिबद्धता, विभिन्न क्षेत्रमा गरिएका अनुसन्धान, राज्यको लगानी र सोबाट प्राप्त प्रतिफलमा भर पर्दछ । नेपालको संविधानले नै प्रविधिलाई देशको समग्र दीगो विकाससंग आवद्ध गरेको छ । दिगो आर्थिक विकास तथा समाजवादउन्मुख राष्ट्र निमार्णका लागि अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा, उत्पादनमुलक क्षेत्रमा नवप्रवर्तनसहितको

प्रविधिको प्रयोग, राज्यपक्षबाट नै सहज बजारीकरणको व्यवस्था, देशमा नै वैज्ञानिकहरूलाई अनुसन्धान गर्ने वातावरणको विकास, विभिन्न क्षेत्रमा गरिएका आविस्कारहरूको प्रर्दशन गर्ने अवसर, उद्यामशीलता अभिवृद्धिको सुनिश्चितता अनिवार्य कुराहरू हुन ।

## समाजवाद र विज्ञान–प्रविधिको उपादेयता

उत्पादनका साधनहरूलाई सामुहिक तथा सार्वजनिक स्वामित्वअन्तर्गत ल्याएर शोषणमूलक पुँजीवादी अर्थतन्त्रको ठाउँमा समाजवादी अर्थतन्त्रको जग बसाउँदै तदनुरूपको राजनीतिक व्यवस्था र संस्कृतिको विकास गर्नु नै समाजवादको आधार मान्न सकिन्छ । आजको दिनमा विज्ञान-प्रविधि विकास र त्यसको सचेत प्रयोग सामाजिक रुपान्तरण र विकासको निर्विकल्प साधन बनिसकेको छ । साथै प्रविधि सामाजिक उत्पादन र पुनर्उत्पादनको महत्वपूर्ण माध्यमको रूपमा देखा परेको छ । हुन त, सर्वोत्कृष्ट भनिएका मानव जातिकै वैज्ञानिक दृष्टिकोण, विमर्श र चिन्तनले नै नयाँ विचार र दर्शनको विजारोपण गर्ने हो, विज्ञान-प्रविधि पनि मानिसकै अध्ययन अनुसन्धानको देन हो । विज्ञान-प्रविधि तथा विशेषतः सूचना प्रविधिले समाजमा सकारात्मकका साथसाथै नकारात्मक छाप समेत छोडिरहे तापनि समाजवाद निर्माणको लागि विज्ञान प्रविधिलाई व्यवस्थित, सचेत र सजगतापूर्वक उपयोग गर्नु नै आजको प्रमुख आवश्यकता हो ।

वैज्ञानिक दृष्टिकोण र विज्ञान चिन्तनविना व्यक्ति वा नेतृत्वको मानसिकतामा समेत समाजवादको आधार तय हुन सक्दैन् । विज्ञान चिन्तन भनेको हरेक वस्तु, पदार्थ र चेतनालाई वैज्ञानिक दृष्टिकोणले हेर्नु र सोहीअनुरुपको मार्गचित्र निर्माण गर्नु हो, समाजवादी शैलीको कार्यशैली र जीवनपद्धति अपनाउनु हो । विज्ञान चिन्तनको माध्यमबाट मात्र समाजवादको प्रस्थानविन्दु सम्भव छ । सामाजिक न्याय र समृद्धिसहितको समाजवादी व्यवस्थाका लागि नेपालले द्रुत गतिमा सामाजिक न्याय सुनिश्चित गर्दै आर्थिक विकास गर्नुपर्ने हुन्छ । परन्तु, आर्थिक विकास हासिल गर्नका लागि स्थायी शान्ति अपरिहार्य हुन जान्छ । स्थायी शान्तिका लागि सामाजिक न्याय र समता अनिवार्य शर्तका रूपमा देखिन्छ । समृद्धिको जग भनेकै सामाजिक न्याय, समता र वैज्ञानिक दृष्टिकोण हो । यसर्थ, नेपालमा समाजवादी व्यवस्था प्राप्तिको पहिलो खुड्किलो नै सामाजिक न्याय, समता र वैज्ञानिक चिन्तनलाई सर्वव्यापी बनाउँदै ठोस विषयको वस्तुगत ढङ्गले विश्लेषणमार्फत् समाजका तमाम् समस्याको वैज्ञानिक ढङ्गले सम्बोधन गर्नु हो ।

अहिले नेपाल एकातिर प्रतिस्पर्धी राजनीति, खुला समाज, खुला व्यापार, निजी क्षेत्रको वाहुल्य भएको अर्थतन्त्र, वाह्य सहायतामा आधारित सार्वजनिक वित्त स्थिति, उच्च लगानीका लागि वाह्य पुँजीमाथिको निर्भरता तथा अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको कमजोर अवस्थितिका बीचमा छ भने अर्कातिर उच्च आर्थिक वृद्धि, सामाजिक न्यायसहितको विकास, सार्वत्रिक सामाजिक सुरक्षा र समृद्धिको बाटोबाट छिटोभन्दा छिटो समाजवादतर्फ सङ्क्रमण गर्नुपर्ने अपेक्षित दवावमा पनि छ । सामन्तवादको प्रतीकको रूपमा रहेको सामाजिक विभेद र शोषणका अवशेषहरू कानुनी रूपमा समाप्त पारिए पनि व्यावहारिक रूपमा निर्मूल हुने चरणमा नै रहेका छन् । अतः नेपालमा समृद्धि सहितको समाजवादको प्रस्थानविन्दु भनेकै सामाजिक न्यायको सुनिश्चितता, भेदभावको अन्त्य, राज्यका लाभको समान वितरण र आर्थिक-सामाजिक- भौतिक विकासका लागि विज्ञान-प्रविधिको उल्लेखनीय उपयोगबाट सम्भव देखिन्छ । सामाजिक न्याय, समानता, मानवता र शान्तिको सुनिश्चिततामार्फत् आमनागरिकको समान अग्रगति हासिल गर्न विद्यमान अन्धविश्वास, कुरीति र रुढिवादको अन्त्य जरुरी छ । विज्ञान संस्कारमा आधारित वैज्ञानिक समाजविना समाजवादको आधार तय हुन सक्दैन । मानवतामा आधारित व्यवहार, सोच र कार्यशैली, सामूहिकतामा विश्वास गर्ने सकारात्मक र अग्रगामी चिन्तन, वातावरणको संरक्षण र प्राकृतिक स्रोतमा समान पँहुच, प्रविधिको विकास र प्रयोगका लागि प्रविधिमैत्री सरकारले मात्र समाजवादको आधार निर्माण गर्न सक्दछ ।

नेपालले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादउन्मूख राज्य प्रणाली निर्माण गर्ने ध्येय राखेको छ । तथापि अहिलेको अन्तर्सम्बन्धित विश्वमा व्यापार, लगानी, सहयोग, प्रविधि हस्तान्तरण एवं नागरिक सम्बन्धका कारण विश्व समुदाय नजिक भइरहेको नेपालले समाजवादमा प्रवेश गर्न पुँजीवादी विश्वका भ्रम र कतिपय देशले समाजवाद कायम राख्न नसकेको दुवै अवस्थाहरू चिर्नुपर्ने हुन्छ । पुँजीवादको विद्यमान भ्रमलाई हाम्रो समाजवादको आधार निर्माण गर्ने राजनीतिक मार्गदर्शन, रणनीति र कार्यनीतिको कार्यान्वयन र विज्ञान प्रविधिको उल्लेख्य विकास, प्रयोग र सदुपयोगले सामना गर्दै तमाम् भ्रम चिर्दै समाजवादतर्फको यात्रा सुरु गर्न सक्नुपर्छ ।

## नेपालको सन्दर्भमा सम्भावना र चुनौती

विज्ञान, सूचना तथा संचार प्रविधिको विकास र विस्तारको कारणले विश्व आज सानो गाउँमा परिणत भएको हामी सबैले अनुभव गरेका छौं । मानिसको दैनिक जीवनशैली, कार्यशैलीदेखि लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा औद्योगिक क्षेत्रलाई बगतऋबतष्यल गर्ने र मानव संसाधनलाई नयिदबषिबतष्यल गर्नुका साथै उत्पादन र वितरणका हरेक क्षेत्रमा विज्ञान, सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण भूमिका खेल्नुका साथै कयौँ कुरामा सकारात्मक र नकारात्मक प्रभाव समेत पारेको छ । यसको प्रयोग गर्दै मानिस भर्चुअल रूपमा छोटो समयमै विश्व भ्रमण गर्न सफल भएका छन् ।

आजको युगमा शिक्षा, स्वास्थ, कृषि, ऊर्जा, उद्योग, अर्थ, पर्यटन वाणिज्य आदि क्षेत्रहरू सूचना तथा सञ्चार प्रविधिबाट नै चलायमान राख्न सफल पनि सहज पनि भएको छ । मुटु, मृगौला र ब्रेनको ओपन सर्जरी यसको प्रयोगको कारणले सफल भएको छ । Artifical Intillenge को प्रयोगको कारण Robotics र Geographical Information System (GIS) को उपयोग दिनहुँ दिन बढ्दो छ । डिजीटल गर्भनेन्स, बिग डाटा, पर्सनल डाटा र साइबर वा स्पेश सुरक्षा गर्नु अहिलेको प्रमुख चुनौति हो । सामाजिक सञ्जालमा आएका विषयवस्तुकै कारण आमधारणा बन्ने, विगतमा मूलधार भनिएका सूचना प्रवाहको क्षेत्र क्रमशः कमजोर बन्दै जानु पनि अर्को चुनौति हो । हरेक विषयलाई नकारात्मक र भेदभावपूर्ण रुपले हेर्ने प्रवृत्ति झन् खतरनाक भएको छ । यस्ता चुनौतिलाई चिर्न समेत विज्ञान प्रविधिकै साथ लिनु वुद्धिमानी देखिन्छ ।

अर्को चुनौती भनेको शिक्षा, स्वास्थ्य, रोजगारी र जनताका निम्न जीवनस्तरलाई कसरी माथि उठाउने भन्ने नै हो । समाजका सबै क्षेत्रको पहुँचमा पुगेको सूचना तथा सञ्चार प्रविधिको कारणले सार्वजनिक सेवा प्रवाहमा सुधार आएको र सामाजिक रुपान्तरणमा पनि यसले सहयोग पुऱ्याएको विभिन्न अध्ययनले देखाएको छ । भोलिको समाज कस्तो बनाउने भन्ने जिम्मा अहिले हाम्रो काँधमा आएको छ । त्यसैले विज्ञान, सूचना तथा सञ्चार प्रविधि समाजका हरेक तह र तप्काका नागरिकहरूको पहुँचमा पुग्नु आवश्यक छ । यसको महत्व र उपयोगको बारेमा पनि सबै नागरिकहरू जानकार हुन आवश्यक छ । सबै नागरिकको पहुँचमा यो

प्रविधिलाई पुऱ्याउनु राज्यको दायित्व एवं परमकर्तव्य पनि हो । अहिलेको विज्ञान, सूचना तथा संचार प्रविधि साम्राज्यवादीहरूको कब्जामा भइरहेको अवस्थामा त्यसलाई गरिब तथा निमुखा जनताको पहुँचमा पुऱ्याउनु हाम्रो जस्तो विकासशील देशका लागि निकै चुनौतीपूर्ण छ । अतः राज्यको पहिलो प्राथमिकता विज्ञान, सूचना तथा सञ्चार प्रविधि हुनुपर्दछ । अनि मात्र हामी सुशासन, असल शासन वा जनमैत्री शासनको परीकल्पना गर्न सक्छौँ अनिमात्र वैज्ञानिक समाजवादउन्मूख एक सभ्य विकसित समाज निमार्णको आधार तयार पार्न सक्छौँ । त्यसका लागि सरकारले जनमुखी एजेण्डालाई कार्यान्वयनमा लैजान कर्मचारीतन्त्र, आमनागरिक, राजनीतिक नेता, कार्यकर्तालाई गोलबद्ध गर्न जरुरी देखिन्छ ।

हामीसँग विज्ञान र प्रविधिको उपयोग गरी समृद्ध र समुन्नत मुलुकको स्थापना गर्ने ठूलो अवसर पनि सँगसँगै छ । त्यसका लागि सुशासन पहिलो आवश्यकता हो । संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत डिजिटलाईजेशनको व्यवस्थित र परिस्कृत प्रणाली आवश्यक हुन्छ। प्रणालीको दिगो सञ्चालनका लागि कर्मचारीतन्त्र, राजनीतिक वृत्त र आमनागरिकमा वृहत डिजिटल साक्षरताको आवश्यकता पर्दछ। आधुनिक, जनमुखी र स्मार्ट सरकारका लागि सेवा प्राप्ति र प्रवाहमा प्रविधिको उच्चतम् प्रयोग चाहिन्छ । देशमा रहेका विद्यमान प्रायः सबै समस्या र चुनौतिको सामना गर्ने सम्बन्धमा सम्भव भएसम्म विज्ञान प्रविधिको प्रयोगबाट सम्भव छ कि छैन् भनेर अध्ययन गर्न जरुरी छ, विज्ञान-प्रविधिको प्रयोगबाट धेरै समस्याको समाधान सहज र सरल भएका कैयौँ उदाहरण हामीसामु छ ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरी आधारभूत रूपमा आवश्यक प्रविधिमैत्री स्रोत-साधनको उपलब्धता गराइ विज्ञान-प्रविधिको विकासमा स्थानीय सरकारको समेत योजनाबद्ध लगानी केन्द्रित गरी सूचना-प्रविधिको विकास र प्रयोगबाट प्रचूर उत्पादन र भौतिक विकास हासिलमा तदारुकताका साथ अग्रसर हुने, अनुत्पादक क्षेत्रमा भइरहेको लगानीलाई शतप्रतिसत कटौती गरी वैज्ञानिक खोज-अनुसन्धान र अन्वेषणलाई प्रवर्द्धन गर्न एक पालिका एक 'अनुसन्धान केन्द्र' स्थापना गर्ने, वैज्ञानिक खोज, अध्यायन-अनुसन्धान, अन्वेषण र प्रयोगका क्षेत्रमा पर्याप्त बजेट बिनियोजन गर्ने तर्फ सचेत ढङगले हस्तक्षेप जरुरी देखिन्छ ।

## अबको बाटो

### १. विज्ञान-प्रविधिका कुरा गरौँ

नकारात्मकता र दोषारोपणका दलदलमा फसेको नेपाली समाजलाई उत्साह र उत्प्रेरणा पैदा गर्दै सबैले आफ्नो ठाउँबाट यथाशक्य योगदान गर्न सक्ने बनाउन जतातते विज्ञान संस्कार र विज्ञान प्रविधिसम्बन्धी कुरा हुनुपर्दछ, योजना बनाइनुपर्दछ र परिणाममुखी कार्यान्वयन सुरु हुनुपर्दछ । विश्वले कसरी विज्ञान-प्रविधिको प्रयोग गऱ्यो र हामीले हाम्रो सापेक्षतामा कसरी उपयोग गर्न सक्छौँ भन्नेतर्फ बहस छेड्न जरुरी छ। उपभोक्ता मात्र हुन खोज्ने जीवनपद्धतिलाई उत्पादन केन्द्रित गर्न साना-साना उत्पादन हुँदै राष्ट्रिय उत्पादनका अवयवहरूको खोज, अध्ययन अनुसन्धान गरी नवप्रवर्तनमा केन्द्रित गर्नुपर्दछ । विज्ञान-प्रविधिको अनुसन्धानको क्षेत्रमा राष्ट्रको लगानी निकै न्युन रहेकाले कम्तिमा जिडिपिको १ प्रतिशत लगानी पुऱ्याउने गरी नीति तथा कार्यक्रम तयार गर्नु आवश्यक छ।

विज्ञानदेखि लाग्ने डरलाई कम गर्न जनविज्ञानको वकालत गर्न जरुरी देखिन्छ । जनताको दैनिक जीवनसँग विज्ञान र यस सम्बन्धित विषय नजोडिदाँसम्म विज्ञानको समायानुकुल विकास हुन सक्दैन् । विज्ञान-प्रविधिको विकास र विस्तारमार्फत् राष्ट्को समृद्धि छिटो हासिल गर्न विकास बजेटको केही हिस्सा, ऋक्च को केही हिस्सा, वैदेशिक सहयोगको केही हिस्सा अनिवार्य अनुसन्धानको क्षेत्रमा लगाउने गरी नीति अख्तियार गरी विज्ञान तथा प्रविधिको क्षेत्रमा काम गरिरहेका संघसंस्थालाई प्रवर्द्धन गर्ने, क्षमता विकास गर्ने तथा अनुदान सहयोगमार्फत् राष्ट्को आवश्यकतामा परिचालन गर्ने गरी नीति तथा कार्यक्रम तयार गर्नेतर्फ ध्यान दिन आवश्यक छ । विज्ञान-प्रविधिको क्षेत्रबाट सबैभन्दा बढी जनशक्ति विदेशिइरहेको र बौद्धिक पलायन (Brain Drain) भइरहेको वर्तमान अवस्थामा नेपालमै अवसरको सिर्जना र निरन्तरता गर्ने वातावरण तयार गर्दै विश्वभरि रहेको नेपालीहरूले सिकेका ज्ञान-सीप र कलालाई नेपालको हितमा लगाउने गरी बौद्धिक लाभ (Brain Gain) लिने गरी राष्ट्रिय पूर्वाधार तयार गर्नुपर्दछ । कृषिको व्यावसायिकरण र आधुनिकीकरण, उद्योगको विकास र विस्तार, प्राकृतिक स्रोत र साधनको वैज्ञानिक प्रयोग र उपयोग, खनिज र खानीको उत्खनन् र प्रयोग गरी राष्ट्रिय हितमा लगाउनु आजको आवश्यकता हो ।



सूचना प्रविधि सिकाइ केन्द्रको अवधारणा अगाडि सार्दै सरकारी विभिन्न प्रणालीहरूको एकीकरण तथा एकद्वार प्रणालीको विकास तथा नीति कार्यक्रम र बजेट कार्यान्वयनमा प्रभावकारीताका लागि सूचना तथा प्रविधिमैत्री मोडेल विकास गर्ने, स्टार्टअफ विजनेस, स्टार्टअफ उद्यमशीलतालाई प्रर्वद्धन गर्ने गरी नीति तथा कार्यक्रम तयार गर्ने र तीनै तहको सरकार र नागरिकबीचको समन्वय/सहकार्य (G2C Model) मोडेल, सरकार र उद्योगी-व्यवसायी बीचको समन्वय/सहकार्य (G2B Model) मोडेल, सरकार र कर्मचारीवीचको समन्वय/सहकार्य (G2E Model) मोडेल, सरकार र मिडियाबीचको समन्वय/सहकार्य (G2M Model) मोडेल विकास गरी कार्यान्वयन गर्ने व्यवस्था यथाशीघ्र गर्न जरुरी छ।

डिजिटल साक्षरता र इ-रेडिनेस कार्यक्रमलाई व्यापकता दिँदै मोबाइल टेक्नोलोजिको अधिकतम प्रयोग नीति अख्तियार गर्ने, संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत डिजिटलाईजेशनको परियोजनाको विकास गरी लागू गर्ने, ग्रासरुटसम्म जाने गरी स्थानीय तह केन्द्रित प्रविधिको प्रयोगसम्बन्धी ज्ञानमूलक, सूचनामूलक डिजिटल विषयवस्तु निर्माणलाई प्राथमिकता दिने, सबै तहका सरकारी पदाधिकारी र कर्मचारीले दैनिक गर्ने कार्यसम्पादनको अनलाइन टाइम सिट भर्ने/भराउने व्यवस्था गरी कार्यसम्पादन मुल्याङ्कन गर्ने, सरकारी तथा सार्वजनिक निकायहरूमा प्रयोग हुने सफ्ट्वेयरहरूको गुणस्तर मापन, सूचना प्रविधि अडिट तथा सरकारी निकायमा साइबर सुरक्षासम्बन्धी विज्ञ निर्माणसहित एकीकृत सूचना प्रविधि प्रणाली विकास गर्ने, साथै जनयुद्ध, जनआन्दोलनसहित हालसम्मका सङ्घर्ष, योगदान र उपलब्धिको डिजिटलाइज गरी सङ्घर्षको इतिहास र उपलब्धिसम्बन्धी डिजिटल सङ्ग्रहालय तथा ई-लाइब्रेरी निर्माण गरी इतिहासको रक्षा, सम्मान र ज्ञानको स्थानान्तरणमा ध्यान दिनुपर्दछ।

सूचना तथा सञ्चार मन्त्रालयले सूचना प्रविधि सिकाइ केन्द्रको निर्माण गरी सरकारी विभिन्न प्रणालीहरूको एकीकरण तथा एकद्वार प्रणालीको विकास गर्ने । नेपालमा उत्पादित सफ्टवेयर नेपालमा नै प्रयोगको लागि प्रोत्साहन गर्न, नेपाली सफ्टवेयर उद्योगमा विदेशी लगानीकर्ता आकर्षण गर्न दर्ता प्रकृया सरलीकरणा तथा कर छुटको व्यवस्था गर्ने । सूचना प्रविधिको प्रयोगलाई भरपर्दो, विस्वसनीय र सुरक्षित बनाउन बैंकिंग, राजस्व, कम्पनि रजिस्टर्डलगायतका क्षेत्रहरूमा डिजिटल सिग्नेचरलाई अनिवार्य गर्ने । नीति कार्यक्रम र बजेट कार्यान्वयनमा प्रभावकारीताका लागि सूचना तथा प्रविधिमैत्री मोडेल विकास गर्ने र स्टार्टअफ विजनेस, स्टार्टअफ उद्यमशीलतालाई प्रर्वद्धन गर्ने गरी नीति तथा कार्यक्रम तयार गर्ने गरी अगाडि बढ्न ढिला गर्न हुँदैन।

## २. स्टिमको (STEAM: Science, Technology, Engineering, Arts and Mathematics) कुरा गरौँ

विश्वमा स्टिम अवधारणा विकास भई शिक्षा र अन्य क्षेत्रमा कार्यान्वयनमा गइरहेको सन्दर्भमा नेपालमा समेत स्टिमको बहुआयमिक प्रयोगको बहस र सोबमोजिमको कार्यक्रम कार्यान्वयन गर्न पहल थाल्नुपर्दछ। विशेष गरी शिक्षा क्षेत्रमा स्टिमको प्रवेश भएको छ र नीतिमा स्टिममा आधारित शिक्षा पद्धतिको वकालत गरिएको छ। अबको नयाँ पुस्ता मेसिनजस्तो हुनु हुँदैन, काममा कला जोड्न सक्दा मात्र जीवन सफल हुने हो।

जीवनमा, सिकाइमा, अभ्यास र प्रयोगमा कसरी कला प्रयोग गर्ने भनेर स्टिमको अवधारणा अगाडि आएको छ । पाङ्ग्रा र ह्यान्डिलबिनाको सुट्केस, भिर्ने र समात्ने डोरीबिनाको ब्याग, समात्ने कान र अड्याउने पिँधबिनाको मख हामीसँग पहिलेदेखि नै छ, अब सुट्केसमा पाङ्ग्रा-ह्यान्डिल जोड्न, ब्यागमा भिर्ने-समात्ने डोरी बनाउन र मखमा समात्ने कान र अड्याउने पिँध बनाउन सिक्ने र सिकाउने गरी शिक्षा क्षेत्रमा नवप्रवर्तनको खाँचो छ। अब तीन घन्टाको परीक्षाले दक्ष जनशक्ति उत्पादन गर्न सकिँदैन। समृद्ध देश बनाउने हो भने अध्ययन, अनुसन्धानमा जोड दिइनुपर्छ। ज्ञानको नवीकरण अहिलेको आवश्यकता हो । ज्ञान-विज्ञान शास्त्रजस्तो होइन, शास्त्र त परिवर्तन हुँदैन। ज्ञान-विज्ञान त परिवर्तनशील छ।

जबसम्म विद्यालयमा स्टिम शिक्षा सुरु हुँदैन, तबसम्म शिक्षामा प्रगति हुन सक्दैन। विद्यार्थीलाई कक्षा कोठामा राखेर पढाउने, पाठ कण्ठ गराउने, नोट लेखाउने परम्पराको अन्त्य हुनुपर्छ। विद्यार्थीलाई समूहमा छलफल गराउने, एकअर्कामा कुरा सेयर गर्न लगाउने र अन्वेषणमा प्रेरित गर्नुपर्छ। अनि मात्र शिक्षाको गुणस्तर र समृद्ध मुलुक बन्छ। विशेष गरी शिक्षा क्षेत्रमा स्टिमको प्रयोगका लागि संघ, प्रदेश र स्थानीय तहमा शैक्षिक प्रविधि सिकाइ केन्द्रको निर्माण गर्ने तथा ई-शिक्षा कार्यक्रममार्फत् सबै विद्यालयहरूलाई ब्रोडव्याण्डसँग जोड्ने, सबै विद्यालयमा निःशुल्क वाइफाईको व्यवस्था गर्ने, शिक्षकका लागि ई-तयारी कार्यक्रम, अभिभावक र विद्यार्थीहरूका लागि डिजिटल साक्षरता कार्यक्रम तथा शिक्षामा कृतिम बौद्धिकतको अध्ययन, विकास र प्रयोगलाई बढावा दिने र शिक्षा प्रणालीमा बहुप्राविधीक शिक्षाका सिद्धान्तहरूलाई अवलम्बन गरी सीपयुक्त र बजारमुखी जनशक्ति उत्पादनमा जोड दिन आवश्यक छ।

कक्षा १ देखि नै १०० पूर्णाङ्कको विज्ञान-प्रविधि शिक्षा अनिवार्य गर्ने, विश्वविद्यालयका विज्ञान र प्रविधि सम्बन्धित शिक्षाका कार्यक्रम समयमै अद्यावधिक गरी विश्वस्तरीय बनाउने, शिक्षक, प्राध्यापकलाई नियमित रूपमा समयसापेक्ष तालिमको व्यवस्था गर्ने, पाठ्यक्रममा भएको ग्याप (gap) लाई Bridge गर्ने गरी नीति तथा कार्यक्रम ल्याउन ध्यान केन्द्रित गराउनुपर्दछ।

## ३. विज्ञान कुटनीतिको कुरा गरौँ

विज्ञान र प्रविधिको कुनै सीमा हुँदैन। एक ठाउँको अनुसन्धान र आविस्कार अर्को ठाउँमा सजिलै उपलब्ध र उपयोगी हुने हुँदा विकासको गति विश्वमा अद्भूत रूपमा भैरहेको छ। विश्वभरी भएका विज्ञान प्रविधिको विकास र प्रयोगलाई नेपालको हितमा कसरी ल्याउने भन्ने सम्बन्धमा विज्ञानमा निकै फड्को मारेका देशहरूसँग विज्ञानसम्बन्धित विषयमा कुरा गर्ने, नेपालको हितमा हुने गरी सहयोग र अनुदान ल्याउन पहल गर्ने र प्रविधिलाई भित्र्याउन कुटनीतिक संवाद गरी विज्ञान-प्रविधिको विकासका लागि विभिन्न देशहरूसँग द्विपक्षीय सम्बन्धको विकास र विस्तार गर्नु नै विज्ञान कुटनीति हो।

नेपालले हालसम्म देखिने गरी विज्ञान कुटनीतिको प्रयोग गर्न सकेको देखिँदैन। विज्ञान कुटनीतिमा विश्वास राखी विज्ञान कुटनीतिलाई प्रयोग गरी समुन्नति र विज्ञान प्रविधि क्षेत्रका विकासमा अग्रसर हुने खालको गतिविधिलाई बढवा दिन जरुरी छ। सूचना र सञ्चारसम्बन्धी ज्ञानको विकास र प्रयोग, वैज्ञानिक क्षमता अभिवृद्धि गर्ने कार्यक्रम र सवब क्षेत्रको विकासका लागि विश्वका उत्कृष्ट प्रयोग र प्रविधिलाई नेपालको हितमा हुने गरी प्रयोग गर्नु नै विज्ञान कुटनीतिको प्रयोग गर्नु हो। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार र उद्यमशिलता, सुशासन र सामाजिक न्यायका लागि समेत विज्ञान कुटनीतिका माध्यमबाट उत्कृष्ट अभ्यासहरूको प्रविधि हस्तान्तरण गर्ने कार्य अगाडि बढाउन जरुरी छ। कृषि, पर्यटन, उद्योगको विकास र विस्तारमा समेत विज्ञान कुटनीतिले अर्थपूर्ण योगदान

दिन सक्ने देखिन्छ। औद्योगोकिकरण, रोजगारीको सिर्जना, ऊर्जा शक्तिको उत्पादन र प्रयोग तथा नेपालका मौलिक प्रविधि, संस्कृति र ज्ञानको विश्व बजारीकरणका लागि समेत विज्ञान कुटनीतिको प्रयोग गर्न आवश्यक छ।

**४. जलवायु परिवर्तनको कुरा गरौँ**

हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका भए पनि नेपाल जलवायु परिवर्तनका जोखिममा परेको मुलुक हो । जलवायु परिवर्तन नेपाल मात्र नभएर विश्वकै पहिलो समस्याका रूपमा देखा परेको छ। नेपालमा हिमशिखर पग्लने दर बढ्दै जानु र वर्षा मौसममा अनुमान गर्न नसकिने गरी अतिवृष्टिसँगै आउने बाढी/पहिरोसहितका प्राकृतिक प्रकोप यसका ज्वलन्त प्रमाण हुन् । जलवायु परिवर्तनका जोखिमबाट बच्न वर्तमान सरकारले विश्वव्यापी रूपमा खेलेको भूमिका सराहनीय छ।

नेपाल जलवायु परिवर्तन महासन्धि कार्यान्वयनका सुरुको दशकमा सभा/सम्मेलन सहभागितामा मात्र सीमित रहेको भए पनि पछिल्लो वर्षमा सबैले सजिलै सुन्न र देख्न सकिने गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रममा आफ्नो उपस्थिति देखाउँदै आएको छ । जलवायु परिवर्तन हाम्रा लागि दूरभविष्यमा आइपर्ने चुनौती होइन, वर्तमानमा आइपरेको आसन्न खतरा हो - यसले पार्ने आर्थिक प्रभाव सर्वत्र महसुस भैसकेको छ। यो जलवायु विभिन्नता (climate variability) भन्दा फरक छ।

जलवायु विभिन्नताले औसत जलवायुमा देखिने अल्पकालीन फेरबदल भन्ने जनाउँदछ। जलवायु परिवर्तनले जलवायुका कैयौँ पक्षलाई प्रभावित तुल्याउँछ, जस्तै वर्षाको सही पूर्वानुमान गर्न सकिँदैन, ऋतुजन्य मौसमको ढाँचा बदलिदिन्छ, विषम प्रकृतिका मौसमजन्य घटना (जस्तै भारी हिमपात हुनु, सुख्खा खडेरी पर्नु, उष्ण र ठण्डी वायुभाटा पैदा हुनु र अचानक हिमताल फुट्नु) आदिको सम्भावना बढाइदिन्छ।

जलवायु परिवर्तनको कुनै समय र सीमा छैन। यो एउटा निरन्तर प्रक्रियाका रूपमा अगाडि बढेको छ । जलवायु परिवर्तनका असर र प्रभाव भने मानिसको आर्थिक एवं सामाजिक क्षमतामा भर पर्ने गर्छ । तुलनात्मक रूपमा आर्थिक अवस्था कमजोर भएका मानिसलाई बढी प्रभाव पर्नु स्वाभाविक छ । त्यस्तैगरी पुरुषभन्दा महिला, बालबालिका, समाजका ज्येष्ठ नागरिक र अझ बढी अपाङ्ग भएका मानिसमा बढी प्रभाव परेको अध्ययन र अनुभवले देखाएका छन् ।

त्यसरी सीमान्तकृत अवस्थामा रहेका समुदाय र तिनलाई परेका जलवायु परिवर्तनका जोखिमलाई राज्य एक्लैले सम्बोधन गर्न सक्ने अवस्था छैन। तसर्थ सरकारी, गैरसरकारी संघ/संस्था, निजी क्षेत्र र नागरिक समाजको एकीकृत प्रयासमा मात्र उपरोक्त जोखिम सम्बोधन गर्नुपर्ने हुन्छ । यसका लागि व्यापक सचेतनात्मक कार्यक्रम गर्ने, जलवायु परिवर्तनले पारेको प्रभाव र त्यसको क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय स्तरमा व्यापक पहल गर्नेलगायतका कार्यमा निरन्तर र अर्थपूर्ण तत्परता आवश्यक हुन्छ।

**५. दिगो विकास लक्ष्य प्राप्तिका लागि ध्यान केन्द्रित गरौँ, दिगो विकास लक्ष्यको स्थानीयकरण गरौँ**

सन् २०१५ को सेप्टम्बरमा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले दिगो विकास लक्ष्य (दिविल) लाई अनुमोदन गरे।

यो एउटा विश्वव्यापी आह्वान थियोः सन् २०३० सम्ममा गरीबीको अन्त्य गर्ने, हाम्रो ग्रहको संरक्षण गर्ने र संसारका सबै जनताका लागि शान्ति र सुरक्षा सुनिश्चित गर्ने । दिगो विकास लक्ष्य (दिविल) सहस्राब्दी विकास

> औद्योगोकिकरण, रोजगारीको सिर्जना, ऊर्जा शक्तिको उत्पादन र प्रयोग तथा नेपालका मौलिक प्रविधि, संस्कृति र ज्ञानको विश्व बजारीकरणका लागि समेत विज्ञान कुटनीतिको प्रयोग गर्न आवश्यक छ।

लक्ष्य (सविल) द्वारा प्रेरित त छ नै तर यसले त्योभन्दा बढी व्यापक विषय र विकासका आयाम पनि समेट्छ। 'कसैलाई पनि पछि नछाड्ने' यसको विश्वव्यापी आकाङ्क्षाले गर्दा विश्वस्तरमा अहिलेसम्म भएका विकास प्रयत्न भन्दा दिगो विकास लक्ष्य सर्वाधिक महत्वाकाङ्क्षी पनि देखिन्छ।

दिगो विकास लक्ष्यको अनुमोदन समग्र विश्व र र राष्ट्र-राष्ट्र बीचका साझा र विशेष समस्याका सम्बन्धमा बन्दै र विकसित हुँदै गएको साझा बुझाइ र सहमतिको उदाहरण पनि हो। विश्वव्यापी 'दिविल' का १७ वटा लक्ष्य र १६९ परिमाणात्मक लक्ष्य अनि २३० वटा सूचकहरू मानव जातिको कल्याण र हाम्रो यो साझा ग्रह (पृथ्वी) को अखण्डतालाई सुनिश्चित गर्ने सङ्कल्प पनि हो। फेरि, दिगो विकास लक्ष्यले विश्वका जटिल र गहिरा आर्थिक, सामाजिक, वातावरणीय र राजनीतिक समस्याका जरैसम्म पुगेर सम्बोधन गर्ने आकाङ्क्षा समेत राखेको छ।

**६.भ्रष्टाचार नियन्त्रण मात्र होइन्, भ्रष्टाचारको उन्मूलनका लागि वैज्ञानिक प्रणाली विकासको कुरा गरौँ**

नेपालमा भ्रष्टाचार सबैभन्दा ठूलो समस्याको रूपमा खडा भएको छ। पहिला केन्द्रीय स्तरमा मात्र हुने भ्रष्टाचार अहिले वडा टोलसम्म हुँदै घरघरसम्म विस्तार र संस्थागत भएको देखिन्छ । भ्रष्टाचारको नियन्त्रण आजको प्रमुखमध्येको राष्ट्रिय कार्यभार हो। नीति नै गतिलो नहुँदाँ धेरैजसो भ्रष्टाचार र अनियमिता नीतिमै टेकेर गरिएका छन् । भ्रष्टाचारलाई बढावा दिने खालका नीति, प्रणालीको विस्थापन गर्नेतर्फ बहस उठानको जरुरी छ। भ्रष्टाचारको नियन्त्रण गर्दै उन्मूलनसम्म जान प्रविधिको प्रयोग नै उत्कृष्ट विधि हो। म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार हुन दिन्नँ भन्ने नारा कार्यालयका गेटमा राखेर भित्र कोठामा ठुला ठुला काण्डका डिल हुने गरेका कैयौँ उदाहरण हाम्रासामु छन्। त्यसैले नाराले मात्र हुने रहेनछ। त्यसका लागि प्रविधिको प्रयोगमार्फत् भ्रष्टाचार भएको थाहा पाउने, तत्काल अलर्ट गराउने र सूचना प्रवाह गराइ तत्काल कारबाही गर्न र गराउन सक्ने नीति, प्रणाली र मार्गचित्र प्रविधिको सहायताले निर्माण गर्न सकिन्छ।

**अन्त्यमा,**

कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको सूचना प्रविधि तथा विज्ञान प्रविधिसम्बन्धी नीति, कार्यान्वयन पक्ष, राजनैतिक प्रतिबद्धता, विभिन्न क्षेत्रमा गरिएका अनुसन्धान, राज्यको लगानी र सोबाट प्राप्त प्रतिफल र साथै विज्ञान कुटनीतिमा समेत भर पर्दछ । नेपालको संविधानले नै प्रविधिलाई देशको समग्र दीगो विकाससँग आवद्ध गरेको छ। राज्यको पहिलो प्राथमिकता विज्ञान-प्रविधिको विकास, विस्तार र प्रयोग, सूचना तथा सञ्चार प्रविधिको विकास र सदुपयोग हुनु पर्दछ। अनिमात्र सुशासन, असल शासन वा जनमैत्री शासनको परिकल्पना गर्न सकिन्छ। वैज्ञानिक समाजवादउन्मुख एक सभ्य विकसित समाज निमार्णको आधार तयार पार्न सक्छौं। •



# विशेष रूपान्तरण अभियानमा

# लुम्बिनी

**हितमान शाक्य**

**सचिव**

**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

पार्टीको केन्द्रीय समितिको वैठकले पार्टीको विचार, राजनीति, संगठन, कार्यशैलीमा देखिएको समस्यालाई हल गर्नका लागि 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान' सञ्चालन गर्ने निर्णय गरेको थियो। यसभन्दा अगाडि सञ्चालन भएका अभियान सिर्फ औपचारिकतामा मात्र सीमित भएको दृष्टान्तलाई ख्याल गर्दै अलिक भिन्न तरिकाले सञ्चालन गर्ने सोंचका साथ यो अभियान थालनी गरिएको थियो। यद्यपि अभियानको तयारीमा पहिलेका अभियानको तरिकाले गर्दा कार्यकर्ताहरूमा अभियानको बारेमा त्यति उत्साह र जाँगर देखा परेको थिएन। अभियान अगाडि बढाउनका लागि पहिलो काम कार्यकर्ताहरूमा उत्साह भर्नुपर्ने अवश्यकता थियो। लुम्बिनी प्रदेश हिजो जनयुद्धकालको आधार इलाकाको रूपमा विकास भएको क्षेत्र थियो। साथै शान्ति प्रक्रियामा जनताको राम्रो जनमत भएको क्षेत्र पनि थियो।

तर ७९ सालको निर्वाचनमा प्रवेश गर्दा हाम्रो आधार क्षेत्र भनिएको रुकुम रोल्पामा गठबन्धनसँग सहकार्य गर्ने क्रममा कंग्रेसलाई सिट दिने निर्णय हुँदा त्यसले पार्टीभित्र गम्भिर समस्या पैदा गरेको थियो। यो अवस्थामा रोल्पामा गठबन्धनको आधिकारिक उम्मेदवारका विरुद्धमा हाम्रो पार्टीका साथीहरूले विद्रोह गर्ने स्थिति देखापरेको थियो भने रुकुममा क्षेत्रीय सन्तुलनलाई ख्याल गर्न नसक्दा हाम्रो आफ्नै पार्टीको तर्फबाट आधिकारिक उम्मेदवार बनेका कमरेडको बिरुद्धमा विद्रोह गरि पार्टीकै अर्का साथी उम्मेदवार भएको अवस्था बनेको थियो। यसैगरी बाँके र बर्दियामा पनि यस्तै समस्या देखिएको थियो। लुम्बिनी प्रदेशको जनमत भएका मुख्य जिल्लामै यस्तो अवस्था हुँदा यसले पार्टीको आन्तरिक एकतामा गम्भिर समस्या देखा परेको थियो। यसका साथ साथै केही जिल्लाहरूमा पार्टीका साथीहरूमा पहिलेदेखि नै आन्तरिक एकतामा समस्या देखापरेको थियो।

लुम्बिनी प्रदेशको पार्टी एकतामा देखा परेका यस्ता केही समस्याहरूले अभियान सञ्चालन गर्न केही समस्या पर्ने त हैन भन्ने आशंका देखिए तापनि लुम्बिनी प्रदेशको पार्टीमा मूल रूपमा पार्टीलाई अगाडि बढाउनु पर्छ भन्ने मुलधारा मजबुत थियो। यिनै सामान्य स्थितिलाई ख्याल गर्दै केन्द्रको निर्णयको स्प्रीट तथा कार्ययोजनाको आधारमा प्रदेशले आफ्नो विशिष्टतालाई हेक्का राखेर अभियान सञ्चालन गरेको थियो।

## अभियानको तयारीको काम

**(क) सांगठनिक तयारी**

केन्द्रीय समितिको वैठक श्रावण २१ गते सकिए लगत्तै लुम्बिनी प्रदेशमा कार्यरत केन्द्रीय सदस्य तथा प्रदेश पदाधिकारीको प्रारम्भिक वैठक बसी प्रदेश कमिटीको वैठक निश्चित गऱ्यो । प्रदेश कमिटीको वैठकले अभियानको ११ सदस्यीय सचिवालय गठन गर्नुका साथै सबै जिल्लाहरूमा अन्तर जिल्ला परिवर्तन गरेर जिल्ला इन्चार्ज नियुक्त गऱ्यो । यसैगरी सबै केन्द्रीय सदस्यहरू, प्रदेश पदाधिकारी, केन्द्रीय आयोगका सदस्यलाई अन्तर जिल्ला परिवर्तन गरेर पालिकाको इन्चार्जको रूपमा नियुक्त गऱ्यो । प्रदेश सदस्यलाई अन्तरपालिका परिवर्तन गरेर वडाको इन्चार्जका रूपमा नियुक्त गरेर जिल्लादेखि वडाको वैठक तालिका बनाई सम्पन्न गरियो । प्रदेशमा क्रियाशील सबै जबसको अध्यक्षको संयुक्त वैठक सम्पन्न गरी अभियानमा जनवर्गीय संगठनलाई परिचालन गर्नका लागि तयारी गऱ्यो । यसैगरी मोर्चा संगठनहरूको अध्यक्षको संयुक्त वैठक बसी मोर्चा संगठनलाई अभियानमा जोडेर लाने निर्णय गऱ्यो ।

**(ख) वैचारिक राजनीतिक काम**

माथि पनि उल्लेख गरिसकियो कि अभियानप्रति कार्यकर्तामा त्यति विश्वासको स्थिति थिएन । कार्यकर्तामा पार्टीका क्रियाकलाप, कार्यशैली तथा संगठनात्मक बिधि पद्दति माथि निकै आलोचनात्मक धारणाको विकास भइरहेको थियो । यी समस्याहरूका बारेमा राजनीतिक उपचार नगरी अभियान सजिलै अगाडि बढ्न सक्ने अवस्था थिएन । त्यसका लागि पार्टीमा क्रियाशील प्रदेश कमिटीका कमरेडहरू र जिल्ला समन्वय समितिका कमरेडमा राम्रो राजनीतिक जागरण ल्याउनु पर्ने आवश्यकता थियो । पार्टी केन्द्रीय समितिको निर्णयको स्प्रीरिट, अध्यक्षको नेतृत्वमा रहेको सरकारले सुशासनलाई मध्य नजर राखेर चालेको अभियानको स्प्रीरिट, पार्टीको मुल राजनीतिक कार्यदिशा, अभियानको तरिका र स्प्रीरिट, अभियानको उद्देश्य र लक्ष्य आदि प्रष्ट गर्नुपर्ने थियो । यसका लागि प्रदेशदेखि जिल्ला, पालिका र वडासम्ममा व्यवस्थित वैचारिक राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरे पछि मात्र सिंगो प्रदेश पार्टीमा नयाँ जागरण पैदा भयो ।

**(ग) अन्य प्राविधिक काम**

अभियान सञ्चालन गर्नका लागि आर्थिक व्यवस्थापन गर्नुपर्ने, विभिन्न राजनीतिक सामग्रीको व्यवस्थापन गर्नुपर्ने, प्रचारका विभिन्न सामग्री बनाउनु पर्ने, सुरक्षा प्रणाली मिलाउनु पर्ने, सूचना संचार मिलाउनु पर्ने आदि विषय थिए । यी सबै व्यवस्थापनका लागि मुख्यरुपले आत्मनिर्भर प्रणालीका बारेमा सोंच र व्यवहारलाई स्थापित नगरी अभियान सञ्चालन गर्न सकिने अवस्था थिएन । यो अभियान संसदीय निर्वाचनको जस्तो कार्यशैलीलाई अपनाएर अगाडि बढाउन सकिने परिस्थिति नै थिएन र त्यो शैली अपनाउन पनि हुँदैन थियो । यस बारेमा प्रदेशका नेता तथा कार्यकर्तामा एउटै धारणा र राजनीतिक स्प्रीरिट जगाउनुपर्ने आवश्यकता थियो । अभियानको थालनीको चरणमा मुख्यरुपले केन्द्रीय समितिका साथिहरूले नयाँ स्प्रीरिट देखाउनु भएपछि अभियान सहजतामा अगाडि बढेको थियो ।

## अभियानको उद्देश्य

लुम्बिनी प्रदेशको आफ्नो विशेषताको आधारमा अभियानको निम्न उद्देश्य तय गरिएको थियो ।

- विचार, राजनीति, संगठन र सँस्कृतिमा पार्टीको विभिन्न तहमा देखापरेका आन्तरिक समास्याहरूका बारेमा व्यापक समीक्षा, छलफल र अन्तरक्रियाको माध्यमबाट खोजी गरी समाधानमा योगदान पुयाउने ।
- चुनौतीपूर्ण अवसरको रूपमा प्राप्त भएको क.अध्यक्षको नेतृत्वमा बनेको सरकारले लिइरहेको पहललाई जनतामा सकारात्मक र व्यवस्थित प्रचार गर्ने ।
- स्थानीय सरकारका कामलाई व्यवस्थित गर्दै जनतामा स्थापित गराउने ।
- आवश्यकताअनुसार पालिका समितिको गठन पुनर्गठन गर्दै गतिशील र चलायमान बनाउने तथा वडा कमिटी निर्माणलाई मुख्य जोड गर्दै वडाको कार्य क्षमता र दक्षताको विकासमा ध्यान दिने ।
- सम्पूर्ण जनसंगठन र मोर्चालाई हरेक वडामा संगठित गर्दै व्यापक विस्तार अभियान सञ्चालन गर्ने ।
- जनतामा माओवादीको छविलाई उच्च बनाउँदै जनताको हामीप्रतिको यथार्थ धारणा बुझ्ने, स्वस्थ आलोचना र सुझावको माग गर्ने, जनतामा पार्टी आत्मालोचक बन्ने ।
- पार्टीलाई नयाँ मुल्यका साथ सामाजिकीकरण गराउन विभिन्न सामाजिक संघ संस्थाको निर्माण गर्ने, बनेका सामाजिक संघ संस्थामा सहभागी बनेर पहल लिने, शक्तिशाली सामाजिक सत्ताको नेतृत्व लिने ।
- पार्टी सदस्यको ओजलाई अनुशासित, क्रियाशील, प्रतिवद्ध र गरिमामय बनाउने । पार्टी लेवी प्रणालीलाई व्यवस्थित गर्ने ।
- पार्टीलाई आत्मनिर्भर र स्वपहल लिन सक्ने बनाउन तथा मुलुकलाई आत्मनिर्भर अर्थतन्त्रको भ्रुणको रूपमा विकास गर्न हाम्रो पार्टीको नेतृत्वमा स्थानीय सरकार बनेको पालिकाको एउटा वडामा नमुनाको रूपमा पार्टीको पहलमा उत्पादनको ठोस योजना निर्माण गर्ने ।
- कार्यकर्ताको वैचारिक स्तरलाई उठाउने, काम गर्ने नयाँ शैलीको विकास गर्ने, नयाँ प्रविधिलाई पार्टी जीवनमा प्रयोग गर्नसक्ने बनाउने ।
- निर्वाचनमा विजय हासिल गरेको संघ, प्रदेश मुख्यत पालिकामा पार्टी र जनताको बीचको सम्बन्ध सुदृढ गर्ने, संभाब्य विजय हासिल गर्न सकिने ठाउँहरूमा थप शक्ति केन्द्रित गरि मजबुत आधार तयार गर्ने तथा जनघनत्व भएको तर आधार कमजोर भएको शहरी क्षेत्रमा व्यवस्थित शक्ति केन्द्रित गरि योजनाबद्ध विकासको पहल लिने ।
- छरिएर रहेका माओवादी तथा कम्युनिष्ट पार्टीलाई एकताबद्ध बनाउन वैचारिक छलफल तथा अन्तरक्रिया गर्दै एकताको पहललाई तलैबाट प्रयत्न गर्ने ।

## अभियानको लक्ष्य

- तीन महिनाको अभियानको मुख्य लक्ष्य लुम्बिनी प्रदेशमा १ लाख २५ हजार पार्टी सदस्यता पुऱ्याउने ।
- सबै वडा समिति व्यवस्थितरुपले गठन पुनर्गठन सम्पन्न गर्ने ।
- हरेक वडामा न्युनतम तीन ओटासम्म टोल समिति निमार्ण गर्ने ।




- अभियानको अन्तिम समयसम्म सम्पूर्ण पार्टी सदस्यहरूको पार्टी सदस्यता नवीकरण गरिसक्ने ।
- हरेक वडामा महिला, विद्यार्थी, किसान, युवा, दलित तथा त्यहाँको विशेषताको जनसंगठन तथा मोर्चाको वडा समिति निर्माण गर्ने तथा यसलाई विस्तारै टोलसम्म विस्तार गर्ने ।
- सामाजिक सत्ताका रूपमा विभिन्न सामाजिक संघ संस्थाको निर्माण गर्ने । समाजमा क्रियाशील विभिन्न सामाजिक संघ संस्थामा व्यवस्थित प्रवेश गर्ने ।
- हामीले विजय हासिल गरेको पालिकालाई आधार बनाई एउटा वडामा मोडल उत्पादन सुरु गर्ने ।
- सबै वडाहरूमा डिजिटल इकाई(आइटी इकाई) निर्माण गर्ने ।
- हरेक वडाका पदाधिकारीहरूको सहभागिता गराई पार्टी स्कुलिङ कार्यक्रम सम्पन्न गर्ने ।
- आफ्नो टोल वडाबाट विदेश गएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरी उनीहरूसँग सामाजिक संजालमा पार्टीलाई जोड्ने ।
- जनतामा जाने, जनताको गुनासो सुन्ने, जनतासँग हातेमाले गर्दै जनश्रममा सहभागी हुने ।
- सिङ्गो पार्टी पंक्तिलाई एकतावद्ध र विश्वासको वातावणमा रुपान्तरणमा लैजाने ।
- जनतासँगको सम्बन्धलाई सुदृढ गर्दै सरकार र पार्टीको छवीलाई सुधार गर्दै विश्वासको वातावरण पैदा गर्ने ।

## अभियानको प्रक्रिया

समग्र अभियानलाई तीन चरणमा विभाजन गरियो । पहिलो चरण श्रावण २५-भाद्र १५ सम्मलाई तयारीको चरणमा लिइयो । नेतृत्वको ठोंस जिम्मेवारी निश्चित गरी यस बीचमा सबै कमिटीहरूको व्यवस्थित वैठक सम्पन्न गर्दै वैचारिक राजनीतिक प्रशिक्षणको काम सम्पन्न गरियो । अभियानका लागि चाहिने सबै प्राविधिक तयारी पनि यसै बीचमा सम्पन्न गरियो । भाद्र १६-२५ को समयलाई अभियानको दोस्रो चरणको रूपमा विभक्त गरियो । दोस्रो चरणलाई अभियानको वार्मअपको रूपमा अगाडि लगियो । यस चरणमा टिम विन्यास गर्ने, कार्यक्रमको तालिका बनाउने, कार्यक्रमको प्रकृति निर्धारण गर्ने, विषयगत तालिम, गोष्ठी गर्दै सहिद परिवार, वेपत्ता योद्धा परिवार, घाइते योद्धाहरूसँगको भेटघाट गर्ने कार्यक्रम तय गरियो । भाद्र १७ - मंसिर १५ सम्मलाई तेस्रो चरणको रूपमा सम्पन्न गरियो । यस बीचमा तीज, दशैं, तिहार जस्तो मुख्य चाडहरू परेकाले यी चाडहरूमा पनि अभियानलाई त्यसैको अनुकुलतामा सम्पन्न गर्ने नीति बनाइयो । यस चरणमा अभियानको उद्देश्य अनुरुप लक्ष्य प्राप्ति गर्ने मुख्य चरणको रूपमा सम्पन्न गरियो । अभियानको मुख्य चरणमा चाडहरू परेकाले अभियानमा केही सुस्तता आएको परिस्थितिलाई ख्याल गर्दै अभियानलाई थप एक महिना बिस्तार गर्ने पार्टीको पदाधिकारी वैठकले निश्चित गरेपछि त्यो थप भएको समयलाई तेस्रो चरणमा हाशिल हुन नसकेका लक्ष्य प्राप्तिको रूपमा तीव्रतामा अगाडि बढाइयो ।

## अभियानको सकारात्मक पक्ष

- पार्टीभित्र गतिशिलता, क्रियाशिलता, विश्वास र जागरणको मात्रा बढेर गएको छ ।
- जनतामा पनि माओवादीप्रतिको साख पुनर्स्थापित हुँदै गएको छ ।
- वडा पार्टी निर्माणमा मूलतः सफलता प्राप्त भएको छ भने पार्टी टोलसम्म विस्तार हुँदै गएको छ ।
- जवस तथा मोर्चा संगठन मुलत पालिकासम्म व्यवस्थित हुँदै वडासम्म फैलिन थालेको छ ।
- जनघनत्व भएको यस प्रदेशको तराई क्षेत्रमा पार्टीको संगठनात्मक प्रभाव विस्तार भएको छ । कतिपय क्षेत्रमा राम्रो उभार आएको छ ।
- अभियानका क्रममा सबै जिल्लामा अन्य पार्टीबाट पार्टी प्रवेश गर्ने प्रक्रिया देखा परेको छ । हाम्रो पार्टीबाट अन्य पार्टीमा जाने परिघट्ना छिटफुट रूपमा मात्र देखा पऱ्यो ।

- पार्टी कार्यकर्ताको वैचारिक क्षमता अभिवृदिका लागि सञ्चालित स्कुलिङ कार्यक्रम योजनाबद्द र व्यवस्थितरुपले सम्पन्न भएको छ ।
- यस बीचमा पार्टीभित्र रहेका पुराना आन्तरिक अन्तरविरोध र समस्याहरू सतहमा देखा परेनन् ।
- नेतृत्वका कमरेडहरू जमेर क्रियाशील भएको क्षेत्रमा गुणात्मक प्रगति देखिएको छ । जहाँ यस्तो रहेन त्यस क्षेत्रको अवस्था कमजोर हुन पुगेको छ ।
- पार्टी सदस्यता नवीकरण सापेक्षित रूपले सफल भएको छ । नयाँ पार्टी सहायता दिने प्रक्रियामा भने सामान्य स्थिति देखा परेको छ ।
- जनपरिचालन, जनभेटघाट, जनसेवाको काममा मध्यम स्थिति देखा पर्‍यो ।

## अभियानमा देखिएका केही समस्या

- केन्द्रीय समिति र प्रदेश समितिका सदस्यहरूको ठूलो हिस्सा अभियानमा पूर्ण सक्रिय हुँदै गर्दा केन्द्रीय समिति तथा प्रदेश कमिटीका केही कमरेडहरूमा चिन्ताजनक निस्कृयता र उदासिनता देखा पर्‍यो भने केही साथीहरूमा आधा मनले काममा जाने स्थिति देखा पर्‍यो ।
- अभियानका लागि व्यवस्थित सामग्री बेलैमा तयारी नहुँदा अभियानमा थोरै खल्लोपना आयो ।
- पार्टीभित्र व्यवस्थित रिपोर्टिङ गर्ने प्रणालीमा चिन्ताजनक ह्रास आएको छ । यसैगरी माथिको निर्देशन तलसम्म लैजाने प्रक्रियामा पनि गम्भिर समस्या देखिएको छ ।
- सबै तहका कार्यालय व्यवस्थित रुपले सञ्चालन गर्न विशेषरुपले जोड गर्नुपर्ने देखियो ।
- पार्टीभित्र सूचना प्रविधिको प्रयोगको निपुर्णतामा निकै कमजोर रहेको देखियो ।
- पार्टी परिचालनमा आर्थिक व्यवस्थापनको पाटो कमजोर देखियो ।
- टोल पार्टी कमिटी निर्माणमा अझै सुस्तता देखिएको छ ।
- जवस मोर्चा संगठन वडा तहमा अझै व्यवस्थित हुन सकिरहेको छैन ।
- उत्पादनसँग जोडिएर अभियान सञ्चालन गर्ने काममा अझै समस्या देखिएको छ ।
- जनतामा गएर सुझाव लिने र आत्मालोचना गर्ने काम ब्यवस्थित हुन सकेन ।
- पार्टी सदस्यता नविकरण गर्ने सवालमा केही सुस्तता देखियो । महाअधिवेशन पर्खने तथा लेवी सिस्टम व्यवस्थित नभएका कारण यस्तो देखियो ।
- सामाजिक सत्ता निर्माणका बारेमा अहिले केही चर्चासम्म हुन पुग्यो । केही ठाउँमा सामाजिक सत्ता निर्माणको प्रयास भए तापनि यसको बुझाई र अभियानको रूपमा लैजाने सवालमा भने समस्या नै देखियो ।
- स्थानीय पार्टी र स्थानीय सरकारका बीचमा राम्रो तालमेल मिलेको ठाउँमा पार्टीको स्थिति राम्रो देखिए तापनि केही ठाउँमा तालमेलमा समस्या देखियो ।
- पार्टीको कार्यदिशालाई एकरूपतामा बुझ्ने बुझाउने प्रकृयामा अझै केही समस्या भएको देखियो ।

## कार्यकर्ताहरूबाट आएका केही सुझाव

- पार्टीभित्र वैचारिक र राजनीतिक क्षेत्रको कामलाई व्यवस्थित गर्न नियमित प्रकाशन र कार्यकर्ताको स्तर अनुसारको पाठ्यक्रम र हाते पुस्तिका तयार गरी नियमित स्कुलिङ सञ्चालन गर्नुपर्ने ।
- यस अभियानमा देखिएको मुख्य समस्या आर्थिक व्यवस्थापन हो । यद्यपि यस अभियानमा खट्ने कमरेडहरूबाट आफ्नै पहलमा निकै मुस्किलले व्यवस्थापन सम्पन्न गर्ने काम भएको छ । पूर्ण क्रियाशील कमरेडहरूको हकमा आर्थिक व्यवस्थापनको व्यावहारिक नीति बनाउन आवश्यक छ ।
- पार्टीभित्र काम गर्ने र नगर्नेहरूको उचित र न्यायिक मूल्याङ्कन गर्ने परिपाटी बसाल्न आवश्यक छ ।
- पार्टीको विधि र पद्धतिलाई संस्थागत र नियम संगत बनाउनु पर्दछ ।
- विकास निर्माण र बजेट विनियोजनको प्रक्रियामा विभिन्न तहको सरकारले संस्थागत ढंगले नीतिगत निर्णय गर्नु पर्दछ । मन्त्री र पहुँचको आधारमा बजेट विन्यास गर्ने परिपाटी अन्त्य गर्नु पर्दछ ।
- एकै व्यक्ति राजकीय जिम्मेवारीमा बारम्बार जाने प्रकृयालाई वदल्नु पर्दछ ।
- अभियानको मोडेल परिवर्तन गरी बारम्बार चलाई रहनु पर्दछ ।

## निरकर्ष

अभियान मुख्य रुपले सफलतापूर्वक सुम्पन भएको छ । जनतामा माओवादी पार्टीप्रति अझै पनि केही आशंका भए पनि देशको परिवर्तनमा माओवादी पार्टीले गरेको योगदानलाई स्मरण गरेको नै पाइयो । साथै माओवादी वास्तवमै रुपान्तरण भएर जनताको सेवक पार्टीको रूपमा पुन आओस् भन्ने अपेक्षा गरेको नै पाइयो । पार्टीमा गतिशिलता, क्रियाशिलता र जागरण पैदा भएको छ । पार्टीका सबै कमिटीहरू यस अभियानमा चलायमान भए । संगठनको जगको रूपमा रहेको वडा र टोल कमिटीको निर्माण मुल रूपमा व्यवस्थित बने । जनताको जनमत केन्द्रीत भएको स्थानीय सामाजिक सत्तामा व्यवस्थित हस्तक्षेप र पहल लिनुपर्ने आवश्यकताको जागरण पैदा भयो । हचुवा पार्टी सदस्यता नविकरणको कार्यशैलीलाई यस अभियानले खारेज गर्‍यो र पार्टी सदस्यता नविकरणलाई वास्तविकतामा कायम गर्‍यो । अब पार्टी भित्र काम गरे पनि हुने, नगरे पनि हुने कार्यशैलीको अन्त्य हुने वातावरणको निर्माण भयो । यो अभियानले मुख्यरुपले हामी सबैलाई सिकाएको कुरा के हो भने पार्टीको जग निर्माणमा हामी सबैको व्यवस्थित लगानी आवश्यक छ । त्यसका लागि क्षमताशील राम्रो नेतृत्व माथितिर हैन जग निर्माणमा केन्द्रित गर्नु पर्छ । क्षमताशील नेतृत्व जमेर क्रियाशील हुँदा जस्तो सुकै बाँझो धर्ति हराभरा हुन्छ भन्ने बोध सबैमा भयो । विधान अधिवेशनमा अभियानबाट प्राप्त यो शिक्षालाई ख्याल गरेर पार्टी संगठनको ढाँचा तयार गर्न आवश्यक छ । •



# सङ्घीय संसद्मा
# माओवादी भूमिका

**हितराज पाण्डे**
**मुख्य सचेतक, प्रतिनिधिसभा**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को तर्फबाट संविधानसभाबाट संविधान बनेपछिको २०७९ साल मंसिरमा सम्पन्न दोस्रो आम निर्वाचन नेपाली कांग्रेससहितको पाँचदलीय गठवन्धनबाट निर्वाचनमा आफ्नो दलका उम्मेदवारहरूलाई प्रतिस्पर्धा गराउँदा हाम्रो दलबाट प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ १४ समेत प्रतिनिधि सभामा ३२ सिट प्राप्त गर्‍यौं ।

उक्त ३२ जना प्रतिनिधिसभाका नवनिर्वाचित माननीय सदस्यहरू २०७९ पुस ७ गते सपथ ग्रहण गरी सोही दिन संघीय संसदीय दलको पहिलो वैठक वसेर विभिन्न निर्णय गरी दलले आफ्नो काम प्रारभ्भ गरेको थियो । बैठकले विधानको व्यवस्था बमोजिम हाम्रो पार्टीका अध्यक्ष एवं गोरखा क्षेत्र नं.-२ वाट प्रतिनिधि सभामा निर्वाचित माननीय सदस्य श्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सर्वसम्मत रूपमा संघीय संसदीय दलको नेता निर्वाचित गर्‍यो । राष्ट्रिय सभामा हाम्रो दल नेताको रूपमा पार्टीका वरिष्ठ उपाध्यक्ष एवं राष्ट्रिय सभा सदस्य मा. श्री नारायणकाजी श्रेष्ठलाई, प्रतिनिधि सभाका प्रमुख सचेतक मा. हितराज पाण्डेलाई, यस अघिकै राष्ट्रिय सभाका प्रमुख सचेतक मा. गोपी अछामी सार्कीलाई र सचेतक मा. गंगा वेलवासेलाई मनोनयन गरेको विषय दल नेताले बैठकलाई जानकारी गराउनु भयो । त्यस्तै हाम्रो दलका नेता मा. पुष्प कमल दाहाल 'प्रचण्ड'लाई गठबन्धनको तर्फबाट प्रधानमन्त्री वनाई सरकारको नेतृत्व गर्न गठबन्धनलाई अनुरोध गर्ने निर्णय गरिएको थियो ।

दलको पहिलो वैठकमा हाम्रो पार्टी अध्यक्ष एवं नव निर्वाचित दल नेताले समग्र राष्ट्रिय राजनीतिक परिस्थितिको सटिक व्याख्या सहित हाम्रो संघीय संसदीय दलका माननीय सदस्यहरूले संसदमा निर्वाह गर्नुपर्ने भूमिका, पाँच दलीय गठबन्धन, नयाँ सरकार गठन लगायतका विषयमा निर्देशन मूलक मन्तव्य राखेर त्यो पहिलो वैठक समापन गरिएको थियो ।

२०७९ पुस १० गते दिनको १२ बजेसम्म पनि नेपाली कांग्रेसको समर्थन हाम्रो पार्टीका अध्यक्ष तथा हाम्रो दलका नेता क.प्रचण्डलाई हुनेछ भन्ने ठानी पाँच दलीय गठबन्धनबाट समर्थन प्राप्त गर्न निरन्तर प्रयत्न भइरहेको थियो । तर त्यो सम्भव भएन र नेकपा (एमाले), रा.स्व.पा., रा.प्र.पा., जनमत पार्टी लगायतको समर्थनमा राष्ट्रपतिको कार्यालयले तोकेको समय भित्रै प्रधानमन्त्री नियुक्तिको लागि वहुमत पुर्‍याएर दावी पेश गर्ने काम भयो र सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट २०८० पुस १० गते गोरखा-२ बाट निर्वाचित हाम्रो पार्टी अध्यक्ष तथा हाम्रो दल

नेता आदरणीय क. प्रचण्डज्यू नेपालको प्रधानमन्त्री पदमा तेस्रोपटक नियुक्त हुनुभयो। २०७९ पुस ११ गते राष्ट्रपति कार्यालयमा सपथ ग्रहणको कार्यक्रम राखिएको थियो।

नयाँ मन्त्री मण्डलको गठनको लागि पुस ११ गते बिहान हाम्रो पार्टीको केन्द्रीय कार्यालयमा पदाधिकारीको बैठक बस्यो र त्यो बैठकले सपथ ग्रहणकै दिन प्रधानमन्त्री सँगसँगै पार्टीका वरिष्ठ उपाध्यक्ष क.नारायणकाजी श्रेष्ठलाई उप-प्रधानमन्त्री पदमा पठाउने निर्णय गऱ्यो। हाम्रो पार्टीका अध्यक्ष एवं दल नेता सम्माननीय प्रधानमन्त्री 'प्रचण्ड' ज्यूलाई प्रधानमन्त्री वनाउन समर्थन गर्ने दलका नेताहरूको बैठक बसेर ११ गते पुसको सपथ ग्रहण कार्यक्रममा सानो मन्त्रीमण्डलका साथ सहभागी हुने भन्ने पूर्व सल्लाह अनुसार दलका नेताहरूको बैठक वस्यो।

दल नेताहरू र पार्टी नेताहरूको आई.सि.सि.को त्यो वैठकमा नव नियुक्त प्रधानमन्त्री आदरणीय 'प्रचण्ड', नेकपा (एमाले) का दल नेता मा. के.पि.शर्मा ओली, रा.स्व.पा. का दल नेता मा. रवि लामिछाने, रा.प्र.पा.का दल नेता मा. राजेन्द्र लिर्दिन, जनमत पार्टीका दल नेता मा.डा.सि.के.राउत, ने.स.पा.का अध्यक्ष मा.डा.बावुराम भट्टराई, हाम्रो पार्टीका बरिष्ठ उपाध्यक्षमा.नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङ र प्रमुख सचेतक हितराज पाण्डेसहित त्यो बैठकको लागि जुटियो। त्यस वैठकमा मन्त्रालयको बाँडफाँड, मर्यादाक्रमलगायतका विषयमा एकआपसमा बुझाइमा एकरूपता कायम भएन। नेकपा (एमाले) को दल नेतासंग सपथ ग्रहण नगर्दैदेखि गम्भीर बहस सुरु भइहाल्यो। शपथ ग्रहणमा जानु अघिसम्मको सम्पूर्ण तनाव, दवाव खपेर प्रधानमन्त्री 'प्रचण्ड'ज्यूसहित २०७९ पुस ११ गते ८ सदस्यीय मन्त्रीमण्डलको सपथ ग्रहण भयो।

२०७९ पुस २५ गते सोमवार दिनको एक वजे सम्माननीय राष्ट्रपति ज्यूले संघीय संसदको २०७९ को निर्वाचन पछिको पहिलो अधिवेशन आह्वान गर्नुभए अनुसार प्रतिनिधि सभाको वैठक जेष्ठ सदस्य मा. पशुपति शमशेर ज.ब.रा. को अध्यक्षतामा वस्यो। २०७९ पुस २६ गते सम्माननीय प्रधानमन्त्री 'प्रचण्ड' ज्यूले प्रतिनिधि सभाको वैठकमा संविधानको प्रावधान अनुसार विश्वासको मतको लागि प्रस्ताव राख्नुभयो। २७५ जनाको प्रतिनिधि सभामा २६८ जना माननीय सदस्यहरूले विश्वासको मतको पक्षमा मतदान गर्नुभयो भने ने.म.कि.पा. का मा. प्रेम सुवाल र रा.ज.मो. का मा. चित्र बहादुर के.सी. ले विश्वासको मतको विपक्षमा (हुन्न भन्ने पक्षमा) मतदान गर्नुभयो। यसरी नेपालको प्रतिनिधि सभाको इतिहासमा सत्ता पक्ष, प्रमुख प्रतिपक्ष, प्रतिपक्षसहित प्रायः सवैको (२६८ जनाको) विश्वास प्राप्त गरेर सम्माननीय प्र.म. 'प्रचण्ड' ज्यूले एउटा इतिहास बनाउनु भयो। प्रतिनिधि सभाको यो स्तरको बिश्वासको मतले प्रधानमन्त्री ज्यूलाई काम गर्न हौसला हौसला थपिएको थियो।

२०७९ माघ ३ गते सम्माननीय प्रधानमन्त्री 'प्रचण्ड' ज्यूको सिफारिसमा सम्माननीय राष्ट्रपति ज्यूले २३ सदस्यीय मन्त्री मण्डलको विस्तारसहित कार्य विभाजन गर्नुभएको थियो, जसमा प्र.म. सहित नेकपा (माओवादी केन्द्र) का ५ क्याविनेट स्तर र १ राज्य मन्त्री समेत ६ जना, नेकपा (एमाले) का उप-प्र.म. सहित क्याविनेट स्तरका ८ जना, रा.स्व.पा. का उप-प्र.म. सहित क्याविनेट स्तरका ३ र राज्य मन्त्री १ समेत ४ जना, रा.प्र.पा. का उप-प्र.म. सहित २ क्याविनेट स्तरका र १ राज्य मन्त्री समेत ३ जना, जनमत पार्टीका क्याविनेट स्तरका १ जना मन्त्री हुनु हुन्थ्यो। यसरी २०७९ माघ ३ गते विस्तार भएको मन्त्रीमण्डल प्र.म., ४ उप-प्र.म., ३ राज्य मन्त्री समेतको २३ सदस्यीय थियो।

२०७९ माघ ५ गते भएको सभामुख पदको निर्वाचनमा हाम्रो दलका सहित १६७ जनाले नेकपा (एमाले)का झापा-२ वाट निर्वाचित मा. देवराज घिमिरेलाई र १०० जनाले ने.का. समानुपातिक तर्फवाट निर्वाचित कैलालीका मा. ईश्वरी देवी न्यौपानेलाई मतदान गरेकाले मा. देवराज घिमिरे वहुमतले सभामुख पदमा निर्वाचित हुनुभएको थियो। २०७९ माघ ७ गते उप-सभामुख पदको निर्वाचनमा हाम्रो दलका सहित १६६ जनाले रा.स्व.पा.वाट समानुपातिक निर्वाचनवाट निर्वाचित मा. इन्दिरा राना मगरलाई र ने.का. की समानुपातिक निर्वाचनवाट निर्वाचित मा. मुक्ताकमारी यादवलाई ९७ जनाले मतदान गरेकाले वहुमतले मा. इन्दिरा राना मगर उप-सभामुख पदमा निर्वाचित हुनु भएको थियो

सभामुख र उपसभामुखको निर्वाचन सकिएपछि राष्ट्रपति र उपराष्ट्रपतिको चुनावको चर्चा सुरु भयो, छलफल सुरु भए। त्यसपछि त सरकारमा समस्या आउन सुरु भइहाल्यो। २०७९ फागुन १४ गते राप्रपाका सबै मन्त्रीहरूले राजिनामा गर्नुभयो भने २०७९ फागुन १६ गते नेकपा (एमाले) का सबै मन्त्रीहरूले मन्त्रीमण्डलवाट राजिनामा गर्नुभयो।

२०७९ फागुन २५ गते राष्ट्रपति पदको लागि मतदान भयो। मतदानमा नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य मा. रामचन्द्र पौडेल संघका २१४ जनाबाट ७९ का दरले १६,९०६ र प्रदेश सभाका ३५२ जनावाट



४८ का दरले १६,८९६ मत सहित ३३,८०२ निर्वाचक मण्डलको मतभार प्राप्त गरी नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनुभयो । नेकपा (एमाले) का दल उपनेता एवं प्रतिनिधि सभा सदस्य मा. सुवास चन्द्र नेम्वाङले संघका ९८ जनाको ७९ का दरले ७,७४२ र प्रदेशका १६२ जनाको ४८ का दरले ७,७७६ सहित जम्मा १५,५१८ मतभार प्राप्त गर्नुभएको थियो । यही राष्ट्रपति पदको निर्वाचनको विषयले सत्ता गठबन्धन फेरिने स्थिति वन्यो । २०७९ चैत्र ३ गते सम्पन्न उपराष्ट्रपति पदको निर्वाचनमा जनता समाजवादी पार्टीका बारा–२ वाट निर्वाचित मा. राम सहाय प्रसाद यादव निर्वाचित हुनुभयो । उपराष्ट्रपति पदमा नेकपा (एमाले) वाट अष्ठलक्ष्मी शाक्य र जनमत पार्टीबाट ममता झा उम्मेदवार हुनुहुन्थ्यो ।

२०७९ चैत्र ६ गते सम्माननीय प्रधानमन्त्री प्रचण्ड ज्यूले दोश्रो पटक प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्नु भएको थियो । यो मतदानमा २६२ जना प्रतिनिधि सभा सदस्यहरू बैठकमा उपस्थित हुनुभई मतदान गर्दा विश्वासको मतको पक्षमा-१७२, विपक्षमा-८९ मत र मत दिन्न भन्नेमा १ मत परेको थियो ।

२०७९ पुस ११ गते गठित मौजुदा मन्त्रीपरिषदलाई सम्माननीय प्रधानमन्त्री ज्यूको सिफारिसमा २०७९ चैत्र १७ गते सम्माननीय राष्ट्रपति ज्यूले हेरफेर र कार्य विभाजन समेत गर्नु भएको थियो । मा. पूर्ण बहादुर खड्का उप प्रधानमन्त्री एवं रक्षँ मन्त्री र मा. नारायणकाजी श्रेष्ठ उपप्रधान एवं गृह मन्त्री भएको त्यो दिनको हेरफेरमा क्याविनेट स्तरमा १६ जना र राज्य मन्त्री १ जना समेत १७ जनाको मन्त्री मण्डल गठन भएको थियो ।

प्रतिनिधि सभाको दोश्रो निर्वाचन पश्चात्को २०७९ पुस २५ गतेदेखि सुरु भएको प्रतिनिधि सभाको पहिलो अधिवेशन २०८० वैशाख १५ गते शुक्रवारसम्म जम्मा ११० दिन चालु रह्यो । जसमध्ये २८ दिनहरूमा २८ पटक वैठक वसी जम्मा ९२ घण्टा ३० मिनेट संसदीय काम कारवाहीमा समय खर्च भयो ।

प्रतिनिधि सभाको दोश्रो अधिवेशन २०८० वैशाख २४ गते आइतवार शुरु भई २०८० कार्तिक १६ गते विहिवार सम्म जम्मा १८० दिन चालु रह्यो । जसमध्ये ६१ दिनमा ६५ पटक वैठक वस्यो । यस अधिवेशनमा जम्मा २४४ घण्टा ५० मिनेटको समय संसदीय काम कारवाहीमा खर्च भयो । यो अधिवेशनमा आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम र वजेट पारित गर्ने, मुलुकी संहिता सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० (मिटर व्याज सम्बन्धी विधेयक) पारित गर्ने, प्रधानमन्त्रीसँग प्रतिनिधि सभा सदस्यहरूको प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम, संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको संवोधन, प्रतिनिधि सभाका बिषयगत समितिका सभापतिहरूको सर्वसम्मत निर्वाचन लगायतका कार्यक्रम सम्पन्न भए । यस अधिवेशनमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले विभिन्न बहानामा सदन अवरुद्ध गर्ने गतिबिधि भए । यसै दोस्रो अधिवेशनमा २०८० भाद्र २६ गते मङ्गलवार आकस्मिक रूपमा हृदयघात भई नेकपा (एमाले)का दल उपनेता, इलाम-२ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य, सविधान सभाका अध्यक्ष मा.सुवास चन्द्र नेम्वाङ्गको अप्रत्यसित दुःखद निधन भयो र प्रतिनिधि सभाले आफ्नो महत्वपूर्ण सदस्य, कानुनका ज्ञातालाई गुमाएको पीडा सहनु पर्‍यो ।

प्रतिनिधि सभाको दोश्रो अधिवेशनसम्ममा हाम्रा दलका प्रतिनिधि सभाका नयाँ माननीय सदस्यहरूले सभामा निर्वाह गर्नुपर्ने भूमिका वारे अनुभव प्राप्त गर्नुभएको छ । २०८० माघ-२२ गते सोमवारदेखि तेश्रो अधिवेशन शुरु भएको छ । यो पहिलो वर्षमा हाम्रो संघीय संसदीय दलका ६ वटा पूर्ण वैठक भए र तेश्रो अधिवेशनको शुरुवातमा नै २०८० माघ २२ र २३ गते संघीय संसदीय दलको सातौं पूर्ण वैठक सम्पन्न भई दललाई अरु प्रभावकारी रूपमा अघि बढाउने प्रण गरिएको छ ।

प्रतिनिधि सभामा भएका १० वटा विषयगत समितिहरूमा हाम्रो दलको तर्फवाट निम्नलिखित माननीय सदस्यहरूले प्रनिनिधित्व गर्नु भएको छ ।



१. **अर्थ समिति**

१. मा.गंगाबहादुर कार्की

२. मा. नारायणी शर्मा

३. मा.छिरिङ्ग डम्डुल लामा(कार्चेन)

२. अन्तराष्ट्रिय सम्बन्ध तथा

**पर्यटन समिति**

१. मा. वर्षमान पुन

२. मा. छिरिङ्ग ल्हामु लामा (तामाङ्ग)

**पदेन सदस्य**

१. मा.मन्त्री सुदन किराँती

२. मा.राज्यमन्त्री सुशीला श्रीपाइली

**उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति**

१. मा.महेन्द्र बहादुर शाही

२. मा.रणेन्द्र बराली

३. मा.सूर्य मान दोङ

४. **कानून न्याय तथा मानवअधिकार समिति**

१. सभापति मा. बिमला सुवेदी

२. मा.पूर्ण बहादुर घर्ती

३. मा. राम कुमार राई

५. **कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति**

१. मा. रुपा सो.शी.चौधरी (सचेतक)

२. मा. मीना तामाङ्ग

६. **महिला तथा सामाजिक मामिला समिति**

१. मा.हित बहादुर तामाङ

२. मा.कल्पना मियाँ कुसारी

३. मा.उमरावती देवी

७. राज्य व्यवस्था तथा

**सुशासन समिति**

१. मा. हित राज पाण्डे (मुख्य सचेतक)

२. मा. दुर्गा राई

**पदेन सदस्य**

१. मा.उप-प्र.म एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ

८. **पूर्वाधार विकास समिति**

१. मा. माधव सापकोटा

२. मा. उर्मिला माझी

**पादेन सदस्य**

१. मा.ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्री शक्तिबहादुर बस्नेत

२. मा. खानेपानी मन्त्री महीन्द्र राय यादव

९. **शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति**

१. मा.देवेन्द्र पौडेल

२. मा.ज्ञानु बस्नेत सुवेदी

३. मा.मीना यादव

**पादेन सदस्य**

१. मा.सञ्चार तथा सूचना प्रविधी मन्त्री रेखा शर्मा

१०. **सार्वजनिक लेखा समिति**

१. मा.जनार्दनञ शर्मा

२. मा.लेखनाथ दाहाल

३. मा.अमन लाल मोदी

सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' सवै विषयगत समितिमा पदेन सदस्य हुनु हुनेछ।

प्रतिनिधि सभाका सदस्यहरू २०८० भाद्र १६ गतेदेखि पार्टीले सञ्चालन गरेको "जनतासँग माओवादी : विशेष रुपान्तरण अभियान"मा पनि पार्टी केन्द्रको निर्णय अनुसार आ-आफ्नो जिम्माको काममा खट्नु भयो । प्रतिनिधि सभामा आकस्मिक, शून्य र विशेष समयमा जनताका समस्याहरू उजागर गर्ने, सरकारले गरेका राम्रा कामको पक्षपोषण गर्ने, सरकारले ल्याएका विधेयकमा संशोधन राख्ने र जनताको पक्षमा कानुन निर्माणको लागि विभिन्न विषयगत समितिमा तर्कपूर्ण रूपमा प्रस्तत हुने प्रयत्न हाम्रो दलका माननीय सदस्यबाट भइरहेको छ। अझै थप मेहनतको आवश्यकता महसुस हुन्छ।

हाम्रो दलको संघीय संसदको सदस्यको हैसियतले हाम्रो पार्टी ने.क.पा. (माओवादी केन्द्र)बाट निर्वाचित ७ वटै प्रदेशका प्रदेश सभाका सदस्यहरू र स्थानीय तहका निर्वाचित सभाका जनप्रतिनिधिसँग कानुन निर्माण र सरकारका कामको निरिक्षण, अनुगमनका सन्दर्भमा सम्पर्क, समन्वय, सिकाइ, अनुभव आदान-प्रदान, छलफल, भेटघाट, जानाकारी, अन्तरक्रिया आदिको आवश्यकता हामीलाई महसुस हुन्छ। यसका लागि पार्टी केन्द्रले व्यवहारिक, वैज्ञानिक र सूचना प्रविधिको अधिकतम प्रयोगका साथ योजना वनाएर सवै तहका जनप्रतिनिधिहरूको क्षमता विकास र जनताको सेवामा जुट्न पहल बढाउन आवश्यक छ।

प्रतिनिधि सभामा हाम्रो दलबाट लामो समयदेखि अड्केको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कामलाई फर्स्यौट गर्ने गरी पहल भइरहेको छ। वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेश्रो संशोधन) विधेयक, २०७९ कानुन, न्याय तथा मानव अधिकार समिति अन्तर्गतको उप-समितिबाट ४ बुँदा बाहेक अरु सबैमा सर्वसम्मत निर्णय भई समितिमा लामो छलफल गरी करिब अन्तिम अवस्थामा पगेको छ। यस विधेयकको गाम्भीर्यतालाई विचार गरी सम्माननीय प्रधानमन्त्री ज्यूले सर्वसम्मतका साथ पारित गराउन निरन्तर प्रयत्न गर्नुभएको छ। सर्वसम्मत नभए प्रक्रियामा गएर पनि पारित गराउने वातावरण वन्दै गइरहेको छ। संघीयता कार्यान्वयनसँग सम्बन्धित विधेयकलाई अघि बढाउन सरकारले गरेको पहलमा हाम्रो दलले निरन्तर सहयोग गरिरहेको छ। विद्यालय शिक्षा विधेयक समितिमा छलफल भइरहेको छ।

२०८० माघ-२४ गते वसेको प्रतिनिधि सभाको बैठकबाट सम्पत्ति शद्धिकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित भइसकेको छ। यो तेस्रो अधिवेशनमा आ.व. २०८१।०८२ को वजेटका सिद्धान्त र प्राथमिकता (प्रि-वजेट) माथि छलफल गर्ने र बजेटलाई नयाँ ढंगले प्रस्तुत गर्ने तयारी सरकारले गरेको छ। यो अधिवेशनदेखि प्रतिनिधि सभाले कार्यतालिका वनाएर आफ्नो काम अघि बढाउन सुरु गरेको छ। हाम्रो दल पनि आफ्नो भूमिकालाई थप प्रभावकारी बनाउन मेहनत गरिरहेको छ। ●



# माओवादी पार्टी कार्यालय व्यवस्थापनबारे

**श्रीराम ढकाल**
**कोषाध्यक्ष**
**नेपाल कम्युनिस्ट पार्टी [माओवादी केन्द्र]**

वर्गीय समाजमा आ-आफ्नो वर्ग र समुदायको हक, हित र अधिकारका लागि राजनैतिक पार्टी गठन गरिएका हुन्छन् । राजनैतिक पार्टी समाजका प्रतिनिधि हुन् । आवधिक निर्वाचन प्रणालीमार्फत् जनताबाट निर्वाचित भएर तीनै तहका सरकार र सभा (सदन) आवधिक रूपमा गठन र सञ्चालन हुने गर्दछ । राजनैतिक पार्टीका कार्यालय भनेका वर्गीय समाजका उद्देश्य पूर्ति गर्न गठन गरिएका राजनीतिक पार्टीका ऐना हुन् भन्दा अन्यथा नहोला ।

राजनैतिक पार्टीका कार्यालय जति व्यवस्थित हुन्छन् त्यति नै राजनैतिक पार्टी व्यवस्थित हुने गर्दछन् । अतः यहाँ पार्टी कार्यालयलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर बुँदागत रूपमा प्रस्तुत गरिएको छ। सबै तहका पार्टी नेतृत्वले पार्टी कार्यालयलाई ब्यवस्थित गर्न गम्भीर हुन जरुरी छ।

### १. पुँजी/प्रविधि र जनशक्ति

आजको २१ औ शताब्दीको युग भनेको विज्ञान र प्रविधिको युग हो । विज्ञानले दिनानुदिन नयाँ-नयाँ प्रविधिको विकास गरिरहेको हुन्छ । हरेक तहको कार्यालय व्यवस्थित गर्न पुँजी, प्रविधि र जनशक्ति आवश्यक पर्छ । आ-आफ्नो सापेक्षतामा कार्यालय नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्न यी ३ वटै चिजको व्यवस्थापन मिलाउन जरुरी हुन्छ अन्यथा, कार्यालय व्यवस्थित गर्न सकिँदैन । हाम्रोजस्तो सर्वहारा, मजदुर र किसानको पार्टीको मुख्य पुँजीको स्रोत भनेको पार्टी सदस्यको मासिक लेबी र सदस्यता शुल्क हो । यसका अतिरिक्त खास खास अवस्थामा पार्टीको आधिकारीक निर्णयअनुसार चन्दा र आर्थिक सहयोग उठाउन सकिन्छ । यी सबै आर्थिक गतिविधि पार्टीको निर्णयअनुसार संस्थागत र पारदर्शी बनाउन लाग्नु पर्दछ । विज्ञानले आविष्कार

गरेका नयाँ प्रविधि कार्यालयको आवश्यकताअनुसार लागु गर्नु पर्दछ। त्यो प्रविधिलाई व्यवस्थित रुपले सञ्चालन गर्न सक्ने दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्दछ। यी ३ वटा पुँजी, प्रविधि र जनशक्तिको सही समायोजनबाट मात्र सबै तहका कार्यालयहरूलाई व्यवस्थित गर्न सकिन्छ।

## २. विभिन्न कक्षको व्यवस्थापनबारे

पार्टी कार्यालयलाई व्यवस्थित गर्न हरेक तहको मुल नेतृत्वसहित पदाधीकारीको कार्यकक्षको व्यवस्था मिलाउनु पर्दछ। आगमन कक्षलाई व्यवस्थित बनाउन एक जना रिसेप्सनिष्टको व्यवस्था गर्नु पर्दछ। कार्यालयमा आउनुभएका आगन्तुकसँग सिष्ट र विनम्र भएर उहाँहरूको कुरा बुझ्ने र कसलाई किन भेट्न खोजेको हो राम्रोसँग बुझी सम्बन्धित कमरेडको कार्यकक्षमा भेट्ने व्यवस्था मिलाउनु पर्दछ। सामान्य विषय छन् भने रिसेप्सनबाट नै हल गरिदिनु पर्दछ। बाहिरबाट आएका चिठी पत्रहरू र ज्ञापन पत्रहरू रिसेप्सनमा नै दर्ता गराई सम्बन्धित फाटमा पठाउने र सम्बन्धित फाटबाट उक्त चिट्ठीहरूको उचित निकास पार्टीको विधिअनुसार तुरुन्तै दिने व्यवस्था मिलाउनु पर्दछ।

## ३. प्रशासन शाखा

कार्यालयलाई व्यवास्थित बनाउन प्रसासन शाखा व्यवस्थित हुन जरुरी छ। कार्यालयको मुख्य जिम्मेवारी नै यो शाखाको हुने हुनाले आवश्यकताअनुसारको दक्ष जनशक्तिको व्यवस्था मिलाउनु पर्दछ। प्रशासन शाखाले दैनिक प्रसासनिक कार्यदेखि बैठक, भेला, सम्मेलन र महाधिवेशनलगायतका कार्यहरूको व्यवस्थापन गर्नु पर्दछ। यसका अतिरिक्त पार्टीको कार्यक्रम क्यालेण्डर बनाएर (शहीद स्मृति दिवशलगायतका) लागु गर्नु पर्दछ।

## ४. लेखा शाखा

पार्टीको सम्पूर्ण आय-व्ययलाई संस्थागत र पारदर्शी बनाउन लेखा शाखामा लेखासम्बन्धी विज्ञ जनशक्ति आवश्यक हुन्छ। लेखा शाखाले नै पार्टीको सम्पूर्ण हिसाव किताव राख्नुपर्ने भएकाले क्यातधबचभरज्बचमधबचभ को व्यवस्था गरी ीभमनभच :बष्लतबष्ल गर्नु पर्दछ। आम्दानीको रसिद दिने व्यवस्था मिलाउन पर्दछ। यसले एकातिर पार्टीप्रति विश्वास बढ्छ भने अर्कातर्फ हिसाब किताव संस्थागत र पारदर्शी बनाउन सजिलो हुन्छ। यसका साथै पार्टीको निर्णय र आर्थिक लेखा प्रणालीअनुसार आम्दानी र खर्चका भौचर भर्ने र हरेक महिनाको अन्त्यमा मासिक हिसाव-किताव व्यवस्थित गर्नु पर्दछ। आर्थिक विषय जटिल र संवेदनशील विषय भएकाले आवश्यकताअनुसार पार्टीको आर्थिक नियमावली र विनियम बनाई सम्बन्धित पार्टी समितिबाट निर्णय गराई कडाइँपूर्वक लागु गर्नु पर्दछ। यसका साथै हरेक आर्थिक बर्ष समाप्त भएपछि मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परीक्षण गराई समयमा नै आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पर्दछ। प्रत्येक वर्षको लेखा परीक्षण र कर चुक्तापश्चात निर्वाचन आयोगमा पठाउने र पार्टीको आधिकारिक ध्भदकष्तभ र अन्य माध्यमबाट सर्वसाधारणको समेत जानकारीको लागी सार्वजनिक गर्ने व्यवस्था मिलाइनु पर्दछ। यसरी नै हरेक तहका पार्टी समितिले पनि पार्टीको लेखा परिक्षण गर्ने व्यवस्था मिलाउन जरुरी छ।

## ५. स्टोर शाखा

पार्टीको अचल सम्पत्तिको अभिलेखीकरण स्टोर शाखाले राख्नु पर्दछ। बाहिरबाट खरिद गरि ल्याएका खर्च भएर जाने र खर्च भएर नजाने सामानको अभिलेख राख्नु पर्दछ। सामानहरू खरिद गर्दा पार्टीको निर्णय र सम्बन्धित प्रमुखको तोक आदेश मार्फत् माग फारामअनुसार खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। टुटफुट भएका जिन्सी सामान समेत मर्मत गर्न सकिने भए मर्मत गरेर सञ्चालनमा ल्याउने र मर्मत गर्न नसकिने सामान छन् भने सम्बन्धित समितिको बैठकबाट निर्णय गराई लिलाम वा नष्ट गर्नु पर्दछ। हरेक वर्षको अन्तिममा जिन्सी सामानको अभिलेखीकरण चुस्त र दुरुस्त राख्नु पर्दछ।

## ६. कम्युटर शाखा

पार्टीलाई व्यवस्थित, संस्थागत र पारदर्शी बनाउन म्बतब दबकभ गएर समग्र पार्टी, ज.व.स/मोर्चालाई म्ष्तबषिशभ गर्न जरुरी छ। यस शाखालाई व्यवस्थित गर्न लाल र दक्ष जनशक्तिको आवश्यकता पर्दछ। म्बतब जस्तो संवेदनशील विषय भएकाले यस शाखामा कार्यरत रहने जनशक्ति दक्ष मात्र भएर पुग्दैन त्यसका लागि पार्टीप्रति दृढ र निष्ठावान् हुनु पर्दछ। यस शाखामा आवश्यक मात्रामा दक्ष जनशक्ति र उच्च प्रविधिको





व्यवस्था मिलाउनु पर्दछ। सबै तहका पार्टी र ज.व.स. र मोर्चा कार्यालयले समेत तथ्य, तथ्याङ्कलाई नियमित रूपमा अभिलेखिकरण गरिरहनु पर्दछ। पार्टीको सञ्चालन भइरहेको ध्भदकक्तभ  लाई व्यवस्थित बनाउन सबै तहका पार्टी कमिटी र ज.व.स/ मोर्चाहरूका गतिविधिहरू नियमित रूपमा ध्भदकक्तभ मा पठाउने व्यवस्था मिलाउनु पर्दछ। हरेक तहका पार्टी कमिटी र ज.व.स/ मोर्चाहरूले हरेक वर्ष पार्टी सदस्यता र आफ्ना जनवर्गका सङ्गठित र साधारण सदस्यको तथ्य तथ्याङ्क चुस्त दुरुस्त बनाउन जरुरी छ। जसले आगामी योजना निर्माणमा महत्वपूर्ण आधार निर्माण गर्दछ। पार्टीको केन्द्रीय कार्यालयबाट ध्भदकक्तभ  नियमित र व्यवस्थित गरी पार्टीका गतिविधि सार्वजनिक गरिरहने व्यवस्था मिलाउनुपर्दछ। यसका साथै क्ष्च्त विभागलाई प्रभावकारी बनाई स्टुडियोको व्यवस्था गर्ने, पार्टी नेताहरू, ज.व.स/ मोर्चा र प्रदेश पार्टीका नेताहरूको अन्तर्वार्ता प्रशारण गर्ने र आवश्यकताअनुसार अन्तर संवाद र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ७. पुस्तकालय

पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय, जिल्ला कार्यालय र सम्भव भएसम्म पालिका तहसम्म पार्टीको पुस्तकालयको व्यवस्था मिलाउनु पर्दछ। पार्टीको पुस्तकालयमा मुख्यतः आफ्नो पार्टीको र मातहतका ज.व.स मोर्चाहरूको प्रकाशनहरू राख्नु पर्दछ। यसका साथै, दर्शन, राजनैतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादसम्बन्धी पुस्तक, अन्य पार्टीका प्रकाशन, अन्य महत्वपूर्ण ज्ञानवर्धक पुस्तक राख्नुपर्दछ। दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रिका पनि आवश्यक र महत्वपूर्ण छन भने नियमित रूपमा राख्ने व्यवस्था  मिलाउन पर्छ  । यी सवै पुस्तक र पत्र-पत्रिकाहरूको आभिलेखिकरण गर्ने र ऋयमभ या ऋयलमगअत बनाएर नियमित सञ्चालन गर्ने गर्नुपर्छ। सम्भव भएसम्म भ-ीष्दचबचथ को समेत व्यवस्था मिलाउँदै लैजान आवश्यक छ। २१ औ शताब्दको प्रविधिमैत्री पुस्तकालय निर्माण गरी अध्ययन अनुसन्धानको केन्द्र बनाउन जरुरी देखिन्छ।

## ८. कार्यालयको सुरक्षा

कार्यालयको सुरक्षामा आन्तरिक र वाह्य (भौतिक) सुरक्षा मुख्य हुन्। आन्तरिक सुरक्षा भन्नाले पार्टी कार्यालयको समग्र आन्तरिक पक्ष हुन् भने वाह्य सुरक्षा भन्नाले कार्यालयको भवन, कम्पाउण्ड र अन्य भौतिक वस्तुको सुरक्षा भन्ने बुझ्नु पर्दछ। आन्तरिक सुरक्षा कार्यालयमा कार्यरत सबै तहका कर्मचारीहरूको सामूहिक दृढ इच्छा शक्ति, पार्टीप्रतिको निष्ठा र जिम्मेवारीबोधवाट गोपनीयता कायम गरी गर्न सकिन्छ। वाह्य सुरक्षाको जिम्मेवारी पनि कार्यालयको हुने भएकाले सामन्यतयाः सामुहिक प्रयत्नबाट र मुख्य गरी सुरक्षा गार्डको व्यवस्था गरी गराउन सकिन्छ।

मुख्य गरी गलत चिन्तन प्रवृत्ति बोकेर आउने कतिपय अवस्थामा गलत तत्वहरूले भौतिक रूपमा समेत क्षति नपुऱ्याउन् भनेर विशेष सतर्कता अपनाउनु पर्ने हुन्छ। कतिपय जटिल अवस्थामा सुरक्षा निकायको पनि सहयोग र परिचालन गर्न सकिन्छ।

## ९. कार्यालयको सरसफाइ र बगैंचा व्यवस्थापन

कार्यालयको सरसफाई आन्तरिक र बाह्य २ वटा पाटा हुने गर्छन्। आन्तरिक भन्नाले कार्यालय भवनभित्रको कोठा, लवी, शौचालय र हलहरूको सरसफाइ र वाह्य भन्नाले भवन वाहिरको कम्पाण्डलाई बुझ्नुपर्दछ। यी २ वटै सरसफाइ दैनिक रूपमा गरिरहनु पर्ने भएकोले नियमित आवश्यक जनशक्तिको व्यवस्था गरी गर्न सकिन्छ। कार्यालय सधैँ स्वच्छ, सफा र स्वास्थ्यवर्द्धक हुन जरूरी छ। कम्पाउण्ड भित्र रहेको जमिनलाई पार्किङ क्षेत्र छुट्याएर व्यवस्थित गर्ने र बाँकी क्षेत्रफलमा सिजनल र बहु-वर्षीय मभौला प्रकृतिका बोट विरुवा र फूलहरू रोप्ने, नियमित गोडमेल गर्ने, काटछाँट गर्ने र सिँचाइको व्यवस्था मिलाएर सधैँभरि हरा-भरा ढकमक फूल फुलिरहेको बनाउनु पर्दछ। कार्यालय परिसर छिर्नेबित्तिकै छुट्टै खालको सकारात्मक सन्देश दिन सकियोस्।

●



# सरकारका काम र पार्टी निर्माणको अन्तरसम्बन्ध

**रेखा शर्मा**
**स्थायी समिति सदस्य**
**नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)**

## विषय प्रवेश

हाम्रो महान् तथा गौरवशाली पार्टी नेकपा माओवादी केन्द्र यतिबेला विशिष्ट मोडमा उभिएको छ। पार्टीले अघि सारेका कार्यनीतिलाई दृढतापूर्वक कार्यान्वयन गरेर अघि बढ्दा समाजवादी क्रान्तिको रणनैतिक दिग्विजय प्राप्त गर्न सकिने छ भने त्यसरी जान नसक्दा क्रान्तिका अधुरा कार्यभार बाँकी रहने मात्र होइन, नेपाली क्रान्तिको गन्तव्य नै अलमलमा पर्ने खतरा रहन्छ । तसर्थ, पार्टीले अघि सारेका कार्यनीति र कार्यक्रमलाई रणनीतिसँग जोड्दै सङ्घर्षका सबै मोर्चालाई दृढतापूर्वक अघि बढाउनुको विकल्प छैन ।

पार्टीको ऐतिहासिक आठौं महाधिवेशनबाट गरिएको विचार संश्लेषण '२१ औं शताब्दीको समाजवादको नेपाली बाटो' लाई कार्यान्वयनमा अघि बढाउने सन्दर्भमा पार्टी र सरकारबीचको सम्बन्धलाई कसरी सुदृढ गर्न सकिन्छ भन्ने सन्दर्भमा सार्थक बहस आवश्यक देखिन्छ। पार्टी नीतिलाई सरकारले दृढतापूर्वक अवलम्बन गर्ने र सरकारले गरेका कामको पार्टीले स्वामित्व लिँदै पार्टी निर्माण तथा समाजवादी क्रान्तिको रणनीतिलाई बल पुऱ्याउने सवालमा आवश्यक पद्धतिको विकास गर्नु आवश्यक देखिन्छ।

सबैभन्दा पहिले त पार्टीपङ्क्ति आजको समाजवादी क्रान्तिको मोडल र पार्टीले ऐतिहासिक महाधिवेशनबाट अघि सारेको कार्यनीतिक शृङ्खलामा स्पष्ट हुनु आवश्यक छ । दश वर्षको महान् जनयुद्ध र शान्तिपूर्ण जनआन्दोलनको समायोजनमा अगाडि बढेको १९ दिने संयुक्त जनआन्दोलन, विस्तृत शान्ति सम्झौता, संविधानसभाको निर्वाचन र धर्म निरपेक्ष समावेशी-समानुपातिक सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणासम्म आइपुग्दा नेपालमा सामन्तवादको राजनीतिक प्रतिनिधित्वका रूपमा सयौं वर्षदेखि शासन गर्दै आएको राजतन्त्रको अन्त्यसँगै आधारभूत रूपमा सामन्तवादको अन्त्य भएको र प्रकारान्तरले पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएको पार्टीको निष्कर्ष हो । राजनीतिक रूपमा सामन्तवादको अन्त्य भएको छ भने आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा बाँकी रहेका सामन्तवादका अवशेषको अन्त्य गर्दै समाजवादी क्रान्तिको आधार तयार गर्ने मुख्य ध्येयका साथ पार्टीको कार्यनीति अघि बढिरहेको छ।

नेपाली पुँजीवादी जनवादी क्रान्ति मौलिकरूपमा सम्पन्न भएपछि सामन्तवादका अवशेषको अन्त्य गर्दै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई समेत जोडेर नयाँ समाजवादी क्रान्तिको विचार, रणनीति र कार्यनीति अघि सारिएको छ। दलाल नोकरशाही पुँजीवादका विरुद्ध सङ्घर्ष गर्दै स्वाधीन र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको मूल नीतिअन्तर्गत राष्ट्रिय पुँजीको विकास गर्न सहकारी, निजी र सार्वजनिक क्षेत्रको बिचमा सहकार्य गर्दै जनतामा सामाजिक न्याय र समृद्धिको प्रत्याभूतिसहित समाजवादउन्मुख सङ्क्रमणकालीन कार्यनीतिक श्रृङ्खला पार गर्ने ऐतिहासिक कार्यभार यतिबेला पार्टीको काँधमा रहेको छ । त्यसका लागि पार्टीलाई वैचारिक, राजनीतिक, साङ्गठनिक र सांस्कृतिकरुपले बलियो पार्न तथा जनसम्बन्धलाई घनिष्ट बनाउँदै सडक, सदन र सरकारको मोर्चालाई मुख्यतः वर्गसङ्घर्षको अग्रभागको रूपमा सरकारी मोर्चालाई प्रभावकारी रूपमा अघि बढाउने ऐतिहासिक आठौं महाधिवेशनबाट निर्देशित भएर अहिले पार्टी अघि बढिरहेको छ।

गणितीय हिसाबले कमजोर रहँदारहँदै पनि नेतृत्वको कुशल पहलकदमीको परिणामस्वरुप विगत एक वर्षदेखि पार्टी अध्यक्ष क. प्रचण्डकै नेतृत्वमा सङ्घीय सरकार सञ्चालन भइरहेको, सातमध्ये दुई प्रदेश र ७५३ मध्ये १२२ पालिकामा प्रमुख नेतृत्व तथा अन्य प्रदेश र स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकामा हाम्रो पार्टीको सम्मानजनक उपस्थिति भइरहेको सन्दर्भमा सदन र सरकारको मोर्चालाई थप बलियो बनाएर यसमार्फत पार्टी निर्माण र परिचालनलाई व्यवस्थित गर्दै समावादी क्रान्तिको रणनीतिमा योगदान गर्न गम्भीरतापूर्वक लाग्न आवश्यक छ।

## सरकार/सदनको काम

पार्टीको नीति र योजनासँग सरकार र सदनको कामलाई जोड्ने सन्दर्भमा पार्टी केन्द्रीय समितिको चौथो पूर्ण बैठक (२०८० साउन १७-२१)का निर्णयमाथि ध्यान दिनुपर्ने हुन्छ। जुन बैठकले सरकार/सदनको कामको सवालमा निम्न निर्णय गरेको थियो-

## सङ्घीय सरकार

- तीन तहका सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्ने।
- सङ्घीय सरकारले प्रदेश र स्थानीय तह सञ्चालनमा प्रभावकारिताका लागि आवश्यक सङ्घीय निजामति सेवा ऐन, सङ्घीय प्रहरी समायोजन ऐन, सङ्घीय शिक्षा ऐनलगायतका कानुन निर्माण यथाशीघ्र गर्ने।
- सङ्घीय सरकारले विकास निर्माणमा तीव्रता दिने, कृषि तथा औद्योगिक क्षेत्रलाई प्राथमिकताका साथ लगानी जुटाउनका साथै आर्थिक आत्मनिर्भरतातिर अगाडि बढ्ने खालका योजना कार्यान्वयनलाई जोड दिने।
- सङ्घीय सरकारले अगाडि बढाएको सुशासन, समृद्धि र सामाजिक न्यायअन्तर्गतका महत्वपूर्ण कार्य नक्कली भुटानी शरणार्थी प्रकरण, ललित निवास प्रकरण, सुन तस्करी नियन्त्रण, मिटरब्याजी विरुद्धका कारबाही र कानुन निर्माण, नागरिकता ऐन, वैदेशिक रोजगारीमा रहेकाहरूको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम, सहिद लगत अद्यावधिक, जनयुद्ध दिवसको सार्वजनिक विदालगायत दूरगामी महत्वका जनमुखी कार्यक्रमलाई पार्टीको आन्तरिक माध्यम र विभिन्न सञ्चारमाध्यमबाट घनिभूत प्रचार गर्ने।
- सङ्घ, प्रदेश, नगर/गाउँपालिकास्तरमा अनिवार्य रूपमा संसदीय दल/स्थानीय तह दललाई सक्रिय तुल्याउने। सबै तहमा संसदीय दल/स्थानीय तह दलको विधान तयार गर्ने।

## प्रदेश सरकार

- प्रदेश सरकारको मन्त्रालय सङ्ख्या घटाउन पहल गर्ने।
- विकास निर्माण, कृषि उत्पादन, गरीबी न्युनिकरण, रोजगारी सिर्जनाजस्ता क्षेत्रमा प्रतिष्पर्धात्मक ढङ्गले समृद्धिका लागि प्रदेश सरकारहरूले कार्य सम्पादनमा जोड दिने।
- प्रदेशका अधिकारहरूको कार्यान्वयन गर्न सङ्घीय सरकारसँग समन्वय गर्ने।
- नमुनायोग्य परियोजनामार्फत प्रदेश सरकारको पहिचान कायम गर्न जोड दिने।

## स्थानीय सरकार

- सेवाप्रवाहलाई जनताको घरदैलोमा पुऱ्याउने।
- जनजीविकाका मुद्दाहरूमा प्रदेश सरकार र सङ्घीय सरकारको सहयोगमा काम गर्ने।
- जनताको सुखदुःखको साथीको रूपमा काम गर्ने संस्कारको विकास गर्ने।
- सदनलाई प्रभावकारी बनाउन स्थानीय तह दलमा कार्यविभाजन, विषयगत तयारीका साथै कार्य सम्पादन गर्ने।
- स्थानीय तह दललाई प्रभावकारी बनाई सुशासन र समृद्धिका पक्षमा परिचालन गर्ने।
- विपद् व्यवस्थापनको कार्यमा सक्रियतापूर्वक नेतृत्व लिने।
- पार्टीको नेतृत्वमा रहेका १२२ स्थानीय तहलाई केन्द्रीय सदस्यको नेतृत्वमा नमूना पलिकाको रूपमा विकास गर्न विज्ञ र पार्टी नेतृत्वको समन्वयमा स्थानीय विशेषतामा आधारित योजना बनाई कार्यान्वयन गर्ने। यसका लागि चार वर्षे आवधिक योजना बनाउने।

साथै,पार्टी केन्द्रीय समितिको चौथो पूर्ण बैठकले समसामयिक प्रस्ताव पारित गर्दै विभिन्न बुँदामा सरकारको ध्यानाकर्षण पनि गराएको थियो। विभिन्न क्षेत्रलाई सुख्खा क्षेत्र घोषणा गरी आगामी दिनमा खाद्यान्न सम्प्रभुताको रक्षा, विभिन्न प्रकोपबाट पीडितका लागि राहत प्याकेज घोषणा, समाजवादको भ्रुणको रूपमा रहेका सहकारी अभियानलाई शुद्धिकरण र दुरुपयोग गर्नेमाथि कारबाही, विभिन्न देशमा भइरहेका युद्ध अन्त्यका लागि शान्तिको आह्वान, भूमिसम्बन्धी समस्या समाधान, व्यावसायिक खेतीलाई प्रोत्साहन, विभिन्न समुदायमाथि हुने अत्याचारको अन्त्यजस्ता विषयमा पार्टी केन्द्रले सरकारको ध्यानाकर्षण गरेको थियो।

## संस्थागत समीक्षा र विधि निर्माणको पक्ष

पार्टीका नीतिसँग सरकारका कामलाई जोड्ने सवालमा हामीसँग नीतिगत अभाव छैन। केन्द्रीय समितिदेखि सम्बन्धित विभिन्न तहका समितिहरूबाट पर्याप्त निर्णयहरू भई नै रहेका छन्। तर, सरकार सञ्चालनका सन्दर्भमा

पार्टीले अघि सारेका नीतिको कार्यान्वयन र सरकारले गरेका कामको पार्टीले स्वामित्व लिने तथा प्रचार गर्ने सवालमा के कति प्रगति भएको छ, हरेक तहमा संस्थागत समीक्षा जरुरी छ ।

आज जताततै पार्टीले सरकारलाई सहयोग गरेन र सरकारले पार्टीलाई वास्ता गरेन भन्ने गुनासो सुनिन्छ र यी दुईको बिचमा अन्तर्विरोध देखिन्छ । सदन तथा सरकारमा जिम्मेवारी लिएर जाने कमरेडहरू र पार्टी कमिटीको जिम्मेवारीमा रहने कमरेडहरूको बुझाइमा थोरै पनि समस्या देखियो भने न पार्टीको नीति सरकारले कार्यान्वयन गर्न सक्छ, न त सरकारका कामको पार्टीले स्वामित्व ग्रहण गर्न सक्छ । हामीले सीमा समस्याको रूपमा यसलाई स्वीकार गर्नैपर्छ, कतै न कतै बुझाइको एकरुपतामा समस्या भइरहेको छ । यसको समाधान भनेको सबैभन्दा पहिले त वैचारिक र भावनात्मकरूपमा पार्टी सङ्गठन र सरकारी मोर्चाको जिम्मेवारीलाई हेर्ने दृष्टिकोणमा एकरुपता ल्याउनुपर्छ ।

निर्वाचित हुने प्रक्रियादेखि नै यसमा स्पष्ट हुनु आवश्यक छ । अहिले पनि निर्वाचित भएर जाने कमरेडहरूप्रति धेरैको के गुनासो देखिन्छ भने चुनावमा उम्मेवारको रूपमा रहँदासम्म पार्टीको साझा व्यक्तिको रूपमा रहने कमरेड चुनाव जितेर गएपछि आफू एक्लैले चुनाव जितेर आएको महसुस गर्न थाल्छ र पार्टीलाई बिर्सन्छ । यो सत्य होइन र हुनु हुँदैन तर चुनाव जितेर जाने कमरेडहरूले पार्टी कमिटी र बाँकी कमरेडहरूलाई यस्तो महसुस गराउन हुँदैन । सदन, सरकार वा अन्य कुनै पनि राजकीय भूमिकामा जानुलाई पद प्रतिष्ठासँग होइन, पार्टीको विशिष्ट जिम्मेवारीको रूपमा महसुस गर्ने र गराउने संस्कारको विकास गर्नु आवश्यक छ । यसले पार्टी सङ्गठन र सरकारी वा अन्य मोर्चामा जाने कमरेडहरूको बीचमा भावनात्मक सम्बन्ध मात्र प्रगाढ गराउँदैन, नयाँ समाजवादी संस्कारको विकास गर्नसमेत सहयोग पुऱ्याउँछ ।

सरकारका कामलाई पार्टी निर्माणमा जोड्न उपयुक्त विधिको विकास गर्नु आवश्यक छ । सरकारका कामसँग पार्टी निर्माणलाई जोड्ने सवालमा उपयुक्त विधि के हुनसक्छ ? हामी २०६३ सालपछि कुनै न कुनै रूपमा धेरै समय सरकारमा छौँ । २०७४ को निर्वाचनपछि तीनै तहका सरकारमा हाम्रो प्रतिनिधित्व छ । यो बीचको अनुभव र कमजोरीको समीक्षा गरेर पार्टी र सरकारको अन्तर्सम्बन्धको संश्लेषण गर्दै यसमा थप जीवन्त सम्बन्ध विकास गर्न उपयुक्त विधिको खोजी गर्नुपर्छ । त्यसो त हामीले देशका सबै ठाउँमा नभए पनि खासखास क्षेत्रमा जनयुद्धको बेलादेखि नै सत्ताभ्यास गर्दै आएका छौँ ।

हामीले त्यतिबेला संश्लेषण गरेको 'इतिहासका अनुभव र २१ औं शताब्दीको जनवादको विकास' सम्बन्धी विचार शृङ्खलामा पनि राज्यसत्ताको परिचालनसम्बन्धी स्पष्ट व्याख्या गर्दै 'राज्यसत्तामा जनसमुदायको नियन्त्रण, निगरानी र हस्तक्षेपको प्रक्रियालाई सजिव र वैज्ञानिक ढङ्गले सङ्गठित गर्ने आवश्यकता'मा जोड दिएका थियौँ । त्यतिबेला हामीले परिकल्पना गरेअनुसार आज हामीले कम्युनिष्ट क्रान्तिकारीको नेतृत्वमा एकल सरकार चलाइरहेका त छैनौँ तर हामी वैचारिकरूपमा के कुरामा स्पष्ट हुनुपर्छ भने हामीले आज संश्लेषण गरेको '२१ औं शताब्दीको समाजवादको नेपाली बाटो' जनयुद्धकालमा संश्लेषण गरिएको इतिहासका अनुभव र एक्काइसौं शताब्दीको जनवादको विकास' सम्बन्धी विचार शृङ्खलाकै विकसित रुप हो । राज्यसत्तामा जनसमुदायको नियन्त्रण, निगरानी र हस्तक्षेप गर्ने सवालमा पार्टीले नै नेतृत्व लिनुपर्छ । सरकार सञ्चालनको जिम्मेवारीमा जाने पात्र पार्टीको सदस्यको रूपमा जाने भएकाले गल्ती गर्दा फिर्ता बोलाउने दायित्व पार्टीको हुन्छ भने अरु समयमा नियमित निगरानी गर्ने र आवश्यक राय सुझाव दिएर कार्य सम्पादन प्रभावकारी बनाउन प्रेरित गर्ने गरी उपयुक्त विधि बनाउन आवश्यक छ ।

पार्टीको रणनीति समाजवाद, सङ्घर्षको स्वरुप चुनावी प्रतिष्पर्धा, सङ्घर्षको मुख्य मोर्चा सदन र सरकार भएको आजको अवस्थामा सदन र सरकारका कामलाई जति प्रभावकारी बनाउन सकिन्छ, सङ्घर्ष त्यति तीव्र रूपमा अघि बढाउन सकिने छ । समाजवादी क्रान्तिको आधार तय गर्न पार्टीले अघि सारेको 'सुशासन, सामाजिक न्याय र समृद्धि'को कार्यदिशा कार्यान्वयन नै सरकारको मुख्य दायित्व हो । त्यसैले अहिले कुनै पनि तहका सरकारको नेतृत्व गर्नु वा सामेल हुनु सङ्घर्षको अग्रमोर्चामा सामेल हुनु हो भन्ने बुझाइमा एकरुपता आउन आवश्यक छ ।

### सरकारका राम्रा कामको प्रचार गर्ने सवाल

अध्यक्ष क. प्रचण्ड नेतृत्वको वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको छ । यो बीचमा सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राखेर धेरै काम भएका छन् । नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायतका सेवाका लागि सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको छ । यस्ता सेवाहरू प्राप्त गर्न घण्टौं लाइन बस्नुपर्ने झन्झट र कष्टपूर्ण अवस्थाको अन्त्य भएको छ । निश्चित सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ । सरकारले जनगुनासो सम्बोधन गर्ने प्रभावकारी प्रणालीको आवश्यकता महसुस गरी हेलो सरकारको सेवालाई चौबिसै घण्टा सञ्चालनमा ल्याएको छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधारका विषयलाई अघि बढाएको छ । नक्कली भूटानी शरणार्थी, ललिता निवास, सुन तस्करी काण्डलगायतका भ्रष्टाचारमा छानविनलाई सहयोग गर्न सरकार दृढतापूर्वक उभिएकै कारण वर्षौं पुराना भ्रष्टाचारका मुद्दामा



अनुसन्धान र छानविन घनिभूत भएको छ भने दोषीहरू कानुनको दायरामा आउँदैछन् । यसबाट ढिलोचाँडो गल्ती गर्ने जो पनि कानुनको दायरामा आउँछन् र गणतन्त्रमा कानुनभन्दा माथि कोही पनि हुँदैन भन्ने तथ्य शानदाररूपमा स्थापित भएको छ ।

सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्न कार्यदल गठन गरी प्राप्त प्रतिवेदन अनुसार सरकारले सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्न बेग्लै विशिष्टिकृत संस्था गठन गर्ने, सहकारी बचत तथा ऋण सुरक्षण कोष स्थापना गर्ने र यस क्षेत्रका समस्या ६ महिनाभित्र समाधान गर्ने निर्णय गरी कार्यान्वयनमा लगेको छ। चालु शैक्षिकसत्रका लागि दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै ५२ लाख विद्यार्थीका लागि शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने काम भएको छ भने आगामी शैक्षिकसत्रको पुस्तक छपाइको नियमित अनुगमन भइरहेको छ।

सङ्घीय र प्रादेशिक गरी कूल ३५२३ जनरल शैया गरिब तथा विपन्न नागरिकको लागि निःशुल्क उपलब्ध गराउने काम सुरु भएको छ भने निजी अस्पतालमा विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याई सेवा प्रदान गरे नगरेको अभिलेख राख्न र सोको विवरण सार्वजनिक रूपमा देखिने गरी जानकारी दिने, टाँस्ने तथा विद्युतीय वोर्डमा डिस्प्ले हुने व्यवस्था मिलाएको छ।

जनयुद्धको क्रममा समेत अन्त्य गर्न बाँकी रहेको मिटरब्याजबाट पीडितहरूलाई न्याय दिने कामले सामन्तवादका बाँकी अवशेष अन्त्य गर्दै पुँजीवादी क्रान्तिलाई पूर्णता दिने र समाजवादी क्रान्तिको आधार तयार पार्ने काममा सफलता प्राप्त भएको छ। नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ प्रमाणीकरण भई कार्यान्वयनमा आएपछि जन्मका आधारमा नेपाली नागरिकता लिएका व्यक्तिका सन्तान तथा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित रहेका हजारौं नागरिकताविहीनले नागरिकता पाएका छन् । सामाजिक न्यायका सवालमा यी महत्वपूर्ण उपलब्धि हुन् । रुग्ण उद्योगहरूको सञ्चालनमार्फत् राष्ट्रिय अर्थतन्त्रको विकासमा सरकारले ऐतिहासिक पकलकदमी लिँदैछ।

साथै कूटनीतिक सन्तुलन प्रवर्द्धन गर्नु सरकारको महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ । प्रधानमन्त्रीबाट छोटो समयको बीचमा भारत, चीन, अमेरिकालगायतका मुलुकहरूको भ्रमण गरी कूटनीतिक सन्तुलनलाई प्रवर्द्धन गनुका साथै संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण सुनिश्चित गरी नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, गरीबी निवारण लगायत विषयमा संयुक्त राष्ट्र संघका तर्फबाट सहयोग, सद्भाव र समर्थन प्राप्त गर्नु महत्वपूर्ण उपलब्धि हो । यसले समग्र मुलुकको हितलाई टेवा पुगेको छ नै, पार्टीको अन्तर्राष्ट्रिय छवि स्थापित गर्ने सवालमा पनि नयाँ पहलकदमी प्राप्त भएको छ ।

जाजरकोटलाई केन्द्रविन्दु बनाएर कार्तिक १७ गते गएको भूकम्पको केही घण्टामै प्रधानमन्त्री एवं अध्यक्ष क. प्रचण्ड घटनास्थलमै पुगेर एक दिनमै उद्धारको काम सम्पन्न भयो, यसबाट विपद् व्यवस्थापनको सरकारको सफल कार्य सम्पादनको पुनर्पुष्टि भएको छ। माओवादीले सरकारको नेतृत्व गर्न पाउँदा कसरी जनताको जीवनप्रतिको संवेदनशीलता र उत्तरदायित्व वहन गर्दोरहेछ भन्ने दुनियाँले देख्न पाएको छ।

हाम्रो पार्टीको नेतृत्व तहमा रहेका कमरेडहरूले सबैभन्दा बढी ऊर्जा र दोस्रोमा सञ्चार मन्त्रालयको नेतृत्व लिनुभएको छ। अहिले ऊर्जा क्षेत्र र सञ्चारमा गुणात्मक विकास भएको अवस्था छ तर हामीले यस उपलब्धिलाई संस्थागत ढङ्गले प्रचार गर्न सकेका छैनौं । गणतन्त्र, सङ्घीयतालगायतका उपलब्धि प्राप्तिमा पार्टी नेतृत्वको भूमिका र उपलब्धि व्यवस्थित गर्न आवश्यक छ । दैनिक १८ घण्टा लोडसेडिङ भागेको मुलुकलाई उर्जा ब्यापारको यो तहसम्म पुऱ्याउनमाओवादी नेतृत्वको ऐतिहासिक भूमिका रहेको तथ्य थप स्थापित गर्न आवश्यक छ।

मोवाइल र इन्टनेटको न्यून पहुँचको अवस्थामा रहेको सञ्चार क्षेत्र माओवादी नेतृत्वकै पहलकदमीमा आज यहाँ आइपुगेको छ । सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा नवीनतम कार्यको थालनी भएको छ । सञ्चार तथा सूचना प्रविधि क्षणक्षणमा परिवर्तन हुने क्षेत्र भए पनि यसलाई निर्देशित गर्ने कानुनहरू पुराना भएकाले माओवादी नेतृत्वकै सरकारको बेलामा कैयन महत्वपूर्ण कानुन परिमार्जन र निर्माणको काम थालिएको छ । साइबर सुरक्षा विश्वब्यापीरूपमा ज्वलन्त सवालको रूपमा देखा पर्दै गएको सन्दर्भमा नेपालमा पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरेर व्यक्तिदेखि राज्यसम्मका डाटा सुरक्षालाई राष्ट्रिय सार्वभौमिकताको रक्षासँगै जोडेर प्राथमिक सवालको रूपमा स्थापित गरिएको छ। राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको काम अघि बढेको छ



भने सङ्घीय संरचनाअनुकूल हुने गरी 'एक पालिका, एक हुलाक'का लागि संगठन पुनःसंरचनाको निर्णय भइसकेको छ।

सूचना प्रविधिको प्रयोगसँग यसले अवसर र चुनौती दुबै सिर्जना गरेको छ। पछिल्लो समय सामाजिक सञ्जालको प्रयोगबाट नेपाली समाज र संस्कृतिमा पर्न थालेको नकारात्मक असरलाई बेलैमा नियमन गर्न आवश्यक भइरहेको अवस्थामा नेपालमा नीतिगत र कानुनी अभाव रहेको थियो। यसलाई मध्यनजर गर्दै सञ्चार मन्त्रालयबाट नेपालमा पहिलो पटक सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका, २०८० जारी गरेर नियमनको काम अघि बढेको छ भने यससम्बन्धी कानुन निर्माण हुँदैछ। सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएका गलत क्रियाकलापलाई सतहमा ल्याउने महत्वपूर्ण काम पनि यहीबीचमा भएका छन्। यी विषयलाई विशिष्टिकृत गर्दै समृद्धि र रोजगारसँग जोडेर अगाडि बढाउने विषयलाई पार्टी निर्माणसँग जोड्न सक्नुपर्छ। जसले सुशासन, सामाजिक न्याय र समृद्धिको बाटो हुँदै समाजवाद निर्माणको महाअभियानमा टेवा पुग्ने छ।

सङ्घीय सरकारबाट भएका यी केही प्रतिनिधिमूलक काम हुन्। यसरी नै हाम्रो पार्टीले नेतृत्व गरेका प्रदेश र स्थानीय तहहरूको कार्य सम्पादन पनि प्रभावकारी बन्दै गएका छन्। विगतका आर्थिक वर्षमा माओवादी प्रतिनिधिले नेतृत्व गरेका स्थानीय तह नै पहिलो, दोस्रो र तेस्रो स्थान हुँदै उत्कृष्ट दश स्थानमा आउने गरेका छन्। स्थानीय उत्पादनमा विशेष ध्यान दिएका उदाहरणीय काम गरेका स्थानीय तह र नेतृत्वलाई देशब्यापीरूपमा प्रचार गरेर सकारात्मक कार्यलाई थप स्थापित गराउन सक्ने हो भने जनताको सबैभन्दा नजिकको सरकारले गरेका कामलाई पार्टी निर्माणसँग जोड्न सकिने छ।

### आगामी कार्यभार

तिनै तहमा माओवादी नेतृत्वको सरकारले गरेका यी कामको सही समयमा स्वामित्व लिएर पार्टी निर्माणसँग जोड्न सकियो भने अवश्य नै समाजवादी क्रान्तिका आधार तयार गर्न बल पुग्नेछ। हिजो जनयुद्धकालमा सङ्घर्षको मुख्य मोर्चा सेना र सङ्घर्षको स्वरुप युद्ध हुँदा जसरी सफल कारवाहीका विवरण लिएर जनताको बीचमा जाँदा जनसमर्थन प्राप्त हुन्थ्यो र पार्टी निर्माणले गति लिन्थ्यो, अहिले सङ्घर्षको मुख्य मोर्चा सरकार र सङ्घर्षको मुख्य स्वरुप चुनावी प्रतिष्पर्धा भएको बेलामा तिनै तहका सरकारले जनताको पक्षमा गरेका कामको वितरण लिएर नै पार्टी निर्माणलाई गति दिन सकिने छ।

जनताका माग  र आवाज सरकारसम्म पुर्‍याउने र सरकारले गरेका राम्रा कामको सही प्रचार जनतासम्म लैजाने सवालमा हरेक तहका पार्टी कमिटीहरूले स्पष्ट योजना बनाउनु आवश्यक छ। त्यसका लागि हरेक टोल, वडा र पालिकामा रहेका पार्टी कमिटीहरूले दुई हिसाबले योजना बनाउन सक्छन्। एउटा त तत्कालीन आवश्यकताका आधारमा योजना निर्माण गरेर सरकारसम्म पुर्‍याउन सकिन्छ भने अर्को चुनावी घोषणापत्रलाई मुख्य आधार बनाएर मध्यकालीन र दीर्घकालीन योजनाहरू निर्माण गर्न सकिन्छ। ती योजना कार्यान्वयनमा सरकारी मोर्चामा रहेका कमरेडहरूले इमानदारितापूर्वक प्रयत्न गर्नुपर्छ र यदि कुनै योजना कार्यान्वयनमा ल्याउन नसकेको खण्डमा त्यसको स्पष्ट कारण र आगामी दिनमा लिनुपर्ने पहलकदमीको बारेमा पार्टीमार्फत नै जनतासम्म पुर्‍याउनुपर्छ। त्यसका लागि पार्टी कमिटीले जनप्रतिनिधि र जनताको बीचमा निरन्तर अन्तर्क्रिया गराउने, भएका कामको प्रचार, हुन नसकेका कामको समीक्षा र गर्नुपर्ने कामको योजना बनाउन ध्यान दिनुपर्छ।

> तीन तहको सरकारमा हामीले जुन नेतृत्व गरिरहेका छौं, त्यहाँबाट संविधानले व्यवस्था गरेको अधिकार प्रयोग गर्दै आवश्यक कानुन, नीति र नियमको तर्जुमा गरी व्यवस्थालाई सुदृढ गर्दै नमुनायोग्य बनाउँदै अगाडि बढ्यौं भने हामी फेरि उभारमा फर्कन सक्नेछौं।

यसरी अघि बढ्दा पार्टी र सरकार/सदन तथा त्यस मोर्चामा जाने कमरेडहरूको बीचमा निरन्तर छलफलको प्रक्रिया अघि बढ्नेछ भने सरकारमाथिको जनताको नियन्त्रण, निगरानी र हस्तक्षेप बढाउने पार्टी नीतिको व्यवहारिक कार्यान्वयन पनि अघि बढ्ने छ। यसले पार्टी सङ्गठन र सरकारी मोर्चामा खट्ने कमरेडहरूको बीचमा अन्तरविरोध होइन, अन्तरसम्बन्ध र अन्तरघुलन बढाउने छ। अन्ततः सरकारका कामका कारण पार्टी निर्माणले गति लिने छ भने पार्टीको व्यवस्थित पहलकदमीका कारण सरकारको कार्य सम्पादन पनि प्रभावकारी हुनेछ।

नेपालको सन्दर्भमा नेकपाको स्थापना र जनयुद्ध सुरु गर्दा जुनखाले रणनीतिक र कार्यनीतिक शृङ्खलामा हामीले क्रान्ति सम्पन्न गर्ने मार्गचित्र कोरेका थियौं, त्यो क्रान्तिको दौरानमा शक्ति सन्तुलनको विशिष्ठ स्थितिमा हामीले ऐतिहासिक चुनवाङ बैठकबाट लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिलाई अघि बढायौं। कम्युनिस्टहरूको अगुवाइमा नेपालको विशिष्टताअनुरुप मौलिक प्रकारको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्‍यौं। यसको रक्षा र विकास गर्नु मुख्यतः हाम्रो नै जिम्मेवारी हो। यो कुरा बुझेर विरोधीहरूले चौतर्फी आक्रमण गरिरहेका छन्। हामीले उनीहरूलाई हाम्रो विचार, राजनीति, संगठन, सङ्घर्षले मात्र होइन, हाम्रो आचरण, व्यवहार, संस्कार, संस्कृति र जीवनशैलीबाट चोटिलो जवाफ दिनुपरेको छ। त्यसका लागि हामीसँग महान् सम्भावनाका साथमा कैयन वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक चुनौती रहेका छन्। ती समस्याको समाधान गर्नु पनि हाम्रो जिम्मेवारी हो। हामीले एकताबद्ध भई मेहनत गर्‍यौं भने सबै समस्याको समाधान गर्न सक्छौं। संगठनात्मक समस्या समाधानका लागि पार्टीले विधान अधिवेशन गर्दैछ भने छिट्टै नै विशेष महाधिवेशन समेत आयोजना हुँदैछ। त्यसबाट हाम्रो रणनीति र कार्यनीतिक शृङ्खलाको साथै पार्टी, सरकार र मोर्चाको विषयमा थप स्पष्ट भई पार्टी उत्साहका साथ अगाडि बढ्नेछ।

अहिले पनि देश हाम्रै विचार र राजनीतिमा अगाडि बढिरहेको छ। तीन तहको सरकारमा हामीले जुन नेतृत्व गरिरहेका छौं, त्यहाँबाट संविधानले व्यवस्था गरेको अधिकार प्रयोग गर्दै आवश्यक कानुन, नीति र नियमको तर्जुमा गरी व्यवस्थालाई सुदृढ गर्दै नमुनायोग्य बनाउँदै अगाडि बढ्यौं भने हामी फेरि उभारमा फर्कन सक्नेछौं। त्यसका लागि पार्टी र सरकारलाई एक अर्काबीच अन्तर्विरोधी होइन, परिपूरक बनाउँदै लैजानुपर्छ। सरकार र पार्टी सङ्गठन दुवै जिम्मेवारीमा रहेका कमरेडहरूले सरकारलाई समाजवाद निर्माणको महाअभियानमा सङ्घर्षको मोर्चा हो भन्ने तथ्यलाई गहिरोसँग आत्मसात गर्नैपर्छ। ●



# जहाँ गए पनि, जहाँ बसे पनि सपनामा नेपाल, जपना नेपालको

अध्यक्ष, ओम शर्मा, प्रवास समन्वय समिति, नेकपा [माओवादी केन्द्र]
सचिव, टी.बी. पाठक, प्रवास समन्वय समिति, नेकपा [माओवादी केन्द्र]

## प्रस्तावना

पुँजीवादी वैश्विकरणको चरण सुरु हुनुभन्दा पहिले पनि विभिन्न मुलुकभित्र प्रतिद्वन्दी राजनीतिक शक्ति भन्दा अव्वल बन्न विदेश नीति/विदेशसंगको सम्बन्ध आदिको उपयोग/दुरुपयोग हुने गर्दथ्यो। आफ्ना घरेलु नीतिको पक्षपोषणका निम्ति अन्तर्राष्ट्रिय नीति बनाउने, सम्बन्धहरू विकसित तुल्याउने कुरा वर्तमान विश्वमा सामान्य बनेको छ। केवल आन्तरिक घरेलु नीतिहरूको आधारमा देश विशेषका दलहरूको चरित्र खुट्याउन आजको विश्वमा कठिन छ।

विश्वकै ठूलो जनसंख्या र उदाउँदो आर्थिक हैसियत बनाएका चीन र भारतको बीचमा अवस्थित नेपालमा दलहरूले आफ्नो श्रेष्ठता साबित गर्न घरेलु नीतिहरूसंगै नेपालको हित गर्ने सही र व्यावहारिक विदेश नीतिको तर्जुमा गर्नु आवश्यक छ। विदेश नीति घरेलु नीतिकै विस्तार भएझैं अन्तर्राष्ट्रिय सम्बन्धमा प्राप्त श्रेष्ठताले आन्तरिक राजनीतिमा समेत श्रेष्ठ बन्न सहयोग पुग्ने कुरा निर्विवाद छ। यो वास्तविकतालाई स्वीकार गर्दा लाखौंलाखको संख्यामा प्रवासिएका नेपाली नागरिकहरूको राजनीतिक भूमिका अब फगत् सहयोगीको होइन, कतिपय विषय र सन्दर्भमा अग्रदर्शीको हुन थालेको छ।

अहिलेसम्म किनाराका पछौटे मुलुक भनेर चिनिने चीन र भारतको आर्थिक उदयले स्वाभाविक माग गर्ने राजनीतिक स्थान र भूमिका, बढदो ध्रुवीकरणको ताकितामा नेपाललाई एउटा गुट असंलग्न शान्तिप्रेमी मुलुकका रुपमा उभ्याउन सही अन्तर्राष्ट्रिय नीति र नेपाल बाहिर रहेका नेपालीहरूको भूमिकाको महत्व अभूतपूर्व स्तरमा बढेको छ।

## चार महिने अभियान

पार्टी केन्द्रीय समितिको चार महिने अभियानलाई प्रवासको सङ्गठनको विशिष्टतामा सफलतापूर्वक सञ्चालन गरिएको छ। विस्तृत विवरण निम्नानुसार रहेको छ :

१. प्रवासको सांगठनिक संरचना

१. प्रवास समन्वय समिति

२. क्षेत्रीय समितिहरू

१. दक्षिण एसिया भारत

२. पूर्वी एसिया

चीन, जापान, कोरिया, मलेसिया, हङकङ, मकाओ

३. पश्चिम एसिया, युएइ, कतार, साउदी अरब, ओमान, बहराइन, इराक, कुवेत

४. युरोप

साइप्रस, इटाली, चेकोस्लोभाकिया, डेनमार्क, नर्वे, माल्टा, अष्ट्रिया, बेलायत, जर्मनी, बेल्जियम, फ्रान्स, पोर्चुगल, स्पेन, स्वीजरल्यान्ड, आयरल्याण्ड, पोलेन्ड, ग्रीस, चेक रिपब्लीक, माल्दोभा, रोमानिया, क्रोसिया, नेदरल्याण्ड

५. अमेरिकाज् अमेरिका, क्यानडा

६. ओसेनिया अष्ट्रेलिया/न्युजीलेण्ड

१. भारतमा अखिल भारत नेपाली एकता मञ्च र बाँकी मुलुकहरूमा नेपाली जनप्रगतिशील मञ्चका नामबाट उपरोक्तानुसारका मुलुकहरूमा पार्टी सङ्गठन क्रियाशील छ।

२. प्रवास समन्वय समिति ११८ सदस्यीय रहेको छ। प्रवास समन्यव समितिमा इन्चार्ज सहइन्चार्ज अध्यक्ष र अन्य दुई जना वैकल्पिक सीसीएम गरी प्रवास समन्वय समितिको कुल संख्या १२३ रहेको छ।

३. प्रवास अभियानको नारा जहाँ बसे पनि, जहाँ गए पनि सपनामा नेपाल जपना नेपालको राखिएको थियो।

४. भाद्र १७ गते आइतवार तदानुसार सेप्टेम्बर ३ तारीख विश्वभरिका सङ्गठनका नेता कार्यकर्ताहरूको भर्चुअल भेला आयोजना गरी अभियानको उद्घाटन इन्चार्ज क.राम कार्कीबाट गरिएको थियो। उद्घाटनमा सबै राष्ट्रिय कमिटिका लगभग ३०० नेता-कार्यकर्ताहरूको उपस्थिति रहेको थियो। इन्चार्ज क. राम कार्की, सहइन्चार्ज क. लक्ष्मण पन्तका तर्फबाट अभियानको महत्व बारे प्रशिक्षण दिइएको थियो। समन्वय समिति अध्यक्ष ओम शर्माका तर्फबाट अभियानको विस्तृत रुपरेखा प्रस्तुत गरिएको थियो।

५. अभियान अन्तर्गत भाद्र १६, सेप्टेम्बर २ तारीख ललितपुर जिल्ला पार्टी वडा नम्बर १५ ले आयोजना गरेको सरसफाई कार्यक्रममा लक्ष्मण पन्त, ओम शर्मा र मनऋषि धितालको सहभागिता रहेको थियो।

६. देशभित्रको पार्टीसित देशबाहिरको पार्टीलाई एकाकार गर्ने, अनुभवको आदान प्रदान गर्ने र विदेशमा रहेका पार्टी सदस्यहरूको भावनालाई स्वदेशका पार्टी सदस्यहरूसम्म पुऱ्याउने उद्देश्यका साथ सेप्टेम्बर २५ देखि अक्टोबर २ सम्म सञ्चालित साताव्यापी प्रवास सन्देश अभियान सफलतापूर्वक सम्पन्न भएको छ। यस अभियान अन्तर्गत सहइन्चार्ज कमरेड लक्ष्मण पन्त र अध्यक्ष कमरेड ओम शर्मा, कमरेड मनऋषि धिताल सम्मिलित तीन सदस्यीय अभियान टोली राजधानी काठमाडौंबाट कर्णालीका लागि २५ सेप्टेम्बरमा प्रस्थान गरेको थियो। पार्टीलाई ऊर्जाशील बनाउदै लैजानु पर्ने, प्रवास समन्वय समितिको सन्देशका साथै मुलुकभित्रको पार्टी र मुलुक बाहिर क्रियाशील पार्टीको अनुभवको आदानप्रदान गर्ने समेत उद्देश्य बोकेको अभियान टोलीले सुर्खेत, कालीकोट, दैलेख, मुगु र जुम्ला जिल्लाका स्थानीय पार्टी कमिटिका साथमा अभियानमा सहभागिता जनाएको थियो। यसअन्तर्गत जनस्तरमा भेटघाट, स्थानीय पार्टी नेता तथा कार्यकर्ताहरूसित भेटघाट, राजनीतिक(वैचारिक छलफल आदि कार्यक्रम सम्पन्न भएका थिए। यस्तै ललितपुर(१५ को वडा सम्मेलनको उद्घाटन सहित विचार संप्रेषण प्रवास समन्वय समितिका अध्यक्ष ओम शर्माले पुष ७ गते गर्नु भयो। यसले प्रवास र भुगोल पार्टीको सम्बन्ध जीवन्त बनाउने काम गऱ्यो।

७. नेपाली जनप्रगतिशील मञ्च अमेरिकाको अधिवेशन मिति २०२३ अगस्ट १९ मा कमरेड ओम शर्मा र कमरेड टी.बी पाठकको उपस्थितिमा सफलतापूर्वक सम्पन्न भएको छ। अमेरिकाको सङ्गठनमा लामो समयदेखि थाती रहेका समस्या र अन्तरविरोधहरूको समाधान गर्न अधिवेशन सफल भएको छ।

८. नोभेम्बर ७ र ८ तारीखमा कमरेड लक्ष्मण पन्तको गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा स्थानीय पार्टीसंग जोडिएर गाउँपालिका अन्तर्गतका बलेटक्सार, दिगाम, खर्ज्याङ आदि वडा र गाउँहरूमा जनभेटघाट, जनताका गुनासाहरूको सुनुवाई आदि कार्यक्रममा सहभागिता रह्यो।

९. १२ अक्टोबरमा रिटर्नी सेन्टर लुम्बिनी प्रदेशको प्रथम भेलामा इन्चार्ज लक्ष्मण पन्तको सहभागिता रह्यो।

१०. चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागको निमन्त्रणामा हाम्रो पार्टीको प्रतिनिधित्व गर्दै इन्चार्ज कमरेड राम कार्की बेइजिङ, छेन्दुलगायतका चीनका शहरहरूमा समाजवाद सम्बन्धि चीनिया कम्युनिस्ट पार्टीले आयोजना गरेको कार्यशालामा सहभागिता रह्यो। यस भ्रमणले दुवै मुलुक र पार्टीहरूबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

११. इन्चार्ज कमरेड राम कार्कीको सहभागितामा सिन्धुली, कास्की र झापा जिल्लामा जनसम्पर्क, सांगठनिक प्रशिक्षण, पुस्तक चर्चा आदि कार्यक्रमहरू सम्पन्न भएका छन्।

१२. अभियानकै क्रममा अखिल भारत नेपाली एकता मञ्चको आयोजनामा भारतका चारवटा शहर दिल्ली, लुधियाना, मुम्बई र बेंगलोरमा जनसभाका कार्यक्रमहरू भव्य र उत्साहपूर्ण तवरले सम्पन्न भएका छन्। दिल्लीको कार्यक्रममा पार्टीका नेता कमरेड मातृका यादव, लुधियानामा कमरेड लक्ष्मण पन्त, मुम्बईमा कमरेड ओम शर्मा र बेंगलोरमा कमरेड युवराज भण्डारीको सहभागिता रहेको थियो।

१३. क. राम कार्की र क. ओम शर्माको उपस्थितिमा दिल्लीमा अखिल भारत नेपाली एकता मञ्चको केन्द्रीय सचिवालयको बैठक सफलतापूर्वक सम्पन्न भएको छ। १५ र १६ डिसेम्बर दुई दिनसम्म चलेको बैठकमा सङ्गठनका समस्याहरूबारे खुलेर छलफल भएको थियो। बैठक प्रवास भारतको सङ्गठनमा लामो समयदेखि थुप्रिएका समस्याहरू समाधान गर्न र भावी योजनाहरू निर्माण गर्न सफल रहेको छ।

१४. यसैगरी कतिपय मुलुकहरूमा भेला बैठक भएका छन् भने, पश्चिम एसिया र पुर्वी एसिया र यूरोप क्षेत्रको बैठक बसी राष्ट्रिय अधिवेशनको तयारीमा लाग्ने भएको छ।




१५. पुर्वी एसियाको जापानमा राष्ट्रिय अधिवेशनलाई केन्द्रीय सदस्य तथा प्रवास समन्वय समितिका सह ईन्चार्ज क.लक्ष्मण पन्त र अध्यक्ष क.ओम शर्माले सम्बोधन गर्नुभयो ।

१६. अभियान अवधिमा पश्चिम एसिया र युरोप क्षेत्रीय समितिका बैठकहरू सम्पन्न भएका छन् । जापान, कोरिया सहित केही अन्य राष्ट्रिय समितिका बैठकहरू सम्पन्न भएका छन् । जापानका अतिरिक्त कोरियासहित पश्चिम एसियाका युएइ, कतार, साउदी अरब, बहराइनका राष्ट्रिय सम्मेलन मार्च महिनाभित्र गर्ने र यसै अवधिमा युरोपको क्षेत्रीय सम्मेलन सम्पन्न गर्ने निर्णयहरू भएका छन् ।

१७. जाजरकोट तथा रुकूमका भूकम्प पीडितहरूका लागि राहत संकलनको काम सम्पन्न भएको छ । पार्टी केन्द्रले निर्धारण गरेको भूकम्प राहत कोटा रु १००,०००(एक लाख) पार्टी केन्द्रिय कार्यालयमा  बुझाइएको छ । सदस्यहरूको लेवी रकम र सबै बक्यौताहरू केन्द्रिय कार्यालयमा प्रवास समन्वय समितिबाट बुँझाइएको छ । केन्द्रिय कार्यालयमा बुझाएर बाकी संकलित राहत रकमबाट जाजरकोट र रुकुम जिल्लामा महिला मैत्री नमूना शौचालय निर्माणको प्रक्रिया स्थानीय पार्टीसंग सहकार्य गरी अगाडि बढाइएको छ । सो शौचालय निर्माण पछि प्रवासमा कार्यरत सङ्गठनको सहयोगमा निर्मित गरिएको लेखिने छ ।

१८. नेपाली जनप्रगतिशील मञ्चको वेभसाइट ल्उउालभउबीअफ सञ्चालन गरिएको छ । यसका साथै अखिल भारत नेपाली एकता मञ्च र नेपाली जनप्रगतिशील मञ्चको अनलाइन सदस्यता लिन र नवीकरण गर्नका लागि एप सञ्चालनमा ल्याइएको छ । आजसम्म तीन हजारको नवीकरण र बाँकी प्रक्रिया जारी रहेको छ ।

१९. पौष ५ गते (डिसम्बर २१) रिटर्नी सेन्टरको केन्द्रिय कार्यालयको विस्तारित बैठक इन्चार्ज लक्ष्मण पन्तको उपस्थितिमा सम्पन्न भएको छ । चैत्र १० र ११ गते रिटर्नीहरूको राष्टिय सम्मेलन गर्ने निर्णय भएको छ ।

२०. डिसेम्बर २६ तारीखमा माओ जयन्ती प्रवास समन्वय समितिको आयोजनामा मनाइएको छ ।

- समाजवादी क्रान्ति – जिन्दावाद, जिन्दावाद !
- विश्व साम्राज्यवाद तथा विस्तारवाद – मुर्दावाद, मुर्दावाद !
- नव–उपनिवेशवाद– मुर्दावाद, मुर्दावाद !
- राष्ट्रिय आत्मसमर्पणवाद – मुर्दावाद, मुर्दावाद !
- दलाल तथा नोकरशाही पुँजीवाद– मुर्दावाद, मुर्दावाद !
- सबैखाले संशोधनवाद – मुर्दावाद, मुर्दावाद !
- मार्क्सवाद–लेनिनवाद–माओवाद – जिन्दावाद, जिन्दावाद !
- विश्वका सम्पूर्ण मजदुर तथा उत्पीडित जनसमुदाय – एक होऔं, एक होऔं !
- वीर सहिदहरू – लाल सलाम, लाल सलाम !
- नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) – जिन्दावाद, जिन्दावाद !
- इन्क्लाव – जिन्दावाद, जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)
केन्द्रीय कार्यालय, पेरिसडाँडा, काठमाडौं
फोन नं : ०१-४६०२२८७, ४६०२२८८